एक्काइसौं शताब्दीकी सुम्निमा

(उपन्यास)

प्रदिप नेपाल

मेरो आरम्भ

तपाईंको प्रश्नले मलाई अप्ठ्यारोमा पार्‌यो । लेखकहरुसँग कुराकानी थाल्दै यस्तो अप्ठ्यारो आउंछ भन्ने थाहा पाएकी भए म तपाईंलाई समय नै दिन्नथें कि ! तपाईंलाई थाहा छैन ? स्वास्नीमान्छेले आफ्नो उमेर लुकाउने चलन नेपालमा पनि आइसकेको छ । त्यो चलनले अलि अलि मलाई पनि समात्न थालेको भन्ठान्नुस् । त्यसैले घरी घरी मलाई पनि उमेर लुकाउँ लुकाउँ जस्तो लाग्छ । तपाईंलाई थाहै छ, हाम्रो तिर पनि आजभोलि उमेर लुकाउनुलाई सभ्यता ठानिन्छ । त्यसैले कपाल नफुलुन्जेल स्वास्नीमान्छेहरु पच्चीसदेखि तीस वर्षकै ओरिपरि घुमिरहन्छन् । कपाल फुल्न थाल्यो र कुनै नक्कली रङ्गले त्यसलाई छोप्न नसकिने भयो भने मात्र स्वास्नीमानिसहरु पचास तिर हाम फाल्छन् । हामीले पश्चिमबाट सिकेको यो एउटा फराकिलो सभ्यता हो । पश्चिमबाट जे सिके पनि राम्रो हुन्छ भन्ने हाम्रो अन्धविश्वास छ नि ! त्यही अन्धविश्वासको सर्कोले छोएर होला - यतिबेला मलाई पनि आफ्नो उमेर बताउन पटक्कै मन थिएन ।

तर तपाईंले सोधेपछि कसरी नाईं भन्नु ? त्यसैले म त्यहींबाट आफ्नो कथा थाल्नेछु - जहाँ तपाईंले समाउनु भएको छ ।

हो, म नेपालमा जन्मिन । तर यो मेरो दोष होइन । झण्डै दुई सय वर्षदेखि नेपालीहरु दानापानीको खोजीमा विदेश भौंतारिने चलन छ । धेरैले त्यसलाई लाहुरे भन्छन् । केही केहीले गोर्खा भर्ति पनि भन्छन् । केहीले पल्टन जाने पनि भन्छन् । जे भए पनि कुरो एउटै हो । विदेशी गोर्खा पल्टनको भर्ती ! मेरो बा त्यही गोर्खा भर्तिको एउटा सिपाहीं हुनुहुन्थ्यो । उहाँले हङ्गकङ्ग, सिंगापुर र मलायाको माटोमा आफ्नो पसिना बगाउनु भएको थियो । आफ्नो लाहुरे जीवनको दशक बित्न लाग्दा उहाँ मलायामा हुनुहुन्थ्यो ।

त्यतिबेला हामी मलायाको पेनाङ्गमा दुइ वर्षदेखि स्थायी रुपमै बसेका थियौं रे । पेनाङ्गमै २०१५ सालको कार्तिक महीनामा मेरो जन्म भएको हो । अहिले मलायालाई मलेशिया भनिन्छ होइन ? तर हामी लाहुरेका सन्तानहरु मुखको सजिलोले गर्दा अहिले पनि मलेशियालाई मलाया नै भन्छौं । डायरीमा नसच्याउनु होला है ! अहिले त्यो मलेशिया भए पनि धर्तीमा मैले पाइला राख्दा त्यो मलाया थियो र म धर्तीमा रहुन्जेल मेरा लागि त्यो मलाया नै रहिरहनेछ ।

छक्क पर्नु भो ? म त्यस्ती देखिन्न, उमेर लुकाए पनि हुन्छ भन्नु भा ? होइन, नलुकाउं । मेरो अनुहारले, मेरो शरीरले मलाई बयालिस वर्षको बनाउदैन भन्ने बित्तिकै म आफैंलाई कसरी ढांट्न सक्छु र ? अरुलाई म तीस वर्षकी भनुंला, अथवा पैंतिसै भएं भनुला - तर म आफैंलाई त्यति थोरैकी हुं भनेर कसरी भन्न सक्छु ? त्यसमाथि तपाईं मेरो कथा जस्ताको तस्तै होस्, कतै घटीबढी नहोस् भनिरहनु भएको छ । यो आग्रह सुनेपछि म कसरी उमेर लुकाउन सक्छु ? त्यसैले लेखिदिनुस् - जे सत्य हो त्यही लेखिदिनुस् । म अहिले, तपाईंलाई आफ्नो कथा सुनाइरहंदा वयालिस वर्ष लागिसकेकी छु । गएको एकचालिस वर्ष मध्यको बीस वर्ष मैले बाँच्नका लागि कठोर संघर्ष गरेका वर्षहरु हुन् । ती संघर्षपूर्ण वर्षका अघिल्लो दश वर्षहरुमा मैले धेरै दुःख खेपें । अहिले मेरो अनुहारलाई हेर्दा, तपाईं जस्तो मान्छेले कल्पना समेत गर्न नसक्ने दुःख खेपें । त्यतिबेलाको मानसिक र शारीरिक कष्टले मलाई साह्रै थिलथिलो बनाएको थियो । त्यसैले त्यतिबेला म आफ्नो उमेर भन्दा दश वर्ष माथिकी बुढी स्वास्नीमान्छे जस्ती लाग्थें । मान्छेले मलाई उतिबेला चालिसकी भैसकिस् भन्थे । गलाका मेरा हाडहरु ब्युटीबोन मानिदैनथे, ती त सिँचाइका कुलाहरु जस्ता थिए । गालामा मासु साह्रै पातलो थियो र कन्चटतिर कता कता धर्साहरु कोरिएका देखिन्थे । त्यसैले म उतिबेला चालिसकै थिएँ ।

तर पछिल्ला दश वर्षहरुमा मैले आफ्नो जीवनलाई सुखमा अनुवाद गर्ने सफलता पाएँ । उमेरको एकतिस वर्षे सिंढीले मेरो पाइलामा सुखै सुख टाँसेर गयो । त्यसपछि मेरो शरीरमा जवानीका नयाँ

तरङ्गहरुले संगीत भरे । त्यसैले यतिबेला म वास्तविक उमेर भन्दा दश वर्ष कान्छी जस्ती लाग्छु । तर झलक्क हेर्दा म बुढी जस्ती देखिए पनि, अथवा सबैले मन पराउने तरुनी जस्ती देखिए पनि मेरो वास्तविक उमेर मसँगै दिन काटेर चुलिइरहेछ । त्यो चुलाई नै मेरो जीवनको प्राकृतिकता हो । त्यसलाई म केही गरे पनि रोक्न सक्दिन । त्यसैले म आफ्नो उमेर लुकाउन चाहन्न ।

होइन, यस्तो त भैरहन्छ । तपाईंलाई म एउटा स्मरण सुनाउं ? २०४२ सालको कुरो हो । मैले तपाइ जस्तै एकजना साथीलाई प्रसङ्गवश आफ्नो उमेर सुनाउनु पऱ्यो । उहाँले छक्क परेर मलाई हेर्दै भन्नुभयो - तपाईं त पैंतिस वर्षकी जस्ती पो देखिनु हुन्छ । कुनै विमारीले गालेको छ कि क्या हो ? हो त्यतिबेला मलाई जीवन संघर्षको विमारीले गाँजेको थियो । त्यही बिमारीले मलाई गालेको पनि थियो । त्यसैले साथीको आँखामा म पैंतीसकी भैसकेकी थिएँ । तर साथीलाई पैंतिसकै लागे पनि मेरो आफ्नो उमेर सत्ताइसमै हिंडिरहेको थियो । त्यसैले आँखा तिर नजानुस् । प्रायः आँखाले तथ्यसँग हार मान्नुपर्छ । आँखाले मन देखिदैन, आँखाले अन्तहीनता छुट्याउन सकिन्न । आँखाको ज्ञान सतहको तरङ्ग मात्र हो । आँखा, सीमा भित्रको शिकारी मात्र हो ।

… … …

खै, कसरी मिलाएर भन्ने ? यसो गरौं, जस्तो छ म त्यस्तै भन्दै जान्छु । तपाईं मिलाएर लेख्नुस् न है । किनभने मेरो परिवारको कथा अलिक जन्जालको छ । त्यसका बारेमा म तपाईंलाई पछि भन्नेछु । त्यो अलिक अप्ठेरो पनि छ । तपाईंलाई बुझ्नै अप्ठ्यारो हुन्छ । त्यसैले अहिले जति भन्दा मलाई सजिलो लाग्छ त्यति मात्रै सुनाउछु । बिस्तारै म आफ्नो कथामा सरर्र बग्न थाल्नेछु । त्यसपछि सबै जटिलताहरु म र तपाईं, दुबैका लागि सजिला बन्दै जानेछन् । त्यसपछि त्यो जन्जाल पनि म तपाईंलाई सजिलरी सुनाउन सक्नेछु । मैले सुनाएको त्यो जन्जाललाई त्यसपछि मात्र तपाईंले अरु साथीहरुले पनि बुझ्न सक्ने गरी आफ्नो डायरीमा टाँस्न सक्नु हुनेछ ।

म मेरो आमा-बुबाकी माइली छोरी हुं । म भन्दा माथि एउटी दिदी हुनुहुन्छ । दिदी पनि पेनाङ्गमै जन्मिनु भएको हो । म भन्दा मुनिकी एउटी बहिनी पनि पेनाङ्गमै जन्मिएकी हो । त्यसैले मलायाको हावापानीले हाम्रो चेतनामा प्रभाव पारेको मात्रै होइन, हाम्रो रगतमा अलिकति रिन पनि लगाएको छ । त्यति मात्र होइन, त्यहाँको अस्पतालले हाम्रो कलिलो छाला मुसारेर तिनलाई न्यानो कपडाले छोपेको छ । हुरुक्कै भएर माया गर्ने त्यो मलाया कस्तो छ ? मलाई सम्झना छैन । सम्झना नहुने उमेरमै मैले मलाया छोड्नु परेको थियो । म कहिलेकाहीं आफ्नो जन्मथलोको बारेमा बासँग सोध्छु । तर उहाँलाई मलायाको कुरा उक्काउन मन पर्दैन । पहिले पहिले बा बेस्सरी रक्सी खानुहुन्थ्यो । रक्सीले रमरमाउन थालेपछि उहाँ मलायाको कुरा सुनाउनु पनि हुन्थ्यो । तर पाँच वर्ष जति भयो - बाले रक्सी खान छोड्नु भयो । त्यसपछि मलायको कथा मेरा लागि झनै रहरलाग्दो भएको छ । त्यो उमेर ढल्किएकी एजिलाबेथ टेलर जस्ती भएकी छ । अतृप्त आकांक्षा भन्नुहुन्छ नि तपाईं लेखकहरु ! हो, मेरा लागि मलाया त्यही अतृप्त आकांक्षा भएको छ । त्यसैले कोही मान्छे मलाया गएर आएको हो भन्ने बित्तिकै म त्यहाँको कथा सुन्न लालायित हुन्छु । तर मान्छेले मैले जसरी मेरो चाहना कहाँ बुझ्छन् र ? उनीहरु त क्वालालम्पुरको कथा पो हाल्छन् । त्यो पनि आजको क्वालालम्पुरको कथा ! गगनचुम्बी महललाई छातिमा उभ्याएर पुरातन सभ्यतालाई खोकिलामा लुकाएर मस्तसँग सुतेको क्वालालम्पुरको कथा ! त्यस्तो कथा - जसलाई सुन्ने धैर्यता मेरो मनले पाल्नै सकेको छैन । मलाई त पेनाङ्ग चाहिएको छ । अहिलेको पेनाङ्ग होइन - पन्ध्र सालको पेनाङ्ग चाहिएको छ । तर अहं, त्यहाँसम्म कोही पुग्दै पुग्दैनन् ।

तपाईं मलाया जानु भएको छ ? मलाया हाम्रो पहाड जस्तो रमाइलो छ कि काठमाण्डौ जस्तो फोहोरी भएर गनाइरहेको छ ? तपाईं भन्न सक्नुहुन्छ ? मलाई लाग्छ - मलायाको समुद्रमा सूर्य अस्ताउंदा धर्ती नै रातामय्य भएर फूल हुन्छ होला । झमझम पानी परिरहेको बेला त्यहाँका रुखहरुले जलतरङ्ग बजाउन थाल्छन् होला । लामा लामा धानका बालाहरु झुल्दा त्यहाँ मान्छेहरुले अंगालो हालेर धान नाचे जस्तो लाग्छ होला । अहा ! मलाया ? हामी किन त्यो माटोमा जन्मिन पुग्यौं होला ? किन त्यसले हामीलाई चुम्बकिय जादुले जसरी आफूतिर तानिरहेको होला ?

मन कल्पिंदा यस्तो लाग्छ - निहुरिएका बाँसझाङ्गहरु हाम्रा पुक्क उठेका कलिला गालाहरुमा म्वाइ खान खोज्दा हुन् । बाक्ला रबरका पातहरुले चर्को घामलाई पर पर लखेटेर नानीहरुलाई शितलताको ओतमा सुमसुम्याउदा हुन् ... ।

भैहाल्यो, हुन्दिनोस् । अहिले मलायालाई यहीं छोडौं । त्यो जन्मथलोको भावुकताका बारेमा लामो टिप्पणी नगरौं । बरु आउनोस्, अब हामी मेरै घरतिर फर्कौं । किनभने म तीन वर्षकी हुंदा मलाया छोडेर हाम्रो परिवार नेपाल फर्किएको थियो ।

तपाईंलाई थाहै होला, मेरो घर इलाममा पर्छ । इलाम भन्ने बित्तिकै तपाईंको अनुहार उज्यालो भयो नि ! हाम्रो इलाम त्यस्तै छ । त्यो हिजो राम्रो थियो, अहिले झन राम्रो भएको छ र भोलि सबैभन्दा राम्रो हुनेछ । मुलुकमा पहिलोपल्ट सूर्यको न्यानो र चन्द्रमाको शितल ताप्न पाउने इलामका पाखाहरुमा लडीबुडी खेल्दा ठूलो गल्फ मैदानमा कुदिरहे जस्तो लाग्छ । फांटहरुलाई चिस्याउदै बग्ने खोलाहरुले बोकेर ल्याएका बतासका सिरेटाहरुले चर्को गर्मीमा शरीर भिज्ने गरी खलखल पानी खन्याइरहेछ जस्तो महसुस हुन्छ । माथिको आकासमा बादल लाग्दा त्यो झन रमाइलो देखिन्छ । चोक्टा चोक्टा बादलहरु पृथ्वीमा के भैरहेको छ भनेर नियाल्दै प्रायः पश्चिमतिर चिप्लिरहेका हुन्छन् अनि हामी तल भुईंमा तिनलाई भेट्टाउन हतार हतार त्यसको पछि पछि तानिइरहेका हुन्छौं । होइन, आकाशमा बादल छैन भने पनि इलामको सुन्दरता ओइलाउन भ्याउदैन । आकाश कंचन हुन्छ । हिमाल उज्यालो देखिन्छ । त्यो कंचन आकाशको ठिक्क मुन्तिर पहारिलो सूर्य, अरुबेला बादल हिंड्ने बाटै बाटो आफ्नो रथलाई पश्चिम तिर तानिरहेको हुन्छ । त्यस्तो बेलामा यस्तो लाग्छ - मानौं आकाश एउटा फराकिलो समुद्र हो र सूर्य त्यसमा तैरिहेको एउटा ब्यस्त जहाज हो ।

तपाईं इलाम जानु भएको छ ?

रहेछ । इलाममा नराम्रो केही देख्नु भएको छ ? हाँस्नु भो नि । देख्नु भएको रहेछ । त्यसैले छ पनि भन्न सक्नु भएन, छैन पनि भन्न सक्नु भएन । मान्छेलाई निर्णय दिन गाह्रो भयो भने उ तपाईं जसरी नै मुसुक्क हाँस्छ र प्रश्न टालिएकोमा सन्तोक मान्छ । खैर, अहिले यो प्रसङ्गलाई यहीं छोडौं । राम्रो भएको ठाउँमा उसै पनि नराम्रो भइहाल्छ नि होइन ? नराम्रोको रिक्ततामा राम्रो कसरी बाँच्न सक्छ र ?

हामी इलाम तिरै लागौं । इलाम पुगेपछि मेरो कथा टिप्न तपाईंलाई सजिलो हुन्छ । इलाम बजारमा पनि हाम्रो घर छ । हाम्रो भन्ने बित्तिकै किन प्रश्नवाचक आँखा घुमाउनु भो ? मैले शुरुमा भनेकी थिएँ नि - हाम्रो परिवारको कथामा अलि अलि जन्जाल छन् भनेर । हो त्यही जन्जाललाई प्रष्ट्याउन मैले हाम्रो भनेकी हुं ।

मेरा बाहरु तीन भाइ हुनुहुन्थ्यो । जेठो र कान्छोको जिम्मा लाहुर थियो, माहिलोले घर खेत सम्हाल्नु भएको थियो । सल्लाहैले उहाँहरुले त्यसो गर्नुभएको थियो । युवावस्थामा मेरा बाहरु असाध्यै मिल्नु हुन्थ्यो । लाहुर गएपछि मेरा बडाबाले आर्मीमा ठूलो उन्नती गर्नुभयो । उहाँ गोर्खा आर्मीको क्याप्टेन बन्नुभयो । आर्मीबाट रिटायर भएपछि पनि उहाँले बीस वर्षभन्दा बढी घोपा क्याम्पमा काम गर्नुभयो । आर्मी र घोपा जोड्दा मेरो बडाले झण्डै चालिस वर्षको जोबन बेलायती साम्राज्यलाई उपहार दिनु भयो । त्यसैले पनि होला, बेलायतीहरुले उहाँलाई साह्रै माया गर्थे । बडाको कुरो ज्यात्वित्ति काट्दैनथे । त्यसैले मेरो बडाबाका सबै भाइ छोराहरु लाहुरे भए । बडाकै प्रतापले लाहुरे भए ।

मेरो माइला बडाले घर-खेत सम्हाल्नु भएको थियो । उहाँ लाहुर जानु भएन ।

मेरो बा घरको कान्छो छोरो हुनुहुन्थ्यो । उहाँ पनि लाहुरे हुनु भएको थियो ।

बडा घरको जेठा छोरो हुनुहुन्थ्यो । उहाँ सबैभन्दा कमाउ पनि हुनुहुन्थ्यो । त्यसैले आफ्ना भाइहरुलाई मर्का पर्ला कि भनेर उहाँले हामी सबै छोराछोरीलाई सगोलमा हाल्नु भयो । त्यही सगोलको बण्डाले हामी छोराछोरीहरु लामो समयसम्म सबै बाबुआमाका छोराछोरी जस्ता भयौं । केटाकेटी छंदा त हामीलाई कसैले छुट्याउनै भ्याउदैनथे । ठूली भएपछि पनि म बडाकै छोरी भएँ । माइला बडाको छोरा मेरो बाको जेठो छोरो हुनुभयो । यस्तै यस्तै । त्यसैले इलाम बजारमा पनि हाम्रो घर छ भन्ने बोली मेरो मुखबाट निस्कने गर्छ । इलाम बजारको दक्षिणी पुछारमा मालापथ भन्ने एउटा टोल छ । त्यसको तलतिर देउराली भन्ने ठाउँ छ । त्यही देउरालीमा मेरा बडाबाको घर छ । मैले त्यो घरमा आफ्नो जीवनको लामो र रमाइलो क्षण बिताएकी छु । त्यसैले म अहिले पनि इलाममा हाम्रो घर छ भन्नेगर्छु । तर इलाम बजार मै हाम्रो घर छ भनेर नलेख्नु होला । किनभने इलाम बजार हाम्रो घर होइन । हाम्रो घर जान हामीले

बजारको बस अड्डामा गाडी छोडिदिनु पर्छ । बाटो हिंड्नु पर्ने हुनाले अलिकति खाजा खानुपर्छ र कांधको झोलालाई कसकास गरेर बाँधेपछि बजारबाट उकालो लाग्नुपर्छ ।

इलाम बजारबाट उत्तर पश्चिमको बाटो लागेपछि बिब्ल्यांटे भन्ने सानो बस्ती आउछ । हो, हो, ठीकै भन्नुभो । त्यो नयाँ बस्ती हो । पाँचथरको बाटो खुलेपछि मानिसहरुले त्यहाँ बसोबास थालेका हुन् । त्यो बस्तीबाट पाँचथर हुंदै ताप्लेजुङ जाने र इलामको माइपोखरी हुंदै सिक्किम तिर जाने बाटो छुट्टिन्छ । बिब्ल्यांटेबाट दाहिने लाग्ने बाटोको तपाईंलाई सम्झना होला । हाम्रो घर जान त्यतै लाग्नु पर्छ ।

बिब्ल्यांटेबाट उत्तर लागेपछि जहिले पनि मलाई म आकाश तिर गैरहेछु जस्तो लाग्छ । तपाईलाई सिमाना छुट्याउने फाल्लोटको लेखको सम्झना छ ? ठ्याक्कै आकास थामेर बसे जस्तो देखिन्छ । नियालेर हेर्‌यो भने यस्तो लाग्छ - मानौं त्यहाँ भन्दा उता कुनै क्षितिज नै छैन । स्कूलमा हर्कुलसको कथा पढ्दा म जहिले पनि त्यही फाल्लोटको लेख सम्झिन्थें । सरले पढाइरहंदा मलाई लाग्थ्यो - हर्कुलस त्यही लेखको जङ्गलमा कतै उभिएको छ र उसका दुइ पाखुरीले नदेखिने गरी आकास थामिरहेछन् ।

बिब्ल्यांटेबाट अलिक माथि गैसकेपछि आउने बरबोटेको सम्झना छ नि होइन ? हो, त्यो बरबोटेबाट हामी माइपोखरी जाने बाटो छोड्छौं र फेरि दाहिने लाग्छौं । त्यो दाहिने बाटो तेर्सो छ र रमाइलो छ । गाउँ, खेत, घर, बारी, चौतारो सबैलाई परिक्रमा गर्दै लम्किएको त्यो बाटो आफैंमा रमाइलोपनको छाती बनेको छ । छिनछिनमा दृष्य फेरिंदा आँखा पनि चहकिलो भए जस्तो लाग्ने त्यस्तो बाटो तपाईंले ज्यात्‌वित्ति पाउनु हुन्न । साँच्चै रमाइलो बाटो छ त्यो । तपाईं जानु भएको छैन ? जानुहोला । अरुबेला जाने मौका परेन भने पनि सोमबारे बेंसीको मेला लाग्दा त्यतैबाट झर्नुहोला । मान्छे हिंड्छन् । त्यस्तो एकान्त छैन । मान्छे हिंड्न भ्याएन भने पनि केही छैन, त्यताहुंदो प्रकृति तपाईंको कोखैमा टाँसिएर हिंडिरहेको हुनेछ ।

त्यो बाटोलाई नछोडी दुइ घण्टा हिंडेपछि सुम्बेक भन्ने गाउँ आउँछ । सुम्बेक गाउँमा पाइलो हाल्नु अघि तपाईंले एउटा खोल्सीमा आफ्नो खुट्टाहरु धुन भ्याउनुहुन्छ । खोल्सी तरेपछि तपाईं नजानिदो पाराले तेर्सिनु हुन्छ । ढल्किएर सुतेको उकालो जस्तो भनौं न ! बाटो करैंचे र भित्तो चाहिं अलिक ठाडो जस्तो लाग्छ । तर अहिलेसम्म त्यताहुंदो पैरो गएको छैन । त्यसैले ठाडो भित्तोसँग डराएर बाटामा खुट्टा कमाउनु पर्दैन । त्यतिमात्र होइन, तलतिरको बाक्लो बाँसघारीले भित्तोलाई शताब्दियौंदेखि थामिरहेको छ । तपाईं बाँसझाङ्गमा कराएका भँगेराहरुलाई जिस्क्याउदै बाटो काट्न सक्नुहुन्छ । बाँसघारी सकिने बित्तिकै एक हुल चिलाउनेका रुखहरुले तपाईंलाई आफ्नो छहारी मुनि उभ्याएर स्वागत गर्नेछन् ।

चिलाउनेको रुख नाघेपछि हाम्रो काकाको बारीको डील भेटिन्छ । कान्छाभाइकी छोरीको काका कहाँ हुन्छन् रे ? क्या मजाले समात्नु भो ? काका भनेको हजुरबाको भाइको छोराको बारी भन्या हो मैले । हाम्रा हजुरबाहरु दुइ भाइ हुनुहुन्थ्यो रे । कान्छा हजुरबाका सन्तानहरुको रासोबासो पनि सुम्बेकमै छ । हामी मिलेरै घरायसी कामहरु गर्छौं । एक अर्कालाई गर्जो पर्दा सघाउने गर्छौं । त्यसैले बोली र व्यवहार दुबैमा हामी एउटै हाँगोका सन्तान जस्तो भएका छौं ।

अं, अहिले पनि त्यो चलन ज्युंदै छ । गर्जोमा नसघाउने त शहर हो । शहरको संस्कृति हो । शहरतिर मानिसहरु गर्जो देख्नुपर्ला भनेर आँखा चिम्लिन्छन् । संवेदना, शहरका सडकमा निस्कने बित्तिकै किन मर्छ ? तपाईंले सोधखोज गर्नु भा' छ ? शहर सघाउन किन मान्दैन ?

तपाईंलाई एउटा कुरा थाहा छ ? हामी गाउँबाट आउनेलाई शहर चिसो, कालो दुङ्गो जस्तो लाग्छ । बन्जर, निरस र अँध्यारो ।

होइन, होइन । शहर प्रतिको यो मेरो आखिरी दृष्टिकोण होइन । बरु लेख्नुस्, शहर किन शुष्क हुन्छ भनेर सोधिएको यो एउटा प्रश्न मात्र हो । आखिर जे छ त्यही भन्नु मेरो कर्तव्य होइन र ? गाउँमा अलग अलग परिवार भए पनि हामी एक अर्कालाई सघाउछौं । तर शहरमा परिवार आफैं पनि दुःखको परिचय बुझ्न चाहंदैन । छिमेकी भन्ने शब्द त शायद शहरको शब्दकोषमै हुंदैन । के तपाईंले शहरलाई यसभन्दा पृथक अर्थमा बुझ्नु भएको छ ?

हुन्छ हामी गाउँ तिरै फर्कौं ।

काकाको बारीको डील नाघेपछि दुइ तीन खुड्किला ओरालो तल झर्नुपर्छ । त्यसपछि तपाईंले अजङ्गका बरपिपलको चौतारी भेट्नु हुनेछ । हो, त्यही बरपिपलको देब्रेतिर हाम्रो घर छ ।

सुम्बेकको हाम्रो पुख्यौंली घर, अहिले पनि हामी सबैको प्रगति नियालेर बसिरहेको छ । एक शताब्दी अघिदेखि त्यसको माया उस्तै छ । त्यसको ममता उस्तै छ र प्रत्येक पिंढीका हामी सन्तानहरुको स्मृतिमा त्यसको श्रद्धा पनि उस्तै छ ।

तपाईंलाई फेरि एकपल्ट इलाम जान मन लागेको छ ? एकदम राम्रो । जानुपर्छ । म पनि इलाम जान चाहिरहिछु । जीवनमा धेरै देखियो, धेरै भोगियो । तर जीवनले शान्तिको अनुभूति पाएन । त्यो शान्ति त्यही इलाममा कतै लुकेर बसेको छ कि जस्तो लागेको छ । त्यसैले शान्ति खोज्न मैले इलाम जाने बिचार गरेकी छु । हामी सँगै जाउँला, हुन्न र ?

आफ्नो जन्मथलोलाई सबैले माया गर्छन् । खासगरेर यो शहरमा बस्ने हामी सबै आफ्नो जन्मथलोलाई माया गर्छौं । तपाईंलाई थाहै छ - यो शहरका, हामी धेरै मानिसहरु बाहिरबाट आएर बसेका छौं र दशाब्दी बितिसक्दा पनि हामी यो शहरका हुन सकेका छैनौं । शहर किन किन सधैंभरि परचक्री हुंदो रहेछ - कोही आफ्नो हुन नसक्ने । कसैलाई आफ्नो बनाउन नसकिने । तपाईं मेरै ओरिपरि हेर्नुस् - मेरो घर यहीं छ । तर म यो शहरकी हुन सकेकी छैन । मेरो श्रीमान यहाँको जनप्रतिनिधि हुनुहुन्छ - तर उहाँ जहिले पनि आफ्नो पहाडको घरबारी निखन्न पाए हुन्थ्यो भनेर चिन्तित रहनु हुन्छ । उहाँले अहिलेसम्म काठमाण्डौ मेरो हो र म काठमाण्डौको हुं भनेर शब्द उच्चारण गरेको मैले सुनेकी छैन । आमसभाको कुरा गर्नु भा ? त्यसको कुरो छोडिदिनुस् । राजनीति गर्नेहरुले आमसभामा के के बोल्नुपर्छ भन्ने कुनै ठेगान हुंदैन । बिचराहरुको जीवन, अभिनेताको जस्तो हुन्छ । मैले धेरै नजिकबाट राजनीति गर्नेको जीवन भोगेकी छु । त्यो अत्यन्तै कृत्रिम हुन्छ । त्यसैले मलाई राजनीति गर्नेहरु प्रति दया लाग्छ । नढांटी भन्नुहुन्छ भने - उनीहरु वास्तविक जीवन जिउनै नपाउने पट्यार लाग्दो नाटकका अंध्यारा अनुहारका पात्र हुन् । त्यसैले आफ्ना साथीभाइलाई म भन्ने गर्छु - राजनेतालाई गाली नगर, दयाको न्यानो पानीले नुहाइदिएर उनीहरुको बाँच्ने अभिलाषालाई जीवित राख ।

ठीकै भन्नुभो, अरुको कुरो नकाटौं । तपाईंले ट्वाक्क सोधिदिनु भयो - म पनि उतै लागेछु । आफ्नै कुरा गरौं । म र मेरो श्रीमान मात्र होइन, जोकोहीका लागि पनि शहर पराइघर भएको छ । मेरा धेरै दाजुभाइले यहाँ घर बनाएका छन् । आर्मीबाट फर्किंदै घर बनाउने चलन नै चलेको छ काठमाण्डौमा । तर अहं, ती कोही पनि यहाँका हुन सकिरहेका छैनन् । अरु पनि मैले त्यस्ता सयौं मान्छे भेटेकी छु जो शहरी जीवनसँग वाक्क भएका छन् । यहाँको स्वार्थ, यहाँको आत्मकेन्द्रित जीवन-शैलीले उनीहरुलाई चौबिसै घण्टा पोलिरहन्छ । तपाईं पनि बाहिरबाटै आउनु भएको हो ? तपाईंलाई यस्तो लाग्दैन ? अहा, सम्झिनुस् त, कति इमानको जीवन बाँचेको हुन्छ गाउँमा ? मर्दा, पर्दा आफन्तहरु ओरिपरि भेला हुन्छन् । एउटाको टाउको दुख्दा दर्जनौंको मन पिरिन्छ । मान्छे भाइ हुन्छ, काका हुन्छ, भाउजु हुन्छे, चेली हुन्छे । जता हेर्‌यो उतै नाता । जता गयो उतै आफन्त । त्यसैले पनि होला बाहिरबाट आउनेहरुले शहरलाई आफ्नो घर बनाउन सकेकै छैनन् । यसलाई घर बनाउन पनि सकिदैन । वास्तवमा यो पसल हो । दिनभरिको कारोबार यहाँबाट चल्न सक्छ । तर तपाईंको घरको ममता न पसलमा किन्न मिल्छ न बेच्न सकिन्छ । त्यसैले मैले आफ्नै घर फर्किने बिचार गरेकी हुँ । मैले उतै सानो टुक्रो जग्गा किन्ने बिचार गरेकी हुं । जे भए पनि इलाम मेरो मातृथलो हो । मलाई चेतना दिने इलाम नै हो । मलाई बुद्धि र विवेक दिने पनि इलाम नै हो । त्यसलाई छोडेर, मेरो रगत र पसीनाको पोखरीलाई समेत चिन्न नसक्ने यो शहरलाई म कसरी आफ्नो बनाउन सक्छु र ?

तपाईंले ठीकै भन्नु भो । मैले पनि त्यस्तै सोचेकी छु । उमेरको एउटा पींढीमा पुगेपछि शरीरले थकाइ मान्नै पर्छ । तपाईंले मन नलागी नलागी पनि त्यसलाई सुबिस्ता दिनुपर्छ । त्यो सुबिस्ताका लागि मैले इलाममै आफ्नो चौतारी चिन्ने बिचार गरेकी छु । हुनत, आजभोलि चौतारी चिन्ने चलन सकियो भन्दा पनि हुन्छ - तर त्यसलाई ब्युंझाउनु पर्छ । के तपाईं मलाई सहयोग गर्न तयार हुनुहुन्छ ?

खुशी लाग्यो । तपाईंको कुरो सुनेर खुशी लाग्यो । ठीकै छ, अहिले हामी आफ्नो काम सकौं । तपाईं लेख्नुस् । मिलाएरै लेख्नुस् । म तपाईंलाई सुनाउछु । मलायामा जन्मिएर, इलाममा हुर्किएकी, घोपा क्याम्पको कठोर अनुशासनमा लेखपढ गरेर, काठमाण्डौको पीडादायी जीवन थेगेकी यो एक्काइसौं शताब्दीकी सुम्निमाको कथा जसरी लेख्दा तपाईंलाई सन्तोक लाग्छ - त्यसै गरी लेख्नुस् । लेखिरहनुस् ।

o o o

हो, यस्तो विचित्रता मैले धेरै सुनेकी छु । भोगेकी छैन । हामी त देवान नै भयौं र कसैले हामीलाई राई वा लिम्बु भनेनन् । तर अन्यत्र यस्तो समस्या रहेछ । राईहरुको बस्ती बाक्लो भएको ठाउँमा बस्ने देवानहरुलाई मान्छेले राई नै भन्दा रहेछन् । अनि लिम्बुहरुको बाक्लो बस्तीमा अटाएका देवानहरुलाई मान्छेले लिम्बु नै भन्दा रहेछन् । लामो कालसम्म देवानहरुको आफ्नो परिचय नै थिएनछ । तिनीहरु राइ र लिम्बुको ठूलो बथानमा हराउन वाध्य तुल्याइएका रहेछन् । परिचयहीनताको यो पीडा मैले अरु देवान दाजुभाईको सुस्केरामा सुनेकी छु । तर हामीले यस्तो भोग्नु परेन । हाम्रा आफन्तहरुमा राई र लिम्बु दुबै छन् र दुबैथरीसँग हाम्रो सम्बन्ध सुमधुर छ । दुबैथरीले हाम्रो स्वतन्त्र अस्तित्व स्वीकारेका छन् । त्यसैले हामी राई र लिम्बुबाट भिन्न छौं । हामी गाउँमा पनि देवान नै रह्यौं र आर्मीमा पनि हामीले देवानकै रुपमा आफ्नो परिचय दियौं ।

हेर्नुस, मलाई यो हिसाब किताब आउदैन । मलाई लाग्छ - राई , लिम्बु वा देवानहरु उस्तै हुन् । उनीहरु सबै किराँती हुन् । हुनसक्छ, अहिले बाँडिएको थर उनीहरुको कामको परिचय होस् । राईको राज्य भएको इतिहास पनि हामीले पढेका छौं र लिम्बुहरु पनि शासक भएको इतिहास हामीसँग छ । ती दुबै राज्यमा लेखापढी गर्ने एकखालका किरांतीहरु देवान भए हुनन् । माझकिराँतको दरबारमा लेखापढी गर्नेहरु पनि देवान भनिए होलान् । अनि पल्लोकिराँतका लेखापढी जान्नेहरु पनि देवान भनिए होलान् । त्यसैले कोही देवान राईको संगतीमा हेलिए होलान्, कोही देवान लिम्बुको संगतीमा रमाए होलान् ।

छैन, छैन । अहिलेसम्म छैन र कसैले खोजेको होला जस्तो पनि मलाई लाग्दैन । तर देवान थरको सम्बन्ध भारतीय रजौटाहरुको इतिहासमा पाइने दिवान शब्दसँग छदैछैन भन्ने मलाई लाग्दैन । भारतमा मुगलहरुको राज्य छंदा नै दिवान हुन्थे क्या र ! त्यही दिवान हाम्रो तिर पसेर देवान भएको हो कि ! जेहोस् । शब्दको पछि नकुदौं । अहिले म तपाईंलाई यत्ति भनौं - मेरो बुझाइमा हामी किराँत हौं र किराँती हामी भए पनि नभए पनि नेपालको अल्पसंख्यक समुदायका मानिस चाहिं हामी पक्कै हौं । पहिले पहिले ब्रिटिश आर्मीमा देवान भनेपछि भर्ति समेत पाइदैनथ्यो रे । त्यसैले हाम्रा कतिपय बाजे बराजुहरु राई वा लिम्बु लेखाएर भर्ती भएको कथा बडाले सुनाउनु हुन्थ्यो । अहिले पनि तपाईं कताकति मात्रै देवानको चर्चा सुन्नुहुन्छ । हाम्रो जातिमा कोही मानिस त्यस्ता ठूलाबडा भैसकेका पनि छैनन् । त्यसैले उनीहरुले आफ्नो पुर्ख्यौली खोज्ने, त्यसलाई कुनै विशिष्ठ इतिहास प्रसिद्ध जातिसँग लगेर जोड्ने काम पनि गरेका छैनन् । मैले मेरा धेरै दाजुभाइसँग, बडाबाउ र काकाहरुसँग इतिहास खोज्ने आग्रह गरेकी छु । तर अहँ, अहिलेसम्म हाम्रो इतिहास सात, आठ पुस्ता भन्दा पर जानै सकेको छैन । इतिहास त्यसरी नतन्किएको हुनाले पनि हाम्रो विगत किरात शासकहरु तिरै गएर ठोक्किन्छ कि भन्ने लागेको हो ।

तपाईंलाई रोचक लाग्ने अर्को एउटा कुरा भनौं ? आजभोलि यो जाति, जनजाति के के भन्ने बहस चलेको छ नि, त्यो बहसमा हामी कतै छैनौं । हामी राई होइनौं । हामी लिम्बु पनि होइनौं । हामी लेप्चा होइनौं र हामी गुरुङ्ग पनि होइनौं । यी सबै समुहहरु जनजातिमा अटाएका छन्, तर हाम्रो इतिहास कतै छैन । यस्तो लाग्छ - जाति हुन मात्र होइन, जनजाति हुन पनि समुदायमा कोही ठूलो मान्छे जन्मिदिनु पर्छ । जातीको इतिहास कोरिन मात्र होइन, जनजातीको इतिहास कोरिन पनि तपाईंको समुदायमा कोही प्रतिष्ठित र प्रभावशाली उभिनै पर्छ ।

मान्छे त्यसरी नहराउनु पर्ने हो - तर हराउने भयो । यसमा चित्त दुखाएर हुन्छ नै के र ? अरु जनजातीमा ठूला मानिसहरु थिएहुन्, उनीहरुको पहुंच पनि हुंदो हो, त्यसैले उनीहरु जनजातीको मालामा उनिए हुन् । हामी कोही त्यताहुंदो पुग्न सकेनौं । हामी तलका मानिसहरु, आफ्नै पसिनामा रमाउने मानिसहरु त्यो न्यानो कार्पेट ओछ्याएको कोठा भित्रै छिर्नै सकेनौं, त्यसैले हामी जनजाती पनि हुन पाएनौं । जाती हुंदा ठूलो हुने या जनजाती हुंदो ठूलो हुने अन्धविश्वास नभएको हुनाले मलाई त यसमा केही जस्तो लागेन । तर हाम्रा देवान सन्ततीहरुलाई नमिठो लाग्यो नै ।

तपाईंलाई म आफ्नो घरकै कुरो सुनाउँ । नेपालका जनजातिको नामनामेसी छापिएर आएपछि एउटा साँझमा मेरो बाले हामी छोराछोरीलाई ठट्टै ठट्टामा सुनाउनु भएको थियो - नानी हो, हामी न राई भयौं न लिम्बु । हामी न जाती भयौं, न जनजाती । त्यसो भए हामी को भयौं ? हामी राजपुत भएछौं । नेपालमा कोही नहुनेहरु राजपुत हुने गरेका छन् । त्यसैले अब हामीले आफ्नो इतिहासलाई यसरी भन्न थाल्नुपर्छ - राई लिम्बुलाई राजकाजमा सघाउने उच्च जातिका मानिसहरु हाम्रा पुर्खा थिएछन् । हाम्रा

पुर्खाहरु उहिल्यैदेखि विद्धान थिएछन् । तिनलाई यहाँका राई लिम्बु शासकले निवेदन हालेर तराइको मलिलो मैदानबाट यो पहाडको खर्कमा ल्याएका रहेछन् । पछि उनीहरुसँग रहंदा बस्दा हाम्रा पुर्खाले उनीहरुको संस्कृति र संस्कार सिकेछन् । तर उनीहरु जनजाती चाहिं हुन भ्याएनछन् ... आदि आदि । बाको ठट्टा पिडामा घोलिएको थियो तर त्यो हामीलाई रमाइलो लाग्यो । त्यसलाई अहिले पनि रमाइलै मानिरहिएको छ । हाम्रा धेरै दाजुभाईहरु मनको बह पोख्नुपर्‌यो भने यस्तै ठट्टा गरेर आफूलाई शान्त्वना दिन खोज्नुहुन्छ ।

एउटा कुरा तपाईंलाई सोधुं ? जनजातीको हक हीत भनेर कुर्ली कुर्ली कराउनेहरुले हामीलाई बिर्सनुको कारण के होला ?

ठीकै भन्नुभो, तपाईंलाई कहाँबाट थाहा होस् !

... ...

होइन । छ । किन नहुने ?

त्यो त थाहा छ । संखुवासभामा कतैतिर देवानहरुको ठूलो बस्ती छ र हामी सबैको पुर्ख्यौली त्यही हो भन्ने हामीलाई थाहा छ । हो, हो, एउटा संगठन पनि बनेको छ । तर म संगठनहरुमा लाग्न भ्याउदिन । होइन, होइन, रुची छैन भन्ने कुरो होइन । बरु यसो भनौं - फगत संगठनले केही हुन्छ भन्ने कुरामा मेरो त्यत्तिसाह्रो विश्वास छैन । तपाईंलाई थाहै छ - संगठनहरुमा सबैभन्दा ठूलो संगठन भनेको पार्टी हो । पार्टीमै विश्वास नभएर अलग्गिएकी म जस्ती मान्छेलाई त्यस्ता संगठनमा बाँधिने फुर्सद कहाँबाट निस्कन्छ र ? आखिर संगठनले गर्ने पनि केही होइन । गर्ने भनेको संगठनमा भएको मानिसले हो । तपाईं आफ्नो खुट्टामा उभिन सक्ने हुनुभएन भने संगठनले तपाईंलाई खुट्टामा उभ्याउन सक्दैन । त्यसैले पहिले मान्छे हो अनि मात्र संगठन हो भन्ने मलाई लागेको हो ।

त्यो त आ-आफ्नो विचार हो । अरुसँग मेरो विचार मिल्नुपर्छ भन्ने मलाई लाग्दैन । मैले संगठनमा काम गरें । पार्टीमा मैले पूर्णकालीन कार्यकर्ता भएर काम गरें । त्यतिबेला मैले साह्रै समृद्ध अनुभवहरु पनि संगालें । पछि म तपाईंलाई त्यतिबेलाको रोचक, रोमान्चक, आकर्षक कथा सुनाउनेछु । दुइ वर्षको त्यो पूर्णकालीन राजनीतिक जीवनले मलाई बीस वर्षको शिक्षा दिएको छ । तर पार्टीमा लागेर म अघि बढ्न सक्दिन भन्ने लागेपछि मैले आफ्नो जीवनलाई अन्यत्र मोडें । म स्वेच्छाले स्वतन्त्र भएँ । मैले विद्यार्थी र महिला संगठनहरुमा काम गरें । त्यहाँ काम गर्दा पनि मैले आफ्नो महत्वपूर्ण उर्जा खर्चिएँ । तर अहँ, त्यहाँबाट पनि मैले केही होला भन्ने देखिन । त्यसपछि म व्यक्तिमा रुपान्तरित भएँ । अहिले म जे छु, एउटा व्यक्ति छु र व्यक्ति भएरै मैले केही गरेकी छु । मलाई लाग्छ - मैले अहिले एउटा पार्टीले गर्न नसकेको, एउटा संगठनले गर्न नसकेको काम गरिरहेकी छु । हिजो कुनै खास घडीमा म पार्टीका लागि चिन्ताको विषय बनेकी थिएँ । अहिले म पार्टीलाई सहयोग गर्ने भएकी छु । म र संगठन बीचको यो सम्बन्ध मेरा लागि अन्तिम भएको छ ।

भैहाल्यो । यसमा बहस नगरौं । यस्ता कुरामा बहस गर्न मैले तपाईंलाई पर्खिरहनै पर्दैन । मेरो घरमै एउटा संस्था छ । तपाईंले चिन्नुभएकै छ - मेरो श्रीमान एउटा पार्टीको नेता हुनुहुन्छ । ठूलै नेता हुनुहुन्छ र सबैथोक पार्टीले नै गर्नसक्छ भनेर हामीलाई समेत बेवास्ता गरेर लडाईंमा भिड्नु भएको छ । त्यसैले बहस गर्नै पर्दा उहाँसँगै गरे भैहाल्छ । अहिले म आफ्नो कथा भन्छु, तपाईं लेखिरहनुस् । हाम्रो समझदारी यसैमा मिलेको होइन र ?

हो, हामी संखुवासभाको कुरा गरिरहेका थियौं । अहं, म गएकी छैन । उसो त, म नेपालका धेरै ठाउँमा जानै भ्याएकी छैन । घुमफिरमा म अलिक अल्छी मान्छे हुं । तर म नपुगे पनि हामी सबैलाई थाहा भएको कुरो यही हो - देवानहरुको पुर्ख्यौली संखुवासभै हो । त्यो पुर्ख्यौलीको डोरो कसरी तानिएको छ र हामी कसरी इलाम पुग्यौं भन्ने हामी कसैलाई थाहा छैन । मेरा बाहरु, काकाहरु कसैले पनि हाम्रो गतिको इतिहास जान्नु भएन । त्यसैले हामीले पनि त्यो जानेनौं । पछि कोही विद्धानले देवानहरुको यायावरीका बारेमा सूचना संकलन गर्नुभयो भने उहाँहरुलाई धन्यवाद दिउंला, अहिले जे जानिएको छ त्यसैमा रमाउनु पर्ला ।

हो, देवानहरु धनकुटामा पनि छन् । शायद तेह्रथुममै पनि होलान् । मलाइ उत्तिसाह्रो थाहा छैन । इलाममा हामी छौं । दार्जिलिङ्गमा पनि देवानहरु छन् । शायद सिक्किममा पनि छन् । नेपालबाटै प्रवासीएर

आसाम, मणिपुर, नागाल्याण्ड तिर पनि कोही पुगेका होलान् । लाहुरमा आधुनिकता थपिंदै गएपछि देवानहरु सुनसरी, काठमाण्डौ र ललितपुरमा पनि फैलिएका छन् । तर हामीले सबैको तथ्याङ्क समेटेका छैनौं ।

त्यो पनि भन्छन् । दुइखालका देवानको कुरो मैले सुनेकी छु । हाम्रै इलाममा दुइ खाले देवान छन् । तर तिनीहरु किन दुइखाले भए भन्ने चाहिं मलाई थाहा छैन । मैले थाहा पाउन चाहेकी पनि छैन । देवानलाई याक्खा पनि भन्छन् रे ! हेपेर याक्खा भनेको हो कि जस्तो लाग्छ । तर साँच्चो कुरो के हो मलाई थाहा छैन । पूर्वतिर, बेंसीमा बनाइने सानो गोठलाई याक्सा भनिन्छ । लेखमा पनि याक्सा हुन्छन् । याक्सामा बसोबास गर्नेहरुको बहुसंख्या किराँतहरुकै थियो होला । एकाध सय वर्ष अगाडि त पूर्वतिर, खासगरेर अरुण भन्दा पूर्वतिर किरांतीहरु मात्रै थिए भन्दा पनि हुन्छ । त्यस्तो बेलामा याक्सामा बस्ने गरीब किरांतीहरुलाई सेता घरमा बस्ने धनी किरांतीहरुले याक्साली भने हुनन् । तिनै याक्सालीहरु पछि याक्खाली हुंदै याक्खा भएका हुन् कि ! तर मलाई यसबारेमा नसोध्नुस् । म जान्दिन । मलाई जान्ने चाहना पनि छैन । जे भए पनि हामी मानिस होइनौं र ? याक्खाको रगत सेतो अनि अरु देवानको रगत रातो त हुंदैन । याक्खाले नाकले बोल्ने अनि अरु देवानले कानले बोल्ने पनि हुंदैन । अथवा याक्खा टाउकाले टेक्ने अनि देवान हातले टेकेर दौडिने पनि हुंदैन ।

होइन, होइन, याक्खा भएर मैले त्यसो भनेको होइन । देवान हुनु या याक्खा हुनुसँग मेरो भनाइको कुनै सम्बन्ध छैन । हामी याक्खा होइनौं । बाहरु भन्नुहुन्थ्यो - हामी र याक्खा फरक फरक हौं रे । मैले चाहिं याक्खा र हामीमा कुनै फरक देखेकी छैन । मेरा सबै साथीहरु याक्खा नै थिए र उनीहरु म जस्तै थिए । हाम्रो भावना पनि उस्तै थियो । मैले जसरी आफ्नै मिहिनेत र पसिनाले आफूलाई म बनाएकी छु, तिनीहरु पनि त्यसरी नै मिहिनेती भएर आफ्नो स्वाभिमानलाई जोगाइरहेका छन् । त्यसैले म आफू चाहिं याक्खा र देवान दुइ थरी हुन्, तिनीहरु फरक हुन् भन्ने विश्वास गर्दिन । म सबैलाई देवान लेखौं, हामी सबै देवान हौं भन्ने गर्छु । हामी यथार्थमा एउटै हौं र मलाई लाग्छ - इतिहासको कुनै कालखण्डमा एउटा सानो घटनाले हामीलाई दुई भागमा चिरेको हुनसक्छ । म त्यो चिरो पुरियोस् भन्ने चाहन्छु । हामी सबै देवान हौं । हामी सबै मानिस हौं । यत्ति मात्र सम्झियौं भन्ने म चाहन्छु ।

मैले अघि नै भनें - हामी संखुवासभाबाट कसरी इलाम पुग्यौं भन्ने, हामी कसैलाई थाहा छैन । हामी आफ्नै इलामको नालीबेलीमा बाँचेका छौं र म तपाईंलाई त्यही नालीबेली सुनाउन चाहन्छु । नेपालमा कसैको नालीबेली राजस्थानसँग जोडिएको छ, कोही गढवाल पुगेका छन् भने कोही त्यो भन्दा पर सभ्यताको आरम्भसम्मै छुन चाहिरहेछन् । हामी त्यत्रो महत्वाकांक्षी छैनौं । हामी जे छौं वर्तमानमै छौं र सधैंभरि आफ्नो वर्तमान लिएरै हिंड्न चाहन्छौं । त्यसैले आजको वर्तमान जाहेर गर्न हामी आफू ओरिपरिको पुस्ताको कथा सुनाएर सन्तुष्ट हुन चाहन्छौं ।

मेरो परिवार

मैले शुरुमा हामी तीन जना दिदीबहिनी जन्मिएको कुरा सुनाएँ । तर हामी भाइबैना, तीन जना मात्र होइन धेरै छौं । तपाईं छक्क पर्नुहुन्छ । आजभोलि शहर बजारमा, शिक्षित परिवारमा परिवार नियोजन सफल भएको छ । त्यस समुदायका आमाबाबुहरु धेरै छोराछोरी जन्माउन चाहदैनन् । मैले नै चाहिन । मेरी एउटी छोरी मात्र छ । तर अहिले पनि गाउँघरमा परिवार नियोजन असफल भैरहेछ । सरकारको अरबौंको लगानी हुंदा त परिवार नियोजनको यो हालत छ भने परिवार नियोजन भन्ने शब्द गाउँमा पुग्दै नपुगेको बेलामा सन्तान थोरै हुने के आधार थियो र ? त्यसबाहेक त्यतिबेला धेरै छोराछोरी, आमाबाबुका लागि बोझ हुंदैनथे । धेरै सन्तान हुनु बरु गर्वकै कुरो हुन्थ्यो ।

त्यसैले हामी धेरै छोराछोरी भयौं । हामी दश जना भाइबैना छौं । छक्क पर्नुभो ? मैले भन्या थिएँ नि ! मेरो बाका दश जना सन्तान छौं । जेठाबडाका पनि झण्डै त्यति नै अर्थात् आठ जना छन् र माइला बडाका पनि आठ जना छोराछोरी छन् ।

तर हामी कोही पनि बाउआमाका लागि बोझ भएनौं । हामी सबैले आफ्नो डुङ्गा आफैं खियाइरहेका छौं । कोही स्वदेशमा छौं - कोही विदेशमा छौं । हामीले आफ्ना आमाबाबुलाई अलिकति पनि दुःख दिएका छैनौं । सुख पनि दिन सकेका छैनौं होला, तर हामीले उहाँहरुलाई रुवाएका छैनौं । पिराएका छैनौं । हामी टाढा हुंदा चिठी र टेलिफोनबाट एक अर्काका समाचारहरु लिने दिने गर्छौं । वर्षमा एकाध पटक जसरी पनि भेट्छौं र प्रत्येक भेटमा हामी रमाउछौं ।

सबै परिवार यस्तै हुंदैनन् ? हुंदैनन् होला । मलाई यसबारे त्यत्ति राम्रो जानकारी छैन । किनभने मैले अहिलेसम्म धेरै परिवारको कथा सुन्ने चासो राखेकै छैन । तर तपाईंलाई भनौं ? मैले भेटेका थोरै परिवारको जीवन साँच्चै मैले भने जस्तै सुखी छ ।

कसरी सुखी छ ? गणितको उत्तर जसरी म ठ्याक्क त्यसको उत्तर भन्न सक्दिन । मैले त्यसरी खोज्ने कोशिश पनि गरेकी छैन । तर अहिले तपाईंको प्रश्न सुन्दा मलाई लाग्छ - सुखका लागि फराकिलो मनको आवश्यकता पर्छ । दाजुले लाएको भाइलाई मन पर्नुपर्छ, दिदीले खाएको बैनीलाई स्वादिलो लाग्नुपर्छ । आफ्नो सुखमा रमाउन कोही तयार हुनुहुंदैन, तर अर्काको दुःखमा सुसाउन सबैले सक्नुपर्छ । त्यस्तो भयो भने सबैको परिवार सुखी हुन्छ ।

होइन, होइन । सबैतिर यस्तै हुनुपर्छ भन्ने केही छैन । तपाईंले परिवार भित्रको सुखको परिभाषा सोध्नुभयो । मैले बताएँ । बस् । यो कुनै आदर्श पनि होइन । मन लाग्दा र सक्दा यस्तो व्यवहार गर्नु राम्रो हो भन्ने मेरो बुझाइ मात्र हो । अथवा यसो भनौं, हाम्रो परिवार सुखी होस् भन्नाका खातिर हामीले राजीखुशीले यसो गरिरहेका छौं ।

अहं, होइन । पैसा सुखको आधार होइन । मैले पैसा धेरै देखेकी छु । अहिले कमाउन थालेर होइन, बच्चैदेखि पैसाको पउल मैले देखेकी छु । तपाईंलाई भनौं ? केटाकेटीमा बेला बेलामा मेरी आमा सुनका बिस्कुटहरु लगेर बजारमा बेच्नु हुन्थ्यो । हाम्रो घरको काठको ठूलो बाकसमा सुनका लामा लामा लुम्साहरु हुन्थे र एकपल्ट त्यस्तै एक मुठी लुम्सा दिएर बाले ठूलो अरबी घोडा किन्नु भएको थियो । केटाकेटीदेखि नै हामी मिठै खान्थ्यौं, राम्रै लाउथ्यौं । सानोमा मैले लगाउने फ्रक छुन पाउदा पनि गाउँका दौंतरीहरु दङ्ग पर्थे । केटाकेटीको कुरा हो - बाले मलाई कलकत्ताबाट छालाको जुत्ता ल्याइदिनु भएको थियो । अहिले त्यस्तो जुत्ता सबैले लाउछन् । तर त्यतिबेला हाम्रो गाउँमा कसैसँग त्यस्तो जुत्ता थिएन । मैले साना केटाकेटीहरुको कुरा गरेको होइन, ठूलै मानिसहरुसँग पनि त्यस्तो जुत्ता थिएन । त्यो बेला म साहै केटाकेटी थिएँ । त्यस्तै चार पाँच वर्षको उमेर हुंदो हो । त्यो जुत्ता कुन दाहिने हो र कुन देब्रे हो भन्ने मलाई थाहा हुंदैनथ्यो ।

त्यसैले म आमालाई भात खाने हात पट्टीको जुत्तामा चकले इण्टु लेख्न लाउंथे । मोजा लाएपछि म भात खाने हात कुन हो भनेर आफ्ना दुवै हात पाले पालो मुखतिर लैजान्थें । जुन हातले भात खान सजिलो जस्तो लाग्थ्यो - त्यो हातपट्टीको खुट्टामा चिनो लगाएको जुत्ता घुसार्थें । हाँस्नु भो ? हसाउने कुरै हो । मेरा साथीहरु मैले जुत्ता लाएको हेरिरहन्थे र म जहिले पनि भात खाने र नखाने हातमा अलमलिइरहन्थें ।

केटाकेटीमा म साह्रै असल थिइन । म राम्री थिएँ रे ! त्यो त तपाईं अहिले पनि भनिरहनु भएको छ । केटाकेटीमा उसै पनि सबै राम्रा हुन्छन् । त्यसमाथि आमाबाबुका लागि आफूले जन्माएका जस्तै पनि छोराछोरी पुतली हुने भैहाल्ने भए । मलाई लाग्छ - त्यसै अर्थमा म केटाकेटीमा राम्री थिएँ हुंला ।

हाम्रो बालाई छोराछोरी जिस्क्याउन खुबै मन पर्थ्यो । म अलि अलि सम्झिन्छु । उहाँ मलाई जिस्क्याउदै भन्नुहुन्थ्यो - तँ मेरी छोरी होइनस् । तं चाइनिज होस् । तँलाई मैले मलायाबाट मागेर ल्याको । बाले त्यति भन्दा नभन्दै म कोकोहोलो मच्चाएर रुन थालिहाल्थें । मेरो रुवाई अचम्भकै थियो । रोएपछि थामिनै नजान्ने । मलाई फकाउने तागत कसैमा हुंदैनथ्यो रे ! रुँदा रुँदा मेरो अनुहार नै हरियो हुन्थ्यो रे ! त्यसैले केटाकेटीमा आमा मलाई गाली गर्दा हरिमुस्ली भन्नुहुन्थ्यो रे । रुंदा रुंदै म आमाको काखमा निदाउथें रे । राती पनि मेरो हिक्का छुटिरहन्थ्यो रे !

धेरै छोरा छोरी भएको हुनाले आमाको प्यारो काखमा म धेरै वर्षसम्म निदाउन पाइन । दिदी भन्दा म तीन वर्ष कान्छी छु भनेर मैले भनिहालें । तर बैनी र मेरो उमेरको भिन्नता भने एक वर्षको मात्रै छ । त्यसैले मैले आमाको दुध चुस्ता चुस्तै बैनीको पालो आइहाल्यो । मैले धीत मारेर आमाको दुध खान पाइन । अहिले पनि मलाई आमाको दुधको धीत मरेको छैन । त्यसैले मैले आफ्नी छोरीलाई ठूली हुन्जेलसम्म दुध खुवाइरहें । तपाईं सुन्दा हास्नु हुन्छ । बिचरी मेरी छोरी आजभोलि लाज मान्छे । त्यो स्कूलमा पढ्दा पनि खुरुरर कुदेर आउथी । आँत पुर्ने गरी दुध तान्थी र क्लासमा पढ्न जान्थी । छोरीलाई त्यसरी दुध खुवाउन पाउदा म तृप्त हुन्थें ।

आफ्नो आँत पुरिन नपाएपछि मान्छे आफैंले विकल्प खोज्दो रहेछ । केटाकेटीमा म साह्रै नराम्री औंला चुस्थें रे । बुढी औंला । मलाई अलि अलि सम्झना छ । मेरो हात-चुसाइ देखेर आमा दिक्क मान्नुहुन्थ्यो । उहाँ कहिले तितेपातीको झोलमा मेरो औंलो चोबल्नु हुन्थ्यो र तितेपातीको झोलमा डुबाएको झुम्रोले औंला टन्न बाँधिदिनु हुन्थ्यो । एकछिनको तितो खप्न नसकेर म कराउंथें । तर त्यो तितोको स्वाद जिब्रोबाट सकिन पनि नभ्याउदै फेरि औंलो चुस्न थालिहाल्थें । दिक्क भएर एकाध पटक त आमाले मेरो बुढी औंलामा गोबर पनि बाँधिदिनु भएको थियो । यस्ता अनेक उपाय गर्दा पनि नरोकिएको मेरो औंलो चुसाई आठ नौ वर्षको उमेरमा पाइलो हालेपछि त्यसै हरायो । शायद दुध चुस्ने उमेरपछि मभित्रको दुध खाने धोको पनि मरेर गयो ।

खेलकूद ? गाउँमा हामी खेलकूद खेल्दैनथ्यौं । अहिले त गाउँमा खेलकुद पुगेको छैन भने त्यतिबेला झन के हुन्थ्यो र ? हो, त्यतिबेला केटाहरु डण्डीबियो खेल्थे । गुच्चा खेल्थे । हामी केटीहरु गट्टा खेल्थ्यौं । तर मैले त्यसरी गट्टा पनि खेलिन । खेलकुद भनेको त स्कूल जान थालेपछि सिकेको मात्र हो ।

स्कूल ? स्कूलको कथा पनि आउछ । बा रिटायर भएर नेपाल फर्किनु भयो । ३ वर्ष त्यत्तिकै बस्नुभयो । बालाई ब्यापार गर्ने लहड चलेछ । अहिले पनि उहाँलाई त्यो लहडले सताइरहन्छ । कहिले के गर्नु हुन्छ, कहिले के । आजसम्म कुनै ब्यापारले पनि उहाँलाई साथ दिएको छैन । पहिले घोडा खेप्नु हुन्थ्यो । घोडा मरेर सकिए । त्यसपछि बाले एउटा पसल चलाउन थाल्नुभयो । छ महीना जति पसल चल्यो । उधारो बाँड्दा बाँड्दै पसल पनि सकियो । अलिक दिन उहाँले धानको गल्ला पनि चलाउनु भयो । तर उहाँले धान किन्दा महङ्गो हुने अनि धान बेच्ने बेलामा किनेको भन्दा सस्तो हुने स्थिति सधैं रह्यो ।

आमाको स्वभाव बाको भन्दा ठिक्क उल्टो थियो । आमालाई बेपार भनेको केहीको पनि मन नपर्ने । हाम्रो घरमा तपाईं कहिल्यै जानु भएको छ ? छैन । त्यसैले तपाईंले मेरी आमाको स्वभाव थाहा पाउनु भएको छैन । हाम्रो घरमा दुइ तीन सय त कुखुरा मात्रै हुन्छन् । हामी लोकल कुखुरा मात्रै पाल्छौं अनि सबै कुखुरा खाएरै सिध्याउछौं । हाम्रो घरको कुखुरा खुवाइ पनि गजबको हुन्छ । आजभोलि पनि आमा, सबै छोराछोरीका लागि कुखुरा पठाइदिनु हुन्छ, खुङ्गीमा हालेर । ए पर्दैन भन्यो, आमाको मन मान्ने होइन । त्यसैले मौका मिल्दा यो शहरमा पनि हामी आफ्नो घरमा हुर्किएको लोकल कुखुराको खान्की चलाउछौं । हामी सबै दाजुभाई दिदीबहिनीको अवस्था यस्तै हो । सबैको घरमा आमाले पालेका कुखुराहरु नियमित रुपमै पुगिरहेका हुन्छन् । घरमा जाँदाको खान्की त झनै गजबको हुन्छ । हामी छोराछोरीहरु मात्र भेला हुंदा

अलि अलि कसिलो हुन्छ । बिहान एउटा, बेलुका एउटा कुखुराको मासु पाक्छ घरमा । तर आफ्ना ज्वाईंहरु जाँदा आमाले उत्पातै गर्नु हुन्छ ।

अहं, हाम्रो घरमा रक्सी खाने चलन छैन । पहिले पहिले बा एकजना हुनुहुन्थ्यो । उहाँले पनि रक्सी छोडेपछि रक्सी बन्दै भएको छ घरमा । चाड पर्वमा रित पुर्याउन घरको मुलीले रक्सी चाख्ने वाध्यता एउटा हो । नत्र घरमा कोही रक्सी खाँदैनन् । तर आमा जाँड पार्नु हुन्छ । खासगरेर ज्वाईंहरु घर आउने मौका पारेर आमाले जाँड हाल्ने गर्नुभएको छ । ज्वाईंलाई तोडबा ख्वाउनु पर्छ रे ! ज्वाईंहरु घरमा जाँदा कुखुराको सेकुवाको गन्धले घरै उचालेको हुन्छ । अरुबेला मद भनेपछि दुर् दुर् गर्ने मेरो श्रीमान पनि ससुराली गएपछि चांदीले बाँधेको भाँडोमा तोडबा तान्नुहुन्छ र लोकल कुखुराको सेकुवा रस मानी मानी खानु हुन्छ । सेकुवा पनि थोरै हो र ? ज्वाईं घरमा आउदा दिनमा चार ओटासम्म कुखुरा ढल्नु सामान्य हुन्छ । बिहान भातसँग कुखुरा, दिउँसो खाजामा कुखुराको सेकुवा अनि बेलुका तोडबासँग एउटा कुखुरा सकिएपछि फेरि भातसँग कुखुराको झोल । कहिलेकाहीं त वाक्कै लाग्छ ।

कुखुरा मात्रै होइन । आमाले तरकारी पनि उरुङ फलाउनु हुन्छ । खोर्सानी, काउली, मुला, फर्सी, के के हो, के के । बा तरकारी बारीमा ज्यात्विधि रमाउनु हुन्न । उहाँ चाहिं पोखरी स्याहार्नु हुन्छ । सुंगुरको हेरचाह गर्नुहुन्छ । हामीले दुइटा पोखरी खनाएका छौं र मन लाग्ने बित्तिकै माछा मार्न दौडिहाल्छौं । सुंगुरको मासु चाहिं घरमा सबैले उत्ति मन पराउदैनन् । त्यसैले सुंगुर मौका पर्दा जिउँदै बेच्ने चलन चलाएका छौं ।

मेरा बा र आमा असाध्यै मिहिनेती हुनुहुन्छ । काम गरेर कहिल्यै नथाक्ने र कस्तै कामलाई पनि सानो नठान्ने । हामी सबैमा बा आमाको त्यही मिहिनेत सरेर आएको छ । त्यही मिहिनेतले हामीलाई आजको यो सुखको अवस्थामा ल्याएको पनि छ । तपाईंले हामी सबैको घर चाहारेर हेरे हुन्छ । दिदीले आफ्नो व्यवसाय शुन्यबाट थाल्नुभयो । उहाँ अहिले समृद्ध हुनुहुन्छ । मैले पनि शुन्यबाटै व्यवसाय थालें । म पनि समृद्ध छु । यो समृद्धी बा र आमाले दिनुभएको पसीनाको शिक्षाको प्रतिफल हो । मेरा भाइ र बैनीहरु पनि अकर्मण्यता र अभावको जिन्दगी बेहोरिरहेका छैनन् । हामी सबैले मिठै खाएका छौं । राम्रै लाएका छौं अनि भर अभरमा मानिसलाई सघाएका पनि छौं ।

होइन, होइन अल्छि मान्छेले मात्रै दुःख पाउछन् भन्ने मेरो भनाइ होइन । यसरी तपाईंले मेरो कुरो बटार्न थाल्नुभयो भने त मेरो बेहाल हुन्छ । मैले खालि आफ्नो परिवारको अनुभव मात्र सुनाउन खोजेकी हुं । बाले एउटा खास कालमा घरको सुन बेचर घाटाको ब्यापार चलाउनु भयो र ब्यापारबाट उंभो लागिदैन भन्ने टुंगो भएपछि ढुक्कले खेती गर्न थाल्नुभयो । त्यसै अवधिमा भाइहरु कि त लाहुरे भए, कि बन्द बेपारमा लागे । यसरी हाम्रो परिवार, पसिनाको बलमा हुनेखाने भयो भन्न मात्र खोजेकी हुं । कामलाई दुःख मान्ने हो भने अहिले पनि मेरो परिवार दुःखी छ भन्नुपर्छ । मेरा भाईहरु अहिले पनि विदेशमै छन् । मेरा बृद्ध बा र आमा, गाउँमा धान, तरकारी, कुखुरा, माछा र सुंगुरको खेती गरिरहनु भएको छ । मेरो बेफुर्सदलाईं तपाईं देखिरहनु भएको छ । मेरा दिदी र बहिनीहरुलाई ढुक्कले सुतेर आराम गरिरहेको दिउसोमा तपाईंले कहिल्यै भेट्नुहुन्न । कर्मको बिहानले उहाँहरुको घाम झुल्काउछ र व्यस्तताको सन्ध्याले उहाँहरुको आँगनमा जुन ओराल्छ । तर हाम्रो परिवारमा एउटा संस्कृति छ । हामी कामलाई दुःखसँग दाँज्दैनौं । दाज्नै मिल्दैन । काम त पवित्रता हो । परिश्रम महानता हो । मैले भन्न चाहेको यत्ति मात्र हो । हो, काम गरेर पनि मानिसहरुलाई खान पुगेको छैन, परिश्रमीहरुले मुलुकमा सुख पाएका छैनन् भन्ने तपाईंको भनाइसँग मेरो कुनै विरोध छैन । हाम्रो समाजको बनौट तपाईंले भने जस्तै छ । काम गर्नेहरु मारमा परेका छन् र काम नगर्नेहरुले मोजमज्जा गरिरहेका छन् । यो सत्यलाई मेरो अनुभवले काट्यो भन्न त मिल्दैन नि । तपाईं हामी सबैले स्वीकार गर्नुपर्ने एउटा सत्य के हो भने मान्छे अल्छि नहुने हो र कस्तै पनि कामलाई उसले सम्मान गर्ने हो भने मान्छेका अगाडि सुखका बारीहरु पल्टिइरहेको तपाईं जहाँकहीं पनि पाउनु हुनेछ ।

मैले अघि नै भनें - तीन वर्ष जति बा गाउँमा त्यत्तिकै बस्नुभयो । त्यसपछि हामी घोपा क्याम्पमा आयौं । क्याम्पमा बाले काम पाउनु भयो । त्यसरी काम पाउनु लाहुरे जगतमा सौभाग्यै मानिन्थ्यो । त्यहाँ काम पाइसकेपछि अरु आठ दश वर्षको जिन्दगी ढुक्कको हुन्थ्यो । तर सौभाग्य त्यो ढुक्कलाई मानिदैनथ्यो । सौभाग्यको मुल अंश त्यहाँको पढाइसँग जोडिएको हुन्थ्यो । त्यहाँ काम पाउने बाआमाहरुका लागि छोराछोरीको पढाइ सजिलो हुन्थ्यो ।

घोपामा आएपछि मेरो पढाइ पनि सजिलो भयो । गाउँमा मैले दुइ कक्षासम्म पढेकी थिएँ तर मेरो उमेर चार कक्षा पढ्ने खालको भैसकेको थियो । म त्यतिबेला नौ वर्षकी थिएँ । बाले मलाई चिल्ड्रेन्स स्कूलमा भर्ना गरिदिनु भयो । म त्यो स्कूलमा दुइ वर्ष पढें । बीचमा मैले दुइ पटक नै कक्षा टप्ने मौका पाएँ । बाह्र वर्षको उमेरमा म डिपो हाइ स्कूलमा भर्ना भएँ ।

कस्तो कुरा गर्नु भा ! हेर्नुस्, स्कूले उमेरमा चकचके नहुनेहरुलाई असामान्य केटाकेटी भनिदिए हुन्छ । त्यो त उमेर नै चकचकको हो । त्यसैले म पनि चकचके थिएँ । तर मेरा साथीहरु म भन्दा चर्का थिए । साथीहरु ? साथीहरु भनेर मैले आफ्ना केटी साथीहरुकै कुरा गरेकी हुं । किनभने डिपोमा पढ्ने हामी केटीहरु खुब मिल्थ्यौं । पटक्कै बाझ्दैनथ्यौं भने पनि हुन्छ । केटाहरुसँग भने हाम्रो मिल्ती हुंदैनथ्यो । त्यतिबेला हामीले केटाहरुको दोहोलो नै काढेका छौं । रोएका छन् केटाहरु हाम्रो चकचक सहन नसकेर । एकाध पटक बाले मेरो कान उखेल्नु भएको छ । अति भएपछि केटाहरु आफैं, बा आमालाई पोल लाउन आउथे । त्यस्तो बेलामा बेलुका कान बटाराइमा परिहालिन्थ्यो ।

त्यस्तो सम्बन्ध स्मृतिमा सधैं बाँचिरहन्छ । पटक पटक स्मृतिले तपाईंको मनलाई मुसार्ने गर्छ । तर त्यो संबन्ध किशोरावस्थादेखि यो प्रौढावस्थासम्मको निरन्तरताको सहयात्रा होइन । त्यो त बिम्ब हो । उदाउनु र अस्ताउनु त्यसको स्थायी चरित्र हो । त्यसैले त्यसबेलाका मेरा घनिष्ट साथीहरु अहिले कहाँ छन् भन्ने मलाई थाहा छैन । तर उनीहरु जहाँ छन्, सुखले बसेका होलान् भनेर मेरो मनले भन्छ । हामी पचास जना भन्दा बढी केटाकेटीले एकैचोटी हाइस्कूलको जाँच दिएका थियौं । त्यसपछि चालिस जनाको खुटखबर मलाई थाहा छैन । दश जना साथीहरुलाई जिन्दगीको यो वा त्यो मोडमा मैले भेटेकी छु । उनीहरु सबै सुखी छन् । त्यसैले मेरो मनले भन्छ - हाम्रो ग्रुपका पचासै जना सुखी होलान् ।

अहं, त्यस्तो सैनिक अनुशासन थिएन । तर पनि बाहिरको भन्दा अप्ठ्यारो जीवन थियो । बिहान सबेरै उठ्नु पर्थ्यो । खेल्नु पर्थ्यो । आफ्नो क्वार्टरबाट बाहिर निस्किएपछि होहल्ला गर्नु राम्रो मानिदैनथ्यो । यस्ता केही अनुशासनका थितिहरु आफैं बसेका थिए । तर खेलकुदको मैदानमा होहल्ला गर्नु हुंदैन भन्ने नियम लाग्दैनथ्यो । त्यहाँ पुगेपछि हामी कहिलेकाहीं आकाशै उचाल्थ्यौं । खासगरेर बास्केटबल खेल्दा ! मलाई अरु खेलमा उत्ति रुची लाग्दैनथ्यो । साथीहरुलाई साथ दिन कहिलेकाहीं ब्याडमिण्टन खेल्न जाने गर्थें । भलिबल पनि यसो हानिहाल्थें । तर बास्केटबल चाहिं म कहिल्यै छोडदिनथें ।

होला । त्यतिबेला शरीर बन्यो होला । तर अहिलेको शरीरलाई त्यो बेलाको शरीरसँग नदाँज्नुस् । मेरो यो शरीरले साह्रै घामपानी सहेको छ । त्यतिबेलाको स्कूले शरीर कता गयो कता । तपाईंले भनेको साँच्चै होला । मलाई साह्रै थाहा छैन । मैले अनुभव पनि गरेकी छैन । किशोर उमेरमा स्याहारिएको शरीर पछिसम्म पनि दह्रै रहन सक्छ होला । तर हामी नेपालीलाई उमेरमा शरीर स्याहारी रहने फुर्सद हुन्छ भन्ठान्नु हुन्छ ? हुंदैन । यसो शहर तिर धनी बाउआमाका बिग्रिएका छोराछोरीलाई शरीर स्याहार्ने झण्झट हुंदो हो । तर सयमा असी जना केटाकेटीको शरीर, स्याहार्ने नपर्ने वातावरणमा हुर्किन्छ । गाउँमा घाँस काट्नै पऱ्यो, दाउरा ल्याउनै पऱ्यो । सोत्तर काट्नै पऱ्यो । पानी बोक्नै पऱ्यो । स्कूल जान एकाध घण्टा उकालीओराली गर्नै पऱ्यो । त्यसैले शरीर बन्ने र बिग्रने चिन्ता हामी नेपालीको होइन । हाम्रो चिन्ता त कसरी पेटभरी खाने भन्ने मात्रै हो । त्यसका बारेमा पनि म तपाईंलाई बताउंला । अहिले स्कूल तिरै जाउँ ।

म छ वर्ष घोपामा बसें र मैले डिपोबाटै एस. एल. सी. पास गरें । हाइस्कूल पास गरेपछि म इलाम फर्किएँ ।

इलाम फर्किएपछि मेरो वास्तविक जीवन शुरु भयो । मलाई लाग्छ - त्यसभन्दा अघि शायद मैले जीवन देखेकै थिइन रहेछु ।

मान्छे काम गर्न अप्ठ्यारो मान्छन् । तर मान्छेलाई बचाउने, बनाउने र बाटोमा लगाउने त्यही काम रहेछ । मैले इलाम फर्किएपछि थाहा पाएँ - जीवन भन्नु नै काम रहेछ ।

इलाम क्याम्पसमा आइ. एड. मा भर्ना लिएपछि मेरो जीवनमा धेरै खालका हैरानीहरु थपिए । म मेरी बहिनीसँगै बिहान चार बजे उठ्थें । दाजुभाइको बिहे भएको थिएन । त्यसैले हामी दिदी बहिनीले घरको सबै काम उज्यालो खस्दा नखस्दै सिध्याइसक्नु पर्थ्यो । काम पनि थोरै हुंदैनथ्यो । धाराबाट पानी ल्याउ । सुंगुरको चारो बनाउ । घरमा सबैलाई चिया पकाएर ख्वाउ । भात भान्साको तयारी गर । के के हो, के के । एकछिन पढ्नै पऱ्यो । यो सबै तारतम्य मिलाउदा मिलाउदै हामी कहिलेकाहीं थाकेर लोत पर्थ्यौं र आफ्नै जिन्दगीको सुस्केरालाई जीवनको समाप्ती हो कि क्या हो भनेर एक अर्कासँग दुखेसो पोख्थ्यौं ।

केटी मान्छे हुर्किनु पनि अर्को अभिशाप हुंदो रहेछ । डिपो स्कूलमा पढ्दा कट्टु लाएर केटाहरुसँग लडाईं खेल्दा केही जस्तो नठान्ने मेरा बा र आमा पनि इलाम गैसकेपछि मैले कस्तो लुगा लाएकी छु, म को को सँग बोल्छु, क-कसको घरमा जान्छु भन्ने जस्ता मसिना कुरामा हेक्का राख्न थाल्नु भयो । कुटुम्बहरु आउने क्रम बढेर गयो । एकाध लाहुरेहरु क्याम्पसमै छेकारो मार्न थाले । हामीले पत्तै नपाई हाम्रो बिहेको उमेर आयो भन्ने सुन्न थालियो । हामी जीवनमा के के न गर्ने भन्ने तानाबाना बुनिरहंदा हामीले अन्यत्रबाट थाहा पायौं - अब हाम्रो पनि सुँगुरका पाठा जस्ता नानीहरु खेलाउने उमेर आयो ।

होइन, होइन, असहमती र विरोधको कुरो गरेको होइन । गाउँघरको थेगो भनिदिनु भए पनि हुन्छ । अथवा खासै कुरो भनौं - हामीलाई बिहेको कुनै चिन्ता थिएन, तर बा आमाहरु छोरीका नाती नातिनाहरुको कल्पनामा रम्न थालिसक्नु भएको रहेछ ।

बिहे र घरव्यवहारका बारेमा आफ्नै मन नबनेकोले होला हामीलाई गाल्न निकै गाह्रो भयो । हो, बाले गाली गर्दा कहिलेकाहीं हामी दिदी बैनी कुना पसेर रुन्थ्यौं । बाउले नै विश्वास नगरेको देख्दा हामी पिरिन्थ्यौं । किनभने जति फरासिलो भए पनि हामीले सीमा अतिक्रमण गरेका थिएनौं । अरुले हाम्रो छेउमा आउने आँट पनि गर्नु पर्दैनथ्यो । केटाहरुलाई उडाउन हामीले क्याम्पसमा पनि बाँकि राखेका थिएनौं । छेकारो मार्न आउने लाहुरेहरुको पनि हामीले दोहोलो काढेका थियौं । हामीलाई लभलेटर (प्रेमपत्र) लेख्ने केटाहरुको संख्या पनि सानो थिएन । तर लभलेटर लेख्नेको त हामी हुर्मतै लिन्थ्यौं । अहिले सम्झिदा आफैंलाई नमज्जा लाग्छ । बिचराहरु, हामीलाई कति माया गरेर लभलेटर लेख्थे । तर हामी ट्वाइलेटको ढोकामा, कक्षा कोठाको ब्ल्याकबोर्डमा लगेर उनीहरुको लभलेटर टाँसिदिन्थ्यौं । त्यसपछि केटीहरुको जत्था मिलेर उनीहरुलाई रुनु न हाँस्नु बनाउथ्यौं ।

त्यो त म कसरी भन्न सक्छु र ? जसले मलाई प्रेम गरे उनीहरुले नै प्रेम गर्नुका कारण बताउन सक्छन् । कोही मेरो रुपमा लट्ठिन्थे होलान् । कसैलाई मेरो पारिवारिक पृष्ठभूमि मन परेको थियो कि ? तर यो सबै मेरो अनुमान मात्र हो । केटाहरुले मलाई किन मन पराए भन्ने टुंगो म तपाईंलाई दिनै सक्दिन । बस्, एउटा सानो सत्य मैले तपाईंलाई भनेकी मात्र हुं । केही केटाहरुले मलाई प्रेमपत्र लेखे । मैले ती प्रेमपत्रहरुको शायद महत्व बुझिन कि ! त्यसैले मैले तिनलाई कहिले ट्वाइलेटको ढोकामा त कहिले कक्षा कोठाको ब्ल्याकबोर्डमा लगेर टाँसिदिएँ । बिचरा, एकजना साथीले त अपमान महसुस गरेर पढाइ नै छोडे ।

तितो कुरो छोडौं । एउटा रमाइलो कुरो सुन्नुहुन्छ ? सुन्नुस् । केटाहरुलाई, केटी मन पर्न धेरैथोक चाहिंदैन । अंशलाई नै तिनीहरु सम्पूर्ण ठानेर केटीलाई मन पराउन थाल्छन् । मेरो श्रीमानकै कुरा गर्नुस् । उहाँले मलाई पहिलोचोटी देख्नेबित्तिकै मन पराउनु भयो । त्यो रात, चन्द्रमाको उज्यालो भुईंमा छरिएको थियो । कोजागृत पूर्णिमाको रात थियो त्यो । हामी मालापथको चोकमा उभिएका थियौं । मेरो कक्षाका केही केटा साथीहरु मलाई सिस्टर भनेर मानपूर्वक बोलाउनु हुन्थ्यो । उहाँहरुले न कहिल्यै लभलेटर लेख्नुभयो न त हामी प्रति लभको दृष्टिकोण नै राख्नुभयो । त्यसैले उहाँहरुसँग रातबिरात सडकमा निस्कन हामीलाई पनि अप्ठेरो लाग्दैनथ्यो । त्यो साँझ हामी चोकमा बसेर तिहारमा खेल्ने देउसीको कार्यक्रम बनाउदै थियौं । मेरो भावी श्रीमान त्यहाँ हुनुहुंदो रहेछ । मैले उहाँ भएको ख्याल गरिन । उहाँलाई चिन्दा पनि चिनिन । त्यो दिन मैले नचिनेका चार पाँच जनै मानिसहरु त्यहाँ आएको जस्तो लागेको थियो । ती सबै मानिसहरु अर्को जिल्लाबाट आएका विद्यार्थी साथीहरु हुनुहुन्छ भनेर हामीलाई सुनाइएको थियो । त्यसैले मैले त्यो उपस्थिति प्रति चासै राखिन ।

तर मेरो श्रीमानले हामी माथि चासो राखेको मात्र होइन, पूर्णचन्द्र आकाशिएको त्यही रात मसँग प्रेम गर्न थाल्नुभएछ र उहाँलाई मप्रतिको स्नेहमा तान्ने डोरी मेरो कपाल रहेछ । टाउकामा उनिए जस्तो लाग्ने मेरो लामो र मोटो कपालको झुत्ता काँधबाट तल झरेको थियो रे । त्यो चन्द्रमाको उज्यालोमा नुहाइरहेको नागबेलीको छरिएको लहरा जस्तो लाग्थ्यो रे । उहाँको मन त्यसै त्यसै पग्लियो रे । मैले त अझै भन्नै जानिन । प्रेमको यो कथा तपाईंले मेरो श्रीमानसँग सोध्नु भए रमाइलो हुन्छ । मेरो कपालको वर्णन गर्दा उहाँ कविको कविता जसरी बग्न थाल्नु हुन्छ ।

केटाले केटीलाई प्रेम गर्ने कस्तो मज्जाको प्रसङ्ग ? त्यसैले केटाहरुको मनको कुरा मसँग नसोध्नुस् । बरु तपाईं नै त्यसको बारेमा बताउन सक्नुहुन्छ । के तपाईंले अहिलेसम्म कसैलाई प्रेम गर्नुभएको छैन ? छैन भने त म केही भन्दिन । छ भने, तपाईंले पनि पक्कै केटीको कपाल या आँखा, या नाक, या ओठ या

छाती यस्तै आकर्षणमा आफूलाई डुबाउनु भएको हुनुपर्छ । नत्र, एकाध चोटी भेटदैमा, एकाध कुरा गर्दैमा कसरी प्रेम झाङ्गिन्छ ?

मैले ? मैले क्याम्पस पढ्दा कसैलाई प्रेम गरिन । तपाईंलाई ढांटेको होइन । यसमा ढांट्नु पर्ने कुरै के छ र ? वास्तवमा मैले मात्र होइन, मेरा दौंतरीहरुले पनि कसैलाई प्रेम गरेनन् । डिपो स्कूलमा पढ्दा हामी केटाहरुलाई खुबै उडाउथ्यौं र कहिल्यै पनि बिहे गर्नु हुंदैन भनेर कुरा गथ्यौं । मेरा कतिपय साथीले अहिलेसम्म पनि बिहे गरेका छैनन् । मैले बिहे गरेको सुनेर उनीहरु एकपल्ट छक्कै परेका थिए । मेरो श्रीमानलाई नदेखुन्जेल, यल्ले ढाँटेकी हो समेत भन्थे । त्यसैले तपाईं प्रष्ट भए हुन्छ - मैले कसैसँग प्रेम गरिन । कसैसँग प्रेम गर्न मेरो मनले मानेन ।

यस्तो किन भयो भनेर म तपाईंलाई भन्नै सक्दिन । त्यसै भयो । शायद मेरो संगत र हुर्काइले पनि यस्तो भयो कि ! केटाहरुलाई प्रेम गर्ने वातावरण मैले नपाएर हो कि ! डिपोमा पढ्दा परिवारको अनुशासन पनि कडा थियो र हामी केटीहरुको ग्रुप पनि ठूलो थियो । अहिले चलेको समलिङ्गी चलन त हाम्रो पालामा समाजमा छिरेको थिएन, तर हामीमा केटी साथीपनको एउटा मनोभावना हुर्किएको थियो । हामी केटीहरुकै बीचमा रमाउथ्यौं । हामी आफू आफूमै दु:ख वा सुख साट्ने काम गथ्यौं । हामी आपसमै चल्ने खेल्ने गथ्यौं । त्यसले सहयोगका लागि, सहाराका लागि, स्नेह र प्रेमका लागि हामीलाई केटा चाहिएनन् होला । अरुको बारेमा त म भन्न सक्दिन । तर मलाई केटाहरुको सहयोग लिएर बाँच्नु पर्छ भन्ने कहिल्यै लागेन । केटा साथीको आवश्यकता मैले एकदिनका लागि पनि महसुस गर्न सकिन ।

त्यो होइन पनि म भन्दिन । हामीले भोगेको जीवन आम नेपाली केटीहरुको भन्दा अलिक भिन्न थियो । एक त हामी मङ्गोल महिलाहरुको पारिवारिक बन्धन अरुभन्दा अलिक खुकुलो हुन्छ । हाम्रो समुदायमा केटाकेटीको सम्बन्ध क्षेत्री-बाहुनको जस्तो साँघुरो हुंदैन । परिवारका ठूला मानिसले हाम्रो सामान्य निगरानी गरे पनि केटासँग बोल्नुलाई नै अपराध ठान्ने मानसिकता हाम्रोमा हुंदैन । त्यसबाहेक केटाकेटी बीचको सम्बन्ध हाम्रा लागि पलांसको सेतो फूल जस्तो आकर्षणहीन साइनो हुने वातावरणमा हामी हुर्किएका थियौं । हाम्रा लागि केटा भन्ने प्राणीहरु प्राय: उडाउने वस्तु थिए । हामीले अंग्रेजी सिनेमा हेरेर त्यस्तो भावना हुर्काएका थियौं कि जस्तो लाग्छ । हो, हामी अंग्रेजी सिनेमाहरु हेर्थ्यौं । तिनमा पर्याप्त नाङ्गोपना पनि हुन्थ्यो । हामी त्यस्ता सिनेमा हेरेर लाज मानेर बस्दैनथ्यौं । हामी त सिनेमाको कुरो उठाउँदै केटाहरुलाई उडाउन थाल्थ्यौं । त्यसैले पनि केटा भन्ने प्राणी प्रति हाम्रो आकर्षण नबढेको हुनसक्छ ।

तर यो कुनै महत्वको विषय होइन । आखिर मैले ढिलो चाँडो जहिले भए पनि प्रेम गरें र प्रेम गरेको केटासँग बिहे गरें । मेरो जीवनको यो पक्षले, मेरो मन उजाड थिएन भन्ने प्रष्ट हुंदैन र ? किशोरवयमा जे जस्तो गरे पनि, सोचे पनि मेरो मन केटाको मायाका लागि प्रतिक्षारत थियो भन्ने यसैले पुष्टी गर्दैन र ? मान्छेलाई मान्छे मन पर्ने वातावरण नबनुन्जेल शायद केटाले केटीलाई, केटीले केटालाई उडाउने चलन चल्छ होला ।

आइ. एड. पास गरेपछि म काठमाण्डौ आएँ । बि. ए. पढ्न । पढ्न त इलाम या झापा अथवा धरान बिराटनगर तिर पनि सकिन्थ्यो । तर मैले काठमाण्डौलाई नै पढाइको केन्द्र बनाउने निर्णय गरें । आइ. एड. पास गरिसकेपछि मैले आफ्नै खुट्टामा उभिने निर्णय गरें । मैले संसारमा एक्लै जिउन सिक्नुपर्छ भन्ने अठोट गरें ।

काठमाण्डौमा मैले मज्जैले हण्डर खाएँ । त्यसको कथा म पछि बताउला । तर मेरो जस्तो हण्डर कमैले खान्छन् भन्ने कुरामा म विश्वस्त छु । त्यसैले बि. ए. पास गर्न मलाई चार वर्ष लाग्यो । बि. ए. को पढाइ् सकेपछि मैले बि. एड. गरें । मैले एम. ए.को पढाइ पनि थालें । तर एम. ए. पास गरिरहन मलाई जाँगर लागेन । मैले पढाइ छोडिदिएँ ।

मेरो राजनीति

बताउंछु, मेरो राजनीतिक जीवनको पाटो पनि म तपाईंलाई देखाउछु । त्यो नहुंदा त मेरो जीवनको एउटा महत्वपूर्ण हिस्सा नै चुंडिए जस्तो हुन्छ । साँच्चै भन्ने हो भने, मेरो जीवनलाई यो ठाउँमा ल्याउन राजनीतिमा मैले बेहोरेको हण्डरको निकै ठूलो भूमिका छ । मैले भोगेको ज्ञानको अत्यन्तै गहन भूमिका छ । राजनीतिमा नलागेकी भए, शायद मैले जीवनको यो बहुआयामिकतालाई देख्न, भोग्न र निचोर्न पाउने नै थिइन होला ।

इलाममा पढ्न थालेपछि मलाई राजनीतिको चस्का लाग्यो । त्यतिबेला ०३६ सालको हुण्डरी चलेको थियो र त्यो हुण्डरीलाई पोल्टामा हालेर इलाम बजारको सांघुरो सडकमा दौडिने हामी निर्भिक केटीहरु थियौं । डर भनेको कुन चराको नाउँ हो भन्ने जस्तो हाम्रो व्यवहार हुन्थ्यो । केटाहरुलाई हामी मान्छे नै गन्दैनथ्यौं । उस्तै पर्दा शिक्षकलाई पनि हामी ठेल्न बेर लाउदैनथ्यौं । आर्मीको घरमा हुर्किएकोले होला, पुलिस त हामीलाई ढोकामा मौनताको शोकगीत गाएर उभिने निराश पाले जस्तो लाग्थ्यो । पुलिससँग मान्छे डराउछन् भनेर हामी कल्पना पनि गर्दैनथ्यौं ।

त्यसैले क्याम्पसका साथीहरुले हामीलाई आफ्नो संगठनमा ल्याउने मन गर्नु भएछ । हामी छक्कापन्जा पटक्कै नजान्ने । आफूलाई सिस्टर भनेर मान मर्यादा गर्नेहरुले भनेको जे पनि मान्ने अनि आफूलाई जिस्क्याउनेहरुलाई छेउमा भन्किन पनि नदिने हाम्रो स्वभावै थियो । त्यसैले आफ्ना भाइहरुका लागि हामी झन झन नजिकका सिस्टर बन्दै गयौं । उनीहरुले हामीलाई आफूसँगै काममा लगाउदै गए । हामी काममा रमाउदै गयौं । तीन महीनाको यो दौडादौडीमा हामी थाहै नपाई राजनीतिका विद्यार्थी भएछौं । अथवा यसो भनौं, हामी राजनीति गर्ने विद्यार्थी भएछौं । त्यतिमात्र होइन, त्यो दौडादौडीमा हामीले थाहै नपाई एक खालका विद्यार्थीहरु हाम्रा आफ्ना भएछन् र अर्का खालकाहरुसँग हाम्रो शत्रुता भएछ । यो भेदलाई तपाईं ज्ञानसँग नजोड्नु होला । यो कुनै ज्ञानको धरातल थिएन । एकप्रकारले भन्ने हो भने यो व्यवहारको, वैयक्तिक मित्रताको धरातल मात्र थियो । त्यसैले चेतनाको सन्दर्भमा भन्ने हो भने यो त एकप्रकारको अज्ञानतै थियो ।

यो राम्रो हो कि होइन भनेर अहिले मैले विवेचना गर्नु हुंदैन । मान्छे कसरी राजनीतिमा आकर्षित हुन्छ भन्ने यो एउटा उदाहरण हो । सबैले मेरै जस्तो अनुभव लिएका छन् भन्ने मलाई लाग्दैन । एक खालका भाइहरुको व्यवहारको नरमपनाले म र मेरा केही महिला साथीलाई उनीहरुको समूहको कार्यकर्ता बनायो । त्यतिबेलाको हुण्डरीमा पहिले हामी कार्यकर्ता बन्यौं र कार्यकर्ताले केही जान्नै पर्ने हुनाले हामीले अध्ययन थाल्यौं । झट्ट सुन्दा उल्टो जस्तो लागे पनि हामीले यही यथार्थ जीवन बेहोर्‌यौं । बढी फरासिलो, निर्भिक र खटाउ भएको हुनाले साथीहरुले शुरुमै मलाई कमिटीमा राख्नुभयो । स्ववियूमा उठाउनु भयो । धेरै कुरो नबुझ्दै, मैले विद्यार्थीको राष्ट्रिय सम्मेलनको प्रतिनिधि बन्ने औसर पनि पाएँ । एक वर्ष भित्रको यो प्रगति धेरै चाँडो हो र यो चाँडोपनमा हाम्रो निर्भिकता र काममा खट्न सक्ने हाम्रो स्वभाव नै मूलरुपमा जिम्मेवार थियो ।

तर यो जीवन मेरो राजनीतिक जीवन होइन । त्यो त मेरो राजनीतिक जीवनको एउटा अंश मात्र हो । पछि म विद्यार्थी संगठनको अंचल कमिटीसम्म पुगें । तर पनि त्यो मेरो राजनीतिक जीवन होइन भन्ने मलाई लाग्छ । मेरो राजनीतिक जीवन पार्टीको गतिविधिबाट शुरु भयो र एउटा समृद्ध अनुभव सँगालेपछि त्यहींबाट त्यसले विदा लियो । त्यसैले विद्यार्थी वा महिला क्षेत्रमा मैले गरेको लगानी, पार्टीले त्यस क्षेत्रका लागि तोकिदिएको जिम्मेवारी मात्र थियो भन्ने मलाई लाग्छ ।

विद्यार्थी राजनीतिमा लागिरहेकै बेला मैले पार्टी भन्ने शव्द सुनें । तपाईंलाई थाहै छ - नेपालमा ०१७ सालदेखि पार्टी भन्ने शव्द समेत प्रतिबन्धित थियो । कस्तो अनौठो ! शव्द समेत कानूनमा परेको कस्तो काल थियो होला त्यो ! सत्र सालको बन्धन एक्कैचोटी ०३६ सालमा फुक्का भयो । लामो कालको बन्धन फुकालेकोले होला - केही दिनका लागि त्यो नागीको गोठमा रमाएको किशोर गोठालो जस्तै मैदानमा लडीबुडी खेल्न थाल्यो । त्यो छोटो कालमा थुप्रै पार्टीका नेताहरु शहर बजारमा देखिन थाले । सभा र गोष्टीहरु पनि हुन थाले । तर हामीलाई ती पार्टीहरुले, ती सभा र गोष्टीहरुले आकर्षित गर्न सकेनन् । हामीलाई आफ्नो पोल्टामा हाल्ने पार्टीले त्यतिबेला सभा र गोष्टी गर्ने गरेकै थिएन । त्यसैले सभा - गोष्टीको भरमा मैले पार्टी सुनेकी र चिनेकी होइन ।

थाहा पाउनु भयो होइन ? म त्यतिबेलाको पनि भूमिगत पार्टीको नजिकमा पुगें । त्यसको पनि कारण छ । पहिलो कारण त, रत्नकुमार वान्तवाको जीवन र शहादत नै हाम्रो प्रभावको आधार थियो । मैले उहाँको लास देखेकी थिएँ । जुत्ता थुतिएको र रगत चुसिएको जस्तो लाग्ने उहाँको नाङ्गो खुट्टा चौबिसै घण्टा मेरो आँखामा नाचिरहन्थ्यो । उहाँको निर्दोष र सुकुमार अनुहारले मेरो सपनालाई पनि चिथोरिरहन्थ्यो । योसँगै उहाँसँग एउटा भावनाको डोरो पनि गाँसिएको थियो । उहाँ र हाम्री एकजना दिदीका बीचमा प्रेमको माला उनिएको थियो । ढिलो चाँडो उहाँहरुको बिहे हुन्छ भन्ने हामीलाई लागेको थियो । त्यो दिन, अर्थात डांडामा रत्नकुमार वान्तवाको निर्जिव शरीर सुताइएको दिन, दिदीको शोकले सीमा नाघेको थियो । त्यो शोकको आँशुले उहाँको छेउमा बसेका हामीलाई चिस्याइरहेको थियो । थाहै नपाई, रत्नकुमार वान्तवालाई मार्नेहरुलाई हामीले आफ्नो मनको शत्रु बनाइसकेका थियौं । दिदीको पिडाका कारण त्यो, मेरो मनको पनि घाउ बनेको थियो । उहाँ जस्तो भलादमी र हाम्रो परिवारको आफन्त हुनै लागेको मानिसलाई सरकारले किन मार्नुपर्‍यो भनेर म पटक पटक आफैंसँग सोध्थें । त्यसको उत्तर नपाएपछि म लामो सुस्केरा काढ्थें ।

तपाईंलाई नढांटी भनुं - रत्नकुमार वान्तवाको निर्जिव शरीर नदेखेकी भए शायदै म राजनीतिमा तानिन्थें हुंला ।

त्यसपछि म माथि प्रभाव छोड्ने भनेका पार्टीका कार्यकर्ताहरु थिए । तिनीहरु अहोरात्र खट्थे । दिउँसो पनि उनीहरु केही न केही गरिरहेका हुन्थे । राती तिनीहरु कतै जान्थे । कहाँ जान्थे भन्ने त मलाई थाहा हुदैनथ्यो, तर तिनीहरु रातभरिका लागि गाउँतिर हराउथे । भोलिपल्ट तिनीहरु फेरि उही फुर्तिका साथ क्याम्पसको काममा जुटिरहेका हुन्थे । तिनीहरुको परिश्रम देख्ता मेरो मन मायाले चुलिन्थ्यो र यी माइतिहरुलाई यसो सघाउन पाए कस्तो हुन्थ्यो भन्ने प्रश्न बोकेर मेरो मन रुमल्लिन्थ्यो । उनीहरुको विनम्रता, उनीहरुको शिष्टता, उनीहरुको सुधिएको बानी बेहोराले मलाई झन झन उनीहरुको नजिक तान्थ्यो । अहिले पनि मलाई लाग्छ - पार्टीको सदस्यता लिइसकेका ती साथीहरुको व्यवहार आम केटाहरुको जस्तै हुन्थ्यो भने मलाई कसैले पनि पार्टी राजनीतिमा तान्न सक्ने थिएन ।

अहिले मलाई लाग्छ - जसरी थाहै नपाई हामी विद्यार्थी राजनीतिका कार्यकर्ता बनेका थियौं, त्यसैगरी थाहै नपाई हामी पार्टीको ओरिपरि उभिन पुग्यौं । शायद साथीहरुलाई हामी प्रति विश्वास भयो वा हामी प्रति स्नेह जाग्यो । उहाँहरुले साउने झरीका दिन मलाई एउटा किताब पढ्न दिनु भयो । 'लुकेर पढ्नुस् है सिस्टर,' किताब दिने साथीले भन्नुभएको थियो । तर लुकेर केही गर्नुपर्छ भन्ने चेतना नै नभएकी मैले किताब लुकेर पढ्नुको कुनै अर्थ बुझिन । मैले त्यसलाई अरु बेला पढ्ने उपन्यास जस्तो कुनै एउटा किताब ठानें र घरमा गएर पढुंला भनेर झोलामा थन्क्याएँ ।

बेलुका हामी दिदीबैनी यो के किताब होला भनेर पढ्न थाल्यौं । जति पढ्यो उति अनौठो ! बाफ रे, त्यस्तो किताब त त्यसभन्दा पहिले हामीले कहिल्यै पढेकै थिएनौं । राजाको समेत खुल्लमखुल्ला विरोध छ बाबै ! हामीलाई किताब मन पर्‍यो । हामीले किताब पढ्दा रात गाल्यौं । किताबमा आँखा गाड्दा रात बितेको त्यही एउटा सम्झना मसँग छ । नत्र किताब पढ्दा प्रायः म ओछ्यानमा निदाउने मान्छे हुं । तर त्यो किताबले मेरो आँखामा निद्रालाई घुस्निै दिएन ।

त्यही किताबले मलाई राजनीतिक पार्टीको सकृय र जिज्ञासु विद्यार्थी बनायो । कुन किताब रे ? यो त प्रचार गरे जस्तो भैहाल्यो नि । तपाईं नै खोज्नुस् न है ।

बिस्तारै हाम्रो राजनीतिक पढाइ बढेर गयो । साथीहरुको व्यवहार पनि पहिले भन्दा बढी गम्भिर बन्न थाल्यो । उहाँहरु हामीलाई सिस्टर होइन, साथी ठान्न थाल्नुभयो । हामी आफैं चिने जानेका

साथीहरुसँग, आफन्तहरुसँग राजनीतिक कुरा गर्न थाल्यौं । मैले पत्तै नपाईं म, राजनीतिको भाषामा एउटा कार्यकर्ता बनेछु ।

हामी बेला बेलामा क्याम्पसबाट गाउँतिर जान्थ्यौं । गाउँ भन्नाले त्यतै बजार छेउछाउतिर जान्थ्यौं । तर मलाई लाग्छ - त्यतिबेलासम्म पनि मैले गाउँको वास्तविक अनुहार देख्न भ्याएकी थिइन । हामी जान्थ्यौं । दलानमा अथवा बढीमा, मझेरीमा बसेर दिदीबहिनीहरुसँग कुराकानी गर्थ्यौं र फर्किन्थ्यौं । हामी पाहुना जसरी जान्थ्यौं र पाहुनाकै रुपमा फर्किन्थ्यौं । हामी गुरु जस्तो भएर जान्थ्यौं र गुरुकै रुपमा फर्किन्थ्यौं । त्यसैल हामी आफैं गाउँ हुन सकेनौं । हामीले आफूलाई गाउंले बनाउन सकेनौं । गाउँलेहरुले पनि हामीलाई आफू सरह ठानेनन् । उनीहरु हामीलाई गुरु मान्थे, शहरबाट आएका सुकिला चेली ठान्थे । आफू जे हो उनीहरु हामीलाई त्यो ठान्दैनथे ।

एउटा दुर्घटना नघटेको भए, शायद जिन्दगी यसै गरी चलिरहन्थ्यो होला । म गाउँले दिदीबैनीकै गुरु भएर, बजारकी सिस्टर भएर आफ्नो राजनीतिक जिन्दगीलाई कुनै चौतारोमा लगेर बिसाउथें हुंला ।

मलाई थाहा पनि थिएन - आँधिबेहेरीको त्यही वर्ष मेरो बिहेको कुरो छिनिएछ । तपाईंलाई अनौठो लाग्यो ? त्यस्तो स्वतन्त्र परिवेशमा, त्यस्तो स्वतन्त्र परिवारमा मैलाई थाहा नभई मेरो बिहे कसरी छिनियो ? कहिलेकाहीं यस्तै हुन्छ । तपाईंले कल्पना पनि नगरेको मोडले तपाईंलाई नचिताएको निष्कर्षतिर हुत्याउंछ । म यसका लागि बा आमालाई दोष दिन्न । मेरो कुनै केटासँग प्रेम छैन भन्ने उहाँहरुलाई थाहा थियो । हामी त्यस्तो प्रेम गरी हिंड्ने खालका होइनौं भन्ने पनि उहाँहरुलाई लागेको थियो होला । त्यसैले उहाँहरुका आँखामा राम्रो लाग्ने बिहेको प्रस्ताव आएपछि त्यसलाई नाईं भन्ने आवश्यकता उहाँहरुले देख्नुभएन । उहाँहरुलाई लाग्यो - त्यो केटासँग बिहे भएपछि छोरीको जीवन सुखी हुन्छ । छोरीले राम्रो लाउन पाउछे । मिठो खान पाउछे । यस्तै यस्तै । आखिर आफ्ना सन्तानको लागि कुन बाउआमाको मन चिन्तित हुंदैन र ?

बिहेको कुरो सकिइसकेको रहेछ । मैले धेरै ढिलो थाहा पाएँ । अर्थात्, बिहेको तयारी हुन थालेपछि मात्र त्यो तयारी मेरो आफ्नै बिहेको हो भन्ने मैले थाहा पाएँ । म छक्क परें । पहिलो त, मेरो बिहे गर्ने मन छंदै थिएन । केटा भन्ने प्राणीलाई मेरो मनले लोग्नेको थान्कोमा राख्नै सकेको थिएन । दोश्रो, मैले भरखर भरखर राजनीतिको गतिशील बाटोमा पाइलो राखेकी थिएँ र म त्यसमा केही परसम्म जान चाहन्थें । मलाई त्यो नयाँ जिन्दगी अत्यन्तै रोमान्चक पनि लागिरहेको थियो । त्यसले मेरो जिन्दगीका पानाहरुमा नयाँ रङ्ग पोत्नेछ भन्ने विश्वास म भित्र पलाएको थियो । तेश्रो, जुन केटासँग मेरो बिहेको कुरो छिनिएको थियो - त्यसलाई लोग्ने मान्न मेरो मन कसै गरी पनि तयार थिएन ।

ठीकै भन्नुभयो, म केटालाई पहिलेदेखि नै चिन्थें । बेलामौकामा उसलाई पनि उडाउथें र उसँग बिहे हुनसक्छ भनेर मैले कल्पना पनि गरेकी थिइन ।

यस्तो स्थितिमा मैले बिहेको विरोध गर्नु स्वभाविक थियो । मैले बाआमालाई आफू बिहे गर्न तयार नभएको कुरो राखें । तर समय घर्किसकेको थियो । बिहे टुट्दा परिवार प्रतिको विश्वास टुट्ने डर थियो । जोरीपारीले के भन्लान भन्ने त्रास थियो । भोलि फेरि कसरी अरु छोराछोरीको बिहे होला भन्ने सन्त्रास थियो । बाआमाहरु एकप्रकारले लाचार भैसक्नु भएको थियो र आफ्नै गल्तीको भारीले किचिएका विवश आँखाले मेरो अनुहारमा नियाली रहनु भएको थियो । बाआमाको अनुहारमा हेर्दा मेरो मुटु कटक्क खान्थ्यो । तर निर्णयलाई म कसैगरी पनि स्वीकार्न सकिरहेकी थिइन । मलाई आफ्नो जिन्दगी समाप्त हुंदैछ भन्ने लागिरहेको थियो । मेरो जीवन समाप्तीको कारण मेरै परिवार थियो । त्यसैले त्यसको न म विरोध गर्न सक्थें, न त्यसलाई उडाएर कतै फ्याँकिदिन सक्थें । म त त्यसको च्यापोमा किचिएकी थिएँ ।

अर्को शव्दमा भन्दा म, किंकर्तव्यविमुढ थिएँ ।

आफ्नो बिहेका खबर थाहा पाउने बित्तिकै मैले बैनी र आफ्ना मन मिलेका केटी साथीहरुलाई त्यो कुरो सुनाएँ । आफू अहिले कुनै पनि केटासँग बिहे गर्न तयार नभएको कुरो सुनाएँ । सबैको सहानभूति मैतिर थियो । परिवारले खोजेको केटासँग मेरो बिहे होस् भन्ने कसैको चाहना थिएन । साथीहरुको मन बुझेपछि म अलिक दङ्गी भएँ । अब म विकल्पका बारेमा सोच्न थालें । मेरा केटी साथीहरुले मलाई पार्टीसँग सल्लाह गर्न भने । सोही रात मैले बजारमा काम गर्ने पार्टीका साथीहरु समक्ष आफ्नो कुरा राखें ।

त्यतिबेलाको पार्टीमा एउटा रमाइलो परिपाटी थियो । आजभोलि त्यस्तो छ कि छैन मलाई थाहा छैन । तर त्यतिबेला त्यस्तो थियो । कुनै पनि साथीको समस्यालाई सबैले आफ्नै समस्या ठान्ने एउटा

साझा मानसिकता हामीमा थियो । त्यसैले त्यो रात धेरैले टाउको खियाउनु भयो । भिन्न भिन्न खाले निकाशका बारेमा हामीले छलफल गर्यौं । कसैले पढाइ जारी राख्ने आग्रह गर्नुस् भन्नुभयो । कसैले केटासँग सिधै भेटेर बिहे गर्दिन भन्नुस् भन्नुभयो । कसैले केही दिनका लागि दार्जिलिङ्ग तिर भागेर बेला टार्नुस् पनि भन्नुभयो ।

तर ती सुझावको कुनै अर्थ थिएन । मलाई ती सबै निकासको उत्तर थाहा थियो । मैले पढाइ जारी राख्ने कुरा गर्दा, केटाकै परिवारले पनि पढाउने कुरो आउथ्यो । केटालाई मैले, म बिहे गर्दिन भन्नुको कुनै अर्थ हुँदैनथ्यो । किनभने मैले बिहे नगर्ने कुरो थाहा हुंदा हुंदै उसले परिवारको बन्धनलाई समातेर बिहे गर्ने योजना बनाएको थियो । पन्ध्र दिनका लागि मिरिक या दार्जिलिङ्ग तिर गएर आफन्त कहाँ लुक्ने कुरो मेरो स्वाभिमानको विरुद्धमा उभिएको राक्षस थियो ।

हामी निकाश नपाएर अलमलिइरहेको बेला, मलाई असाध्यै माया गर्ने मेरी बहिनीले भनी, "अब धेरै नसोचौं । तिमी पेशेवर राजनीतिमा लाग । घरमा अलिक दिन तनाव होला । तर केही दिनमै त्यो सेलाउछ । अहिले आमा बुवा बेस्सरी रिसाउनु हुन्छ । केही दिनमा त्यो रिस पनि मर्छ । म आफैं त्यो केटालाई बिहेका आश नगर भनेर सम्झाइ दिउँला ... ।"

औंशीको कालो रातमा पृथ्वीलाई नै उज्यालो पार्दै तन्किएको बिजुली जस्तो थियो मेरी बहिनीको त्यो सल्लाह । साथीहरु सबैको अनुहार हंसिलो भयो । एकजना साथीले मायालु आवाजमा भन्नुभयो, "सिस्टर, बाटो लामो छ, त्यो कठिन पनि छ । तर त्यसमा हिंड्ने आँट गर्ने हो भने त्यो सबैभन्दा उज्यालो छ ।"

"के त्यो बाटोमा मानिसहरु हिंडिरहेका छैनन् ?"

"किन नहिंड्नु । जीवनको सपना बाँड्ने र गाउँ गाउँमा आत्मविश्वासको बीउ रोप्ने काममा दर्जनौं सपुतहरु निरन्तर हिंडिरहेका छन् ।"

तपाईंलाई मैले शुरुमै भनेकी छु - डर भनेको मलाई केहीको लाग्दैन । त्यो रात पनि मलाई नयाँ जीवनको डर लागेन । मैले साथीहरुको सल्लाहमा पेशेवर राजनीतिक कार्यकर्ता बन्ने निर्णय गरें ।

साह्रै गाह्रो काम थियो त्यो । के थाहा, फेरि आफ्ना बाबु आमासँग भेट नहुने पो हो कि ! के थाहा, जिन्दगी थाहै नपाई सकिने पो हो कि ? के थाहा, अहिले भेटिएका रमाइला साथीहरुसँगको साथ सदाका लागि छुट्ने पो हो कि ? के थाहा आफ्नो शरीर पनि कुनै दिन रत्नकुमार जसरी नै बजारमा पल्टिन आइपुग्ने पो हो कि ! प्रश्नको पेटारोले दिमाग भरिन्थ्यो । उत्तर कतै फेला पर्दैनथ्यो ।

जे भए पनि मैले हिंड्नै पर्ने थियो । मैले आफ्नो मनलाई कठोर बनाएँ । नपाए घर नफिरौंला, नसके क्याम्पस नजाउंला, तर अहिलेको बन्धनबाट मुक्त हुन मसँग पेशेवर हुनु बाहेकको अर्को कुनै बिकल्प छैन - मेरो मनले निर्णय दियो ।

आमा बाबुसँग छुट्टिनु भनेको साह्रै कठिन काम हो । अझ मेरो जस्तो हालतमा छुट्टिनु त झनै कठिन काम हो । त्यसैले मैले आमाबाको मनलाई भावुक बनाउन सक्दो उपाय निकालें । मलाई आमाबाले पन्ध्र तोला जति सुनको गहना बनाइदिनु भएको थियो । मैले एक तोलाको, आफ्नो नाम लेखेको औंठी आफूसँग राखें । बाँकि सबै सुन घरमै छोडिदिएँ । त्यतिबेला मसँग लुगाको पउल थियो । म पेण्ट र शर्ट लाउथें । बेला मौकामा सारी पनि लाउथें । बक्खु पनि मेरो मन पर्ने लुगा थियो र मसँग पच्चीस तीस जोर लुगा थिए । मैले सबै लुगा बाकसमा राखिदिएँ । आफूलाई फेरफार गर्न तीन चार ओटा लुंगी, बाहिरफेरो हिंड्नु पर्दा लगाउन मिल्ने एउटा सारी र एकजोर पेण्ट सर्ट आफ्नो झोलामा हालें ।

म त्यसरी हिंडुला भन्ने कल्पना कसैले गरेकै थिएन । मैले बैनी हात साथीहरु कहाँ लुगा पठाइदिएँ र आफू लाएको एक जोर लुगासँग दिउँसो सामान्य घुमघामका लागि भनेर घरबाट निस्किएँ ।

... ...

हाम्रोमा त्यस्तो हुंदैन । क्षेत्री बाहुनको परिवारमा शायद त्यस्तो बन्धन हुन्छ होला । बिहे छिनेपछि जथाभावी हिंड्न नहुने, बिहे हुने केटोसँग घुमघाम गर्न नपाइने भन्ने चलन परम्परावादी क्षेत्री बाहुनकोमा हुन्छ होला । हाम्रोमा त्यस्तो कुनै बन्धन हुंदैन । बिहेको टुङ्गो भैसकेपछि पनि हिंड्ने, डुल्ने, हाँसखेल गर्ने, साथीभाइ कहाँ जाने हाम्रो स्वतन्त्रता आफैंसँग सुरक्षित हुन्छ । त्यसैले त्यो दिन म घरबाट निस्कने कुरो कसैका लागि पनि अनौठो भएन ।

त्यतिबेला सबैका लागि सहज बनेको मेरो निष्क्रमण, म स्वयम्का लागि अस्वभाविक थियो । किनभने त्यही यात्रा मार्फत मैले मैले सकृय राजनीतिमा पाइलो चालेकी थिएँ ।

आफ्नो घरबाट निस्किएर म क्याम्पसमा सँगै पढ्ने एकजना साथीको घरमा गएँ । त्यहाँ झण्डै मैले साँझ पार्नु पर्थ्यो । योजना नै त्यसरी बनाइएको थियो । साथीको घरमा एकाध घण्टा बिताउदा बेलुकाको तीन बजेको थियो । त्यस्तै साढे तीन बजेतिर हुनुपर्छ, म एउटा नयाँ भविष्यको खोजीमा त्यो घरबाट पनि बाहिर निस्किएँ र आफूले कहिल्यै नदेखेको गाउँतिर लागें । बेला मौकामा इलाम बजारबाट क्षितिज जस्तो देखिने त्यही गाउँले नै मेरो सिङ्गो जिन्दगीको अर्थ खुलाइ दियो ।

गाउँमा पुग्दा रातको दश बजेको थियो । सिङ्गो गाउँ निदाइसकेको थियो । ब्युंझिएको एउटा घरमा सबैले हात मिलाएर मलाई स्वागत गर्नुभयो । घरबार छोडेर क्रान्तिको काममा होमिएकी भनेर मलाई महिला साथीहरुले पालै पालो अंगालोमा बाँधेर माया गर्नुभयो ।

बजारबाट, मलाई छोड्न दुइ जना साथीहरु आउनु भएको थियो । उहाँहरु खानपीन गरेर लगत्तै बजार तिर फर्किनु भयो । म आफूले भोग्दै आएको भन्दा भिन्न जिन्दगी जिउन खोल्माको आँटीमा चढें ।

o o o

मेरो जिन्दगीको पीडालाई अहिले मै त व्यक्त गर्न सक्दिन भने, तपाईं झन कसरी महसुस गर्नु हुन्छ ? एक महीनासम्म म व्यवस्थित हुनै सकिन । ती दिनहरु मेरा लागि अत्यन्तै पीडादायी दिन थिए । न म घर फर्किन सक्थें न त्यहाँको वातावरणमा भिजेर सधैं टिकिरहुंला भन्ने विश्वास हुर्काउन सक्थें । घर फर्किन म भित्रको स्वाभिमानले मलाई रोक्थ्यो । त्यहाँ जीवन बिताउन, त्यहाँको अप्ठेरोले मलाई चिथोर्थ्यो ।

एउटा कुरा तपाईंलाई सोधौं ? नेपाल भित्र कति ओटा नेपाल छन् ? बुझ्नु भएन ? हामी एउटा नेपालमा छौं । तर के सबै नेपाल हामी जस्तै छ ? छैन । त्यसैले म सबैसँग सोध्ने गर्छु, अहिले पनि नेपाल भित्र कतिओटा नेपाल छन् ?

भूमिगत जीवनमा मलाई सबैभन्दा बढी पिरोल्ने भनेको जीवनको भिन्नता नै थियो । गाउँमा, मेरो सफाई सिद्धान्त पुरै फेल भयो । साबुनले हात धुने भनेको त दन्तेकथा जस्तो पो लाग्न थाल्यो । दिशा धुने चलन कता अन्तैको चलन हो जस्तो लाग्थ्यो । हात धुनु भनेको माटो अथवा खरानीले हुन्थ्यो । दिशा पुछ्ने चलन थियो । आलु पनि ताछिंदैनथ्यो । चामलको अनुहार देख्न धौ धौ पर्थ्यो । मकैका च्यांख्ला तै विशेक लाग्थ्यो । मकै वा कोदाको ढिंढो त घांटीबाट छिराउनै गाह्रो । तपाईं लाई अनौठो लाग्ला - भूमिगत जीवन आरम्भ गर्नु अघि मकै र कोदाको ढिंडो मान्छेले खान्छन् भन्ने मलाई थाहै थिएन ।

महिलाहरुमा कट्टु लाउने चलन थिएन । कट्टु पनि नलाई कसरी जिवन चलेको होला भनेर म छक्क पर्थें । महिनावारी हुंदा, विशेष कपडा प्रयोग गर्ने चेतना कतै थिएन । रक्ताम्मे भएर हिंड्नु सबैका लागि स्वभाविक थियो । म जहाँ जहाँ बसें - मैले देखें - त्यहाँ महिलाहरुमा फरासिलोपन थियो । तिनीहरु निर्भिक थिए । तिनीहरु राजनीतिक कार्यकर्ता हुन मन पराउथे । तिनीहरु राजनीति गर्नेहरुलाई मान गर्थे । माया गर्थे । हेरबिचार गर्थे । तिनीहरु अत्यन्तै निर्भिक पनि थिए । अहं, कसैसँग डराउदैनथे । तर तिनीहरु स्वास्थ्य र सफाइका सामान्य ज्ञानबाट बन्चित थिए । त्यस्ता कुरा तिनलाई कसैले सिकाएकै थिएन । जीवन जिउनका लागि त्यस्तो सफाइ चाहिन्छ भनेर कसैले तिनीहरुलाई सुनाएकै थिएन ।

म त अर्कै कुनै संसारमा आएँ कि जस्तो भयो । मैले शहरबाट आएका पुरुष मित्रहरुसँग यो कुरा राख्न सकिन । उहाँहरुले आफैं यस्तो कुरो बुझ्ने स्थिति पनि थिएन ।

तर परेपछि जे पनि टारिंदो रहेछ । मैले आफैं हिम्मत गरें । मैले रात्री कक्षाहरु चलाउन पार्टीसँग अनुमति मागें । मैले गाउँका महिला यावा (साथी) हरुलाई भेला गरें । हामी त्यहाँ क्रान्तिका कुरा गर्थ्यौं । व्यवस्था फेर्ने कुरा गर्थ्यौं । अन्तर्राष्ट्रिय महिला नेतृहरुका जीवनी पढ्थ्यौं । संगसंगै म, मेरा साथीहरुलाई जीवन जिउने हाम्रो तरीका पनि सिकाउन खोज्थें । अलिकति सामाजिक चेतनाको अनि थोरै स्वास्थ चेतनाको बिजारोपण पनि त्यहीं गर्न खोज्थें ।

केही दिन साह्रै अप्ठेरो भयो । आखिरमा हामी सफल भयौं । गाउँमा एउटा नयाँ संस्कार र संस्कृतिको विकास भयो । पछि पुरुष साथीहरुले पनि मेरो प्रयत्नको जानकारी पाउनु भयो । मै आफैं पनि

उहाँहरुसँग खुलेर कुरा गर्नसक्ने भैसकेकी थिएँ । सबैले मेरो प्रशंशा गर्नुभयो । मलाई लाग्यो - मैले निकै ठूलो काम गरेछु ।

त्यो सफलता मेरा लागि कहिल्यै ननिभ्ने प्रकाश भयो । काममा सजिलो होस् भनेर मैले आफ्नो कपाल केटाहरुको जस्तो बनाएँ । बाटोमा हिंडडुल गर्दा म बढी पेण्ट र शर्ट लगाउन थालें । महिना दिन बितेपछि म गाउँमा एक्लै पनि हिंड्न थालें । ओल्लो पल्लो गाउँमा रातारात गएर फर्किन पनि मलाई अप्ठ्यारो लाग्न छोड्यो । चाहिने जति परिश्रम गरेर, गाउँमा काम गर्न सजिलो लाग्ने गरी मैले आफ्नो जीवन-ढाँचा खडा गरें ।

म सुखमा हुर्किएकी एउटी लाहुरेकी छोरीबाट एउटी गाउँले महिला बनें । हो, त्यतिगर्दा पनि मेरो सुकुमार अनुहार र शरीरले भने फेरिने मौका पाएन । गाउँको स्वच्छ हावापानीको त्यो त अरु झरिलो र रसिलो भएर पो आयो ।

त्यतिबेला पार्टी सदस्य बन्नु साह्रै कठिन थियो । अहिले त एउटा कागज तेर्स्याएर पार्टी सदस्य हुन पाइन्छ । त्यसैले पनि होला - अहिले पार्टी सदस्य हुनु र नहुनु बीचको कुनै भिन्नता पनि छैन । तर त्यतिबेला पार्टी सदस्यता पाउनु भनेको एउटा महाभारत नै हुन्थ्यो । त्यसैले पार्टी सदस्यता गौरवको विषय हुन्थ्यो ।

हो, ठिकै अनुमान गर्नुभयो । म त्यतिबेलासम्म पार्टी सदस्य बनेकी थिइन । मेरो छ महिनाको काम हेरेपछि पार्टीले मलाई सदस्य बन्न योग्य ठहर्‍यायो । पार्टीको जाँच देखेर म खुशी पनि भएँ । मैले रातो झण्डाको अगाडि उभिएर, मुट्ठी कसेर जीवनभर क्रान्ति र जनताको सेवामा लागिरहने शपथ खाएँ ।

मेरो निर्भिकता, स्पष्टवादिता, कृयाशीलताले मलाई चाँडो चाँडो अगाडि बढायो । पछिल्लो छ महिनामा मैले इलाका कमिटीको कामको जिम्मा लिएँ ।

म गाउँमा रमाएकी थिएँ । मलाई गाउँ मन पर्न थालेको थियो । साथीहरु मलाई असाध्यै माया गर्नुहुन्थ्यो । मेरो गोरो र चिल्लो अनुहारले बेला बेलामा, गाउँघरमा हिंडडुल गर्दा संकट जन्माए पनि म टिकेकी थिएँ । यता घरमा पनि मेरो सम्बन्ध राम्रो भएको थियो । अब त्यही ढर्रामा मेरो जीवन अगाडि बढ्छ जस्तो मलाई लाग्न थालेको थियो ।

घरको कुरो ? राम्रो कुरो सोध्नु भयो । तर त्यसमा कुनै रमाइलो छैन । म हिंडेको दिनभरि मेरो खोजी भएन । साँझमा पनि कसैले वास्ता गरेन । तर रात छिप्पिदै गएपछि घरमा सबैलाई पिरोलेले समात्यो । म घर छोडेर भागें भन्ने सबैलाई थाहा भयो । बिहे गर्न मेरो मन रमाएको छैन भन्ने सबैलाई थाहा थियो । त्यसैले घरमा होहल्ला नगरी एकाध दिन मलाई खोज्ने भन्ने सल्लाह भएछ । म पक्कै पनि कुनै आफन्त कहाँ लुक्न गएकी हुंला भन्ने सबैको अनुमान थिएछ ।

घरका सबैले मेरो कोठा चाहार्नु भएछ । सुनका गहनाहरु जहाँको तहीं भेटिए । लुगाको चाङ जस्ताको तस्तै देखियो । पन्ध्र सोह्र जोर चप्पल र स्पोर्टस् जुत्ताहरु पनि जतिको तति भेटिए । त्यसले घरमा सबैलाई झन ढुक्क पारेछ । बिहे गर्नुपर्ने पीरले कुनै आफन्त कहाँ गैछ, भोलि पर्सीमा ल्याइहालिन्छ भनेर उहाँहरु ढुक्कले सुत्नु भएछ ।

दुई दिनसम्म उहाँहरुले सबैतिर खोज्नुभयो । गाउँको घरमा म थिइन, मिरिकमा आफन्त कहाँ म थिइन, मावलीमा म थिइन, दार्जिलिङ्गको आफन्त कहाँ पनि म थिइन । उहाँहरुले धरानमा खोज्नु भएछ - म साथीहरु कहाँ पनि थिइन । त्यसपछि उहाँहरुले काठमाण्डौमा छरिएको साइनो सम्बन्ध कहाँ मान्छे दौडाउनु भएछ । अहं, म त्यहाँ पनि पुगेकी थिइन । मेरो खुट खबर नभेटेपछि परिवार पिरिन थालेछ । उहाँहरुले त्यसपछि केटी भागेकी हुनाले बिहे हुन नसक्ने टुङ्गो केटा पक्षलाई दिनु भएछ ।

त्यसपछि केटा पक्षको रिसाउने पालो भएछ । उनीहरु त्यतिबेला बेस्सरी रिसाएका थिए र अहिले पनि उनीहरुको त्यो रिसको राग मरेको छैन । मरिसकेको आगोबाट धुंवा उम्रिरहे जसरी त्यहाँ भित्रबाट द्वेषको राग अहिले पनि निस्किइरहेछ । यो धुवांको धर्सो किन निस्किएको होला ? मान्छेको रिस कति चर्को हुन्छ भन्ने तपाईंलाई थाहा छ ? मैले उहाँहरुको परिवारबाट रिसको चर्कोपन थाहा पाएकी छु । अहिले पनि बाटामा भेट्दा उहाँहरु मुख फर्काउनु हुन्छ । अस्पतालमा जम्काभेट हुंदा समेत टाउको बटार्नु हुन्छ । त्यो अनुहारले घटना घटेको बीस वर्षपछि पनि शब्द ओकल्न सकेको छैन । कस्तो रमाइलो रिस ! यसरी रिसाउन पाउदा मज्जा भेटिन्छ ? भेटिने भए म पनि केही मानिसहरुसँग बेस्सरी रिसाउने थिएँ ।

बडो रमाइलो कुरो सोध्नुभयो । तपाईंका दुइटै प्रश्न रमाइला छन् । पहिलो प्रश्नको उत्तर दिउँ ? नहाँस्नुस् है । यदि त्यतिबेला म घरबाट नभागेकी भए र घरले रोजेको केटासँग मेरो बिहे भएको भए, यतिबेला मेरा पनि ग्यालग्यालती छोराछोरी हुन्थे र म उतैतिर घुं घुं गर्दै कराइरहेका सुंगुरलाई चारो दिंदै आफ्नो लुंगी स्याहारी रहेकी हुन्थें । म मान्छेको जिन्दगी जिउनै पाउदिनथें । त्यसैले मलाई बिहे टुट्नुमा कुनै पछुतो छैन । त्यसको उल्टो म अत्यन्तै खुशी छु । अहिले पनि मलाई लाग्छ - बिहे टुट्नुले मेरो स्वतन्त्रताको रक्षा गरेको छ । मेरो जीवनमा उज्यालोको खेती जोगाएको छ ।

आफ्नो घर-परिवारसँगको पुनर्मिलन भने रमाइलो भयो । त्यो, शायद औंशीको रात थियो । ताराहरुले हामीलाई बाटो देखाइरहेका थिए । गर्मीको मौसम थियो - त्यसैले खोलो सुकेको थियो । हाम्रो घर, खोलाको छेउमै थियो र खोलाको पातलो आवाजले रातको सन्नाटालाई चिरिरहेको थियो । जुत्ता नखोली खोलो तरेर म र मेरो साथी घरको आँगनमा उक्लियौं । घर मस्तसँग निदाइरहेको थियो । कतै चालचुल थिएन । शायद कतै हुच्चील करायो । मैले घरको दैलोमा ढ्याक् ढ्याक् गरें ।

"को हो .. ?" निद्रामा उनिएको बाको स्वर सुनियो । मेरो साथीले मेरो हात च्याप्प समातेर कानमा भन्नुभयो, "यसरी त हल्ला हुन्छ । तपाईं सानो स्वरमा आमा भनेर बोलाउनुस् । तपाईंको स्वर आमाले चिन्नुहुन्छ ।"

मैले त्यसै गरें । आमा उठेको आवाज मैले सुनें । उहाँले सुस्तरी भन्नुभयो, "बुबा, ए बुबा, माइली आए जस्तो छ । उठ्नुस् , उठ्नुस् ।"

आमाको शब्दका केस्राहरुलाई घरले एक्कैचोटी सुन्यो ।

त्यसैले बा मात्रै उठ्नु भएन । एकैचोटी सिंगै घर बिउंझियो । घर भित्र बत्ती बल्यो । आमाले दैलो उघार्नुभयो र मलाई अंगालोमा हालेर रुन थाल्नुभयो । मेरा भाइबहिनीहरुले मलाई गम्लङ्ग छोपे । बाले भन्नुभयो, "ए नरोओ, झण्डा बोक्न गएकी छोरी घर फर्केकी छ । केही खाएकी छैन होला । खानपीनमा लाग ।"

त्यो रात आमा रोइरहनु भयो । मैले पटक पटक, साथीका अघिल्तिर मलाई लाज हुन्छ, नरुनुस् न आमा, भनें । तर आमा रोइरहनु भयो । केटाकेटीमा म के रुन्थें र ? आमाले त्यसलाई पनि जित्नु भयो ।

खुशीको आँशु पनि पुछेर सकिंदो रहेनछ ।

मेरो प्रेम

त्यो पाटोको चर्चा नगरी जिन्दगीको कथा आरम्भ नै हुँदैन । अहिलेसम्म मैले तपाईंलाई जे सुनाएँ - त्यो त मेरो जीवनको भूमिका मात्र हो । जीवन त अझै शुरु भएकै छैन ।

गाउँमा गएको चार महीनापछि मैले मेरो श्रीमानलाई देख्ने मौका पाएँ । हो, त्यो मौकै हो । उहाँ त्यतिबेला पनि पार्टीको ठूलै नेता हुनुहुन्थ्यो र उहाँ जिल्ला जिल्लामा कुदिरहनु हुन्थ्यो । म बसेको गाउँमा उहाँको एउटा बाकस थियो । त्यो बाकसमा उहाँका केही किताबहरु, केही लेखहरु सुरक्षित थिए । हाम्रो पार्टीमा त्यतिबेला किताब कापीका मामिलामा कुनै गोपनियता हुँदैनथ्यो । एकदिन मैले त्यो बाकस खोलें । किताबहरु त मेरा लागि नयाँ थिएनन् । तर उहाँका डायरीहरु भने मेरा लागि एकदमै नयाँ थिए । तिनमा उहाँले कथा, कविता लेख्नु भएको थियो ।

तर कथा कविताले मलाई मोहित पारेका होइनन् । म डायरीमा लेखिएका अक्षरहरु देखेरै मोहित भएँ । यति राम्रो अक्षर लेख्ने मान्छे कस्तो होला भनेर मैले आफ्नै मनलाई सोधें ।

तपाईंलाई ढाँटेको होइन । म उहाँका अक्षरहरुलाई अहिले पनि उहाँ भन्दा बढी माया गर्छु । त्यसैले उहाँले लेखिरहेको देख्दा म दङ्ग पर्छु । मेरा भाइहरु आफ्नो भिनाजुलाई वर्षौनी उपहार दिने गर्छन् । म उनीहरुलाई भन्छु - तिमीहरुले आफ्नो भिनाजुलाई कलम मात्रै उपहार दिनु । मेरो मनले भन्छ - उहाँ नयाँ नयाँ कलमले लेखिरहन पाउनु होस् । बाँचुन्जेलको लेखनीमा नयाँ कलमको छायाँ छरिइरहोस् । उही कलमले उहाँको हातमा एक वर्ष भन्दा बढी खेलिनै नपाओस् ।

यो मेरो भनाई मेरो त्यो पहिलो प्रभावसँग जोडिएको छ । त्यो सानो बाकसको डायरीमा मुस्काइरहेका अक्षरहरुले मेरो मनको लयालुपनमा प्रेम भन्ने शब्द मैले थाहै नपाई लेखेको हुनसक्छ । कता कता मलाई लाग्छ - त्यसैले मैले तिनै अक्षरहरुको अनुहारमा उहाँलाई प्रेम गर्न थालेकी थिएँ ।

त्यही रात, अर्थात्, कथा र कविताहरु पढेको रात नै मैले गाउँको महिला यावासँग त्यो डायरीको कुरो सोधें । उहाँले मेरो मनको चोर पक्रिनु भएछ कि क्या हो ! "अर्कै गाउँमा काम गर्ने अर्कै एकजना महिला साथीको डायरी हो" भनेर उहाँले मलाई टार्नुभयो । तर मेरो मनले त्यो डायरी कुनै केटीको हो भनेर स्वीकार्नै चाहेन । म भित्र खुलदुली मच्चिइरह्यो । किन किन, यी अक्षरहरु केटा मान्छेकै हुनुपर्छ भनेर मेरो मन, एउटा नदेखिएको अनुहार तिर तानिइरह्यो । मैले अरु दुई जना महिला साथीहरुसँग त्यो डायरीमा लेखिएको कविता र कथाको बारेमा कुरा गरें । अहं, मलाई कसैले साँच्चो कुरो भन्दै भनेन ।

मन निराश त भएको थिएन, तर ती अक्षरहरुकै मायामा मैले मौलाउनु पर्छ कि भने जस्तो मलाई लाग्दै थियो । अक्षर जस्तै एउटा अनुहार हेर्न मैले लामै प्रतिक्षा गर्नुपर्ने रहेछ भन्ने लाग्न थालेको थियो ।

एकदिन साथीहरुले भन्नुभयो, "आज हामी सबैले मन पराउने जिम्मेवार साथी आउदै हुनुहुन्छ । तपाईंको मनमा केही समस्या छन् भने सोध्नुहोला । आज रात उहाँ यहीं बस्नु हुन्छ । भोलि दिउँसो उहाँ यहाँबाट जानु हुन्छ ।" साथीहरुले मलाई बढी सतर्क गराउँदै भन्नुभयो - "आज तपाईं सोध्नबाट चुक्नु भयो भने फेरि एकाध महिना तपाईंले उहाँलाई भेट्न पाउनु हुनेछैन । त्यसैले लागे जति सबै कुरा सोध्नु होला ।"

म रात पर्खेर बसिरहें । मनमा एउटा कौतुहलता थियो । जिज्ञासा थियो । सबै साथीहरुले माया गर्ने त्यो यावा कस्तो होला भन्ने ज्ञानको आग्रह पनि थियो ।

रातको त्यस्तै १० बजेको हुनुपर्छ । तपाईंले त्यतिबेलाको हाम्रो जीवनशैलीलाई बुझ्नु पर्छ । भूमिगत जीवनमा रात र दिन उल्टो हुन्छ । त्यतिबेला हाम्रो बिहान रातको नौ, दश बजे उघ्रिने गर्थ्यो र सूर्यले पृथ्वीलाई आफ्नो मायालु अँगालोमा बाँध्ने तयारी गरिरहंदा हाम्रो कृयाकलापमा रातको चन्द्रमा झुल्किन्थ्यो ।

त्यो भदौको रात थियो र सिमसिम पानी पर्दै थियो । साँझमा एक झर ठूलो पानी परिसकेको थियो र मकैका पातहरु भिजेका थिए । गाउँघरमा हिंड्दा बारी बारीबाटै हिंड्नु पर्छ भन्ने तपाईंलाई थाहै होला । म मकैका पातको पानीमा भिज्दै उहाँ आउने भनिएको घरमा गएँ । भित्र मधुरो बत्ति बलिरहेको थियो र गाउँका पाँच जना साथीहरु मझेरीमा बसेर ठूलठूलो स्वरमा गफ गरिरहनु भएको थियो ।

म गएपछि सबैको स्वर ओर्लियो । मझेरीको वातावरणमा पार्टी मिसिएको थियो । हामी गाउँको पार्टी काम र प्रौढ शिक्षाको विस्तारको कुरोमा लाग्यौं ।

११ बजे मैले चिनेको जिल्ला नेता घरभित्र पस्नुभयो । उहाँसँग मेरो धेरै चोटी भेट भैसकेको थियो र उहाँको आनीबानीसँग पनि म परिचित थिएँ । उहाँ पनि मलाई सिस्टर भनेर मायालु सम्बोधन गर्नुहुन्थ्यो । म अरुसँगको बोलीचालिमा जसरी नै उहाँलाई यावा भन्थें ।

उहाँको पछि पछि एउटा दुब्लो र सकिनै आँटेको कालो कालो रङ्गको मान्छे मझेरीमा पस्यो । त्यहाँ बसेका सबै साथीले मनदेखिको श्रद्धा पोखेर त्यो नयाँ साथीसँग हात मिलाउनु भयो । आफ्नो क्षेत्रको ठूलो नेता भन्दा, मैले मनमनै एउटा राजकुमारकै कल्पना गरेकी थिएँ । त्यतिबेलाको मेरो बोलीचालीको भाषामा भन्नुहुन्छ भने ह्याण्डसम म्यान ! तर त्यो ह्याण्डसम म्यानको ठाउँमा मर्न आंटेको बाहुन अनुहारलाई झलक्क देख्दा म ठूलो पहराबाट फ्यांकिए जस्ती भएँ । मैले पनि उहाँसँग हात मिलाएँ । उहाँको अनुहारमा वेवास्ता नाचिरहेको थियो । मलाई चोट लाग्यो । आफ्ना बाबु, आमा, दाजुभाइ, दिदीबहिनी (त्यति बेलासम्म पनि परिवारसँग मेरो सम्बन्ध राम्रो भैसकेको थिएन । अर्थात् भनौं राम्रो बनाउन हामी कसैले प्रयत्न गरेकै थिएनौं ।) सबैलाई छोडेर, आफ्नो सुखसुविधा, र आरामको जिन्दगीलाई लात हानेर आएकी म जस्ती कार्यकर्ता प्रति यो कस्तो वेवास्तापन हो भनेर म आफैं भित्र झर्किएँ । मलाई लाग्यो - यस्तो रुखो नेतालाई किन सबैले साथी भनेर मान गरेका होलान् !

घरको महिला साथीले उहाँहरुलाई खान बस्न आग्रह गर्नुभयो । उहाँको थालमा राखिदिएको भात देखेर म त छक्क परें । चराको खान्की भन्ने तपाईंले सुन्नुभा छ ? शायद चरो पनि त्यो भन्दा बढी खान्छ होला । त्यति खाना खाएर कसरी मान्छे बाँच्छ हं भनेर मैले आफ्नो आश्रयकी महिला साथीसँग सोधें । उहाँले भन्नुभयो, "यो त धेरै पो हो । आज हिंडेर आएको हुनाले यति खानु होला । नत्र उहाँको खान्की भनेको यसको आधा हो ।"

मर्न आँटेको त्यो शरीर प्रति मलाई दया लाग्यो । तर त्यो प्रेम थिएन । त्यतिबेला उहाँसँग प्रेम गर्ने कल्पना पनि मैले संगालेकी थिइन । हो, एउटा जिज्ञासा थियो । यो मानिस को होला ? यसको घरमा को को होलान् ? यसको परिवारमा कति सदस्य होलान् ? खाँदै नखाई मर्ने बाटोमा लागेको यसको हेरबिचार कसले गरेको होला ? जस्ता स्वभाविक कौतुहलताले मलाई त्यतिबेला बेरिरहेका थिए ।

उहाँले त्यसपछि ममाथि प्रभाव थोपर्न थाल्नुभयो । खाना खाइसकेपछि उहाँ बोल्न थाल्नु भयो । एकछिनका लागि मलाई लाग्यो - उहाँले नजानेको विषय केही छैन । नदी जस्तो लाग्ने बोली थियो त्यो र सबै क्षेत्रलाई समेट्न सक्ने शीप थियो त्यसमा । राजनीतिको भाषालाई कत्ति पनि बोझिल बनाउन नपर्ने कस्तो शैली होला त्यो ? मैले त्यही शैलीलाई समात्ने अठोट गरें ।

रात कसरी गल्यो हामी कसैलाई थाहा भएन । उहाँले मुलुकको राजनीतिको बारेमा बताउनु भयो । जनमत संग्रहको हुरीको बेला थियो त्यो र समाचारहरुलाई पर्खेर हामी थाकिरहेका हुन्थ्यौं । बजारबाट अरु साथीहरु आउँदा पनि एकाध घण्टा बाहिरको समाचार सुनेर हामी आफूलाई राष्ट्रिय राजनीतिको नदीमा हेल्ने गर्थ्यौं । त्यतिबेला त तीन घण्टा बितेको पनि हामीलाई पत्तै भएन ।

उहाँले बजारका साथीहरुको बारेमा बताउनु भयो । मैले चिनेका विद्यार्थी साथीहरुका बारेमा बताउनु भयो र अन्तमा हामीले गाउँमा गरिरहेको कामको जानकारी लिदै तिनमा भएका खोट र राम्रा कुराहरुका बारेमा लामो टिप्पणी गर्नुभयो ।

बिहान उज्यालो हुने बेलामा हामी छुट्टियौं । हिंड्ने बेलामा, उहाँको कार्यक्रम फेरिएको कुरो मैले थाहा पाएँ । उहाँ दुइ तीन दिन त्यहीं बस्ने हुनुभएको रहेछ । उहाँ दार्जिलिङ्गबाट भरखर उपचार गराएर फर्किनु भएको रहेछ । त्यसैले केही दिन उहाँलाई त्यही गाउँमा आराम गराउनु पर्छ भन्ने टुंगो जिल्ला कमिटीका साथीहरुले गर्नुभएको रहेछ । नयाँ खबर सुनेपछि गाउँका अरु साथीहरुसँगै मलाई पनि खुशी लाग्यो । विद्धानको संगत पाइने भैयो भनेर म डायरी र किताबहरु राखिएको घरमा आराम गर्न फर्किएँ ।

हामी घरमा आएर सुतेनौं । नयाँ साथीको बारेमा गफ गरेर बस्यौं । मसँगै आउनु भएकी महिला साथीले मलाई भन्नुभयो, "साथी, तपाईंले अस्ती कुरा गर्नुभएको डायरी लेख्ने कामरेड उहाँ नै हो । मैले झुक्याउन मात्र महिला साथीको डायरी भनेकी हुं ।"

नढांटी भन्नुहुन्छ भने, मलाई खुशी लागेन । डायरीका अक्षरहरु मेरा लागि सपनाका राजकुमार जस्ता थिए । मैले एउटा राम्रो, सुकुमार, खाइलाग्दो पुरुष साथीको अनुहार त्यो डायरीमा देखेकी थिएँ । तर डायरी लेख्ने मान्छे, भोलि नै मरिहाल्ला कि जस्तो एउटा दुब्लो, च्याँसे र नराम्रो मान्छे थियो । म अक्षर र मान्छेको बीचमा रुमल्लिन थालें । मेरो एउटा मनले अक्षरको साथीसँग प्रेम गर्न थालिसकेको थियो तर मेरो अर्को मन, पुरुष साथीको रुपसँग तर्सिन खोजिरहेको थियो । एउटा द्वीविधा, एउटा अन्यौल, एउटा चिन्ताले मेरो मनको शिकार गऱ्यो । के गरुं, के नगरुं भन्ने द्वीविधाले मलाई दिनभर गाल्यो ।

तपाईंले ठीकै अनुमान गर्नुभयो । झलक्क देख्दा मन नपराएको भए पनि मैले त्यही रातदेखि मेरो श्रीमानलाई माया गर्न थालिसकेकी थिएँ । त्यसैले उहाँको शरीर देखेर मेरो मन चुकचुकाएको थियो । उहाँ दुइ तीन दिन गाउँमा बस्ने हुनुभयो भन्ने सुनेर म खुशी भएकी थिएँ । प्रत्येक रात उहाँले हाम्रो क्लास लिनु हुनेछ भन्ने सुनेर फुरुङ्ग परेकी थिएँ । माया बसेकै हुनाले म भित्र उहाँको परिवारको जानकारीको चाह बढेको थियो ।

त्यस्तो त कहाँ हुन्छ र ? मैले मनको एउटा पाटोको मात्र कुरा गरेकी हुं । उहाँ अविवाहित हुनुहुन्छ, या उहाँ मजस्ती केटीसँग विवाह गर्न तयार हुनुहुन्छ भन्ने चिन्तन गर्न सक्ने ठाउँमा पनि हामी थिएनौं । गाउँका सबै साथीहरुले उहाँलाई देउता जस्तो बनाउनु भएको थियो । हुन पनि उहाँले जिल्लाका कठिन भन्दा कठिन समस्याहरुलाई सजिलरी हल गर्दै आउनु भएको थियो । त्यो गाउँको चेतना र उहाँको चेतनाका बीच ठूलो भिन्नता थियो । एकप्रकारले भन्नुहुन्छ भने, उहाँ गाउँले भैसक्नु भएको थिएन । उहाँ गाउँको गुरु हुनुहुन्थ्यो । मर्यादा हुनुहुन्थ्यो । मलाई सम्झना छ - उहाँ जति सरल हुन खोज्दा पनि हामी, उहाँका स्थानीय यावा (साथी) हरु, उहाँसँग डराउथ्यौं । एक खालको त्रासले हामीलाई किचेको हुन्थ्यो । एउटा भारीले हामीलाई थिचेको हुन्थ्यो । त्यसैले बेला मौकामा हाँसख्याल गर्ने हाम्रा ओठहरुमा उहाँको उपस्थितिले ताल्चा लाईदिन्थ्यो ।

दोश्रो रात, उहाँले मसँग मेरै बारेमा कुरा गर्नुभयो । म कसरी आन्दोलनमा लागें, कसरी पार्टीको जानकारी भयो, किन पेशेवर भएँ जस्ता प्रश्नको घेरामा बाँधेर उहाँले मेरो परिवार, मेरो मानसिकता सबै खोतल्नु भयो र त्यो क्षेत्रको जिम्मेवार नेतालाई भन्नुभयो, "यतिका दिनसम्म, परिवारलाई केही थाहा नदिएर गल्ती भयो । उहाँलाई एकपल्ट घर पठाइदिनु होला । घरका मानिसहरु सधैं पिरिइरहने परिस्थिति राम्रो होइन । के भो र ? राती जानु हुन्छ, बिहानीपख निस्कनु हुन्छ । अथवा, घरमा सबैले राम्रो गरेमा, एकाध दिन बिताउनु हुन्छ ।"

भन्नु उसो होइन, परिवार र घनिष्ट साथीहरुबाट धेरै दिनदेखि पर रहनु परेकोले होला म भित्र बा आमासँग भेट्ने तिर्खा निसास्सिएर आएको थियो । साथीहरुले के भन्नुहोला भनेर मात्रै मैले मुख खोलेकी थिइन । त्यो साँझ उहाँले मेरो मुख बोल्नु भएको थियो । मैले आफैंसँग सोधें - अर्काको मनको कुरो यो मानिसलाई कसरी थाहा हुन्छ ?

मान्छेको मनलाई छुन यस्तै मसिना कुराहरु सहयोगी हुन्छन् । उहाँले जति सजिलरी मेरा आमा र बाहरुको चर्चा गर्नुभयो, मेरी बहिनीको चर्चा गर्नुभयो र मलाई घर पठाउने व्यवस्था मिलाउन निर्देशन दिनुभयो, त्यसले उहाँसँग तानिएको लम्बाइको डोरी स्वाट्टै छोट्टियो । मलाई लाग्यो - यो नेता साँच्चिकै अन्तरयामी रहेछ ।

त्यो त म कसरी भन्न सक्छु र ? दशैंपछिको जुनेली रातको मेरो लामो कपालको कथा त उहाँले धेरै पछि सुनाउनु भएको थियो ।

उहाँले त्यतिबेला मलाई प्रेम गर्नु हुन्थ्यो कि हुन्नथ्यो मलाई थाहा हुने कुरो पनि भएन । हामी उभिएको डिलको उचाई निकै तल माथि थियो । मैले सोध्ने साहस गर्ने टेको पनि मसँग थिएन । तर म उहाँलाई भित्र भित्रै प्रेम गर्न थालिसकेकी थिएँ । त्यसैले म उहाँका किताब र नोटबुकहरु स्याहारेर राखिदिन्थें । उहाँ गाउँमा आउंदा जसरी पनि म उहाँको कुरो सुन्न पुग्थें । जिल्लामा कार्यकर्ता भेला हुंदा अथवा यस्तै भेटघाटका कार्यक्रम हुंदा उहाँसँग भेटिने टुङ्गो हुने हुनाले म फुरुङ्ग परेर ती कार्यक्रमहरुमा भाग लिन पुग्थें । उहाँको छेउमा पर्नु पनि ठूलो कुरो हो जस्तो मलाई लाग्न थालेको थियो ।

त्यतिमात्र होइन, म नजानिदो पाराले उहाँको हेरबिचार गर्थें । उहाँको लुगा कस्तो छ, उहाँसँग टुथब्रस र पेस्ट जस्ता सामानहरु छन् कि छैनन् भन्ने चासो प्रायः म राखिरहन्थें । हामी यावाहरु, एक अर्काका झोला खोल्न स्वतन्त्र थियौं । त्यस्तो बेलामा म उहाँको झोला खोतलेर सामानको खाँचो देखें भने जुटाइदिने प्रयत्न गर्थें ।

हेर्नुस्, जति फरासिलो भए पनि त्यो चाहिं सम्भव हुंदैन जस्तो लाग्छ । उहाँसँग, म जति नजिक हुन खोज्यें - त्यत्तिकै डराउथे पनि । तपाईंलाई एउटा घटना सुनाउं ? एकपल्ट हामी एउटा प्रौढ कक्षाको मूल्यांकन गर्न भेला भएका थियौं । मैले उहाँलाई अंग्रेजीमा बोलाएँ । उहाँले आँखा तरेर मलाई हेर्नुभयो । मेरो सारा शरीर काम्यो । तर उहाँले तुरुन्तै आफूलाई सम्हालेर भन्नुभयो, "यस्तो गल्ती कहिल्यै नगर्नु होला । आफूलाई जान्ने देखाउन अंग्रेजी नबोल्नु होला । साथीहरुको मन दुख्छ । हामी कुनै विशेष कुरा गरिरहेका छौं कि भनेर उहाँहरुको मन कुंडिन्छ ।"

त्यसैले मनको प्रेमगाथा उहाँका अघिल्तिर पोख्न मेरो हिम्मत कसरी जन्मिन्थ्यो र ?

ठिकै भन्नुभयो । कसै न कसैले त मनको कुरो पोख्नै पर्थ्यो । उहाँले नै पहल गर्नुभयो । हाम्रो चिनाजानी भएको एक वर्ष भैसकेको थियो र मैले आफ्नो काम र क्षमताबाट उहाँको मन जितिसकेकी थिएँ । एकदिन हामी दिउँसो अर्को इलाका तिर गैरहेका थियौं । बाटो ब्यस्त थियो । त्यसैले केही नबोली धुमधुमती हिंड्नु अस्वभाविक हुन्छ भनेर उहाँले मलाई पहिले नै होशियार गराउनु भएको थियो । तर होशियार भएर के गर्नु ? मलाई कुरा गर्न आउदैनथ्यो । त्यसैले कुरो थाल्ने जिम्मा उहाँले नै लिनुभयो ।

कहाँबाट थाल्नुभयो ? मैले तपाईंलाई शुरुमै भनेथें नि - हो, त्यहींबाट थाल्नुभयो । ओरिपरि हेर्दै उहाँले भन्नुभयो, "०३६ सालको दशैंको अन्तिम दिन, राती म इलाम बजारको एउटा चोकमा पुगेको थिएँ । त्यो चोकमा हाम्रा केही साथीहरु देउसीको तयारी गरिरहनु भएको थियो । त्यो टोलीमा एकजना महिला साथी हुनुहुन्थ्यो । उहाँको कपाल लामो थियो । मोटो र कालो पनि थियो । तपाईं त्यो साथीलाई चिन्नु हुन्छ ?"

एकछिन त कस्तो कुरा गरेको होला भनेर म अलमलिएँ । तर तुरुन्तै म सम्हालिएँ । यो बाटो काट्न यस्तै हल्काफुल्का कुरा गर्नु पर्छ, यहाँ गम्भिर कुरा गर्न सम्भव छैन, पार्टीको कुरो त झनै गर्नु हुंदैन, दोहोरी-लत्ता मानिसहरु हिंडिरहेको ठाउँमा यस्तै कुराले त बाटो काट्न सजिलो हुन्छ भनेर मैले मनको निष्कर्ष निकालें ।

मैले एकछिन कुरो खोतल्न चाहें । हाम्रो त्यो यात्रा झण्डै दुइ घण्टाको हुन्छ भन्ने मलाई थाहा थियो । त्यसपछि हामी मूलबाटो छोडेर तराई झर्ने सानो गोरेटो तिर लाग्ने थियौं । ओरालो लागेपछि मानिसहरुसँग भेट हुने सम्भावना पनि कम थियो । त्यहाँ जस्तो कुरा पनि गर्न सकिन्थ्यो । त्यहाँ नपुगुन्जेल यस्तै कुरा गरेर समय कटाउनु पर्ने थियो ।

कोट्याइसकेपछि, त्यो लामो कपाल भएकी केटी मै थिएँ भनेर उहाँलाई सुनाएँ । उहाँ हिंड्दा हिंड्दै ठिङ्ग उभिनु भयो र छक्क परेर मलाई हेर्न थाल्नु भयो । त्यतिबेला पनि मेरो कपाल केटाहरुको जस्तो छोटो थियो ।

मुल बाटो सकिंदा नसकिंदै उहाँको मनको कुरो मैले थाहा पाइसकेकी थिएँ । ओरालो झर्ने ठाउँमा आएपछि उहाँले मुसुक्क हाँसेर मसँग सोध्नुभयो, "तपाईं मसँग बिहे गर्नु हुन्छ ?"

त्यतिबेला मलाई कति खुशी लाग्यो भनेर तपाईं कल्पना पनि गर्न सक्नुहुन्न । त्यो क्षण सम्झियो कि अहिले पनि म उही बाइस वर्षे युवतीमा रुपान्तरित हुन्छु । त्यतिबेला मिठो घाम लागेको थियो । आकास सफा थियो । मलाई लाग्यो - म पनि चराहरु जस्तै उडुं । सारा संसार चाहारुं र फनक्क फर्किएर उहाँको काँधमा बसुं । मेरो नाकले भन्यो - सुंघ त, पानी परेर बसेको माटोमा कति मिठो सुगन्ध उम्रिरहेछ !

त्यही दिन म मनले एकबाट दुइमा गएँ । एउटा बिहालाई मैले पन्ध्र महीना पहिले अस्वीकार गरेकी थिएँ । तर पन्ध्रै महीनामा म नाचिरहेको मनले अर्को बिहाका लागि तयार भएकी थिएँ ।

होइन, होइन, हाम्रो बिहे त्यतिबेला भएन । हामीले दुइ वर्ष जस्तो प्रतिक्षा गर्यौं । अं, खुशीले गर्यौं । त्यसपछि एउटा सादा समारोहमा हाम्रो बिहे भयो । हाम्रो बिवाहमा नजिकका बीस जना जति साथीहरु हुनुहुन्थ्यो । पार्टी हामी दुबैको अभिभावक थियो । उहाँले मेरो सिउंदोमा सिन्दुर हालिदिनु भयो,

मैले उहाँको गलामा माला लाइदिएँ । बस्, हाम्रो बिहे भयो । बिहे सकेर उहाँ आफ्नो काममा लाग्नु भयो । म आफ्नो जिम्मेवारी सम्हाल्न तिर लागें । बस्, त्यही जिम्मेवारी हाम्रो हनिमुन भयो ।

बिहेपछि कस्तो अनुभव गर्नु र ? यत्ति भनौं - जस्तो अरुले गर्छन्, हामीले पनि त्यस्तै गर्यौं होला । तर तपाईंलाई एउटा कुरा भनिहालौं, यो अन्तरजातिय बिबाह भनेको सजिलो चाहिं हुंदो रहेनछ । एउटा मनोग्रन्थी, विरोधको मनोग्रन्थीले हरेक मानिसलाई समातेको हुंदो रहेछ । जतिसुकै फराकिलो भए पनि त्यो ग्रन्थी हल्लिने बित्तिकै मान्छेको मन विचित्रै ढंगले सांघुरो हुंदो रहेछ ।

होइन, मैले कसैलाई पनि दोष दिएको हेाइन । हाम्रो बिहे हुंदा मेरो परिवार खुशी थियो र उहाँको परिवार पनि खुशी थियो । दुवैतिरबाट हामीले साझा शुभकामना पाएका थियौं, स्नेह र आशिर्वाद पनि पाएका थियौं । मेरो माइतीले हामीलाई चखेवा चखेवीको जोडी भनेको थियो, मेरो घरले हामीलाई खरायोको जोडी भनेको थियो । हामी कतै बिझाउन सक्छौं भन्ने हामीलाई लाग्दैनथ्यो । तर खै के भएर हो कोनि एक अर्काको परिवार भित्र पस्ने बित्तिकै हामी एक अर्काका लागि गह्रुङ्गो भारी बन्न पुग्यौं । केही दिनमै हामीलाई थाहा भयो - उहाँलाई मेरो माइतीले म जसरी सहज ढंगले सकार्न सकिरहेको छैन अनि म उहाँको परिवार भित्रकी सहज सदस्य बन्न सकिरहेकी छैन । आफूले पटक्कै नचिताएको अनौठो स्थिति हाम्रा सामू उपस्थित भयो । त्यसपछिका दिनहरुमा मेरो माइतीमा म एक्लै जान्थें र उहाँको खबर सुनाउथें । उहाँको घरमा उहाँ एक्लै जानुहुन्थ्यो र मेरो खबर सुनाउनु हुन्थ्यो । लाग्थ्यो - हामी एक अर्काका हुलाकी मात्र हौं र एक अर्काको परिवारसँग हाम्रो कुनै सम्बन्ध छैन ।

त्यसपछि के गर्यौं ? जे गर्नु पर्थ्यो, हामीले त्यही गर्यौं । म उहाँको परिवारबाट अलिक टाढा भएँ । मानौं म उहाँहरुको परिवारको पाहुना हुं । उहाँले पनि त्यस्तै गर्नुभयो । मेरो परिवारबाट उहाँले आफूलाई अलग्गै राख्नु भयो मानौं उहाँ त्यो परिवारको चिठीपत्रको मित्र मात्र हो । उहाँ र मेरो परिवारसँगको सम्बन्ध परिचित मानिसहरु बीचको शुभकामना आदान प्रदान र मौसमी भेटघाटहरुमा सीमित भयो ।

होइन, होइन, यसरी बीचमा नटोक्नुस् न । म तपाईंलाई साँच्चै साँच्चै सुनाइहाल्छु नि ! यस्तो अवस्था झण्डै दुइ वर्ष जति रह्यो होला । त्यसपछि परिवारका लागि हामी अनिवार्य जस्तै भयौं । दुइ वर्षमा वातावरण उल्टियो र विचित्रै ढंगले उल्टियो । एक सय असी डिग्री पल्टियो भनिन्छ नि ! हो, त्यस्तै भयो । मेरो माइतीमा उहाँ म भन्दा बढी ग्राह्य हुनुभयो अनि उहाँको परिवारमा म उहाँभन्दा बढी ग्राह्य भएँ । दुइ वर्षको सन्नाटाले दुबै परिवारलाई पोलेछ । हामी निर्जन टापु जस्तो भैदिनाले दुबै परिवार मरुभूमिमा रुपान्तरित भएछन् । त्यसैले आफ्नोलाई माया गर्न दुबैले अर्कोलाई दाहिने अंगालोमा बाँधेका रहेछन् । त्यसैले अहिले तपाईं देख्नु सक्नुहुन्छ - उहाँको परिवारमा म जानिफकार मानिन्छु र उहाँ व्यवहारिक ज्ञान नभएको मानिसमा गनिनुहुन्छ । यता मेरो परिवारमा चाहिं उहाँ धेरै जानिफकार मानिनु हुन्छ - म खालि उहाँको छायाँ मात्र ठहरिन्छु ।

होइन, होइन । किन चित्त दुख्ने ? यो त हामी दुबैका लागि राम्रो भएको छ । गएको पन्ध्र वर्षदेखि हाम्रो पारिवारिक सम्बन्ध यसै हिसाबले अघि बढेको छ र हामी सबै सुखी र सन्तुष्ट छौं । अहिले दुइ परिवार, हाम्रा माध्यमबाट एक भएका छन् । एउटालाई चोट लाग्दा अर्कोलाई दुख्छ अनि एउटाले गीत गाउँदा अर्कोले बाजा बजाउछ । के सुख, के दुःख, सबैमा हामी एउटै ठाउँमा छौं । घरि घरि यस्तो लाग्छ - हामी स्वर्गीय टापुको अमृतमय वर्षामा नुहाइरहेका छौं ।

धत्, त्यस्तो पनि हुन्छ ? मैले खुशी व्यक्त गर्ने सुन्दर शव्दहरुको आविष्कार गरेकी मात्र हुं । हामी पृथ्वीमा छउन्जेल, हामीसँग दुःख पनि हुन्छ, सुख पनि हुन्छ । दुःखरहीत प्राणी भूतलमा हुन्छ भनेर तपाईं कल्पनै नगर्नुस् । यो भूमण्डलमा राजादेखि रङ्कसम्मका सबै मानिसहरुमा दुःख पाइन्छ । त्यसलाई तपाईं चिन्न नसक्नु होला, त्यसलाई तपाईं कोट्याउन नसक्नु होला । तर दुःखको अस्तित्व सबै ठाउँमा जीवित रहन्छ । दुःख देख्ने आँखा तपाईंको निधार मुनि हुंदैन । त्यो निधार भित्र लुकेर बसेको हुन्छ । त्यो भित्रको आँखालाई बाहिर निकाल्न नसक्दा दुःखरहित मानिसहरु पनि हुन्छन् कि भन्ने भ्रम पर्न सक्छ । त्यो भ्रमबाट मुक्त हुनुस् । भौतिक दुनियामा रमाएको मान्छेको त कुरै छोडिदिनुस्, तपाईंले संसार त्यागिसकेको जोगीमा पनि पीडा र मानसिक यातना भेट्टाउनु हुन्छ । खोज्न सक्नुपर्छ -तपाईंले त्यो भेट्टाएरै छोड्नु हुन्छ ।

तपाईं त बाबै, उत्तरी ध्रुवबाट सिधै दक्षिणी ध्रुवमा अनि दक्षिणी ध्रुवबाट ठाडै उत्तरी ध्रुवमा पो पुग्नुहुन्छ । बीचमा उभिन सिक्नुस् । दुःख पाउनु होला । मैले कसरी त्यसो भनें र ? हामी दुःखै दुःखमा पुरिएका छौं भनेर तपाईंले कसरी अनुमान गर्नुभयो ? हामी अत्यन्तै सुखमा छौं । तर त्यो सुख, दुःखबाट

अलग छैन । तपाईं नङ र मासुलाई अलग अलग राखिरहन सक्नुहुन्छ ? सक्नुहुन्न । आफूलाई चर्को पिडा दिएर, हात या गोडालाई रगतपच्छेल तुल्याएर तपाईंले एकपल्ट नङ उखेलेर फ्याक्नु भयो भने पनि केही दिनमै औंला ढाक्दै झन ठूलो नङ मासुमा पेलिएर आइरहेको हुन्छ । तपाईंले दुःख र सुखलाई पनि यही नङ मासुको श्रेणीमा राख्नु पर्छ । दुःखलाई जीवनबाट छुटाउछु भन्नु र नङलाई सदाका लागि औंलाबाट छुटाउंछु भन्नु एउटै कुरा हो । तपाईं खालि एउटै अवस्थामा मात्र नङलाई औंलाबाट छुटाउन सक्नु हुन्छ । त्यो अवस्था हो - औंलाको मृत्यु । अर्थात्, औंला काटेर मिल्काउनुस्, तपाईंले नङलाई सजिलै फाल्दिन सक्नुहुन्छ । हो, दुःखलाई जीवनबाट अलग गर्नुछ भने तपाईंले आफ्नो जीवनलाई पनि त्यसरी नै काटेर फ्याक्नु पर्छ । सक्नु हुन्छ त्यसो गर्न ? सक्नुहुन्न । त्यसैले अबदेखि तपाईं दुखी हुनुहुन्छ कि हुनुहुन्न भनेर कसैसँग नसोध्नुस् । दुःख, हरेक मानिसको काँधमा थकाइ मारेर बसिरहेको हुन्छ । सुखसँग जिस्किदै त्यो चकचक गरिरहेको हुन्छ ।

गन्थनमा म त दार्शनिक पो भैछु । माफ गर्नुहोला । तपाईंले प्रसङ्ग त्यस्तो उक्काइदिनु भयो । यो दुःख र सुखलाई यहीं छोडौं । तपाईं छोटकरीमा यत्ति लेख्नुस् - नयाँ शताब्दीकी यो सुम्निमा आफ्नो पारिवारिक जीवनसँग अत्यन्तै सन्तुष्ट छ ।

किन ? यसमा अप्ठ्यारो मान्नु पर्ने कुरै के छ र ? जीवनलाई सबै ढङ्गबाट बेहोर्नु पर्छ र जीवनमा जति सकिन्छ त्यति धेरै कुरा सिक्नु पर्छ । लाज मान्नेहरुले जीवनबाट सिक्न सक्दैनन् । तपाईं विश्वास गर्नुस या नगर्नुस् - मैले यो सत्य तपाईंलाई सुनाउनै पर्छ । तपाईंहरुलाई पत्यार नलाग्ला । किनभने तपाईंहरुले त्यो जिन्दगी कहिल्यै बेहोर्नु भएको छैन । तर अहिले त्यो जिन्दगीबाट धेरै टाढा भए पनि एकदिन मैले त्यो जिन्दगी भोगिसकेकी छु । त्यसैले ममा न हिजोको जिन्दगी प्रति कुनै आग्रह छ न म त्यसलाई अनाहकमा तिरस्कार गर्न सक्छु ।

तपाईंले जस्तो शंका उठाउनु भयो नि, हाम्रो जिन्दगी कहिल्यै त्यस्तो रहेन । हेर्नुस्, म त अलि अलि बेलाइती जिन्दगी देखेकी केटी । एउटा मंगोल परिवारमा जन्मिएकी अनि बेलाइतीहरुका बीचमा हुर्किएकी केटीको जीवन र गाउँ घरमा एउटा कर्मकाण्डी परिवारमा जन्मिएकी केटीको जीवनका बीचमा ठूलो भिन्नता हुन्छ भन्ने त तपाईं पनि मान्नु हुन्छ । संगै हिंड्दा, संगै बस्दा, यसो छोइहाल्दा हामीलाई कुतकुती लाग्दैन । ठूलो बन्धनमा हुर्किएकी ब्राह्मणीलाई केटाहरुसँग बोल्न संकोच लाग्दो हो । हामीलाई चलाचल गर्न पनि संकोच लाग्दैन । यस्तो वातावरणमा हुर्किएकी मैले देखेको सामाजिक जीवन साँच्चै चिताइनसक्नुको कन्चन थियो । हामी साथीहरु थियौं । रात रातभर संगै हिंड्थ्यौं । बेलामौकामा केटा र केटीहरु एउटै मझेरी सुत्न पनि पर्थ्यो । तर महिला र पुरुष बीचको सम्बन्ध भनेको हाम्रो जीवनमा दाजु र बहिनीको जस्तै पवित्र हुने गर्थ्यो । महिला र पुरुष साथीहरु बीचको अस्वीकृत सामाजिक यौन सम्बन्ध भन्ने कुरो हामी त्यतिबेला कल्पना पनि गर्न सक्दैनथ्यौं । त्यतिबेला कुनै करकापले हाम्रो कल्पना बाँधिएको थिएन । हाम्रो चेतनामै एउटा दह्रिलो पर्खाल जन्मिन्थ्यो - अमान्य यौन सम्बन्धका सन्दर्भमा । त्यस्तो सम्बन्ध हाम्रो व्यक्तिगत जीवनको मृत्यु हो जस्तो चेतनामा हामी छपक्कै भिजेका हुन्थ्यौं । त्यसैले केटाकेटी बीचको शारीरिक सम्बन्ध तिर हाम्रो मन फर्किनै मान्दैनथ्यो ।

तपाईंले फेरि उही उल्टो कुरा थाल्नु भयो । नराम्रो रहितको राम्रो तपाईंले कहीं देख्नुभएको छ ? जुनसुकै वादलमा पनि चांदीको घेरा हुन्छ र चन्द्रमामा पनि दाग हुन्छ भन्ने तपाईंले पढ्नु भएको छैन ? छैन भने पढ्नुस् । मैले तपाईंलाई हाम्रो जीवन शैली बताएँ । महिला र पुरुष बीचको शारीरिक सम्बन्ध, त्यतिबेलाको हाम्रो जीवनमा सानोतिनो अपराध नै मानिन्थ्यो भनिसकें । तर त्यस्तो चेतनामा पनि केही केही मानिसहरु अपराध गर्न चुक्दैनथे । त्यो गल्ती प्रति पार्टी अत्यन्तै कठोर हुन्थ्यो । त्यस्ता केटाकेटीको अबिलम्ब बिहे गराइदिने वा तिनीहरुलाई एउटा एरियामा बन्दी जस्तो बनाएर काममा लगाउने अथवा तिनीहरुलाई पार्टीबाटै निकाली दिनेसम्मका सजायँहरु पार्टीमा हुन्थे । म स्वयंले त्यस्तो घटना देखेकी छु । मैले काम गरेको इलाकामै एक जना माथि त्यस्तो कारबाही भएको छ । मैले चिनेका पाँच सय महिला र पुरुष साथीहरुको बीचमा एउटा जोडी त्यस्तो दुर्घटनामा परेको छ । त्यसैले अहिले पनि म भन्छु, मैले हिजो जुन पार्टीमा काम गरेको थिएँ - महिला पुरुष बीचको सम्बन्धमा तिनीहरुको दृष्टिकोण हिमालबाट झरेको पानी जस्तै कन्चन थियो ।

मेरो संघर्ष

सम्भव हुन्छ भने म साथीहरुलाई बिबाह नगर्ने सल्लाह दिन्छु ।

होइन, होइन, आफूले सुख खेपेर अरुलाई त्यो सुखबाट बन्चित गर्ने यो कुनै स्वार्थी सल्लाह होइन । बिबाह आफैंमा न दुःख हो, न त सुख नै । बिबाहलाई जस्तो बनाउन चाहनु हुन्छ, त्यो त्यस्तै हुन्छ । बिबाह चिया हो र जीवन गिलास हो । तपाईं चियालाई राम्रो गिलासमा हालेर मनको आनन्दमा रमाउदै चियाको स्वाद लिइरहन पनि सक्नुहुन्छ अथवा गिलासको फोहोर नधोई चिया खन्याएर चिया र गिलास दुबैलाई रछ्यानमा मिल्काउन पनि सक्नुहुन्छ । बैबाहिक जीवनको मान्यता यस्तै भए पनि तर मलाई लाग्छ - बिबाह भन्दा अगाडि मान्छे आफैंमा सम्पूर्ण हुन्छ र बिबाहले त्यो पूर्णतालाई विभाजित तुल्याउंछ । हुनत, हाम्रा अभिभावकहरु, बिबाह पछिको जीवनलाई सम्पूर्ण मान्नु हुन्छ - तर किन किन मेरो मन एकमै पूर्णता देख्छ । बिबाह भन्दा अगाडि तपाईं हर क्षेत्रमा स्वतन्त्र हुनुहुन्छ । तपाईं आफ्नो इच्छा अनुसार बाँच्न पाउनु हुन्छ । हिंडडुल गर्न पाउनु हुन्छ । तपाईंसँग एउटा पारिवारिक बन्धन हुन्छ । तर त्यसलाई तपाईं बेवास्ता गर्न सक्नुहुन्छ र आफ्नो जीवनमा परिवारलाई बाँध्न सक्नुहुन्छ ।

तर बिबाह पछिको बन्धनलाई तपाईं बेवास्ता गर्ने सक्नुहुन्न । त्यसलाई बेवास्ता गर्ने बित्तिकै त्यो जापानी सिसा झुर्रिए जसरी चर्‌यामचुरुम हुन्छ । तपाईंको जीवन अर्थहीन हुन्छ । त्यसैले बिबाहको अर्थ गहिरिएर खोज्न थाल्नुभयो भने, बिबाहको लगत्तैदेखि, तपाईं एक्लोमा अपूर्ण देखिनु हुन्छ । बिबाहको खुशियाली सँगै तपाईंको जीवन बाँडिन्छ । तपाईका इच्छाहरु बाँडिन्छन् । तपाईंको व्यवहार बाँडिन्छ । तपाईंको जिम्मेबारी बाँडिन्छ । तपाईंलाई कस्ने बन्धनहरु चारैतिर छरिन्छन् । तपाईले आफ्नै मनसँग सम्झौता गरेर त्यसलाई दुइटा बनाउनु पर्ने हुन्छ।

बिबाह सम्झौता हो र कुनै पनि किसिमको सम्झौता जीवनको सन्दर्भमा सबैभन्दा अप्ठ्यारो क्षण हो । सम्झौता भनेको तपाईंको पाइलालाई तरबारको धारमा नचाउनु जस्तै हो । अलिकति रड्कियो कि खत्तम !

बिबाह, दुखाइरहुं जस्तो लाग्ने मिठो पीडा सहितको सम्झौता हो । त्यसैले त्यो मन पराएर बोकिने भारी हो ।

मेरो अभिव्यक्ति निराशा होइन । म तपाईंलाई भनुं ? मेरो ब्यक्तिगत अनुभव सुन्नुहुन्छ ? बिबाह अघि म एकदमै स्वतन्त्र उडानमा कावा खाइरहेकी चरी थिएँ । मेरा बा र आमाहरु, मेरा दाजुभाइ र दिदीबहिनीहरु सबै थिए - तर पनि म स्वच्छन्द थिएँ । स्वतन्त्र थिएँ । आफूलाई इच्छा नलागेको कुरोलाई म सजिलै तिरस्कार गर्न सक्थें । मैले गरें । मेरो परिवार थियो - तर मैले जबरजस्तीको बिबाहलाई तिरस्कार गरें । त्यो तिरस्कार पछि पनि म परिवारकै भइरहें । तर बिबाहपछि आफ्नो परिवारसँगको बिच्छेदको कल्पना गर्नुस् त ! तपाईं भित्र संवेदना छ भने, बिच्छेदको कल्पनाले मात्र पनि तपाईं थरथर्ती काम्न थाल्नु हुन्छ ।

त्यो जीवन पार गरेर आएकी मै, यतिबेला आफूले चाहे जस्तो गर्न सक्दिन । म आफ्नो श्रीमानलाई असाध्यै माया गर्छु । त्यसै हुनाले म केही गर्न सक्दिन । मैले आफू भन्दा अगाडि उहाँलाई देख्नुपर्छ । होइन, होइन, देख्नु पर्छ भनेर उहाँले कर लगाएको होइन । म त्यसै उहाँलाई पहिलो देख्न पुग्छु । बिहान उठ्ने बित्तिकै चियाको रुची सम्झदा म उहाँलाई नै सम्झन्छु । खाना खाने बेलामा उहाँलाई के मन पर्छ भनेर मेरो मन कल्पिन थालिहाल्छ । उहाँलाई कस्तो ठाउँमा जान मन लाग्छ भनेर मै पहिले सोच्छु । बेलुका घुम्न उहाँलाई मन पर्छ कि पर्दैन भनेर मै सोच्छु । यस्तो किन हुन्छ ? किनभने म उहाँ भैसकेकी छु । र यही हुनु नै परतन्त्रताको नचुंडिने बन्धन हो ।

उहाँले के सोच्नु हुन्छ ? त्यो म कसरी भन्न सक्छु र ? हुनसक्छ, उहाँ पनि मै जसरी सोच्नु होस् । अथवा हुनसक्छ, उहाँलाई म को अस्तित्व-बोध नै नभैरहेको होस् । अहं, म सोध्न चाहन्न । यस्तो कुरो सोध्नै हुँदैन । ती त उपन्यासका कुरा हुन् । तिमी मलाई कत्ति प्रेम गर्छौ ? तिमी मलाई माया गर्दैनौ ? तिमी मलाई कस्तो साडी ल्याइदिन्छौ ? तिमी मलाई कस्तो गहना किनी दिन्छौ ? यस्ता प्रश्नहरु पनि जीवनमा सोधिन्छन् र ? मलाई त, सोधिन्छन् जस्तो लाग्दैन । यस्ता प्रश्नहरु सोधिरहने फुर्सद मान्छेले कसरी पाउछ ? वास्तविक जीवनमा यस्ता कुराहरु सोध्न र गन्थनमा लागिरहन नभ्याइने हुनाले नै मानिसहरु उपन्यासमा तिनको चित्र कोर्ने गर्छन् ।

होइन, होइन । मैले अरुको ठेक्का लिएकी पनि होइन । मैले आफ्नै ठेक्का लिएकी हुं र अलिकति मैले आफ्नो श्रीमानको पनि ठेक्का लिएकी हुं । हाम्रो परिचयले बीस वर्षको आयु पार गऱ्यो । हाम्रो बिबाह भएको पनि अठार वर्ष भैसक्यो । तर हामीले कहिल्यै यसरी एक अर्कालाई प्रेम गर्छौं कि गर्दैनौ भनेर सोध्न भ्याएका छैनौं । प्रेम सोधेर गरिने कर्मकाण्ड वा लपक्क टाँसिने गम हो र ? त्यो त अनुभूति हो र मनले प्रेमको अनुभूति गर्दैन भने जति सोधे पनि प्रेमको रापले मनलाई तताउन सक्दैन । प्रेम तपाईको ओठको संगित पनि होइन, त्यसलाई मनले रिझाउन सक्नु भएन भने त्यो कहिल्यै सुमधुर धुनमा समेटिएर मन बाहिरको अन्तरिक्षमा प्रबाहित हुँदैन ।

ठीकै भन्नुभो । अब त्यतै लागौं । पारिवारिक जीवनलाई समयको गतिसँगै बग्न दियौं भने हामी कोही दार्शनिक भैरहनु पर्दैन । सहज मान्यताका आधारमा दर्शनलाई हामी जीवनको अर्थसँग घोल्न सक्नेछौं । यति हुंदा हुंदै पनि मेरो यो मान्यता लेख्न चाहिं नबिर्सनु होला । पारिवारिक बन्धनमा पटक्कै बाँधिनु नपरेकी, बुहार्तन भन्ने शब्द समेत नसुनेकी, आफ्नो श्रीमानद्धारा धागोको बन्धनमा समेत नबाँधिएकी, आफैंमा सबै हिसाबले स्वतन्त्र यो सुम्निमा, आफ्ना सबै साथीभाईलाई बिबाहको बन्धनमा नबाँधिन सल्लाह दिन्छे ।

अब हिजोकै विषयलाई टिपौं ।

मैले तपाईंलाई अघि नै भनें - मैले दुइ वर्ष भूमिगत र पेशेवर राजनीतिक कार्यकर्ताको जीवन बिताएँ । मेरो श्रीमानले जिल्लाका साथीहरुलाई मेरो परिवारसँग पुनर्मिलन गराउने निर्देशन दिनु भएपछि परिवार र मेरो सम्बन्ध अत्यन्तै हार्दिक भयो । केही समयपछि मेरो बाले, "समय र परिस्थितिले साथ दिन्छ भने आफ्नो पढाइलाई अघि बढाउदै राजनीति गर्" भनेर मलाई सम्झाउनु भयो । त्यतिबेलासम्म मेरो श्रीमान र म प्रेम गर्न थालिसकेका थियौं र उहाँ मेरो गुरु, प्रेमी, साथी र आत्मिय सबै भैसक्नु भएको थियो । मैले उहाँलाई बाको प्रस्ताब सुनाएँ । उहाँले गाह्रो मान्नुभयो । उहाँले भन्नुभयो, "पहिले भए म तपाईंको प्रस्ताव सहर्ष स्वीकार गर्ने थिएँ । त्यतिबेला मेरो त्यो निर्णय, खुला आन्दोलनको काममा एकजना योग्य कार्यकर्ता पठाउनु हुन्थ्यो । तर अहिले, साथीहरुले तपाईं र मेरो बीचको सम्बन्ध थाहा पाइसकेको सन्दर्भमा, तपाईंलाई पढ्न पठाउनु मेरो स्वार्थ जस्तो मानिन्छ । त्यसैले म अहिले तपाईंलाई पढ्न जाने सल्लाह दिन सक्दिन ।"

उहाँले पढ्न जान दिनु भएन भनेर मलाई अप्ठ्यारो लागेन । तर उहाँको कुरो सुनेर म छक्क परें । मैले पढ्न जानु सही हो भने, उहाँले डर मान्नु पर्ने कारण कसरी जन्मिन्छ ? मैले आफैंसँग पटक पटक प्रश्न गरें । अहं, त्यसको उत्तर मैले कहीं पाइन । आखिर मैले उहाँसँगै यो प्रश्न राखें ।

"सत्य, जे देखिन्छ त्यो मात्र हुँदैन अनि एकपटकको सत्य सधैंभरि सत्य नै रहिरहँदैन । सत्य, परिस्थितिसँग जोडिएको हुन्छ । त्यसैले शास्वत सत्य भन्ने केही हुँदैन । तपाईंले पढ्नु राम्रो हो । एउटा पार्टीको कार्यकर्ताको नाताले म यो स्वीकार गर्छु । तपाईंलाई पढ्न पठाउदा पार्टीले खुला क्षेत्रको काममा एकजना राम्रो साथी पाउछ । तर म नेता हुने बित्तिकै र तपाईंसँग सम्बन्धित हुने बित्तिकै यही सत्य उल्टिन्छ । त्यस्तो अवस्थामा यहाँ मेरो स्वार्थ गन्हाएको आभास हुन्छ । यस्तो स्थितिमा म तपाईंलाई पढन जानुस् भन्न सक्दिन ।"

उहाँले नकारको जवाफ दिएपछि मैले पढ्न जान्छु भनिरहनु उचित थिएन । अब पढाइ सढाइलाई मार् गोली, भन्दै म काममा जोतिएँ । मैले बा र आमालाई मेरो पढाइको चिन्ता नगर्नु भनेर खबर पनि पठाएँ ।

तर त्यसै बीचमा बिचित्रको घटना घट्यो । पार्टीले बीचमा पढाइ रोकिएका तर पढ्ने इच्छा रहिरहेका जिल्ला तह भन्दा तल काम गरिरहेका कार्यकर्ताहरुलाई पढाइ पुरा गर्न दिने निर्णय गरेछ । त्यो

निर्णय मेरै लागि भयो भन्ने अहिलेको मेरो भनाइ होइन । म जस्ता थुप्रै कार्यकर्ताको इच्छा बुझेर नै पार्टीले त्यो निर्णय गऱ्यो होला । तर त्यतिबेला त्यो निर्णय मलाई नै हेरेर भयो जस्तो मैले सोचें ।

होइन, होइन, मलाई त्यस्तो लाग्दैन । मेरो श्रीमानले नेताहरुलाई प्रभावित गरेर यस्तो निर्णय गराउनु भयो होला भन्ने कल्पनै म गर्न सक्दिन । हाम्रो पंक्तिमा यो एउटा समस्यै थियो । म भन्दा अगाडिका खास खास कालखण्डमा पढाइलाई बीचैमा छोडेर राजनीतिमा होमिएका कार्यकर्ताहरुको एउटा उल्लेखनीय संख्या, ०३६ सालको आन्दोलनपछि अधुरो रहेको पढाइ त सक्नुपर्छ भन्ने टुङ्गोमा आफैं पुगेको थियो । पार्टी भित्र आइ. ए. अधुरो रहेका, बी. ए. अधुरो रहेका दर्जनौं कार्यकर्ताहरु थिए । कतिपय त एस. एल. सी . नै अधुरो रहेकाहरु पनि थिए । तिनीहरुले यो वा त्यो कोणबाट पार्टीमा आफ्नो चाहना पठाएर नयाँ निर्णयको ढोका खोल्न प्रेरित गरेको हुनसक्छ ।

तपाईंले ठीकै भन्नुभो - ०३६ सालपछि विद्यार्थी क्षेत्रमा देखापरेको राजनीतिक गतिविधिले पनि व्यक्तिलाई पढ्नुपर्छ भन्ने टुङ्गोमा पुर्‍याएको हुनसक्छ । त्यतिबेलाको विद्यार्थी आन्दोलनमा नाम, प्रतिष्ठा, इज्जत, राजनीति सबै थियो नि ! त्यसले मान्छेको मनलाई लोभ्याएको पनि हुनसक्छ । अथवा, हामी जस्ता कार्यकर्ताहरुमा चेतनाको नयाँ क्षितिज उघारिएकै पनि हुनसक्छ । कारण अरु नै केही हुनसक्छ - मेरो श्रीमानको स्वार्थ चाहिं हुनसक्दैन । हामीले जानेसम्म एउटा व्यक्तिको इच्छा पार्टीको योजना हुने कुनै आधार त्यहाँ भित्र बनेकै थिएन ।

लौ मैले बेकारमा किन उहाँलाई जोगाउनु पर्‍यो ! कोही पनि जोगिने वा नजोगिने भनेको आफ्नै कर्मका कारण हो । हामी त टेको मात्र हुनसक्छौं । अरुले जोगाइदिएर संसारमा कोही जोगिदैन । मान्छेलाई त्यस्तो लागेको मात्र हो । कर्मबाट पृथक रहेकोलाई तपाईं कसरी जोगाउन सक्नु हुन्छ र ?

यो गनथनलाई पनि छोडिदिनुस् । हामीले एउटा नयाँ निर्णय पाएका थियौं र मैले जिल्लाका नेताहरुसँग आफू पढ्न जाने आग्रह राखें । जिल्लाले मलाई पढ्न छुट्टी दिने भयो । दुई वर्षका लागि मैले छुट्टी पाएँ । दुई वर्षपछिको परिस्थितिले नयाँ निर्णय गराउंछ भनेर साथीहरुले मलाई आश्वस्त पार्नुभयो । म गाउँ छोडेर जांदैछु भन्ने सम्झिदा साथीहरु खिन्न हुनुहुन्थ्यो । स्वयं मै पनि नमिठो मानिरहेकी थिएँ । कहिलेकाहीं एकान्तमा म भक्कानिन्थें । आफ्नै भैसकेका यस्ता साथीहरु म फेरि कहाँ पाउंला भनेर मनमनै अत्तालिन्थें । साह्रै मन पिरिन थालेपछि दुई वर्षपछि त भेट भैहाल्छ नि भनेर म आफूलाई सम्हाल्थें ।

पढ्न जानु अघि काम गरेका सबै गाउँका साथीहरुसँग मैले बिदा मागें । साथीहरुले भेट्दै गरौं है भनेर मलाई बिदा दिनु भयो । म बि. ए. को पढाई शुरु गर्न काठमाण्डौ आएँ ।

काठमाण्डौ आएपछि मेरो व्यक्तिगत जीवन संघर्ष शुरु भयो । काठमाण्डौ आएको केही महिनामा मेरो बिबाह भयो । यद्यपि विवाहको हनिमुन पनि हामीले मनाउन पाएनौं भनेर मैले माथि नै भनिसकेकी छु । तापनि मेरो मन हनिमुनको रमाइलोमा धेरै दिनसम्म रङ्गिइरह्यो । उहाँको मायालु सम्झनालाई अंगालोमा बाँधेर म हरेक रात निदाउथें र नरम स्पर्शले म प्रत्येक बिहानी ब्युंझने गर्थें ।

बिबाहपछि मैले बा आमाको पैसाले पढ्नु उचित ठानिन । मलाई किन त्यतिबेला त्यस्तो लाग्यो थाहा छैन । तर मैले अठोट गरें - मेरो बिबाह भैसकेको छ, म वयस्क भैसकेकी छु र यस्तो अवस्थामा मैले बाबुआमाको कमाइ खानु हुंदैन । मैले निर्णय नै गरें - अब पढ्ने हो भने मैले आफ्नै खुट्टामा उभिनु पर्छ ।

मैले किन यस्तो सोचें ? थाहा छैन । तर जे भए पनि मैले यस्तै सोचें ।

अहं, दुइ कारणले त्यो सम्भव थिएन । तपाईंलाई किन ढाँट्नु ? मेरो श्रीमानको घर परिवार हामी जति सम्पन्न थिएन । त्यो विपन्न थियो । गरीब थियो । त्यसैले मैले त्यो परिवारसँग खर्च माग्नै हुंदैनथ्यो । मेरो विवेकले माग्नै दिदैनथ्यो । आफैं बाँच्न धौ धौ परिरहेको त्यो परिवारसँग मैले पैसा मागेर पढ्ने कल्पना गर्नु पनि मेरा लागि अपराधवोध हुन्थ्यो ।

दोश्रो कारण, हामीले पालन गर्नुपर्ने गोपनियता थियो । उहाँको परिवारमा सरकारको आँखा गाडिएको थियो । म पनि एकपल्ट हराइसकेकी थिएँ । त्यसै हुनाले हामी ज्यात्वित्ति घनिष्ट हुनु उचित हुंदैनथ्यो । हामीले एक अर्कालाई साथी भन्दा फरक देखिने व्यवहारमा बाँध्नु सुरक्षाको हिसाबले सही हुंदैनथ्यो । त्यसैले मैले आफ्नो पढाइ र आफ्नो जीविकाको सन्दर्भमा मेरो श्रीमानको परिवारलाई सम्झिनु पर्ने ठाउँ भेटिन ।

म कामको खोजीमा लागें । तर काम, म आइदिउंला भनेर पर्खिएर बसिरहेको थिएन ।

मैले घरमा पैसा नपठाउनु भनेर खबर पठाएँ । बाआमाको मन मानेन । उहाँहरुले पैसाको साटो दाल, चामल पठाउन थाल्नुभयो । मैले त्यो पनि पर्दैन भनें । उहाँहरुले पठाउने क्रम घटाउनु भयो ।

तर मेरो यो वीरताले मलाई लतार्न थाल्यो । पैसाको अभावले मलाईं गाँज्न थाल्यो । पहिलो छ महीनामा मैले आफ्ना सुनका गहना बेचेर जीवन चलाएँ । अहं, जागीर पाइएको होइन । तपाईं अहिले मलाई हेर्दा पत्याउन पनि सक्नुहुन्न । तर मैले त्यो पत्याउनै नसक्ने काम पनि गरें । कल्पना गर्न सक्नु हुन्छ ? अहं सक्नुहुन्न । एकदिन मैले इन्द्रचोकमा गएर आफ्नो एउटा महंगो साडी बेचेर महीना धान्ने पैसा ल्याएँ ।

साडी बेचेको रात म बेस्सरी आत्तिएँ । मैले काठमाण्डौको पढाइ छोडेर गाउँ जाने, कतै मास्टरी गर्ने, श्रीमानलाई राजनीतिमा सघाउने र आफूले जीविकोपार्जनको उपाय निकाल्ने कल्पना गरें । तर जीवन कल्पना जति सजिलो थिएन । त्यतिबेला म विद्यार्थी संगठनको अंचलस्तरीय कमिटीमा थिएँ । पार्टीले मबाट कामको अपेक्षा राखेको थियो । साथीहरु मेरो फरासिलोपन, आत्मविश्वास र आँटबाट प्रभावित हुनुहुन्थ्यो । त्यस्तो स्थितिमा म झरेको कांक्रो जसरी चटक्क चुंडिएर हिंड्न कहाँ सक्थें र ?

हुनसक्छ, लाखौं मानिसहरु मेरो भन्दा चरम दैन्य भोगेर जीवन बाँचिरहेका होउन् । सबैलाई आफ्नै गरीबी गह्रुङ्गो लाग्छ । दिन, सधैं, गहभरि आँशु बोकेको साँझ जस्तो हुन्छ । तपाईं भीडमा पनि एक्लो हुनुहुन्छ । तपाईं भित्रको पिरोलो न कसैलाई सुनाउन सक्नुहुन्छ, न त्यसको दुखाइ सहेर तपाईं चुपचाप उभिन सक्नुहुन्छ । त्यसैले हरेक मनले आफू माथि घोप्टिएको गरीबीको खड्कुलोलाई नै ब्रह्माण्ड देख्छ र संसारमा आफू जति दुःखी अरु कोही छैनन् भन्ठान्छ ।

जीवनको एउटा खास घडीमा मैले त्यो यातना भोगेकी छु । पीडा खेपेकी छु । साथीहरु थुप्रै हुनुहुन्थ्यो । तर म उहाँहरुसँग दुःख बांड्न सक्दिनथें । मेरी एउटी साथी थिइ । म जस्तै लाहुरेकी छोरी । मैले उसैलाई अन्तरङ्ग बनाउन चाहें । उसैलाई मैले आफ्नो व्यथा सुनाएँ । मैले कसरी टुक्रा टुक्रा गर्दै आफ्ना गहनाहरु सिध्याएँ भनेर मैले उसलाई सुनाएँ । अझ मैले इन्द्रचोकमा साडी बेचेको कुरो सुनेपछि त त्यो छांगाबाट खसी । त्यसले धेरैबेरसम्म मेरो सत्य पत्याउनै सकिन । पत्याउन मानिन भन्दा अझ ठीक होला कि !

आफ्नो मनको ढोका अरुका लागि खोलिंदा सबभन्दा नमिठो लाग्दो रहेछ । साथीले मलाई बेस्सरी गाली गरी । "तिम्रा बा आमाहरु मरेका थिए ? तिम्रा भाइहरु सकिएका थिए ? हामी सबै समाप्त भएका थियौं ?" उसले रन्थनिदै मलाई हकारी । "होला, तिम्रो स्वाभिमान होला । तिम्रो आत्मसम्मान होला । तर ती सबै तिम्रा अभिमानका रङ्गहरु मात्र हुन् । ती तिम्रा अहंकारका दागहरु मात्र हुन् । मान्छे नहुनुका संस्कार हुन् । जिन्दगी एक्लो हुंदैन भन्ने बुझेर पनि तिमीले आफूलाई एक्ल्याउनु भनेको तिम्रा घमण्डका टाटाहरु हुन् ।"

साथीको गालीले मलाई एकछिनका लागि धरातलमा ओराल्यो । हुनसक्छ, मै भित्रको अहंकारले मलाई सारी बेच्ने ठाउँमा पुर्‍यायो होला । त्यसैले मैले एकपल्ट घर जाने मन बनाएँ । आफ्नो आत्मविश्वास टुटेको हुनाले घरले मलाई पढाउन फेरि खर्च दिनुपर्ने आग्रह गर्ने मन बनाएँ । म झण्डै हिंडेकी पनि थिएँ । तर अन्तिम घडीमा मेरा पाइला रोकिए । चामल पठाउदा समेत चाहिन्न भन्ने म, चार महीना बित्दा नबित्दै फेरि पैसा माग्न जाँदा मेरा बाआमाले त्यसलाई कसरी लिनु होला ? अथवा, आमा बाहरुले मेरो श्रीमानलाई हियाउनु पो होला कि ! अथवा भाइहरुले फेरि केही भनि हाल्ने पो हुन् भन्ने जस्ता डङ्गुर प्रश्न र अत्याहटका लाप्साहरुले मलाई किचे । तिनले मलाई नराम्ररी चिथोरे । उठिसकेका मेरा गोडाहरुलाई मैले खम्बा जसरी अड्याएँ । 'होस्, बरु मेरो अहंकारले मलाई सिध्याओस्, तर म घर जान्न,' मैले मनमनै अठोट गरें ।

कहिलेकाहीं अनौठो सन्जोग फुर्छ । त्यो भुंवरीभित्र त्यस्तै भयो । मेरी त्यही संगीको मद्दतले मैले घरेलु विभागमा अस्थायी सरकारी जागीर पाएँ । नचिताएको ढङ्गले मेरो ज्यान जोगियो ।

त्यो मेरो पहिलो सरकारी जागिर थियो । म चिनजानको मन्त्रीको सोर्सबाट जागिर खान पुगेकी थिएँ र कार्यालयमा मेरो दबदबा पनि थियो । हाकिमले मलाई राजनीतिकी विद्यार्थी भनेर चिन्थे । तर मन्त्रीको फोनबाट जागिर खान पुगेकी हुनाले उनी मसँग उत्तिकै डराउँथे पनि । त्यसैले त्यो जागिर मेरो काममा ठूलो सहयोगी भयो ।

तर मैले घरेलु विभागमा वर्ष दिन पनि जागिर खान पाइन । मैले काम गर्न थालेको त्यस्तै पाँच महिना भएको थियो जस्तो लाग्छ । अकस्मात मन्त्रीमण्डल पुनर्गठन भयो । मलाई सिफारिस गर्ने मन्त्रीको जागिर फुस्कियो । त्यसको हप्ता दिनमा कार्यालय प्रमुखले मिठै मुखले त्यो सानो जागिरबाट मलाई पनि बिदा दिए ।

त्यो जागिर छुट्ने कुरो मेरो लागि कति कष्टदायक थियो भनेर अहिले तपाईं अनुमान पनि गर्न सक्नुहुन्न । मलाई त्यतिबेला लाग्न मात्र थालेको थियो, 'अब साँघुरै हालतमा भए पनि मेरो जीवन व्यवस्थित हुन थाल्नेछ । म आफ्नो पढाइलाई पुरा गर्नेछु । वर्षको एकैजोर लुगामा भए पनि म मेरो श्रीमानलाई सहयोग गर्न सक्ने भएकी छु ।'

मनका जपनाहरु धेरै थिए । ती सबै चुँडिए । म फेरि अँध्यारो भित्र फनफनी घुमिरहेको अर्को भुंवरीमा खसें । भुंवरीमा लपेटिंदा लपेटिंदै मैले अठोट गरें - अब यस्तो सिफारिसको जागिरै खान्न ।

दुई महिना मेरो जीवन फेरि बिजोकका थपेडाहरुबाट कुटियो । अब झण्डै झण्डै मेरो रन्थनिने बेला आइसकेको थियो । ठीक त्यहीबेला मैले अर्को जागिर भेट्टाएँ ।

मैले खाएको दोश्रो जागिर स्कूलको मास्टरी थियो । केही मन मिलेका साथीहरुले एउटा बोर्डिङ्ग स्कूल खोल्नु भएको थियो र म स्कूलकी राम्री शिक्षिका मध्यकी एउटी थिएँ । स्कूलका संचालकहरुले मलाई दार्जिलिङ्गकी मिस बनाइदिनु भएको थियो । दार्जिलिङ्गबाट ल्याएपछि जस्ता शिक्षिकाहरु पनि जान्ने हुन्छन् भन्ने भ्रम छ नि शहरमा ! हो, त्यही भ्रमले मलाई त्यो स्कूलकी दार्जिलिङ्गे मिस बनाइदिएको थियो । शुरुमा मलाई, त्यो स्कूल मेरो स्थायी जागिरको घर हुनेछ जस्तो लागेको थियो । संचालकहरु सहकारिता, सामूहिकता, सामाजिक न्याय र समानताका ठूल ठूला कुरा गर्थे । तर रहँदै बस्दा थाहा भयो - बोर्डिङ्गका मालिकहरुलाई शिक्षिका होइन, एउटी दासी चाहिएको रहेछ । उनीहरु त्यस्ती दासीको खोजीमा रहेछन् - जोसँग अनुहार, रुप, बोली मात्र होइन, चारणपन पनि पर्याप्त हुनुपर्ने रहेछ । म त्यस्ती दासी हुन सकिन । त्यसैले मेरो स्वतन्त्रता, उनीहरुका लागि सिस्नु भएछ । मैले कार्यालयलाई कार्यालय अनि आफ्नो जीवनलाई आफ्नै जीवन बनाउन खोजेको कुरा उनीहरुका लागि सैह्य भएनछ । त्यसैले त्यहाँ पनि म धेरै दिन टिकिन । होला, मैले त्यहाँ यस्तै पाँच सात महिना काम गरें हुंला । ती पाँच सात महीनामा पनि चार महीना त मैले आफ्नो स्वाभिमानलाई पटक पटक घाइते तुल्याएर काम गरें । अभाव र गरीबीको राक्षसको आँ गरेको कालो अनुहार आँखा अगाडि ननाचेको भए शायद म त्यहाँ तीन महीना भन्दा बढी कामै गर्दिनथें हुंला । मेरै विवसताले मेरो स्वाभिमानलाई गाँजेर चार महीना अरु ठेल्यो । तर मैले सहनै सकिन । आखिरमा, मुखले एउटा बोल्ने र व्यवहार अर्कै देखाउनेहरुको कहिल्यै संगत गर्नु नपरोस् भनेर म त्यहाँबाट सदाका लागि बिदा भएँ ।

त्यसपछि भने स्कूलको शिक्षिका पद नै मेरो जीवनको नियति बन्यो । केही समयको शिक्षणले मेरो 'दार्जिलिङ्गकी मिस' को परिचयलाई धेरै स्कूलहरुमा पुर्‍याएको थियो । त्यसैले स्कूलहरुसँग काम मागेर मेरा लागि सजिलो पनि भैदियो । त्यो स्कूलबाट निस्किएको भोलिपल्ट मैले अरु केही स्कूलका प्रमुखहरुसँग कुरा गरें र तेश्रो दिनमै मैले अर्को स्कूलमा काम पाएँ । यद्यपि काम अत्यन्तै कष्टको थियो । मेरो जीवनमा फेरि त्यति कष्टदायी क्षण आउँछ कि आउँदैन म भन्न सक्दिन । शायद आउदैन होला । अहिले सम्झिदा म आफैंलाई अनौठो लाग्छ । त्यो जीवन मैले कसरी बाँचे हुंला भनेर म आफैंसँग कहिलेकाहीं डराउने गर्छु । तपाईं सुन्नुहुन्छ ? त्यतिबेला म बिहान पद्मकन्या क्याम्पसमा पढ्थें अनि दिउसो टोखाको स्कूलमा पढाउन जान्थें । अर्थात्, म बिहान पाँच बजे उठ्थें । हातमुख धोएर क्याम्पस जान्थें । क्याम्पसको क्याण्टिनमा नौ बजे जे भेटिन्थ्यो म त्यही खान्थें । त्यसपछि जमलमा आएर बुढानिलकण्ठको गाडी समाउथें । हात्तिगौंडासम्म बसमा जान्थें । त्यसपछि दौडिंदै टोखातिर हान्निन्थें । चार बजे स्कूल छुटेपछि लखतरान परेर म हात्तिगौंडासम्म हल्लिंदै हल्लिंदै आइपुग्थें । फर्किंदाको बसमा त्यति भीड हुंदैनथ्यो । म सिटमा आफ्नो ज्यानलाई भ्यात्त फ्याक्थें । त्यहाँबाट म कसरी कोठासम्म आइपुग्थें भन्ने कहिल्यै थाहा पाउदिनथें ।

अहिले सम्झिन त सजिलै होला - तर त्यतिबेला भोग्न मलाई साह्रै गाह्रो थियो । कहिले म कक्षा कोठामा पढाइरहेको बेला मुर्छै पर्न खोज्थें । कहिले बसबाट ओर्लिन म होस पाउदिनथें । कहिले कोठामा आएर पछ्यारिएपछि बिहानको घडी, चर्किएर अलार्ममा कराउन थालेपछि मात्रै मेरो चेत खुल्थ्यो ।

अहो ! मेरो जीवनले त्यस्तो दिन पनि भोग्यो !

त्यो दुःखलाई यतिबेला त खालि सम्झिने न हो । तर त्यतिबेलाको जीवनतिर फर्किएर हेर्दा मलाई लाग्छ - गरीबी सिर्जनाको खानी हो । सकृयताको नदी हो । त्यतिबेला गरीबीले मलाई नपोलेको भए र बा आमाले दिएको पैसाले म भित्र सन्तोक जन्माइदिएको भए, म आज यो स्थानमा आउथें भनेर कल्पना पनि गर्न सक्दिन । त्यसैले ती पिडादायी रातहरुसँग खाली अंध्यारोपन मात्र छैन, त्यहाँ बादलको छेउमा टाँसिने उज्यालो चांदीको घेरा पनि समेटिएको छ । मैले त्यसपछिको जीवनका सुन्दरताको चित्रकारी त्यही कष्टकर श्रमका धर्साहरुले कोरेकी थिएँ । अहिले पनि मैले आफ्नो दुःखलाई जस्ताको तस्तै उतारेकी मात्र हुं । यो अन्तुबाट देखिने, मनभरि आशा संगालेर हेरिरहुं जस्तो लाग्ने अर्धरात्री पछिको रातो सूर्य हो ।

तपाईंले श्रीअन्तुबाट मध्यरात पछिको सूर्य हेर्नुभएको छ ? छैन ? हेर्नुहोला । त्यो त स्वर्गीय आनन्द हो ।

यो सूर्योदयको चर्चा पछि गरौंला । अहिले तपाईंका प्रश्नहरुतिरै मन डोलाउँ ।

मैले यही दुःखका बीचमा बि. ए. को जाँच दिएँ । बि. ए. सकिएपछि मैले शहरको स्कूलमै शिक्षिकाको जागिर पाएँ । पहिलेको जागिर भन्दा यो सजिलो थियो र राम्रो पनि थियो । पैसा पनि अलिक बढी नै आउथ्यो । मेरा बा र आमाको विवेक, अरु कुनै पनि बा आमाको भन्दा बढी थियो भन्ने मलाई लाग्छ । तर यो कसैसँगको तुलना होइन, मेरो आफ्नो लगाइ मात्र हो । म घरसँग केही मागिदनथें, तर त्यतिबेला उहाँहरु कुनै न कुनै निहुं पारेर काठमाण्डौ आइरहनु हुन्थ्यो र काठमाण्डौ आउदा उहाँहरुसँग दाल, चामल, तेल, घिउ र यहाँसम्म कि बेसार पनि आइपुग्थ्यो । बाले भाइहरुलाई मेरो अवस्थाका बारेमा केही लेख्नुभएको थियो होला । त्यसैले भाइहरुले, औसर पऱ्यो कि साडीहरु पठाइ दिन्थे । आफू आउदा आठआना वा एक तोलाको सुनको गहना ल्याइदिन्थे । त्यतिमात्र होइन, बा, परिवारका जोकोहीलाई पनि, हाम्रो खलकमा बि. ए. पास गर्ने पहिली छोरी भनेर मेरो परिचय दिनुहुन्थ्यो र भन्नुहुन्थ्यो, "यसलाई एम. ए. पढ्न हामी सबैले सघाउनु पर्छ । हाम्री छोरी एम. ए. पढेकी देवानकी पहिली छोरी हुनेछ ।" बाको यो आग्रहका कारण पनि मेरो सिङ्गो परिवार अप्ठ्यारोमा मलाई सघाउन आतुर भेटिन्थ्यो ।

तर म आफैं त्यो सहयोगमा रमाउन सक्दिनथें । त्यसले मलाई बेला बेलामा पिरोल्थ्यो । मलाई त्यसले हल्लाउथ्यो । "के मेरो जीवन यही सहयोगको नौका खियाएर चिप्लिइरहने हो ? म प्रायः हरेक साँझ आफैंलाई सोध्ने गर्थें ।"

म बिस्तारै एउटा नयाँ सोचतिर लम्किन थालें । मेरो जीवनको आजको मोड त्यही शिक्षिकाको जागिरले ल्याईदिएको हो । त्यसैले शहरकी त्यो शिक्षिका, परिवारको राम्रो सहयोग पाएर पनि रन्थनिएकी सुम्निमा नै आजको मेरो जीवनको एउटी असल गुरु हो । त्यतिबेला मलाई खान र लाउन सघाउने त्यो स्कूल हुंदैनथ्यो भने तपाईं सुम्निमाको यस्तो कथाको फेद पनि पाउनु हुन्नथ्यो ।

ठिकै भन्नु भो, अब मैले एउटा मोडमा उभिनु पर्छ । त्यो मोड कस्तो थियो ? थाहा छैन कस्तो थियो । तपाईंले जस्तो चाहनु हुन्छ, त्यो त्यस्तै बन्छ । त्यसैले मैले बेहोरेको त्यो मोड तपाईंको लेखनीको सन्तान हो ।

मैले काम गर्ने स्कूलमा म जस्ता दुइ जना महिला साथीहरु हुनुहुन्थ्यो । दुबै जनाका श्रीमानहरु पार्टीको पेशेवर कार्यकर्ता हुनुहुन्थ्यो र काठमाण्डौ बाहिर कतै खटिरहनु भएको थियो । एक जना म जस्तै हुनुहुन्थ्यो । अर्थात्, उहाँको पनि भरखर भरखर बिहे भएको थियो । अर्की साथीको काखमा एउटा टुकटुकु हिंड्ने बच्चा थियो र पेशेवर राजनीतिक कार्यकर्ताको पारिवारिक जीवनका बारेमा उहाँ हामी भन्दा धेरै अनुभवी हुनुहुन्थ्यो ।

हामी तीन जना खाजा खाने छुट्टीमा मनको धोको फेर्ने गरी गफ गर्थ्यौं । बेलामौकामा हामी एक अर्काको कोठामा जादै दुःख र सुखका कुरा साट्थ्यौं । विछोडको उस्तै खालको पिडा र भविष्यको उस्तै अनिश्चित चिन्ताले पिरोलेको हुनाले प्रत्येक अघिल्लो बिहान हाम्रो घनिष्टता बाक्लिएको हुन्थ्यो । हामी तीनै जना एक अर्कालाई जस्ताको तस्तै देख्न सक्ने भएका थियौं । त्यसैले हामी मनको धोको फुकाएर बात मार्ने भएका थियौं ।

"जीवन साह्रै गाह्रो भो । दुबै जना यो आन्दोलनको काममा लागिरहन सकिंदो रहेनछ । हजार बाह्र सय रुपैयाँको मास्टरको कमाइ । उहाँको पेशेवर जीवन । अनि आफ्नो पनि साँझ बिहानको बेफुर्सद । मलाई त थकाइ लाग्न थालेको छ," एकदिन म जस्तै साथीले भन्नुभयो ।

"अझ तपाईंको सन्तान छैन । सन्तान भएपछि तपाईंलाई यो पीडाले झन पोल्नेछ । मेरो त तै सासु ससुरा दुबै समझदार हुनुहुन्छ । गाउँमा उहाँहरु आश्रयदाता हुनुहुन्छ । मेरो समस्या उहाँहरु बुझ्नु हुन्छ । तर जसको परिवारमा सासु ससुरासँग राम्रो सम्बन्ध छैन, बिचरा त्यस्ता साथीहरुको बेहालको त कल्पनै गर्न नसकिने हुन्छ ... ।"

साथीहरुको कुरा सुन्दा सुन्दै म आत्तिएर भीरबाट खस्थें । मेरो न टेक्ने ठाउँ थियो न समाउने हाँगो । म जे थिएँ, आफ्नै खुट्टामा थिएँ । मेरो त्यो खुट्टालाई भरथेग गर्ने के थियो ?

अहं, केही थिएन ।

मैले भरथेगको आड आफैं निर्माण गर्ने निर्णय गरें । मैले श्रीमानसँग यसको अनुमति मागें भनें उहाँले दिनुहुन्न भन्ने मलाई थाहा थियो । उहाँले फेरि त्यही स्वार्थ, त्यही त्यागको कहानी हाल्नु हुन्छ भन्ने पनि मलाई थाहा थियो । त्यसैले मैले उहाँ जत्तिकै जिम्मेवार, अर्को साथीसँग कुराकानी गर्ने निर्णय गरें । मैले किन आफ्नै खुट्टामा उभिएर अरुलाई सहयोग गर्नसक्ने हुनुपर्छ भनेर सम्झाउने र आफ्नो पक्षमा निर्णय गराउने अठोट गरें ।

भूमिगत भए पनि हामी त्यस्ता साथीहरुलाई चिन्थ्यौं । मेरो दाम्पत्य जीवनले मलाई त्यति जान्ने ठाउँमा पुर्‍याइसकेको थियो । कतिपय जिम्मेवार नेताहरु, सहज ढङ्गले हाम्रो कोठामा आउनु हुन्थ्यो । आफ्ना गोपनिय सामान र सम्पर्कका बारेमा जानकारी दिनुहुन्थ्यो । कतिपय जिम्मेवार साथीहरु हाम्रै कोठामा आफ्ना परिवारका सदस्यहरुसँग भेटघाट पनि गर्नुहुन्थ्यो । त्यसैले हामीले भूमिगत जीवनको पारदर्शितालाई आफूमा समेटेका थियौं भन्दा पनि हुन्छ ।

होइन, होइन, लुकाउनु पर्ने के छ र ? तर जसले मलाई प्रोत्साहित गर्नुभयो, जसले मलाई टेवा दिनुभयो, उहाँ अहिले यो धर्तीमा हुनुहुन्न । मेरो जीवन उहाँको चीर ऋणी छ । अरु साथीहरुले पनि मलाई आडभरोसा दिनु भएको छ । अहिले काम गरिरहनु भएका साथीहरुले मलाई प्रेरित गर्नुभएको छ । सहयोग गर्नुभएको छ । तर मैले आफ्नो प्रस्ताव राखेको साथीले इतिहासमा आफूलाई शहिदहरुको अघिल्लो पंक्तिमा उभ्याइसक्नु भएको छ । त्यसैले हामी उहाँलाई श्रद्धाका साथ सम्झौं - विज्ञापनमा परिभाषित नगरौं । त्यतिबेला उहाँले अत्यन्तै खुशी भएर मेरो प्रस्ताव सकार्नु भएको थियो । "यो एउटी महिलाको, आफ्नो खुट्टामा उभिने प्रस्ताव हो । यो एउटी कार्यकर्ताको, पार्टीको बोझ अलिकति भए पनि हलुङ्गो पारौं भन्ने आग्रह हो । यो, एउटा पेशेवर कार्यकर्ताको परिवारको आत्मनिर्भरता र सहयोगको प्रस्ताव हो । त्यसैले तपाईं आफ्नो काममा लाग्नुहोस् र यसमा सफल हुनुहोस भनेर म शुभकामना दिन चाहन्छु ।"

त्यतिबेला उहाँले भन्नुभएका उत्साही शब्दहरु सदाका लागि फलामे अक्षर भएर मेरो मानसमा टाँसिएका छन् ।

"यावा," (बोलीमा शब्द झुण्डिएको हुनाले म नेताहरुलाई पनि यावा भन्थें । त्यतिबेला बाटाघाटामा पनि त्यो एउटा सुरक्षित शब्द थियो ।) मैले त्यसभन्दा अगाडि भनेकी थिएँ, "ब्यवसायको थालनी सँगै म तपाईं समक्ष अर्को एउटा प्रस्ताव राख्न चाहन्छु । म आफ्नो खुट्टामा उभिन र मेरो श्रीमानलाई ढुक्कले आफ्नो काममा लागिरहने वातावरण बनाउन चाहन्छु । यति मात्र होइन, म पार्टीका साथीहरुलाई पनि सहयोग पुग्ने काम गर्न चाहन्छु । पार्टीको, खुला फांटको एउटा कार्यकर्ताले भन्दा बढी योगदान गर्न सक्ने काममा म हात हाल्न चाहन्छु । म एउटा स्कूल संचालन गर्न चाहन्छु । त्यो स्कूलमा म पार्टीका भूमिगत र पेशेवर कार्यकर्ताका छोराछोरीलाई सित्तिमा पढाउन चाहन्छु ।"

उहाँले त्यस्तो काममा पार्टीबाट खासै सहयोग गर्न नसकिने कुरा बताउनु भयो । खासगरेर आर्थिक रुपमा त केही गर्नै नसकिने कुरा बताउनु भयो । मैले भनें, "मलाई पार्टीको त्यस्तो सहयोग पटक्कै चाहिदैन । पार्टीले मलाई त्यो काम गर् भनेर प्रेरणा मात्रै दिए पुग्छ ।"

उहाँले सहज ढङ्गले मलाई नयाँ व्यवसायमा लाग्ने अनुमति दिनुभयो । मैले कामबाट छुट्टी पाएँ । छुट्टी पाउनु अघि नै मैले आफ्नो कामको योजना बनाइसकेकी थिएँ । केही साथीहरुसँग कामको बारेमा छलफल पनि गरिसकेकी थिएँ । मैले तिनै साथीहरुसँग मिलेर एउटा प्राथमिक विद्यालय स्थापना गरें ।

प्रारम्भमा ती पनि साँच्चिकै दुःखले भरिएका दिन थिए । तपाईं त्यो दुःखको पनि अनुमान गर्न सक्नुहुन्न भन्ठान्छु । हामीले स्कूल त खोलेका थियौं, तर हामीसँग चाहिने जति विद्यार्थी थिएनन् । त्यसैले म छिमेकका टोल टोलमा गएर आफूले चिनेका साथीहरुका छोराछोरी आफैं बोकेर ल्याउंथे । बेलुका पढाइ सकिएपछि म आफैं तिनीहरुलाई कम्मरमा च्यापेर आमाबाबुको काखमा हालिदिन्थें । दुई तीन जना

नानीहरुलाई कम्मरमा च्यापेर, हातमा डोर्‌याएर टोल टोलमा चाहार्नु कस्तो झण्झटिलो हुन्छ भन्नुस त ! मैले त्यो पनि गरें । हो, पहिले अरुको स्कूलमा काम गर्दाको जस्तो थकाइले त्यतिबेला मलाई पोल्दैनथ्यो । म यो सबै काम आफ्नै लागि गरिरहेछु, आफ्नै भविष्यको लागि गरिरहेछु भन्ने सपनामा म रुमल्लिएकी हुन्थें । त्यसैले म भित्र सधैंभरि आकाश जस्तो कन्चन उत्साह तैरिइरहन्थ्यो । मेरो मन टाढाबाट हेर्दाको हिमाल जस्तो सफा र सपाट थियो । जहिले पनि मलाई लाग्थ्यो - मेरो मनमा घाम खेलिरहेछ ।

हामीले त्यतिबेला स्कूलमा होस्टल पनि चलाएका थियौं । त्यस्तै १६ जना विद्यार्थी थिए । तिनका लागि म आफैं खाना बनाउथें । म आफैं भाँडा माझ्थें । म आफैं केटाकेटीका फोहोर लुगाकपडा धुन्थें । शुरुको मेरो सम्पन्न पारिवारिक जीवन र अहिलेको मेरो सुखी पारिवारिक जीवनको बीचको त्यो कामलाई हेरेर तपाईं आफैं कल्पना गर्नुस् - मेरा लागि त्यो कति यातनादायी थियो होला ? आफ्ना भाइबैनीको गुहुमुत समेत नछोएकी मैले जान्दै नजानेका केटाकेटीहरुको दिशापिसाब सफा गर्नुपर्दा कसरी आफूलाई टिकाउन सकें हुंला ? तपाईंलाई थाहा छ ? घोपा क्याम्पबाट निस्किएपछि मैले कांटा चम्चाको प्रयोग गर्न छोडेकी थिएँ । घरमा बस्दा म हातैले भात खान्थें । तर पछि आफूले स्कूल चलाउन थालेपछि मैले आफ्नै हात फोहोर भएको ठानेर फेरि कांटा चम्चा प्रयोग गर्न थालेकी हुं ।

तपाईंलाई एउटा रमाइलो प्रसङ्ग सुनाउं ? एकदिन म बच्चाहरुले खाएका भांडा माझिरहेकी थिएँ । मेरो शरीरमा मैलो कपडा थियो र मेरा हातहरु घिनलाग्दा थिए । त्यहीबेला आफ्नो बच्चालाई छात्रावासमा भर्ना गर्न एकजना सुकिलो अभिभावक आउनु भयो । उहाँसँगै आउनु भएको शिक्षक साथीसँग अभिभावकले अंग्रेजीमा सोध्नुभयो, "भान्से हो ?"

शिक्षक साथीको धर्मसंकट मेरो आँखा अगाडि नाचिरहेको थियो । उहाँ न हो भन्न सक्नुहुन्थ्यो, न होइन भन्न सक्नुहुन्थ्यो । स्कूलको मुख्य मान्छेलाई भान्से बनाउन उहाँको मनले मान्दैनथ्यो । होइन भन्दा अभिभावक भड्किएलान र बच्चा नपाइएला भनेर उहाँले पिरिनु पर्थ्यो । त्यसैले उहाँलाई त्यो अप्ठेरोबाट जोगाउँदै मैले अभिभावकलाई नमस्कार गरें र के तपाईं बच्चाहरुको कोठा हेर्न चाहनु हुन्छ भनेर सोधें ।

अभिभावकले त्यसो भए तपाईं आया हो भनेर सोध्नु भयो । मैले भनें, "म बच्चाहरुकी आमा हुं । आमा हुन जे गर्नुपर्छ म त्यो सबै गर्छु ।"

त्यतिबेला उहाँले मेरो भाषा बुझ्नु भएन ।

तर पनि हाम्रो छात्रावासमा एउटा नयाँ बच्चा थपियो । महिना दिनपछि पैसा बुझाउन आउंदा अभिभावकले मलाई चिन्नुभयो र छक्क पर्दै सोध्नुभयो, "म्याडम, कसरी तपाईं यो दुइटै भूमिका एकैचोटी निर्बाह गर्न सकिरहनु भएको छ ?"

मलाई अहिले पनि थाहा छैन - कुन प्रेरणाले त्यतिबेला मलाई आया, भान्से, नोकर्नी, वार्डेन, शिक्षिका र विद्यालयकी मालिक्नी बनाउन सकेको थियो । तर तपाईंलाई भनौं ? मैले दुइ वर्ष अर्थात चौबिस महिना यो भूमिकालाई जोगाएर राखेकी थिएँ । त्यो छात्रावास मेरो परिवार थियो । केटाकेटीहरु मेरा छोराछोरी थिए, भाइबहिनी थिए । तिनीहरु विमारी हुंदा मेरो कपाल दुख्थ्यो । तिनीहरु हाँस्दा मेरो मन आँगनमा गएर छुनमुनाउदै नाच्न थाल्थ्यो ।

राम्रो प्रश्न सोध्नुभयो । म त कता पो बगेंछु ? यो स्कूल शुरु गरेको सोह्र वर्ष भयो । त्यतिबेला एउटा स्कूल थाल्न पचास, साठी हजार भए पुग्थ्यो । मैले अरु दुइ जना साथीहरुसँग मिलेर स्कूल थालेकी थिएँ । मैले बा आमासँग बीस हजार रुपैयाँ सापटी मागें । मेरो बा साह्रै खुशी हुनुभयो । एक त छोरीले एउटा पौरख आरम्भ गरी भनेर खुशी हुनुभयो भने अर्कोतिर आफूले छोरीको त्यो महान कार्यमा सहयोग गर्न पाएँ भनेर खुशी हुनुभयो । मेरो बाआमाको खुशीले म भित्रको आत्मविश्वासलाई झन बलियो बनाइ दिएको थियो त्यतिबेला । मैले बासँग सापटी भनेर पैसा मागेकी थिएँ । बाले भन्नुभयो, "सके तिर्नु, नसके भाइ बहिनीलाई पढाएर तिरें भन्ठान्नु । यतिले पुगे चलाउनु, नपुगे चाहिने जति थपिदे भन्नु । तेरो पौरखले हाम्रो कुलको इज्जत बढाउनेछ । देवानको छोरीले खोलेको यो पहिलो स्कूल हुनेछ ।"

मेरा हरेक कामहरु मेरा बाका लागि देवानको सन्तानले गरेको पहिलो काम हुन थालेका थिए ।

शुरुमा स्कूलको योजना बनाउदा हामी तीन जना साथीहरु थियौं । तर एक जना साथीले योजना बन्दा बन्दै हामीलाई छोडिदिनु भयो । उहाँ संलग्नै हुनुभएन भन्दा पनि हुन्छ । दुइ चार वर्ष स्कूल घाटामा जान्छ भन्ने महसुस भएपछि, स्कूल नथालिदै उहाँ सरक्क बाहिरिनु भएको थियो । अर्को साथी पनि एक

वर्षपछि थाक्नु भयो । उहाँ पछि जर्मनी तिर लाग्नु भयो । यसरी तेश्रो वर्ष लाग्दा म अनौठो गरी एक्लिएँ । कैयौं रात मैले आफैंलाई नचाहिंदो काममा किन हात हालेंछु भनेर धिक्कारें । बेला बेलामा मेरो आत्मविश्वास हुरीको हुण्डरीमा हल्लिएको बाँसको झाङ जसरी हल्लिन्थ्यो । साथीहरुले जसरी स्कूल छोड्नु भयो - त्यसरी छोड्न सक्ने हालतमा म थिइन । टाउकामा एक लाखको रीन चुलिइसकेको थियो र रीन तिर्ने कुनै उपाय मेरा सामू थिएन । त्यो रीन म जागिर खाएर पनि तिर्न सक्ने थिइन ।

मसँग एउटै मात्र उपाय थियो - आफ्नो खर्च घटाउनु र जसरी हुन्छ धेरै भन्दा धेरै कमाइ गर्नु । मैले त्यसै गरें ।

मैले आफ्नै परिवारका सदस्यहरुलाई स्कूलको काममा लगाएँ । मेरो बाले फेरि आफ्ना उदार हातहरुले मलाई सहयोग गर्नुभयो । त्यतिबेला बा मलाई भेट्न आइरहनु हुन्थ्यो अनि आफूसँग उहाँले सधैं चामल, दाल, आलु, घिउ, तेल टन्न बोकाएर आउनु हुन्थ्यो । एउटा खास कालमा म साग समेत माइतीको खान्थें । मेरो छात्राबासका विद्यार्थीहरु काठमाण्डौ बाहिरको अन्न र अचार खान्थे ।

तीन वर्ष मेरो स्कूल घाटामा चल्यो । मेरो टाउकामा सवा लाख भन्दा बढी रीन चुलियो । तर पछिल्ला दिनहरुमा त्यो रीन आफ्नै परिवारजनमा खुम्चिएको थियो । त्यसैले त्यसले मेरो मानसिक पिडालाई पहिले जस्तो चर्को बनाएन ।

चौथो वर्ष मैले पहिलो किस्ता रीन तिरें । त्यतिबेला मलाई कस्तो लागेको थियो भनेर तपाईं कल्पना गर्न सकनुहुन्छ ? सक्नुहुन्न । मलाई लाग्यो - म स्वतन्त्र आकाशमा विचरण गरिरहेको चन्द्रमा हुं र मेरो ओरिपरी शितलताको छहराबाट पानीका फुहारहरु झरिरहेछन् । बच्चाहरुको भर्नाको पहिलो क्रम सकिएपछि मैले तिरेको पहिलो ऋणको रकम पैंतालिस हजारको थियो । दिउँसो तीन बजे मैले पैसा तिरें । त्यसपछि आफैं म बीर अस्पताल अगाडिको कुखुरा बजारमा गएँ । मैल चारोटा कुखुरा किनें । त्यतिबेला पनि हामी होस्टल चलाइरहेका थियौं । मैले ल्याएको कुखुरा छात्राबासका छोराछोरीलाई देखाउदै मैले खुशी भएर भनें, "आओ नानी हो, आज हामी लोकल कुखुराको सुपसँग मज्जाले भात खानेछौं । आजको दिन तिमीहरु मलाई सघाओ । यस वर्षदेखि म तिमीहरुको काम गर्ने आया राखिदिनेछु । तिम्रा लागि अब आया र भान्से अलग अलग हुनेछन् ।"

केटाकेटीहरुले मेरा नाचिरहेको मन देख्न सकेनन् । बिचरा उनीहरुको चेतनै त्यति गहिरो कहाँ थियो र ? तर नजानेरै भए पनि उनीहरु मेरो खुशीमा सहभागी भए । ठूला विद्यार्थीहरुले कुखुरा काटे, भुत्ल्याए र टुक्रा टुक्रा पारे । सानाहरुले मलाई भान्सामा सघाए । हामी सबैले एउटा नयाँ दिनको दशैं मनायौं ।

पाचौं वर्षमा म रीनमुक्त मात्र भइन, मैले अलिकति पैसा जोरजाम गरें । त्यही जोरजामले मैले काठमाण्डौमा आठ आना जग्गा किनें । त्यो जग्गा किनेको रात म सपनामा समेत हाँसिरहें । धर्तीमा मेरो आफ्नो छानो बनाउने माटो थियो । मैले आफ्नै भूमिमा पाइलो राख्न पाउने भएकी थिएँ । आफ्नो जमीन हुनुको खुशी तपाईंले कहिल्यै महसुस गर्नुभएको छ ? होइन, होइन । त्यस्तो माटोलाई आफ्नो माटो भन्नै मिल्दैन । त्यो त तपाईंको बाउ अथवा बाजेको पसिनाले फरफरिएको माटो हो । त्यो तपाईंको पसिना होइन । त्यसैले त्यो तपाईंको माटो होइन । तपाईंको पसिना बगेको माटो मात्र तपाईंको माटो हुन्छ । तपाईंले त्यो भिजेको माटोबाट उडिरहेको सुगन्धको स्वाद लिनु भएको छ ? छैन ? लिनुहोस् । तपाईंलाई लाग्छ - फुरफुर उडिरहेको त्यो सुगन्धले तपाईंलाई स्वर्गीय आनन्द दिइरहेछ ।

होइन, होइन, यो मेरो प्रष्टीकरण होइन । म आफ्नो जिन्दगीको बारेमा अरुलाई प्रष्टीकरण दिदै किन हिंडु ? तपाईंलाई थाहा छ ? मैले साथीहरुलाई प्रष्टीकरण दिनु पर्दैन । अनि मेरो अहित चिताउनेहरुलाई म प्रष्टीकरण दिनै चाहन्न । तपाईंले अब त के पनि बुझिसक्नु भयो भने, म जहाँ छु, त्यो म आफैंले बनाएको ठाउँ हो । कसैले मलाई बोकेर यहाँ ल्याएर राखिदिएको होइन । त्यसैले मैले कसलाई स्पष्टीकरण दिइरहनु पर्छ र ? मैले त यहाँ आफ्नो खुशी मात्र पोखेकी हुं । जग्गा, जमिन, घरद्वार केही नभएको मान्छेको आफ्नो माटो हुंदा त्यसको मन कति रमाउछ भनेर प्रष्ट्याउन मात्र खोजेकी हुं ।

त्यसपछि ? त्यसपछि त तपाईंले देखिरहनु भएको छ । म अहिले आफूसँग अत्यन्तै सन्तुष्ट छु । खुशी छु । म आफ्नो स्वतन्त्रतासँग प्रसन्न छु । मलाई लाग्छ - अहिले म कावा खांदै मुक्त गगनमा पल्टामारी खेलीरहेको बाज जस्तै स्वतन्त्र छु ।

अहिले सुन्दा तपाईंलाई केही जस्तो लागेन होला । तर मैले साँच्चै धेरै दुःख गरेका वर्षहरु यिनै थिए । यी वर्षहरुमा मैले भौतिक र मानसिक दुवै खाले यातना भोगेकी छु । मेरो गरीबी, मेरो अभावग्रस्त जिन्दगीको दुखाइ मेरा लागि शायद अलिक थोरै थियो होला । मैले ती चार ओटा वर्षहरुमा त्यो भन्दा चर्को मानसिक यातना भोगेकी छु । यस बीचमा मेरो चरित्र हत्या गर्ने कोशिश गरियो । म बेवारिसे भनिएँ । तपाईंलाई थाहा छ ? बिहे गरेको पाँच वर्षसम्म मैले सिन्दुर, पोते केही लगाइन । एउटी बिबाहित स्वास्नीमान्छेका लागि त्यस्ता वस्तुहरु कति प्रिय हुन्छन् भन्ने तपाईंले कल्पनै गर्न सक्नु हुन्न । केटाहरुसँग बोलेको, हाँसेको, हिंडेको, डुलेको देख्ता मान्छेले मेरो चरित्रै समाप्त भएको घोषण समेत गरे । अहो ! सम्झिदा अहिले पनि उल्टी आउन खोज्छ । किन मान्छेहरु शिकारी हुन रुचाउछन् थाहा छैन । तपाईं आफैं शिकारको रुपमा कसैद्धारा चेवा गरिनु हुंदा पनि आफू शिकार हुनुको कारण थाहा पाउन सक्नुहुन्न ।

म तपाईंलाई अर्को यस्तै एउटा रोचक घटना सुनाउँ ? ०४६ सालको आन्दोलन सकिइसकेको थियो र मेरो श्रीमान काठमाण्डौका सडकहरुमा घुमफिर गर्न थाल्नुभएको थियो । उहाँ सार्वजनिक कार्यक्रममा उभिइसक्नु भएको थियो र मान्छेले उहाँलाई चिन्न थालेका थिए । उहाँको परिचय सार्वजनिक भैसकेको थियो र उहाँ, चासो बनेर मानिसको अनुहारमा टाँसिन थाल्नुभएको थियो ।

त्यस्तै एकदिन अपरान्हपछि उहाँ र म बजारमा निस्कियौं । त्यहो हाम्रो जिन्दगीको पहिलो संयुक्त राजधानी यात्रा थियो । हामी इन्द्रचोक गयौं । उहाँका लागि एउटा कोटको कपडा किनिदिनु पर्ने थियो । हामी दुइ चार ओटा पसलहरुमा अलमलियौं । त्यसपछि अरु केही खित्रिङमित्रिङ सामान किन्न हामी एकाध घण्टा बजारमा घुम्यौं ।

भोलिपल्ट एउटा पत्रिकामा के छापियो ? तपाईं कल्पना गर्नै सक्नुहुन्न । छापियो - श्रीमान फलानो इन्द्रचोकमा एउटी जापानी केटीसँग रल्लिएर हिंडिरहेको थियो ।

बाफ रे ! श्रीमान श्रीमती पनि सँगै हिंड्न नपाइने यो कस्तो शासन होला ? म छक्क परें । आफ्नै श्रीमानसँग, आफ्नै श्रीमतीसँग त मानिसहरु यसरी बात् लाउछन् भने श्रीमान नदेखिएको श्रीमतीको कुन बेहाल भयो होला ! तपाईं आफैं कल्पना गर्नुस् ।

जापानी भन्दा रमाइलो लागेन रे ? तपाईंको प्रश्न गजबको छ । तपाईंलाई मैले पहिले नै भनिन ? प्रायः धेरैले मलाई चिनिया वा जापानी केटी नै भन्थे । मेरो बाले केटाकेटीमा मलाई जिस्क्याउनु पर्‌यो भने जहिले पनि मलायामा भेटेर ल्याएकी केटी भन्नुहुन्थ्यो । त्यसैले मेरो अनुहारमा, चीन जापानका स्वास्नीमान्छेहरुको अनुहारमा पाइने केही विशेषता थियो नै । अझ भेष्ट र पेण्ट लाएर हिंडेको समयमा त, कतिले मलाई तपाईंले यति राम्रो नेपाली कहाँ सिक्नुभएको भनेर सम्म सोधेका छन् । त्यसैले कसैले जापानी या चाइनिज भन्दा मलाई केही जस्तो लाग्दैन । त्यो भ्रमको स्वभाविक अनुहार हो जस्तो मलाई लाग्दै आएको छ ।

त्यतिमात्र होइन, त्यो कठिन कालमा चिनेकै साथीहरुले पनि मेरो पारिवारिक जीवन बिखण्डित गर्ने कोशिश गर्नुभयो । चिनेकै मानिसहरु झगडाको बीउ झोलामा राखेर कहिले मेरो त कहिले श्रीमान बस्नुभएको कोठामा पुग्नुभयो । आफ्नो खल्तीमा झगडा बोक्न किन मान्छेलाई रहर लाग्छ - मैले बुझेकी छैन ।

हुनसक्छ मान्छेको मनमा सधैं बाँचिरहने, तर हुर्किएर ठूलो हुन नसक्ने इर्ष्याको किराले त्यस्तो गरेको होस् । मलाई सम्झना छ - मैले स्कूल संचालन गरेका आरम्भिक वर्षहरुमा मेरो हुर्मत त्यति साह्रै खोसिएको थिएन । साथीहरु आउनु हुंदा म कहिले ठूला ठूला भाँडाहरु माझिरहेकी हुन्थें । कहिले भान्सामा भात पकाइरहेकी हुन्थें । कहिले धारामा ठूला ठूला ड्रमहरुमा पानी भरिरहेकी हुन्थें । साथीहरु आउथे, चिनारुहरु आउथे । मेरो कामसँगै उनीहरुको गफ पनि चलिरहन्थ्यो र प्रायः सबैले 'साह्रै दुःख पाउनु भयो नि' भनेर सहानुभूति नै व्यक्त गर्थे । अहं, तिनले बाहिर गएर मेरो कुरो काट्दैनथे ।

तर मैले कमाउन, जम्मा गर्न, अलिक रसिलो भरिलो खान थालेपछि मेरो विरुद्धमा सबैतिरको तीर सोझिएको जस्तो मलाई लाग्न थाल्यो । मेरो चरीत्रको विषयमा, मेरो आचरणको कुरामा, मेरो परिवारको सन्दर्भमा मैले चाहिने नचाहिने प्रष्टीकरण दिन थाल्नुपर्‌यो । हुंदा हुंदा कतिपयले त मेरो निष्ठामै पनि शंका उठाउन थाले ।

यो अहिले मैले तपाईंलाई आफ्नो दुःखेसो पोखेकी मात्र हुं । पुरानो घाउ कोट्याएर केही पनि साथीभाइको अनुहार सम्झिन कहाँ खोजेकी हुं र !

मैले स्कूल संचालन गर्न थालेको दोश्रो वर्षमा हाम्री छोरी जन्मिई । तर मैले छोरीको बाबु देखाउन सकिन । त्यसमा पनि मैले कतिपयको प्रहारको निशाना बन्नुपऱ्यो । साह्रै दिक्क भएपछि मैले भरखर जन्मिएकी छोरीको बाउलाई हङ्गकङ्गको अज्ञात लाहुरे बनाएँ र आफूलाई बचाएँ । स्वास्नीमान्छेको स्वतन्त्रता अनुभूत नै नहुने हाम्रो बिचित्रको मानसिकताले मलाई त्यो बेला रात रातभर रुवायो । के स्वास्नीमान्छेलाई आफ्नो अस्मिता प्यारो लाग्दैन ? के स्वास्नीमान्छे, पुरुषको अहम्को ठेक्कामा मात्र बाँचेकी हुन्छे ? के लोग्नेमान्छेको अहम् नहुने हो भने स्वास्नीमान्छेको स्वः समाप्त हुन्छ ? के स्वास्नीमान्छे फगत लोग्नेको सर्टिफिकेट जोगाइदिन आफ्नो चरित्रलाई बट्टामा बन्द गरेर चोखिन्छे ? के स्वास्नीमान्छे जीविका, चरित्र, स्वाभिमान सबै क्षेत्रमा आफैं पूर्ण हुन सक्दिन ? यस्ता डङगुर प्रश्नहरुले मलाई रात रातभरि पिरोली रहन्थे । म छटपटाउदै तिनको उत्तर खोज्थें । समाजसँग रिसाउथें र कहिलेकाहीं मानिसहरुसँग झगडा गर्थें ।

तपाईं एउटी महिलाको यो पीडालाई न बुझ्न सक्नु हुन्छ न अभिव्यक्त गर्न नै सक्नुहुन्छ । त्यसैले छोडिदिनुस् यो प्रसङ्गलाई । तपाईंलाई म यत्ति भनौं, करीब दश वर्ष मैले जस्तो जिन्दगी बेहोरेकी थिएँ - भविष्यको नेपालमा कुनै पनि महिलाले त्यो जिन्दगी बेहोर्नु नपरोस् ।

श्रीमानको प्रसङ्ग ननिकालेकै हो । जहिले पनि लोग्नेको प्रशंशामा गीत गाउछे भन्ठान्नु हुन्छ भनेरै म सरक्क पन्छिएकी हुं । हरेक ठाउँमा, हरेक प्रसङ्गमा उहाँको खोजी आवश्यक छ ? के म नै, म होइन र ? के मेरा कामहरु मेरो श्रीमानबाट स्वतन्त्र हुन सक्दैनन् ? के आफ्ना कामहरु प्रति सम्पूर्णरुपमा, मै जिम्मेवार हुन मिल्दैन ? एउटा मानसिकता - लोग्नेमान्छेको सम्पूर्ण टेको बिना स्वास्नीमान्छेले केही गर्नै सक्दिन भन्ने मानसिकताबाट मुक्ति दिन पनि मैले उहाँको प्रसङ्ग ननिकालेकै हो । तपाईंले सोधिहाल्नु भयो, त्यसैले जवाफ पनि जस्ताको तस्तै दिनु पऱ्यो ।

ठिकै सोच्नुभो । शुरुमा उहाँ मेरो साथमा हुनुहुन्थ्यो । मेरो प्रयासलाई उहाँले दह्रो टेवा दिनु भएको थियो । उहाँ नभएको भए म यो कामलाई अघि बढाउनै सक्दिनथें । होइन, होइन, मैले बढाइ चढाइ गरेको हेाइन । पार्टीसँग मैले स्कूल चलाउने र सकृय राजनीतिबाट अलग रहने अनुमति प्राप्त गरिसकेकी थिएँ । यो अनुमतिको सिलसिलामा उहाँले म माथि कुनै गुन लाउनु भएको छैन । तर जब मैले स्कूल चलाउन थालें र प्रारम्भिक दिनका हण्डरहरु बेहोर्न थालें - त्यतिबेला आफ्ना दह्रा पन्जाले उहाँले मलाई आड दिनुभएको हो, मलाई टिकिरहन मद्दत गर्नु भएको हो । उहाँको आड नपाएको भए योजना बनाउदा बनाउदै छोड्ने मध्यकी एउटी शायद मै हुन्थें होला ।

तर यो एउटा खास कालको कुरा हो । सधैं त्यस्तो भएन । त्यो पनि भनिहालौं । स्कूल घाटामा जाउन्जेल उहाँले मलाई बोक्नु भयो । चिठी लेख्दा प्रेरणा, भेट हुंदा पनि प्रेरणा । यहाँसम्म कि मायाका कुराहरुमा पनि त्यही प्रेरणा उहाँको स्वरमा लपेटिएको हुन्थ्यो । म पराजित नहोउं भनेर उहाँ सबैभन्दा बढी चिन्तित रहनु हुन्थ्यो । एकपल्ट उहाँले लेख्नुभएको थियो, "भगवानमा विश्वास गर्नेहरुले पनि तपस्याको दुःख भोग्नु परेको छ । हामी गाथाहरुमा त्यही पढ्दै आएका छौं । अर्काको वरदानमा आफ्नो जीवनको सार्थकता देख्नेहरुले त कठिन तप गर्नुपर्छ भने तपाईंले त्यो कष्टकर यात्राको बाटोमा नहिंडी सुखै छैन । तपाईंले आफ्नै पौरखका लागि संघर्ष गरिरहनु भएको छ र त्यो संघर्ष एक्लै गरिरहनु भएको छ । यस्तो अवस्थामा सानो हुरीले तपाईंलाई नढालोस् । चर्को हुरीमा सतिशाल मात्र ठिङ्ग उभिन सक्छ भनेर एकजना साहित्यकारले लेख्नुभएको छ । त्यो सतिशाल तपाईं बन्न सक्नुहोस् । तपाईंले पर्याप्त दुःख पाउनु भएको छ र अब कस्तै दुःखले पनि हिजोको दुःखलाई बिस्थापित गर्न सक्दैन । त्यसैले धैर्यतापूर्वक अघि बढ्नुस् । एक वर्ष, दुइ वर्ष अथवा तीनै वर्ष या चारै वर्ष तपाईंलाई घाटा लाग्न सक्छ । तर एक न एक दिन तपाईंको लगानी फिर्ता हुन्छ । तपाईंले हामीलाई सहयोग गर्न सक्नुहुन्छ । तपाईंले म जस्ता कतिपय साथीका छोराछोरीलाई पढाइदिन सक्नुहुन्छ । त्यसैले उभिनुस् । दृढतापूर्वक उभिनुस् ।"

यस्ता चिठी महिनैपिच्छे आइरहन्थे र म बिजुली बत्तीको उज्यालोमा चिठीका पानाहरु पल्टाउदै आफूलाई बलियो बनाउने कोशिश गर्थें ।

स्कूलले कमाइ गरेर रिन तिरुन्जेल पनि उहाँको स्वरको उत्साह जस्ताको तस्तै थियो । लाग्थ्यो, जिन्दगी साँच्चै रमाइलो रहेछ । तर जब स्कूलले कमाइ गर्न थाल्यो, जब मैले जोरजाम गर्न थालें र खासगरेर जब मैले सम्पन्न मानिसहरुको जस्तो जीवन जिउने चाहना पाल्न थालें - त्यसपछि उहाँले मलाई हतोत्साहित गर्न थाल्नु भयो । स्कूल नाफामा जान थालेको चौथो वर्ष त मुखै फोरेर उहाँले - अब तपाईंले यो स्कूल चलाउनु हुंदैन भनेर निर्णय नै सुनाउनु भयो । सुनाउनु भएको मात्र होइन, उहाँले त्यो स्कूल

किन्ने कतिजना ग्राहक खोजेर ल्याइदिनु पनि भयो । त्यसपछिका थप वर्षहरुमा उहाँले आफूलाई मेरो स्कूल संचालन-कर्मको विरोधी बनाउनु भयो ।

उहाँले थाहै नपाई त्यतिबेला मैले एउटा निर्णय गरिसकेकी थिएँ । म उहाँको चित्त दुखाउन चाहन्नथें । त्यसैले म स्कूल बेच्दिन भन्दिनथें । तर म उहाँले जुटाइदिनु भएका प्रत्येक ग्राहकलाई स्कूल किन्न नसक्ने बिन्दुमा पुर्‌याएर विदा दिन्थें । मेरो यो खेल उहाँले कहिल्यै बुझ्नु भएन । त्यसैले उहाँको स्कूल बेच्ने करकर, त्यही खेलको शिकार भएर, तीरले लागेको चोटले लस्त भएर जीवनको एउटा कुनामा गएर पछारिएको छ । अब त उहाँलाई आफ्नो कामसँगै थकाइ पनि लाग्न थालेको छ । पोहोरदेखि उहाँले स्कूलको चर्चा सुन्न पनि छोड्नु भएको छ ।

आज धेरै गन्थन गरियो । तपाईंलाई म यो पनि सुनाउंला । नआत्तिनोस् । तपाईं लेखी मात्र रहनुस् । म तपाईंलाई जिन्दगीको केस्रा केस्रा सुनाउला ।

मेरो श्रीमान रिसाउनु होला भनेर म कहिल्यै डराउन्न । किनभने मलाई थाहा छ - मेरा कुराले उहाँलाई कहिल्यै रिसाउने ठाउँमा पुर्‌याउनै सक्दैन । त्यसैले भोलि कथा थाल्दा म अलिक बनाएर भन्न थालुंला कि भन्ने नठान्नोस् । त्यस्तो हुदैन ।

मेरो निष्कर्ष

मलाई उत्तर दिन त सजिलो हुंदैन, तर पनि तपाईंको प्रश्न मेरा लागि रुचिकर छ । राजनीतिलाई मानिसहरु क्रुर प्रसङ्ग ठान्छन् । फोहोरी खेल भन्छन् । तर सँगसँगै त्यसप्रति गाढा मितेरी पनि गाँसिरहन चाहन्छन् । मानिसहरु नाङ्गै भएर त्यसप्रतिको आशक्ति जाहेर गर्छन् । युवा केटाहरु केटी भनेपछि हत्ते हाल्छन् भनिन्छ नि, मान्छेको राजनीतिको चाहना त्यो हत्तेहालाईको पनि बाजे हुन्छ । त्यसबाहेक आजभोलि त मानिसहरु त्यसलाई नाफाको ब्यापार ठान्न थालेका छन् । राजनीतिको ब्यापार राम्ररी चम्किएको पनि छ । त्यो खतरामुक्त नाफाको कारोबार भएको छ । यस्तो बेलामा, अर्थात, राजनीति भन्ने पेशा राम्ररी चम्किएको देखेर, मानिसहरु जन्तीको लस्कर बाँधेर राजनीतिको बिबाह मण्डपतिर गैरहेको बेलामा मैले राजनीतिको लगनगांठो छाडनु हुंदैनथ्यो । तपाईंको भनाइ पनि ठिकै हो । तपाईंको अर्को भनाइ पनि ठिकै हो । हो, मसँग राजनीतिकिा आधा दर्जन सर्टिफिकेटहरु थिए । पहिलो सर्टिफिकेट मेरो लगानीको थियो । मैले ०३६ सालदेखि सकृय राजनीतिक जीवन बिताएकी थिएँ । त्यसैले मसँग राजनीतिको ब्याज खाने अधिकार सुरक्षित थियो । अहिले प्राय: सबैले आफ्नो त्यही लगानीको ब्याज त खाइरहेछन् । राजनीतिको नयाँ पूंजी कसले सिर्जना गरेको छ र ? दोश्रो सर्टिफिकेट मेरो जातिको थियो । म मङ्गोल समुदायबाट आएकी राजनीतिक कार्यकर्ता थिएँ । नाक, अनुहार, थर र जाति हेरेर राजनीतिको टिकट बाँडिने वर्तमान परिपाटीमा म कुनै पनि पार्टीका लागि सहज ग्राह्य थिएँ । मेरो तेश्रो सर्टिफिकेट भनेको मेरो महिलापन थियो र जहाँ पनि जेण्डर इस्यु उठाएर म आफ्नो हक स्थापित गर्न सक्थें । आखिर सबै पार्टीमा र सिङ्गो ब्यवस्थामा यतिबेला महिला अधिकार बुझेर होइन, दया बुझेर आरक्षण छुट्याउने राजनीतिक चलन बसेकै छ । मेरो चौथो सर्टिफिकेट मेरो भाषाको दक्षता र जनसम्पर्कको क्षमता थियो । जहाँकहीं पनि बोल्न मलाई अप्ठ्यारो लाग्दैन र प्रचलनका भाषाहरु भन्दा म बढी नै पनि जान्दछु । अहिलेको राजनीतिमा भाषा जान्नु पनि एउटा ठूलै विशेषता मानिदो रहेछ । त्यसैले म कुनै पनि पार्टीका लागि सहज ग्राह्य पदार्थ हुनसक्ने भएकी रहेछु ।

होइन, होइन, म झुक्किएकी होइन । मैले जानी बुझी नै कुनै पनि पार्टीका लागि सहज ग्राह्य भनेकी हुं । मान्छेको सन्दर्भमा अहिले पार्टीहरुका बीचमा कुनै सीमा बाँकि छ र ? तपाईं पार्टीहरुको सहज ब्यवहार हेर्नुस् । आज कांग्रेस भएको मानिस त्यत्तिकै भोलि कम्युनिस्ट भैरहेको हुन्छ । आइतबार सद्भावना भएको मान्छे सोमबार कांग्रेस हुन्छ । त्यही मान्छे मंगलबार राप्रपा तिर लाग्छ । बुधबारको बिहानी त्यो मान्छे कम्युनिस्ट हुन्छ अनि शुक्रबार फेरि त्यही मान्छे सद्भावना भैसकेको हुन्छ । के मान्छे पानी हो र गिलासमा हाल्ने बित्तिकै त्यसले गिलासकै आकार लिन सक्छ ? मान्छे कसरी छिन छिनमा फेरिन सक्छ ? आस्था भनेको आफू भित्रको विश्वास हो । त्यो पसलको सोकेशमा सजाइएको र दिनदिनै पसलेले लुगा फेरिदिने गरेको पुतला होइन । तर आजभोलि त म, आजको मण्डले भोलिको माओवादी भएको रमिता हेरिरहेकी छु । दुइ महीनापछि माओवादी आफैं कांग्रेस या अर्को कुनै कम्युनिस्ट भएको पनि मैले भेटेकी छु । ब्यक्तिले विचारलाई आफ्नो कट्टु जस्तो बनाएको छ । जतिखेर मन लाग्छ - लाइदियो, जतिखेर मन लाग्दैन - फुकालिदियो । यस्तो स्थितिमा राजनीतिक आसक्ति पटक्कै नभएकी म जस्ती मान्छे जुनसुकै पार्टीका लागि पनि सहज ग्राह्य हुन्छु भन्नु कहाँ गलत हुन्छ ?

कागजमा लेखिने कुरो एउटा हो । मैले कागजको बिरोध गरेकी होइन । राजनीतिमा लागेपछि कागजमा भिन्नताका लागि पनि केही न केही लेख्नै पर्छ । तर तपाईं नै भन्नुस्, मान्छेको रुपमा हामीले भोगेको ब्यवहारले कसरी पार्टीहरुलाई एक अर्काबाट भिन्न देखाउन सकेको छ ? म आज जुन पार्टीमा जान चाहे पनि ठाउँ पाउछु । जुन पार्टीमा मैले अर्जी हाले पनि सबैले दुइ हात फैलाएर मलाई स्वागत गर्छन् । म त्यो पार्टीमा लाग्नुको उद्देश्य पनि कसैले खोज्दैनन् । के यो नै अहिलेको सत्य होइन र ?

तर के हिजो यस्तै थियो ? थिएन । हिजो मान्छे महिला भएर राजनीतिमा माथि आउदैनथ्यो । मान्छेको नाकले मान्छेलाई राजनीतिमा माथि तान्दैनथ्यो । मान्छे, कामले माथि तानिन्थ्यो । मान्छे आफ्नो त्याग, तपस्या, बलिदान र योग्यताले माथि पुग्थ्यो । मैले नै तपाईंलाई आफ्नो व्यवहार बताइसकें । आफ्नो परिवार, आफ्ना बाबुआमा, आफ्नो सुखसुविधा, आफ्नो खुशी, सबैलाई तिलान्जली दिएर आफूलाई पार्टीमा समाहित गर्दा पनि मैले आजको भोलि नै पार्टीको सदस्यता पाइन । पेशेवर कार्यकर्ताका हैसियतले काम गरेको छ महीना पछि मात्रै मैले पार्टीको सदस्यता पाएकी थिएँ । हिजोको कठोरकालमा समेत त्यत्रो हण्डरले पाइने पार्टी सदस्यता आजको सहजकालमा छ घण्टामा कुनै पनि बाटामा पाइन्छ । तपाईंलाई कुन पार्टीको सदस्यता चाहिएको छ ? तपाईं सिपालु हुनुहुन्छ भने भोलि नै तपाईंले एकैचोटी आधा दर्जन पार्टीको सदस्यता प्राप्त गर्न सक्नु हुन्छ । तीन ओटा पार्टीका सदस्यता लिएका केही मानिसहरुलाई तपाईं भेट्न चाहनु हुन्छ ? पर्सी आउनुस् । म उहाँलाई बोलाइ दिउंला । उहाँसग मुलुकका नाम चलेका तीन ओटा पार्टीका सदस्यता पत्रहरु थुप्रिएका छन् ।

होइन, होइन, यही कारणले मैले पार्टी छोडेकी होइन । उसो त मानिसहरु पार्टी छोड्नुका दर्जनौ कारणहरु देखाउन सक्छन् । देखाउने चलन पनि छ । अरुलाई दोष थुपारेर आफ्नो पलायनलाई लेप लगाउने चलन छ । ठूलठूलै मानिसले पार्टीको यो सिद्धान्त मलाई मन परेन, त्यो नीति मलाई मन परेन भनेर पार्टी छोडेको डङ्गुर उदाहरण मैले देखेकी छु । म त्यस्तो गर्न चाहन्न । तत्कालका कारणहरु जे जस्ता भए पनि मैले पार्टी आफैं छोडेकी हुं । सोची बिचारी छोडेकी हुं । राजनीतिबाट मेरो जीवन उंभो लाग्दैन भन्ने ठानेरै राजनीतिलाई मैले बिदाइको हात हल्लाएकी हुं । केही घटनाले मेरो जीवनमा पारेको प्रभावलाई मैले राजनीति छोड्नुको मूल कारण बनाउन मिल्दैन । राजनीतिमा मान्छे आफैं लाग्छ र राजनीतिबाट पलायन गर्दा पनि मान्छे आफैं बाहिर निस्कन्छ । साथीहरु वा परिस्थिति भन्ने त बहानाहरु मात्र हुन् । ती बहाना पनि भक्किम्लाका बहाना हुन् । जो कुनै पनि बेला पड्किएर भाँच्चिन सक्छन् ।

अर्काको मनको कुरो त म कसरी भन्न सक्छु र ? तर पनि मलाई लाग्छ - राजनीति गर्नेहरुमा एउटा आशक्ति हुन्छ, लालसा हुन्छ । राजनीतिबाट केही पाउने अभिलाषा हुन्छ । लालसा भएको मानिस, केही पाउन नसक्ने बित्तिकै रन्थनिन थाल्छ । शायद यही रन्थनाहटले उसलाई कृत्रिम भेदका पर्खालहरु उभ्याउन लगाउछ र उ अरुलाई दोष दिएर राजनीतिबाट बाहिरिन्छ । तर यो मेरो अनुमान मात्रै हो है ! तपाईंले यसलाई कतै जोडन पाउनु हुन्न नि ! मैले राजनीतिको कुनै लालसा पालेकी थिइन, मलाई नेता हुनु थिएन, मन्त्री हुनु थिएन, सांसद हुनु थिएन, कुनै कार्यकारी प्रमुख हुनु थिएन । त्यसैले मैले राजनीति र मेरो स्कूल संचालनका बीचमा फाइदाका विन्दुहरुको तुलना गरें र मैले सहजै पार्टी छोड्ने निर्णय लिन सकें । अरुलाई त्यस्तो नहुन सक्छ । पार्टी छोड्नु, उहाँहरुलाई आफ्नो व्यापारको डरलाग्दो घाटा हो भन्ने लागेको हुन सक्छ । त्यसैले छोड्ने स्थितिमा उहाँहरुले नीति, सिद्धान्त, शैली, सोच, चिन्तन जस्ता निर्जिव विषयहरुलाई आफ्नो पलायनको आधार बनाउने गरेको हुनसक्छ ।

अहं, मैले त्यस्तो सोचेकै छैन । एउटा कालखण्डमा पार्टीका काम गर्नु परेकोमा मलाई रत्ति पछुतो लागेको छैन । मैले हिजो काम गरेको कारण अरुले फाइदा लिइरहेका छन् भन्ने पनि मलाई लाग्दैन । साथीहरुको व्यवहार बेठिक भएर मैले पार्टी छोड्नु पऱ्यो भन्ने गुनासो पनि मेरो होइन । मैले राजनीतिमा लागेर, जीवनको सन्दर्भमा धेरै सिकेकी छु । थोरै लगानीबाट मैले धेरै अनुभव संगालेकी छु । त्यसैले त्यो समृद्ध जीवनलाई म कसरी तिरस्कार गर्न सक्छु ? कसरी त्यो सुन्दरता प्रति म पछुतो गर्न सक्छु ? त्यो त मेरो जीवनको बिर्सनै नसकिने स्मरणीय क्षण हो । त्यसैगरी म के पनि जान्दछु भने, बलियो इच्छाशक्ति समेटेको भए मलाई कसैले पनि बाहिर जा भन्न सक्ने थिएन । मैले म पार्टी छोड्दिन भनेर अड्डी लिन चाहेको भए मलाई कसैले निकाल्न सक्ने पनि थिएन । त्यसैले मैले पार्टीमा भित्रिनु र त्यहाँबाट बाहिरिनुलाई आफ्नो जीवनको सामान्य प्रकृयामा हालेकी छु । जसरी दुइ दशक अघि म आफ्नै कारणले पार्टीमा भित्रिएकी थिएँ, त्यसैगरी आधा दशक पहिले म आफ्नै कारणले पार्टीबाट बाहिरिएकी हुं ।

होइन, होइन, साथीहरुको कुनै दोष छैन । साथीहरुका कारणले म अलग भएँ भन्ने भाषा मलाई प्रयोग गर्नै मन लाग्दैन । बाबा, राजनीति गर्छु भनेपछि जुध्ने आँट गर्नुपर्छ । भागेर हिंड्ने अनि साथीलाई दोष दिने भन्ने पनि कतै हुन्छ ? जुध्ने हिम्मत नभएकाहरुले राजनीति गर्नै हुदैन । हुनत, जुध्ने हिम्मत नभएकाहरुले अरु पनि काम गर्नु हुंदैन तापनि संघर्षको साहस नहुनेहरुले राजनीति तिर त फर्किएर पनि हेर्नु हुंदैन । त्यसैले साथीहरुलाई पटक्कै दोष नदिनोस । हो, तपाईंले भनेको सत्य हो । मेरो पलायनमा

पार्टीका केही साथीहरुको अविस्मरणीय भूमिका छ तर त्यो भूमिकाका लागि म उहाँहरुलाई गाली गर्दिन । बरु म उहाँहरुलाई धन्यवाद दिन चाहन्छु । त्यो पनि मेरो जीवनको एउटा शिक्षाप्रद स्मरण हो । त्यतिबेला उहाँहरुको त्यस्तो भूमिका नभैदिएको भए अहिलेको यो सन्तुष्ट जीवन मैले कसरी जिउन सक्थें र ?

पन्ध्र वर्ष अघि नै मैले सकृय राजनीतिलाई नमस्कार गरेकी थिएँ । होइन, म पार्टीको सदस्य रहिरहें । म लेबी बुझाउथें । सदस्यता शुल्क बुझाउथें । तर मैले पेशेबर ढाँचाको राजनीतिक जीवनलाई त्यतिबेलै बिदा गरें र पेशामा रहदै आंशिक काम गर्ने जीवनशैली अबलम्बन गरें ।

त्यतिबेला पनि विदाइका लागि देखिने त्यस्तो कुनै ठोस कारण थिएन । आफ्नै खुट्टामा उभिएर काठमाण्डौको पार्टी काममा सकृय रहिरहन सकिन्छ भन्ने बुझाइले नै मलाई त्यो ठाउँमा पुर्‍याएको थियो । त्यसपछि, मैले अगाडि नै तपाईंलाई भनिसकें, परिस्थितिमा देखिएको अप्ठ्यारोले मलाई जीविकाको व्यवसाय तिर तान्यो । केही वर्षमै म व्यवसायिक ढंगले सकृय भएँ । स्वभाविक थियो - राजनीतिमा, मेरो जिम्मेवारीको क्षेत्र झनै खुम्चियो । मैले विद्यार्थी क्षेत्रको सकृय राजनीतिबाट विदा लिएँ । म आफ्नो व्यवसायमा झन झन डुब्दै गएँ । त्यसले राजनीतिक क्षेत्रको मेरो जिम्मेवारीलाई स्वभाविक रुपमा घटाउदै लग्यो ।

तपाईंले जुन डरको चर्चा गर्नुभयो - त्यस्तो डर मलाई कहिल्यै लागेन । जीवनको सन्दर्भको डर त मलाई कहिल्यै लागेन । यस मामिलामा तपाईंले मलाई अलि अलि रुढी मान्छे भनेर लेखिदिनु भए पनि हुन्छ । हुने हुनामी टारेर टर्दैन भन्ने मलाई लाग्छ । मर्नुछ भने घरमा बसे पनि मरिन्छ, बाटामा हिंड्दा पनि मरिन्छ । आखिर मर्नु नै सत्य हो भने मर्नसँग डराएर कसरी पार पाइन्छ । के मानिस सुरक्षाको घेरा बाँधेर मर्नबाट जोगिएको छ र ? राजाहरु मरेका छन् । रानीहरु पनि मरेकै छन् । राजकुमारहरु कलकलाउदो अवस्थामा मरेका इतिहास पनि हामीसँग जिउँदै छन् । मन्त्री, सचिव, हाकिम, शिक्षक, प्राध्यापक सबै मरेका छन् । त्यतिमात्र होइन, मरेपछि कात्रो किन्न नसक्नेहरु पनि मरिरहेकै छन् । त्यसैले मरिने प्रसङ्ग डरको अर्थमा लिन मैले कहिल्यै सकिन । दिन नआई कोही मर्दैन, दिन आएपछि जीवनलाई कसैले लुकाउन सक्दैन । त्यसैले मृत्युभयले मैले सकृय राजनीति परित्याग गरेको होइन ।

हो, अर्को खालको डरले भने मलाई समातेको थियो । बिबाहको पाँच वर्षपछि हाम्रो पहिलो सन्तान जन्मियो । त्यसको जन्मसँगै मेरो मनमा उसको हुर्काइ र हेरबिचारको चिन्ताले सतायो । पेशेबर राजनीतिमा लाग्नुभएका महिला साथीहरुका छोराछोरी कसरी हुर्कन्छन् भन्ने अनुभव मैले सकृय राजनीतिक जीवनमै संगालेकी थिएँ । मेरा बा आमाले नै केही समयका लागि एकजना साथीको नानीलाई पाल्नु भएको थियो । त्यसलाई उहाँहरुले आफ्नै नातिनी सम्झिएर पाल्नु भएको थियो । एउटा बच्चालाई दिनुपर्ने माया, ममता, स्नेह सबै उहाँहरुले दिनु भएको थियो । उहाँहरुका लागि त्यो नानी मेरै सन्तान थियो । त्यति माया पाउदा नानी मनभित्र पनि रमाउनु पर्ने हुन्थ्यो । तर बेला बेलामा म घर जांदा, नानीको आँखामा देखिने एउटा पराइ भावले मेरो मन निमोठ्थ्यो । बच्चा हुर्किंदै जांदा उसको मनोविज्ञान कसरी हुर्किएला भन्ने चिन्ताले मलाई सताउथ्यो । अरुले दिएको मायाले आमाको मायाको परिपुर्ति गर्छ र ? गर्दैन । यही चेतनाले, अर्थात आफ्नै घरमा हुर्किएको साथीको सन्तानको हेरचाहले मलाई एउटा निष्कर्षमा पुर्‍याइसकेको थियो । त्यतिबेला मनमनै मैले अठोट गरिसकेकी थिएँ - या त मैले सन्तानको इच्छा गर्नु हुंदैन या मैले पेशेवर राजनीतिको जीवन जिउनु हुंदैन । त्यसैले पहिले पेशेबर राजनीतिको जीवन जिउने अठोट गरिरहंदा मैले सन्तानको इच्छा राखिन । बिहे भएको चार वर्षपछि सन्तानको चाहना पाल्दा मैले पेशेवर राजनीतिको चाहनालाई बिदा दिइसकेकी थिएँ । यसलाई तपाइ स्वार्थ भन्न सक्नुहुन्छ अथवा एउटा योजनाबद्ध जीवन भन्न पनि सक्नुहुन्छ । तपाईंले यसलाई जसरी चित्रण गरे पनि मैले गुनासो गर्नु पर्ने ठाउँ छैन । मैले सोचेको सत्य, मेरा लागि मात्रै भए पनि मलाई पुग्छ । त्यसैले तपाईंले आफ्नो परिवारका लागि मैले राजनीति छोडेको भन्न पनि सक्नु हुन्छ ।

गन्जागोल जस्तो लाग्यो ? स्वभाविक हो । ट्वाक्क एउटा कारणले, मान्छेले जीवनको मोडलाई नयाँ दिशा तिर लानै सक्दैन । धेरै तत्वको सम्मिश्रणले हामीलाई मोडहरुमा पुर्‍याउछ । त्यसैले तपाईं मेरो जीवनको मोडलाई यसरी उल्लेख गर्न सक्नुहुन्छ - अलिकति गरीबी त्रास, अलिकति पारिवारिक सुखको चाहना, अलिकति साथीहरुको विश्वासघात, अलिकति राजनीतिमा देखापरेको भद्दापन, अलिकति व्यक्तित्व विकासको स्वतन्त्र चाहना । बस यी सबैलाई मिलाउदा जे लेख्न उचित हुन्छ त्यही लेखिदिनु भए मलाई पुग्छ ।

होइन, होइन । म ०४७ सालसम्मै राजनीतिमा समाहित थिएँ । थोरै काम गर्थें - तर आज जस्तो राजनीतिबाट बिलकूलै अलग थिइन । म कार्यक्रमहरुमा जान्थें । दिइएको सानोतिनो जिम्मेवारी पनि पुरा गर्थें । संसदको पहिलो निर्वाचनमा पनि म जमेरै खटें । आफूले इच्छाएको पार्टीलाई जिताउन तन, मन, धन दिएरै लागें । पर्चा बाडें, सभाहरुको व्यवस्थापनमा लागें, चन्दा उठाउन गएँ, केही स साना ठाउँहरुमा भाषणै पनि गरें । यसो भनुं, अन्तिम घडीमा जे गरें, त्यही चुनावमा गरें ।

त्यसपछि मैले पार्टी सदस्यता नविकरण गरिन । बस्, यसरी सहज ढंगले म पार्टीबाट अलग भएँ ।

हेर्नुस्, यहाँनेर तपाईं र मेरा बिचार फरक हुन्छन् । यहींनेर यस्तो लाग्छ - हामी जीवनका दुइ अलग अलग किनाराहरु हौं र राजनीतिको संलग्नता र असंलग्नताको परिभाषा भङ्गालिने किनाराहरु हौं । तपाईं पारी हुनुहुन्छ र गलत हुनुहुन्छ अनि म वारी नै छु र सही छु जस्तो मलाई लाग्छ ।

होइन, यो मेरो वैयक्तिक ठम्याइ हो । मेरो मन तपाईं जसरी सुरेली खेल्न मान्दैन । राजनीतिबाट अलग हुनु भनेको राजनीति गर्नेहरुलाई घृणा गर्नु होइन । त्यस्तो गर्नै हुंदैन । म त भन्छु - राजनीति गर्नेलाई माया गर्नुस् । उनीहरुलाई गाली नगर्नुस् । उनीहरु मायाका भोका हुन्छन् भन्ने सच्चाइलाई आफू भित्र सुरक्षित गर्नुस् । सक्नुहुन्छ भने दया गर्नुस् । त्यो भन्दा फराकिलो मन छ भने उनीहरुको हेरबिचार गर्नुस् । सामान्य नागरिक भएर होइन, आमा भएर हेरविचार गर्नुस् ।

होइन, यो कुनै सिद्धान्त होइन । यो मेरो आफ्नो मान्यता हो । मैले मान्छेको जिन्दगी भोग्दा निस्किएको निष्कर्ष पनि भन्न सक्नुहुन्छ यसलाई । मैले राजनीतिलाई घृणा नगर्नुको एउटा निश्चित कारण छ । मैले त्यसलाई अत्यन्तै नजिकबाट नियालेकी छु । म आफैंले राजनीति भोगेकी छु । हिजो म आफैं राजनीतिको एउटा चलायमान अङ्ग थिएँ । अहिले पनि राजनीतिसँग मेरो जीवन घनिष्टरुपले गाँसिएको छ । त्यसैले म, तपाईं मार्फत सबैसँग अनुरोध गर्छु - राजनीति गर्नेलाई माया गर्नुस् । दया गर्नुस् । उनीहरुलाई गाली नगर्नुस् ।

किन रे ? हेर्नुस्, उनीहरुको जीवन अत्यन्तै दुःखी हुन्छ । तिनीहरु जिन्दगी होइन, नाटक बाँचिरहेका हुन्छन् जहिले पनि । सिनेमा हेर्नु भएको छ ? सिनेमाको जीवन के कृत्रिम हुन्छ ? त्यो भन्दा धेरै कृत्रिम जिन्दगी राजनीति गर्नेहरुले भोगिरहेका हुन्छन् । तिनीहरु एक प्रकारका दास हुन् - जो आफ्ना लागि केही गर्न स्वतन्त्र छैनन् । तिनीहरु फगत अर्काका लागि बाँचेका छन् । दासकालीन इतिहासको झल्को दिने एउटा उपन्यास छ - आदिविद्रोही । तपाईंले पढ्नु भएको छ ? छैन भने पढ्नुस् । त्यहाँ ग्ल्याडिएटरहरु छन् । हो, अहिलेका राजनेता भनेका थोरबहुत त्यस्तै ग्ल्याडिएटरहरु हुन् । अरु स्वतन्त्रताको त कुरै छोड्नोस् - तिनीहरु आफ्ना लागि बिमारी समेत हुन पाउदैनन् । तिनीहरु मन लाग्दा गीत गाउन पाउदैनन् । तिनीहरु इच्छाएको लाउन पाउदैनन् । खान पाउदैनन् । स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पनि पाउदैनन् । एउटा अदृश्य बन्धनले तिनीहरुलाई स्वहीन प्राणीमा रुपान्तरित गरिदिएको हुन्छ । मानौ तिनीहरु रेडियो हुन् र कान निमोठिने बित्तिकै तिनीहरुले बज्न थाल्नु पर्छ ।

यो बेकारको कुरो हो । यात तपाईं बुझ पचाइरहनु भएको छ या तपाईले राजनीतिलाई पटक्कै बुझ्नु भएको छैन । यथार्थमा राजनीतिमा मानिस सर्वाधिक परतन्त्र हुन्छ । संगठनमा बसेपछि तपाईंले आफ्ना इच्छाहरुलाई संगठनको इच्छाको अधिनस्थ राख्नैपर्छ । तपाईंका लेख्ने, बोल्ने, हिंडडुल गर्ने हकहरु एउटा सीमारेखा भित्र चलखेल गर्न बाध्य हुन्छन् । बिमारी भएर लडिरहेको बेला तपाईंलाई भेट्न आउने जनता सामू किचिक्क दाँत देखाएर हाँस्न तपाईंले बाध्य हुनुपर्छ । अझ अहिले यो चुनावको राजनीति शुरु भएपछि त राजनीति गर्ने मान्छे मध्ययुगीन दासमा रुपान्तरित भएको छ । राजनीति गर्नेका सबै 'म'हरु मुर्दा भएका छन् । तिनका खुशीहरुमा खडेरी पसेको छ । तिनका खुट्टाहरुमा नेल ठोकिएका छन् । तिनका वचनहरुमा ताल्चा मारिएको छ । त्यसैले तिनीहरु 'बिचरा'मा अनुवाद भएका छन् ।

तपाईंलाई थाहा छ ? मान्छे अनिच्छाइएको ठाउँबाट राजीनामा गरेर आफ्नो जीवन जिउन स्वतन्त्र हुन्छ । जतिसुकै चर्को र अप्ठ्यारो जागिर भए पनि राजीनामा दिइसकेपछि व्यक्ति फुक्का हुन्छ । तर राजनीतिबाट त तपाईं राजीनामा पनि गर्न पाउनु हुन्न । राजनीति छोडेको भोलिपल्ट तपाईंले खिया लागेका फलामे सुइराहरुको प्रहार खप्न थाल्नुपर्छ र किन राजनीतिको जागिर खाएछु नि भनेर आफैंलाई धिक्कार्नु पर्छ । त्यसैले राजनीति वर्तमान र भविष्य दुबैका लागि यातनादायी ग्यास च्याम्बर बन्छ ।

राजनीति गर्नेहरुको शान्ति मृत्युपछि मात्र प्राप्त हुन्छ । त्यसैले राजनीतिमा मृत्यु कामना, पुजाको अर्थमा लिंदा पनि हुन्छ ।

राजनीतिमा धनमानको कुरो बेकारको निष्कर्ष हो । ठगी आफैंमा एउटा पेशा हो र त्यो सर्वत्र हुन्छ । व्यापारमा ठगी हुन्छ । प्रशासनमा ठगी हुन्छ । शिक्षामा ठगी हुन्छ । स्वास्थ्यमा ठगी हुन्छ । यात्रामा ठगी हुन्छ । बोलीमा पनि ठगी हुन्छ । यहाँसम्म कि धर्म र मन्दिरहरुमा पनि ठगी हुन्छ । त्यति पर किन जानुहुन्छ ? परिवारमै ठगी हुन्छ । दाजुले भाइलाई ठगिरहेको हुन्छ, दिदीले बहिनीलाई ठगिरहेको हुन्छ । के मैले असत्य भनें ? हो ठीकै भन्नुभयो - अंशको झगडा, सांधको झगडा आत्मीयहरु बीचको ठगीका ज्युंदा उदाहरण हुन् । ठगी यसरी सार्वत्रिक भैरहेको अवस्थामा राजनीति कसरी त्यसबाट मुक्त रहन सक्छ ? राजनीतिमा ठगी हुन्छ र त्यो ठगी अन्यत्र जसरी नै स्वभाविक ढङ्गबाट हुन्छ । तर सार्वत्रिक चरित्र बोकेको यो ठगीका आधारमा राजनीति नै ठगी हो भन्ने निष्कर्ष निकाल्न पाइदैन । अहिले, राजनीतिलाई सफल व्यवसाय मानिएकै बेलामा पनि राजनीति ठगी होइन । त्यो एउटा दायित्व हो र धेरैले त्यो दायित्व पुरा गरिरहेकै छन् । त्यसैले राजनेताहरु ठग भए भनेर राजनीति गर्नेका विरुद्ध वितृष्णाको तरकारी बारी लगाउनु मान्छेका लागि उचित हुंदैन ।

ठगहरु नभएको कुनै एउटा पेशा, व्यवसाय अथवा समुदायको नाम दिन सक्नुहुन्छ ? सक्नुहुन्न । किनभने दुनियामा ठगीरहित केही हुंदैन । शिक्षामा त नक्कली प्रमाणपत्रहरु बन्छन् भने अरु कुन नैतिक क्षेत्रको कुरा गर्नुहुन्छ ?

यो म पटक्कै मान्दिन र यसका लागि म घण्टौंसम्म बहस गर्न तयार छु । अहिले सबै पार्टीमा गरेर कति मानिसहरु राजनीतिमा पूर्णरुपले सकृय छन् ? एक हजार ? दुइ हजार ? कि चार हजार ? अनि भन्नुस्, ठगीमा कति मानिसहरु सकृय छन् ? एक सय ? दुइ सय ? कि चार सय ? तपाईं निष्पक्ष भएर हेर्नुस् - राजनीति गर्नेहरुको दश प्रतिशत पनि ठगीलाई पेशा बनाएर लागिरहेको छैन । अन्यत्र के दश प्रतिशत ठगहरु छैनन् ? जहाँ जानुस्, त्यहाँ दश प्रतिशत ठग हुनुलाई थोरै मानिन्छ । अनि कसरी तपाईं सिङ्गो राजनीतिलाई ठगीमा अनुवाद गर्न सक्नु हुन्छ ?

मेरो विचारमा राजनीति, मान्छेलाई चलायमान राख्ने एउटा प्रकृया हो र मान्छेको गतिशीलताका लागि नै हामी सबैले राजनीतिलाई जीवनको अङ्ग मान्नु पर्छ । हो चलायमान हुने प्रकृयाको अन्तिम टुंगो राजनीति चाहिं होइन । त्यस्ता धेरै ठाउँहरु छन् । हरेकले त्यस्तो प्रकृयाको खोजी आफैं गर्छन् । कोही खेलाडी बन्छन्, कोही शिक्षक या प्राध्यापक बन्छन्, कोही कर्मचारी बन्छन्, कोही बन्दबेपारमा लाग्छन् । कोही साहित्यकार बन्छन् अनि कोही पत्रकार हुन्छन् । मान्छे, आफ्नो व्यक्तित्वको उर्जा खर्चिनका लागि चलायमान हुने प्रकृयाको खोजी गर्छन् । म स्वयले चलायमान हुनुको अर्थ राजनीति भन्दा बाहिर खोजें । त्यसैले मैले राजनीतिलाई आफ्नो जीवन संचालनको पद्दती बनाइरहनु आवश्यक ठानिन र यो व्यवसाय तिर लागें ।

मलाई यस्तो कुरामा विश्वास लाग्दैन । मैले भारतको पनि भ्रमण गरेकी छैन । त्यसैले मैले विश्वका कुनै व्यवस्था देखेकी छैन भन्दा हुन्छ । त्यस्तो होइन । सिलगढी या जोगबनी या लखनउ जाँदा म ठगिएकी छु । तर ती शहरहरुमा ठगिने बित्तिकै बहुदलीय व्यवस्था ठगहरुको व्यवस्था हो भन्न त मिलेन नि ! ठीकै भन्नुभयो, म हङ्गकङ्ग जाने गर्छु । त्यहाँ म अपेक्षाकृत शान्ति पनि देख्छु । मानिसहरु आफैंमा व्यस्त भएको देख्दा रमाउछु । तर त्यत्तिका आधारमा पूंजीवादी व्यवस्थामा शान्ति हुन्छ भन्न पनि म सक्दिन । यथार्थमा मुलुकमा चलेका विभिन्न व्यवस्थामा के राम्रा छन् र के नराम्रा छन् भनेर म निष्कर्ष निकाल्न सक्दिन । त्यो मेरो काम पनि होइन । तर मेरो व्यक्तिगत अनुभवमा व्यवस्था आफैंमा सबैथोक हेाइन । एउटा संस्कृति, एउटा संस्कारले व्यवस्थालाई प्रभावित पारिरहेको हुन्छ । त्यसैले व्यवस्था भन्दा अगाडि मुलुकको संस्कृति र संस्कारको मूल्यांकन गरिनु पर्छ । म तपाईंलाई आफ्नै अनुभव सुनाउं ? एकचालिस सालमा मुलुकमा निरंकुश पंचायती व्यवस्था थियो । म त्यो व्यवस्थाको विरुद्ध सकृयतापूर्वक खटिरहेकी एउटी कार्यकर्ता थिएँ । विपरित मनस्थितिमा रहंदा रहंदै पनि मैले स्कूल चलाउन थालें । मैले स्कूल संचालन गर्दा राज्यबाट न प्रोत्साहन पाएँ, न मलाई त्यो काम गर्नबाट कसैले रोक्यो । आफ्नो काम गर्न म स्वतन्त्र थिएँ । ०४६ सालमा ठूलो आन्दोलन भयो । मैले पनि आन्दोलनमा भाग लिएँ । तर त्यसपछि पनि मेरो, मेरो स्कूलको र राज्यको सम्बन्ध हिजोको भन्दा फरक भएन । राजनीतिबाट अलग रहेको सन्दर्भमा, म व्यक्तिका लागि अथवा एउटी स्कूल संचालिकाका लागि ०४६ साल अगाडि र पछाडिको अवस्था बिलकुल उस्तै रह्यो । अहं, कतै कुनै फेरबदल मैले भोगिन । मेरो स्कूलले परिवर्तन भोगेन ।

अब भन्नुस्, व्यवस्था स्वयम्मा कहाँ अन्तिम सत्य हुंदो रहेछ र ? यदि व्यवस्था नै सबैथोक हुन्थ्यो भने मैले निरंकुशताको कालमा हण्डर पाउनु पर्ने र बहुदल आएपछि सहज सुविधा पाउनु पर्ने होइन ? तर मैले कहीं यस्तो भोगिन । म र स्कूलको सन्दर्भमा भन्नुहुन्छ भने, ०४६ साल अघि पनि मेरो मुखमा कसैले ताल्चा लाएको थिएन, स्कूल संगठित गर्नमा मलाई कसैले रोकेको थिएन भने ०४६ सालपछि पनि त्यो भन्दा भिन्न अवस्था मेरा लागि उत्पन्न भएन । नयाँ व्यवस्था अनुभूत गर्ने कुनै थप प्रोत्साहन मैले पाइन ।

र, म जस्ता लाखौं मानिसहरु यो मुलुकमा छन् । उनीहरुलाई व्यवस्था परिवर्तनले कुनै असर पारेको छैन ।

तपाईं नै भन्नुस्, यो व्यवस्था परिवर्तनले किसानहरुको जीवनमा कत्तिको अन्तर ल्याएको छ ? मैले भनेको भौतिक जीवनकै कुरा हो । के व्यवस्थाले उनीहरुलाई हिजो भन्दा थप केही दिएको छ ? के राज्य हुनुको अनुभूति उनीहरुले हिजो भन्दा थप केही पाएका छन् ? के आफू सार्वभौम भएको कुरालाई उनीहरुको व्यवहारले स्वीकार गरेको छ ? अहं, अहिलेसम्म त्यसको धमिलो उज्यालो पनि उसले सुँघ्न पाएको छैन ।

किसानको मात्रै किन कुरा गर्ने रे ? अनि कसको गर्ने ? अड्डा अदालत धाउनेले हिजो भन्दा के भिन्नता महसुस गरेको छ ? हिजो पनि घुस नदिइ काम हुंदैनथ्यो, आज पनि त्यो दिनै पर्छ । हिजो पनि नातागोता र चिनजानका आधारमा फैसलाहरु हुन्थे, आज पनि त्यही भैरहेको छ । हिजो पनि भन्सारमा ठगी हुन्थ्यो, आज पनि भैरहेको छ । हिजो पनि कार्यालयहरुमा काम हुंदैनथ्यो, आज पनि हुंदैन । अब भन्नुस्, आम नागरिकका लागि व्यवस्था परिवर्तनको अर्थ के भेटिएको छ ?

हो, राजनीति गर्नेहरुलाई व्यवस्था परिवर्तनको अनुभूति भएको छ । हिजो सभा, संगठन गर्न पाइदैनथ्यो । जुलुस निकाल्न पाइदैनथ्यो । पत्रिका छाप्न पाइदैनथ्यो । अहिले ती सब गर्न पाइएको छ । हिजो बोल्ने बित्तिकै झ्यालखानमा कुंजिनु पर्थ्यो, अहिले जे बोले पनि सडकमा घुम्न पाइन्छ । तर यो परिवर्तनको सार्थकता समाजमा कसरी स्थापित भएको छ ? राजनीति गर्नेहरुको जीवनमा आएको परिवर्तनले समाजमा परिवर्तनको अनुभूति कसरी प्रदान गरेको छ ? यसलाई तपाईंले केलाउनु भएको छ ?

मान्छेहरु व्यक्तित्व विकासको औसरको कुरो पनि गर्छन् । त्यो पनि त व्यवहारमै प्रमाणित हुनुपर्‍यो । के हिजो व्यक्तित्व विकासका औसरहरु थिएनन् । मानिसहरु प्राध्यापक भएकै थिए । मानिसहरु सचिव र मन्त्री पनि भएकै थिए । मानिसहरु माननीय भएका थिए । स्कूल खुलेका थिए । क्लिनिक खुलेका थिए । क्याम्पस खुलेका थिए । हिजो व्यक्तित्व विकासको औसर पटक्कै थिएन भनेर कसरी भन्न मिल्छ ? अनि अहिले व्यक्तित्व विकासका विशिष्ट औसरहरु के के प्रदान गरिएका छन् भनेर प्रश्न गर्दा पाइने सकारात्मक उत्तर कस्तो हुन्छ ? हिजोलाई जीवनको एउटा पाटोमा राखेर आजसँग तुलना गर्दा व्यक्तित्व विकासको थप औसरहरुलाई कसरी खुट्याउन सकिन्छ ?

वर्तमानको जीवनमा केही पाइदैन भन्ने राजनीति गर्नेहरुलाई थाहा छ । उनीहरु परिवर्तनको सन्देश छर्न सक्दैनन् भन्ने पनि उनीहरुलाई नै थाहा छ । जीवनलाई आन्दोलन बनाउन नसकिने भैसकिएको छ भन्ने पनि उनीहरुको ज्ञानमा छ । मागेर जीवन जिउने निष्कृय र अकर्मण्य संस्कृतिलाई आन्दोलनमा ढाल्न दशाब्दीको मिहिनेत चाहिन्छ भन्ने पनि उनीहरुलाई थाहा छ । सामाजिक दायित्वको भावना जीवनशैली नबनेको मुलुकमा जस्तोसुकै व्यवस्था आए पनि त्यो असफल हुन्छ भन्ने पनि उनीहरुलाई थाहा छ ।

यस्तो अन्यौलपूर्ण अवस्थामा पनि हरेस नखाइकन राजनीति गर्नेहरुलाई त्यसै हुनाले माया गर्नुपर्छ भन्ने मेरो आग्रह हो । सर्वत्र अंध्यारो छ र उज्यालाका निकासहरु थुनिएका छन् । मानौं मुलुक एउटा गहिरो निकासरहित गुफामा ढुनमुनिएको छ र मानिसहरु आफैंभित्र हराएका छन् । त्यस्तो अवस्थामा मुलुकलाई त्यो गुफाबाट बाहिर निकाल्न सकिन्छ कि भनी रन्थनिएका राजनेताहरुलाई माया नगर्न कसरी सकिन्छ ?

यसमा कुनै अन्तरविरोध छैन । आफूलाई राजनीतिको जीवन नबनाएर पनि राजनीति गर्नेहरुलाई माया र सहयोग गर्नुका बीचमा कुनै अन्तरविरोध छैन । जोकोही पनि त्यो काम गर्नसक्छ र जोकोहीले पनि त्यो काम गर्नुपर्छ जस्तो मलाई लाग्छ । राजनीति गर्नेहरु सन्तान हुन् र हामी बाहिर बस्नेहरु आमा हौं । सन्तानको उज्यालो भविष्यका लागि आमाले चिन्ता लिने र सहयोग जुटाउने दुबै कामहरु गर्नुपर्छ ।

अनौठो प्रश्न गर्नुभयो - त्यसोभए राजनीति गर्नेहरु के हुन् ? मलाई लाग्छ - उनीहरु बाहक हुन् । आफूलाई सत्ता ठान्नेहरु राजनीति गर्ने मान्छे होइनन् । आफूलाई ठूलो ठान्नेहरु पनि राजनेता होइनन् । राजनीतिलाई व्यापार व्यवसाय मान्नेहरु त झनै राजनेता होइनन् ।

ठीकै भन्नुभयो । राजनीतिलाई राजनीतिको थान्कोमा राख्न व्यवहारको परिभाषा चाहिएको छ । जो राजनेता हो, उसले राजनेता नै हुनु पर्‍यो । राज्य संचालन भन्दा बाहिरको चिन्ताबाट उ त्यसरी नै मुक्त हुनु पर्‍यो जसरी हामी जस्ता गृहस्थहरु राजनीतिको चिन्ताबाट मुक्त भएका छौं । हामी जसरी उनीहरुलाई माया गर्ने सोचिरहेका छौं - त्यसरी नै उनीहरुले हामीलाई माया गर्ने कुरो सोच्नु पर्‍यो । हामी जसरी उनीहरुलाई सहयोग गर्ने कुरो सोचिरहेका छौं - त्यसरी नै उनीहरुले हामीलाई सहयोग पुर्‍याउने कामको खोजी गर्नुपर्‍यो ।

हुनसक्छ । त्यसपछि राजनीति सबैका लागि मानको थान बन्नसक्छ ।

म ? अहं । त्यस्तो अवस्थामा पनि म राजनीतिमा फर्किने सम्भावना छैन । यद्यपि मानिसलाई आफ्नो भविष्य थाहा हुंदैन भनिन्छ । तर म त्यता नजान सक्दो कोशिश गरिरहनेछु । राजनीति गर्नेहरुलाई माया गर्न र सहयोग गर्नमा सीमित रहेर म आफूलाई आफ्नै ठाउँमा उभ्याउने कोशिश गरिरहनेछु ।

म सुम्निमा हुं । त्यसैले म श्रृष्टी हुं । म श्रृष्टीरसले धर्तीलाई सिंचित गरिरहन चाहन्छु । अर्थात, म सुम्निमा भित्रै रमाउन चाहन्छु ।

o o o

उखानहरु धेरै पाइन्छन् । स्याल कराउंदै गर्छ, हात्ति लम्किदै गर्छ भनिन्छ । खाने मुखलाई जुंघाले छेक्दैन पनि भनिन्छ । तर जीवन के यस्तै हुन्छ ? अहं, हुंदैन । हुन्छ भन्न पनि हुंदैन । मान्छे कसरी निष्पृह रहन सक्छ र ? जीवन भनेको रमीता त होइन । त्यो जिउनु हो । बाँच्नुलाई तपाईं रमिता बनाउन सक्नुहुन्न । त्यसलाई तपाईंले भोगाइ बनाउनु पर्छ । जब जीवन भोगाइमा रुपान्तरित हुन्छ, त्यसपछि स्याल कराउन थाल्ने बित्तिकै हात्तिको लम्काइमा एउटा ब्रेक लागिहाल्छ । त्यो लमक लमक गरिरहन सक्दैन । हो, ब्याट्रीबाट हिंड्ने हात्ति बनाउनु भयो भने स्यालको हुईंया नसुनेरै त्यो लम्किरहला । होइन, तपाईंले जीवित हात्तिका सन्दर्भमा स्यालको कराइको चर्चा गर्नुभएको हो भने हात्ति नरोकिई सुखै छैन । हात्ति एकछिन रोकिन्छ । एकपल्ट त्यसले ठिङ्ग उभिएर ओरिपरि हेर्छ । अनि मात्रै हात्तिले आफ्नो सुंढ र पाइलालाई अगाडि बढाउछ ।

हो, त्यसै अर्थमा स्याल कराउनु र हात्ति लम्किनुलाई उखानमा अनुवाद गर्ने हो भने, त्यो काम गर्न सकिन्छ । अलि अलि दही लागे पनि जुंघाले खाने मुखलाई छेक्दैन भन्ने सत्यलाई पनि यसै अर्थमा लिन सकिन्छ ।

नढांटी भन्नुहुन्छ भने मलाई यस प्रसङ्गमा कसैसँग कुरा गर्न मन लाग्दैन । बगैंचामा फूल फुलेपछिको आनन्द महसुस गरिरहंदा कसैले टाउकामा ढुंगाले हिर्काए जस्तो लाग्छ यो प्रसङ्ग उठ्दा ! म कहिलेकाहीं सोच्छु - म पिना भैदिउं र यो प्रसङ्गको चर्चा आफैंमा काग भैदिओस् । त्यसपछि काग कराउंदै गर्थ्यो र पिना सुकिरहन्थ्यो । तर त्यस्तो कहाँ हुंदो रहेछ र ? जीवन चिताए जति सजिलो हुंदो रहेनछ ।

धेरै मान्छेलाई अर्काको सुख र समृद्धी पच्दैन भन्ने मलाई लागेको छ । मान्छे, त्यस्तो बेलामा आफ्नो अयोग्यतालाई सम्झिएर छटपटिन्छ, बटारिन्छ र आक्रोस ओकल्न थाल्छ । आफ्नै जिउनु भारी भएपछि उ अरुको जीवनलाई पनि भारी बनाउन चाहन्छ । यो अत्यन्तै सहज प्रकृया हो । मान्छेको आक्रोस, उसको अयोग्यता, उसको असक्षमता र उसको निष्कृयताबाट जन्मिन्छ ।

होइन, होइन । मैले कसैलाई प्रमाणपत्र दिएको होइन । मैले आफ्नै चित्त बुझाउन यस्तो निष्कर्ष निकालेकी हुं । मलाई लाग्छ - म सहज जीवन बिताउन चाहन्छु । सहज जीवन बिताउनेले अरुसँग आफ्नो तुलना गर्दैनन् । आफ्नो जे छ, त्यसैमा सन्तुष्टी खोज्दछन् र असन्तुष्टी निकाल्नै पर्‍यो भने पनि आफैं भित्रबाट असन्तुष्टी खोतल्दछन् । मलाई यस्तो लाग्छ र म यसै गरिरहिछु । तपाईंलाई म साँच्चो कुरा भनौं ? आफ्नो पेशामा म भन्दा धेरै माथि गएकाहरुलाई मैले देखेकी छु । मेरोले भन्दा धेरै कमाउने स्कूलहरु मैले भेटेकी छु । मेरा साथीहरु म भन्दा दोब्बर तेब्बर कमाइरहेका छन् भन्ने म सजिलै चाल पाउछु । तर म त्यो कमाइसँग तुलना गरिन चाहन्न । म आफ्नो मनलाई त्यो तुलनातिर लैजानै चाहन्न । उहाँहरुको कमाइ

उहाँहरुको ठाउँमा ठीक छ - मैले कमाएको मेरै ठाउँमा ठीक छ । उहाँहरुले गाडी किन्नु भएको छ । त्यो राम्रो हो । उहाँहरुले सयौं रोपनी जग्गा किन्नु भएको छ । त्यो झन राम्रो हो । उहाँहरुले ठूल ठूला भवनहरु बनाउनु भएको छ । त्यो त कता हो कता राम्रो हो । उहाँहरुको विद्यार्थी संख्या पनि मेरो भन्दा धेरै माथि छ । त्यो पनि अत्यन्तै राम्रो हो । मेरो त्यस्तो छैन र म त्यस्तो नहोस् भन्ने पनि चाहन्छु । मेरो चाहना साह्रै सीमित छ । मैले पार्टीमा काम गर्ने साथीहरुलाई छोरा छोरी पढाइदिएर सहयोग गरेकी छु । मैले कला र साहित्यका साधकहरुलाई सहुलियत प्रदान गरेर सहयोग गरेकी छु । म त्यसलाई जीवित राख्न चाहन्छु । हो, म स्कूलको एउटा घर बनाइदिन चाहन्छु । अभिभावकहरुलाई अलिकति पनि कष्ट नदिइकन, साथीभाईलाई कुनै बोझ नदिइकन र कुनै संस्थासँग चन्दा नमागिकन म स्कूलको घर बनाउन चाहन्छु । मेरो स्कूलको कुनै पनि कक्षामा पैंतिस जना भन्दा बढी विद्यार्थी नहोउन् भन्ने म चाहन्छु । किन ? किनभने मलाई त्यही राम्रो लाग्छ । तपाईं यसलाई मेरो व्यवस्थापकिय चेतना पनि मान्न सक्नुहुन्छ अथवा यसलाई तपाईंले मेरो अयोग्यता ठान्नु भए पनि हुन्छ । तपाईंले यसलाई जुन विशेषण दिए पनि मेरो प्रतिवाद हुने छैन । किनभने मलाई थाहा छ - म तपाईं होइन र तपाईं म होइन ।

सबै यसैगरी सन्तुष्ट भैदिए कति राम्रो हुंदो हो ? तर यस्तो हुंदैन । यो मेरो मनको लड्डु मात्र हो । मान्छेको मनलाई अरुको घरमा चियाउन बढी आनन्द लाग्दो रहेछ । आफ्नो घरको चुलामा खरानी नभए पनि मान्छेलाई अर्काको चुलामा दाउरा जोरेको छ कि छैन भनेर दूरबीन बोक्न मन पर्दोरहेछ ।

होइन, दिक्दार हुने, हैरान हुने सबै सिंढीहरु मेरा लागि समाप्त भैसकेका छन् । हो, एउटा खास काल थियो - दर्जनौं राक्षसहरुले मलाई कोतरिरहेका छन् कि भनेर म रातमा पनि तर्सिन्थें । किन मैले बाँच्न पाएकोमा अरुको मनमा आरिस उम्रिन्छ भनेर म मध्यरातमा आफैंलाई सोध्थें र आफैंसँग डराउथें । मैले कसैको जौबारी उखेलेकी छैन, फेरि पनि मेरै घरमा आगो लाउन मान्छेलाई किन रहर लागेको होला भनेर म घोत्लिन्थें ।

मैले तपाईंलाई हिजोको अध्यायमा एउटा सन्दर्भको चर्चा सुनाएकी थिएँ । तपाईंले कत्तिको ख्याल गर्नुभयो ? त्यसको चर्चा गरिसक्नु भयो ? भए पनि केही छैन । केही केही विषयहरु दोहोरिए भने पनि बिग्री हाल्दैन । त्यसैले त्यसलाई एकपल्ट फेरि दोहोर्याउनु होला । मैले हिजो भनेकी थिएँ नि - जीवनमा सबै पेशाको राजिनामा पछि सुख पाइन्छ, तर राजनीतिको राजिनामा पछि सुख पाइन्न । हो मेरो जीवनमा पनि त्यस्तै भयो । शुरुमा, स्कूल चल्न थालेपछि मलाई बेस्सरी खेदियो । मैले सुन्या नसुन्यै गरें । म सुविधाभोगी बनाइएँ, म जनता विरोधी बनाइएँ, यतिमात्र होइन म क्रान्ति बिरोधी भएको घोषणै गर्नेहरु पनि निस्किए । अनि म तपाईंलाई एउटा रमाइलो सम्झौटो सुनाउं ? पहिलोपल्ट म क्रान्ति विरोधी भएर पैसा कमाउने बाटोमा लागेको आरोप लाउने साथीहरु अहिले राजनीतिलाई पीच सडकमा पोखेर ठेक्कापट्टा गरिरहेछन् । सडकको ठेक्कापट्टाको अर्थ तपाईं बुझ्नु हुन्छ नि होइन ? नेपालमा सबैभन्दा बढी भ्रष्टाचार हुने ठाउँ भन्सार मानिन्छ क्या र ? तर सडक, भन्सारको पनि हजुरबाउ हो । तपाईंलाई थाहा थिएन रे ? यस्तो सामान्य कुरो पनि थाहा हुंदैन कतै ? तर अहिले म सडकमा जान्न । किनभने सडक हाम्रो छलफलको विषय होइन ।

जे भए पनि मैले समयको पाङ्ग्रोमा बेरिंदै आफू माथि ओइरिएको आक्रमण छिमलें । तर तिरहरु कहाँ एक्लै आउदा रहेछन् र ? ती त वर्षिन पो थाल्दा रहेछन् । हिन्दी सिरियलको महाभारत हेर्नुभएको छ ? अर्जुन र भीष्मको तांदोबाट छुटेका तिरहरुले दिगन्त ढाकेको दृष्य छ नि ! मान्छे माथिको आक्रमण पनि त्यसै गरी दिगन्त ढाक्न पुग्दो रहेछ । तिनीहरु झर्न थालेपछि यस्तो लाग्दो रहेछ - मानौं बर्खाको पानीले पहाड झारिरहेको होस् । ह्वारर ... ह्वारर ... । कमेरे माटोको पहाड पनि कहाँ त्यसरी ओइरिन भ्याउंदो हो र ? त्यसरी बग्न थाल्यो विपत्तीको ढिस्को । एउटा पन्छायो - अर्को आइहाल्छ । त्यसलाई सोहोरेर फ्यांक्यो । फेरि अर्को झरिहाल्छ । त्यसलाई पनि किनार लाउन भ्याइएको हुंदैन - अर्को खसिहाल्छ ।

वाक्क भएर त्यसपछि मैले फोहोर पन्छाउनै छोडिदिएँ । पछि पछि त त्यो फोहोर तिर फर्किएर पिच्च थुक्न पनि मलाई अल्छि लाग्न थाल्यो । जुन दिन मैले थुक्न समेत अल्छि मानें - अनौठो तरीकाले त्यही दिनदेखि मेरो शरीर हलुङ्गो भयो । त्यसपछि त गालीहरु पनि मेरा लागि फूलका प्रहार जस्ता लाग्न थाले । मैले एउटा पाठ सिकें - मान्छेको भनाइमा कान नदिनु नै जिन्दगीको सबैभन्दा ठूलो सुख रहेछ ।

कस्ता ? खै कस्ता, कस्ता ? फुलबाट भरखरै निस्किएर पानीमा तन्दिरहेका घनटाउके जस्ता । के रे ? घनटाउके के हो थाहा छैन । हत्तेरिका ! बर्खाको याममा जमेको पानीमा हेर्नुस् । लेदो जस्ता

भ्यागुताका फुलहरु देखिन थालेपछि दिनदिनै तिनलाई नियाल्न थाल्नुस् । त्यही फुलबाट निस्कन्छन् घनटाउकेहरु ! कुरुप । दिडमिड्याउने । मनै भरङ्ग पार्ने । बैराग उगेल्याउने ... ।

तैपनि खै के भन्ने र ? मलाई लाग्छ, घनटाउके तिरहरु म भन्दा बढी मेरो श्रीमान तिर लक्षित थिए । त्यसैले अखबारमा छापिन्थे - फलानो बोर्डिङ्ग स्कूल खोलेर धन कमाएर बसेको छ । शुरु शुरुमा त मलाई खुबै रिस उठ्थ्यो । लेख्नेले पनि जानेर लेख्नु नि भन्ने लाग्थ्यो । कहिलेकाहीं लेख्नेका दाँत धेरै भएछन् कि क्या हो जस्तो लाग्थ्यो ।

कसरी कुट्नु हुन्छ रे ! मान्छेलाई कुट्न कुन आइतबार पर्खिनु पर्छ र ? घुमाएर लबटाले दन्कायो, बिचरो ऐया पनि भन्न पाउदैन ।

मैले ? मान्छे नकुट्या भए कुट्ने आँट कहाँबाट आउथ्यो ? म त कुट्थें । धेरै केटाले मेरो हातको लबटो खाइसकेका छन् । होइन, होइन । केटाकेटीको बेलाको कुरै होइन । बरु केटाकेटीमा कसैलाई कुटिएन होला । स्कूलमा त मैले केटाहरुलाई कोर्रालै पनि हिर्काएकी छु । क्याम्पसमा पनि हानें । पछि साह्रै खेदेपछि एउटा गालीपण्डितलाई कुट्न उसको घरमै पुगेकी थिएँ । बिचरो थरर्र काम्यो । माफ माग्यो । होस् है डरछेरुवालाई भनेर छोडिदिएँ । पछि कत्रो बबण्डर उठ्यो । मेरो श्रीमानले कुट्न पठाएको भनेर समाचारै बनेछ । श्रीमान मार रिसाउनु भयो । 'तिमेरको हात चिलाउंदा मेरो प्रतिष्ठा चिलाउंछ' भनेर हकार्नु भयो । त्यसपछि चाहिं मान्छे कुट्न मेरा हात उठेका छैनन् ।

सबै डराउछन् । तपाईंलाई भनुं ? एकपल्ट बनपालेले मेरो बालाई साह्रै सताए । केही गर्दा नि नहुने । दुःख दिया छ , छ । कहिले काठको बात लाउने अनि कहिले अराष्ट्रियतत्वको तर्सो देखाउने । उनीहरुलाई चाहिने चाहिं हाम्रो कुखुरा । घरभरि कुखुरा फालाफाल थिए । दुइ चार पटक त बाले आ है, खाउन् बिचराले, कुखुराको मुखै देख्न पा होइनन् होला भनेर दया देखाउनु भयो । पछि पछि त पल्किएछन् पो मोराहरु ! हामी दिदीबैनीलाई निकै दिनदेखि रिस उठेको थियो । तर बा आमा हुंदा हुंदै हामी किन जान्ने हुने भनेर चुपै लागेका थियौं ।

एकदिन त बेफ्वांकमा जंगलको काठको बात लाएर पक्रिन्छु पो भन्न थाले ए ! बाहिर चर्को घाम लागेकोले हामी घरको बरण्डामा बसेर गन्थन गरिरहेका थियौं । आगनमा तिनीहरु चार जना थिए र बा आमालाई तर्साउदै थिए । बा सम्झाउन खोज्दै हुनुहुन्थ्यो - उनीहरु चर्को चर्को कुरा गर्न थाले । बाले अब दुइटा कुखुरा दिनु हुने भो है भनेर हामी हाँस्यौं । नभन्दै बाले दुइटा कुखुरा लैजाओ, हल्ला नगर भनिहाल्नु भयो । मान्दैनन् त ए ठेट्नाहरु ! चारोटै चाहिन्छ पो भन्न थाले । लाज शरम पनि हुनुपर्छ नि मान्छेमा ! हाम्रो टाउको तातिइहाल्यो । भर्याङ्गबाट हाम फाल्दै आँगनमा झर्यौं । आँगनमा काठको अकाल थिएन । समात्यौं चिर्पट । दिदीले पहिलोलाई लडाउनु भयो । एउटा मेरो चिर्पट खाएपछि ढुनमुनिदै पैनीको डिलमा पछारियो । बैनीले एउटालाई चिर्पटले के हानेकी थिइ, दुबै जना धाइफल ठोके । बा, "ए, छोरी हो, के गरेको ? छोड्देओ । मर्लान्" भन्दै हुनुहुन्थ्यो । हामीले गर्धनमा समातेर एउटालाई उभ्याएर चार झापड लायौं ।

के हुन्थ्यो ? त्यत्तिकै ढिसमिस भयो नि । पछि त हामी छोरीहरु घरमा छौं भन्ने थाहा पाएपछि बनपालेहरु आउनै छोडे । आमा बालाई सन्चो भो ।

काँबाट काँ पुगियो होगि ? फेरि स्कूलमै फर्कौं । हुन्छ ?

सबै तिरहरु मेरो श्रीमान तिर लक्षित थिए भनेर मैले तपाईंलाई भनिहालें । उहाँलाई चाहिं हरेक तिरले पोल्थ्यो । कहिलेकाहीं उहाँको पिरोलो देखेर म रन्थनिन्थें । जेसुकै होस् - गएर बजाइदिन्छु जस्तो लाग्थ्यो । तर त्यो कुराले उहाँकै बदनामी हुने हो भनेर आफैं सम्हालिन्थें ।

लेख्न पनि अपराधीले सीमै नाघेर लेखे । डङ्गुर लेखे । सबै लेखहरु संगेलेर राखेको भए एक दराज हुन्थ्यो होला । यही स्कूल देखाएर केहीले उहाँलाई क्रिश्चियन भयो भन्ने घोषणा गरे । केहीले नेपाली नटबरलालले स्कूल खोलेर मान्छे ठगिरहेछ भनेर लेखे । स्कूल खोलेर डलरको खेती गरिरहेछ भन्नेहरु पनि देखिए । एउटाले त स्कूलबाट तस्करी गरिरहेछ पनि भनिदियो । यस्ता भनाइ कति आए आए । अहिले सम्झिएर साध्यै छैन ।

खास खास घडीमा उहाँलाई तिरले बेस्सरी घोचेपछि उहाँ रन्थनिनु हुन्थ्यो र लौ यो स्कूल छोडिहाल भन्नुहुन्थ्यो । मेरो जीवनमा त्यो घडी सही नसक्नुको पिडामा रुमलिन्थ्यो । एकातिर स्कूल छोड्नुको चिन्ताले म रन्थनिन्थें भने अर्कोतिर उहाँको मानसिक यातनाले मलाई झण्डै झण्डै रुवाउथ्यो ।

त्यो खास घडीमा न म उहाँलाई सम्झाउन सक्थें, न आफैंलाई सम्झाउने क्षमता मसँग बाकि रहन्थ्यो । तीन वर्ष जति मैले यो पिडाको क्षणलाई पनि पार गरेकी छु । अहो, तपाईं त्यो दोसाँधको पीडालाई शव्दमा उतार्नै सक्नुहुन्न । कहिलकाहीं त यस्तो लाग्यो - मृत्यु मानिसको इच्छामा भैदिएको भए जीवन कति आनन्ददायक हुन्थ्यो होला ?

तर हिर्काउंदा हिर्काउंदा छाला मर्दोरहेछ । गैंडाको छाला भनेको शायद त्यस्तै होला । अहिले हाम्रो हालत त्यस्तै भएको छ । जेसुकै होस्, नबिराउनु, नडराउनु भनेर हामीले आफ्नो कानमा रुवा कोचेका छौं । मन नपरेका अक्षरहरु किन हेर्नु भनेर हामीले आँखामा चश्मा लाएका छौं ।

त्यसैले अहिले हामी सुखी छौं । सन्तुष्ट छौं ।

मेरो आदर्श

बडो गजबको प्रश्न सोध्नु भयो । हाम्रो घर छेउबाट एउटा खोलो बग्थ्यो । हामी त्यो खोलामा खेल्न मन पराउथ्यौं । खोलाको छेउमा जरुवा पानीको एउटा मुहान थियो । हामी त्यही पानी खान्थ्यौं । गर्मीका सेलाउन लागेका साँझहरुमा हामी त्यही पानीमा नुहाउथ्यौं । अत्यन्तै शितल पानी थियो त्यो । आकाशको चन्द्रमाले हामीलाई हेरिरहेको छ जस्तो लाग्थ्यो । लुगा खोलेर नुहाउन हामीलाई त्यति साह्रो अप्ठ्यारो लाग्दैनथ्यो । रातमा उसै पनि मान्छे आउने सम्भावना कमै हुन्थ्यो । त्यसमाथि म त स्कूलमा पढ्दैदेखि पौडी प्रतियोगितामा भाग लिंदै आएकी थिएँ । आमा र दिदीहरु मैले लुगा छोडाएको देखेर मलाई गाली गर्नुहुन्थ्यो । म हाँस्तै अझै खोलुं भन्दै आमा र दिदीलाई तर्साउथें । आमा जहिले पनि, यो छोरीले कहिले अभरमा पार्छे भन्दै कुरा टार्नु हुन्थ्यो । दिदी, अब नानी तं केटाकेटी छैनस्, जहिले पनि क्याम्पमा बस्दाको बेहोरा नदेखा भन्नुहुन्थ्यो ।

मलाई त्यो खोलामा माछा मार्न मन लाग्छ । मलाई त्यो जरुवा पानीमा गएर नुहाइरहन मन लाग्छ ।

मन लागेर कहाँ हुन्छ र ? अहिले त्यो खोलो हाम्रो पुरानो घर माथिबाट बगिरहेछ । हिजो मलाई खेलाउने खोलो पह्रार सालको बाढीपछि हाम्रो ज्यानमारा भयो । त्यसले हाम्रो घर मात्र बगाएन, त्यसले हाम्रो प्यारो जरुवा पानीलाई पनि पाताल धसाइ दियो ।

घरमा खोलो पसेको साल म घर गएँ । रुन मन लाग्यो । त्यहाँ हाम्रो राम्रो घर थियो । सेतो कमेरोले लिपेको र उज्यालो टिन ठोकेको त्यो घरको बरण्डामा सिरसिर बतास चलिरहन्थ्यो । मलाई गर्मी ज्यात्विदी फाप्दैन । त्यसैले म बरण्डामा सुत्थें । राती रमाइलो निद्रा लाग्थ्यो । त्यहाँ सुत्दा म प्रायः सपना पनि देख्दिनथें । त्यस्तो घरलाई दुइ दिनको बाढीले स्वात्तै बगाएर लग्यो । भन्नुस् त, यो मन पर्छ भनेर हुरुक्क हुनुको अर्थै के हुंदो रहेछ र ?

मलाई घुम्न मन लाग्छ । तर तपाईंलाई भनौं ? म कतै घुमेकी छैन । पैसा कमाउनु भनेको खर्चिनु हो । नखर्चिने हो भने पैसा कमाउनुको अर्थै के हुन्छ र ? त्यसैगरी पैसा खर्चिन म घुम्न चाहन्छु । तर चाहनाले मात्र के हुंदो रहेछ र ? म कहीं घुम्न पाएकी छैन । विदेशको के कुरा गर्नु ? भाइहरुले निम्ता गर्दा म हङ्कङ्ग जाने गर्थें । पटक पटक आवत जावत गर्दा पछि मलाई त्यो विदेश लाग्न पनि छोडेको थियो । अहिले भाइहरुले हङ्कङ्ग छोडेपछि मेरो यात्राको तिथि पनि नजुर्ने भयो । त्यसैले हङ्कङ्गको जवाइलाई मैले यात्रा ठानेकी छैन । त्यो हाम्रो पारिवारिक मिलनको थलो थियो । त्यसबाहेकको विदेश भनेको मैले कहीं देखेकी छैन भने पनि हुन्छ । सिलिगुडी र दार्जिलिङ्ग गइन्छ । दार्जिलिङ्गमा त आफन्तहरु नै हुनुहुन्छ । त्यसैले बेलामौकामा त्यहाँ जानै पर्छ । घुम्नै भनेर भन्नुहुन्छ भने, म ०५४ सालमा लखनौ गएकी थिएँ । मज्जा आएको थियो । नबाबको भुलभुलैयामा हराएर मान्छे बोलाउदा आफैं रोमान्चित भएकी थिएँ ।

बस् । त्यत्ति हो घुमेको ।

केले रोकेको छ रे ? पहिले आमा हुनुस् । घरको मुली हुनुस् । तपाईंले आफैं थाहा पाउनु हुन्छ - केले रोक्छ भन्ने प्रश्नको उत्तर । तपाईं पुरुष हुनुहुन्छ । महसुस गर्ने सक्नुहुन्न । घुम्ने त कुरै छोड्नुस् - म माइतीमा गएर तीन दिन बस्दा पनि कहिलेकाहीं कहाल्लिन्छु । मेरो श्रीमानको खानपीन ठीकसँगले भैरहेको छ कि छैन ? मेरी छोरीलाई केही भएको त छैन ? मेरा स्कूलका नानीहरु रोइरहेका त छैनन् ? जिम्मेवारीको पर्खालले मलाईं बेस्सरी अंचेट्छ ।

होला । बिर्सिन सकिंदो होला । तर म बिर्सिन सक्दिन । त्यसैले मनमा यात्राको इच्छा मडारिइरहंदा पनि म कतै घुम्न जान पाएकी छैन ।

होइन, त्यस्तो धेरै ठाउँ हेर्ने रहर छैन । मलाई भारतका केही ठाउँमा जाने इच्छा छ । मान्छेहरु बनारसको कुरा गर्छन् । कस्तो होला त्यो बनारस भनेर म प्रायः कल्पिइरहन्छु । त्यसैले एकपल्ट बनारस जाने इच्छा छ । एकपल्ट आगरा जाने रहर छ । एकपल्ट बम्बइ जाने पनि रहर छ ।

ठिकै भन्नुभो । यी ठाउँको नाम लिनुका पछिल्तिर केही खास कारण छन् । बनारसलाई साह्रै ठूलो ठान्छन् मैले संगत गरेका मानिसहरु । त्यसैले बनारस प्रति मेरो मनमा एउटा जिज्ञासा छ । के छ बनारसमा र मानिसहरु त्यसलाई स्वर्गको सिंढी सम्झिन्छन् भन्ने प्रश्नले मेरो मन रुमल्लिएको छ । त्यसबाहेक आफूले चिनेका धेरै साथीहरुका लागि बनारस पानी पंधेरो जस्तो भएर पनि मलाई त्यस्तो लागेको होला । बनारस प्रति मभित्र एउटा आशक्ति छ । अहिलेसम्म जान पाएकी छैन । त्यो जान नपाउने पिरोलोलाई म कहिलेकाहीं सिनेमाका पर्दाहरुमा गंगाको पानीसँग खेलेर चित्त बुझाउने गर्छु । म उस्तो हिन्दी सिनेमा हेर्दिन । पहिलेदेखि नै अंग्रेजी सिनेमा हेर्ने र त्यसैमा रमाउने बानी परेको हुनाले हिन्दी सिनेमा, मलाई सिनेमा जस्तो पनि लाग्दैन । तर फलानो सिनेमामा बनारसको सिन (दृष्य) छ भन्ने सुनेपछि म त्यो सिनेमा नहेरी छोड्दिन ।

तपाईंले ठिकै भन्नुभयो । यो परिभाषा दिन नसकिने आशक्ति नै हो ।

हो, आगरा भनेको ताजमहलको छोटो नाम हो जस्तो लाग्छ मलाई । त्यसैले म आगरा जान चाहन्छु । एउटा सम्राटले आफ्नी प्रिय पत्नीका लागि बनाएको त्यो प्रेमको चिहानको दर्शन गर्न चाहन्छु । होला, यो कोरा भावुकता पनि होला । तर मानिसहरु प्रेमको गहिराइमा कति तलसम्म डुब्न सक्छन् भन्ने त्यो एउटा सच्चाइ हो । ताजमहल एउटा वास्तविकता हो । प्रेमको वास्तविकता । मनको एकताको वास्तविकता । त्यसलाई सबैले हेर्नुपर्छ भन्ने मलाई लाग्छ ।

ठीकै भन्नुभो । मैले कोठामा अहिलेसम्म ताजमहलको चित्र, मुर्ति, प्रतीक केही राखेकी छैन । नपाएर होइन, नचाहेर राखेकी छैन । म आँखा छोप्ने गरी ताजमहललाई जस्ताको तस्तै हेर्न चाहन्छु । तपाईं मेरो मनको भेउ पाउन सक्नुहुन्न । म उभिइरहुं । छेउमा मेरो श्रीमान हुनुहोस् । हाम्रो अगाडि ताजमहल होस् र ताजमहलको छेउमा कतै त्यसको अनुकृति बेचिरहेको एउटा पसले होस् । हो त्यही पसलबाट म ताजमहलको अनुकृति किन्न चाहन्छु ।

हो, बम्बईको बारेमा पनि ठिकै अनुमान गर्नुभयो । कुरा गर्दा गर्दै तपाईंले मेरो मन देख्न थाल्नु भयो । बम्बई हेर्ने रहर साँच्चै नै समुद्रको किनार हेर्ने रहर हो । बम्बइमा बन्देज बिनाको समुद्र देखिन्छ भन्छन् गएर आउनेहरु । मैले बन्देज बिनाको समुद्र देखेकी छैन । हो, हङ्गकङ्ग समुद्रै हो । तर हङ्गकङ्ग बन्देज बिनाको समुद्र होइन । थुम्कीहरु बोकेर बसेको पानीको खेत हो हङ्गकङ्ग । जता फर्किंदा पनि तपाईं पुक्लुक्क उठेका थुम्काहरु देख्न पाउनु हुन्छ । कुनै थुम्कामा अग्ला कंकिटका कुरुप लिङ्गाहरु होलान्, कतै पोथ्रे जंगलको हरियाली होला । तर समुद्रको बेरोकटोक विस्तार तपाईंले हङ्गकङ्गमा देख्नै पाउनु हुन्न । त्यसलाई ठाउँ ठाउँमा चुलिएका चट्टानहरुले अड्काइदिएका छन् ।

तर भ्रमणको यो इच्छा कहिले पुरा हुने हो मलाई थाहा छैन ।

यस्ता दर्जनौं इच्छाहरु छन् । ती दमित छन् । तपाईंले नकोट्याउनु भए हुन्छ ।

मलाई ? मलाई आकाश मन पर्छ । बुट्टा बुट्टा परेको बादल मन पर्छ । मलाईं खाँदिएको क्षितिज मन पर्छ । मलाई यस्तो लाग्छ - मेरो घर छेउमा ठूलो बाँसझाङ होस् । म बिहान बिउझिंदा त्यहा चराहरुको चिरबिर खेलिरहेको होस् । बाँसझाङको छेउमा एउटा धारो झरिरहेको होस् । धाराको ढुंगामा पित्तलको गाग्री बजेको आवाज सुनियोस् ।

हेर्नुस्, मन पर्ने र नपर्ने भन्ने कुरो तपाईंको सामर्थ्यमा भर पर्छ । जतिबेला म इलाम क्याम्पसमा पढिरहेकी थिएँ - त्यतिबेला मलाई सुनको चाह हुंदैनथ्यो । मसँग सबै खालका गहनाहरु थिए र गहना लगाउने इच्छा पनि मानिस भित्र हुन्छ भन्ने मलाई लाग्दैनथ्यो । साडीहरुको रहर पनि हुन्छ र ? जस्तो मलाई लाग्थ्यो । मैले तपाईंलाई अस्ती नै भनें - काठमाण्डौ आएपछि मैले गरगहना र साडी समेत बेच्ने दिन आयो । त्यसपछिका केही वर्षमा मलाई अरुले लाएको गहना हेरिरहन मन पर्थ्यो । मलाई अरुको साडीको रङ्ग राम्रो लाग्थ्यो । मैले एउटा यस्तो खास काल पनि बेहोरें - जहाँ म अरुले बेरेका साडी र अरुको शरीरमा देखिने सुनका गहनाहरु हेरेर लट्ठ पर्थे । त्यतिबेला मैले जीवनका सबैभन्दा अभावग्रस्त दिनहरु भोगेकी थिएँ । पछि मेरो सम्पन्नता फेरि फर्कियो । त्यसैले फेरि म त्यही पुरानी बाला भएकी छु । मलाई गहना, साडी, चप्पल जस्ता सामानहरुको रत्ती वास्ता लाग्दैन । त्यसैले मन पर्नु र नपर्नुलाई, इच्छा

र अनिच्छालाई तपाईंले आफ्नो अवस्थासँग दाँजेर हेर्नुपर्छ । एक बेलामा एउटा कुरो तपाईंलाई राम्रो लाग्छ तर अर्को बेलामा त्यही कुरो तपाईका लागि अर्थहीन भैरहेको हुन्छ ।

त्यो त म भन्न सक्दिन । अथवा मान्नोस्, इच्छा स्वयम्मा गतिशील हुन्छ । त्यसैले जीवनका इच्छाहरु पनि फेरिंदा हुन् । कुनै बेला एउटा सानो स्कूल खोल्न पाउनु नै मेरो अन्तिम इच्छा थियो । त्यतिबेला मैले त्यो स्कूल बाहेक अरु केही अनुभूत गरेकै थिइन । आजभोलि मलाई नै यस्तो लाग्छ - स्कूल त आफैं चलिरहेछ । जसरी हामी माथिको आकाशमा सूर्यदेवको रथ तानिइरहेछ, त्यसैगरी हाम्रो स्कूलको रथ पनि आफैं तानिइरहेछ । त्यसैले स्कूल संचालन अब मेरो इच्छा बनेको छैन । म एउटा अनाथालय खोलौं कि भन्दैछु । अथवा एउटा वृद्धाश्रम खोलौं कि भन्ने सोचिरहेछु । अहिलेसम्म मैले टुंगो गरिसकेकी छैन । अहं, अहिलेसम्म मैले कसैसँग कुरो गरेकी पनि छैन । बस्, मेरो मनमा इच्छाको टुसो पलाएको छ ।

त्यो पनि मैले सोचेकी छैन । मानिसहरु समाजसेवासँग जोडिएका यस्ता कामहरुको चर्चा गर्ने बित्तिकै एन. जि. ओ. सम्झिन्छन् । मैले कुनै गैरसरकारी संस्थाले दिएको पैसाबाट यो काम गरुंला भनेर सोचेकी छैन । कुनै विदेशी संस्थासँग म पैसा माग्न जान्न । यो त मेरो बुढेसकालको इच्छा हो । त्यो बुढेसकाल अझै पन्ध्र/बीस वर्षपछि मेरो आँगनमा पाइलो हाल्न आउँछ । त्यतिबेलासम्म म स्वयंसँग समाजसेवाको लागि खर्चिन सक्ने केही पैसा हुन्छ । त्यो बेलासम्म नेपालीहरुमै सामाजिक सेवाका लागि पैसा छुट्याउनु पर्छ भन्ने चेतना बढेको हुन्छ । त्यतिबेलासम्म मेरी छोरीको कमाइ मेरो भन्दा बढी हुन्छ । यस्तै यस्तै सपनामा म अहिलेसम्म रमाइरहेकी छु ।

तर तपाईंलाई अहिले यो पनि भनौं - भोलि मैले सोचे जस्तो केही नभएको पनि हुनसक्छ ।

क्या तपाईं पनि ! मैले त तपाईंलाई सजिलो होस् भनेर दुइटै सम्भावना देखाएकी हुं । मेरो मन लहड र प्रचार मात्र होइन । म केटाकेटीलाई असाध्यै मन पराउछु । यसको चर्चा भोलि तपाईंसँग गरौंला । त्यसैले पनि एउटा अनाथालयको संचालन, मेरो चाहना बनेको छ । तपाईंले त मसँग सोध्नु भएको छैन - तर धेरैले मसँग यति ठूलो घरको औचित्य के भनेर पटक पटक सोधेका छन् । मैले कतैबाट आडभरोस पाइन भने मेरो यो ठूलो घरलाई म यही सत्कार्यमा लगाउन चाहन्छु ।

हेर्नुस्, आदर्श आदर्शै हो । तपाईं त्यसको परिभाषाको चिन्ता नगर्नुस् । आदर्श आरम्भमा अमुर्त नै हुन्छ । व्यवहारले त्यसलाई मुर्तता प्रदान गर्दा त्यो आदर्श नहुन पनि सक्छ । तपाईं मेरो स्कूलकै कुरा गर्नुस् । स्कूल खोल्नु एउटा आदर्श होइन र ? केटाकेटीलाई शिक्षा दिनु, देशका लागि असल नागरिक पैदा गर्नु, व्यक्तिको चरित्र निर्माण गर्नु, मानिसलाई अनुशासनको गोरेटोमा हिंडाउनु के आदर्श होइन ? तर स्कूल संचालन गरेपछि र विशेष गरेर त्यो सफल भएपछि त्यसलाई आदर्शको रुपमा लिइएको तपाईंले कतै देख्नु भएको छ ? छैन । हरेक मानिसको जिब्रोमा हिजोको त्यो आदर्श आजको व्यापार भएको छ । अहिले कसैको मुखबाट स्कूलले केटाकेटी पढाइदिएको छ, जान्ने बनाइदिएको छ, एस. एल. सी. को परीक्षाफललाई माथि उठाउनमा नीजि स्कूलहरुको योगदान छ, प्रथम श्रेणीको रिजल्ट बढ्नुमा नीजि स्कूलको मिहिनेतले ठूलो काम गरेको छ भन्ने सुन्नु भएको छ ? छैन । जोसुकै सँग सोध्नुस् । तपाईंले सुगाको जस्तो एउटै रटाइ सुन्नु हुन्छ । शिक्षामा व्यापार भयो, च्याउ जस्ता बोर्डिङ्ग स्कूलहरु खुलेका छन्, स्कूलले ठगेका छन्, लुटेका छन्, शिक्षाको गुणस्तर छैन ... इत्यादि इत्यादि ।

आदर्श शहादतका लागि जन्मिएको हुन्छ । त्यसैले त्यो शहादतसँगै महान कहलिन्छ । आदर्श जहिले पनि शहीद भएरै जन्मिन्छ । साहित्यमा मेरो रुची छैन । तर यो आदर्शको कुरो चलेपछि शहीद भएर जानेहरुलाई समर्पित गरेर भूपि शेरचनले रच्नु भएको कविता निधार भरि नाच्न थाल्छ । मलाई कहिलेकाहीं लाग्छ - वस्तु शहीद भयो भने आदर्श हुन्छ, जीवित रह्यो भने व्यापार हुन्छ ।

साँच्चि, यतिबेला कवि भूपि शेरचन शहीदहरुलाई त्यही कविता सुनाइरहनु भएको होला होगि !

हेर्नुस्, मलाई राजनीतिका बारेमा छलफल गर्न पटक्कै इच्छा हुंदैन । मैले शुरुमा पनि तपाईंलाई भनिसकें । राजनीतिको बहस गर्नुपर्‍यो भने - घरैमा एउटा सिङ्गो राजनीति हुनुहुन्छ । तर पनि तपाईंले सोधिहाल्नु भयो । म राजनीतिको त्यही आदर्शको कुरा गर्छु । तपाईंले महात्मा गान्धीको आदर्शको चर्चा गर्नु भयो नि । म त्यो आदर्श कहीं कतै देख्दिन । अहिले कहाँ छ महात्मा गान्धीको सार्थकता ? स्वयं, महात्मा गान्धी जीवित भएको भए पनि हिजोको उहाँको जीवन पनि त्यसरी नै असान्दर्भिक हुने थियो, जसरी उहाँको चर्खा अर्थहीन भएको छ । उहाँको चर्खा भनेको स्वाबलम्बन होइन ? कहाँ छ राजनीतिमा स्वाबलम्बी चेतना ? उहाँको आदर्श भनेको उपनिवेश र साम्राज्यको विरोध होइन ? तर के आज गान्धीको

आदर्शको नाममै छिमेकीहरु पीडित भैरहेका छैनन् ? के अर्थ छ गान्धीवादी आदर्शको ? अथवा त्यसको ठिक्क उल्टो, उत्तर तिरै हेर्नुस् - माओत्सेतुङको त्याग, तपस्या र बलिदानको पाटोलाई तपाईंले कसैसँग दाँजिने देख्नुभएको छ ? तर के अर्थ रह्यो र त्यो बलिदानको ? मरेको भोलिपल्टदेखि माओत्सेतुङको लास लुछिन थालेको होइन ? व्यक्तिको रुपमा माओत्सेतुङको मानमर्दन, उहाँ मरेको पर्सिपल्टबाट शुरु भएको होइन ? अथवा हजार वर्षको महान व्यक्ति भनिएका कार्ल मार्क्सकै कुरा गर्नुस् । के दियो इतिहासले उहाँको आदर्शलाई ? गाली, बेइज्जती, अपमान, हुर्मत, बिरोध, घृणा बाहेक केही दिएको छ ? उहाँ जहाँ जन्मिनु भयो, त्यहाँ कम्युनिस्ट हुनु अपराध ठानियो । उहाँले जुन मुलुकलाई कर्मक्षेत्र बनाउनु भयो, त्यहाँ कम्युनिस्टहरुलाई सबैभन्दा बढी घृणा गरिन्छ । के अर्थ रह्यो कार्ल मार्क्सको आदर्शको ? अथवा तपाईं अमेरिकी स्वतन्त्रता संग्रामकै कुरो गर्नुस् । राजनीतिमा स्वाधिनताको परिभाषा त्यही स्वतन्त्रता संग्रामले जन्माएको होइन ? व्यक्तिको स्वतन्त्र चेत, राष्ट्रको मुक्तिको चेत त्यसैले दिएको होइन ? तर खै कहाँ छ अमेरिकी स्वाधिनताको अर्थ ? बीसौं शताब्दीका सबै स्वाधिनताको मुल शत्रु अमेरिका भएको इतिहासमा प्रमाणित भैसकेको छैन र ? हरेक देशको स्वाधिनता संग्रामले अमेरिकासँगै युद्ध गर्नु परेको होइन र ?

तपाईं आदर्शको खोजीमा नलाग्नुस् । त्यो कतै पाइदैन । हरेक आदर्शहरु, प्राप्ती पूर्वका आकांक्षा मात्र हुन् । प्राप्ती पछि आदर्शहरु अपमानमा रुपान्तरित भएका छन् र भइरहने छन् । आदर्श शहीदहरुका लागि कोरिन्छन् । त्यसैले शहीद र आदर्श सँगसँगै महान भएका छन् ।

मेरो आदर्श मेरो जीवन हो । मेरो कर्म हो । मैले गीता पढेकी छैन । म संस्कृत पढ्नै जान्दिन । तर त्यसको कर्म गर फलको आशा नगर भन्ने वाक्य मलाई खुब मन पर्छ । हुनत, फलको आशा नगरी कसैले काम थाल्दैन । काम गर्नु अनि त्यसको परिणामको आशा नगर्नु भनेको निर्जिवता हो । तापनि त्यो भनाइले मान्छेलाई प्रेरणा दिन्छ । असफलताका घडीहरुमा तपाईंले यो वाक्य सम्झिनु भयो भने तपाईंले आफ्ना अघिल्तिर सफलता उभिएको देख्नु हुन्छ । अर्को रमाइलो पनि सुन्नुहोस् - सफलताका बेलामा तपाईं गीताको "कर्म गर फलको आशा नगर" भन्ने वाक्य सम्झिनै भ्याउनु हुन्न ।

त्यसैले मेरो आदर्श भनेको मेरो नैतिक जीवन हो । र मलाई लाग्छ, सबैको आदर्श उसको नैतिक जीवन हो । जीवन पछि आदर्शको के अर्थ हुन्छ ? किनभने नयाँ जीवनले नयाँ आदर्शको खोजी गर्छ । एउटा जीवनसँगै एउटा आदर्श समाप्त भैसकेको हुन्छ र त्यो समाप्त भएको आदर्शको स्थान पूर्ति गर्न अर्को आदर्श जन्मिनु अनिवार्य हुन्छ । चाहे सामाजिक जीवन भन्नुस् चाहे राजनीतिक या आर्थिक जीवन कै चक्करमा किन नलाग्नु होस् - सबैतिर पुरानोलाई विस्थापित गरेर नयाँको निर्माण गर्ने प्रयत्न भैरहेको हुन्छ । त्यसैले आदर्श त्यही नयाँको स्थापना मात्रै पनि हुनसक्छ ।

तपाईं त युवा हुनुहुन्छ । तपाईंले आफ्ना हजुरआमाहरुको जीवन देख्न पाउनु भएन । लोग्नेको खुट्टाको पानी खानु त्यतिबेलाको आदर्श थियो । त्यो कुनै करकापको विषय थिएन । स्वास्नीमान्छेहरु खुट्टाको पानी गर्वसँगै पिउथे । त्यो पानी पिउन नपाउदा उनीहरु आफ्नो जीवन व्यर्थ भएको ठान्थे । के आज पनि खुट्टाको पानी त्यही गर्वमा चोबलिन्छ ? चोबलिन्न । हजुरआमाहरुसँगै खुट्टाको पानीलाई पनि हामीले विश्राम दिइसकेका छौं । अहिले ओठमा म्वाइ खानु पति पत्नीको आदर्श हो । अहिलेको गर्व त्यही चुमाइमा निहित छ । मुसुक्क मुस्काएर चुम्नु अहिलेको गर्ब भएको छ ।

त्यो त हो । भोलि के हुन्छ कसैलाई थाहा छैन । जे पनि हुन सक्छ । त्यसैले तपाईं बिगतको गीत गाएर नबस्नोस् । तपाईं भविष्यको चिन्तामा पिरिएर पनि नरुनोस् । तपाईं वर्तमानमा बाँच्न सिक्नुस् । तपाईको वर्तमान नै तपाईंको भविष्य हो । वर्तमानका राम्रा कामहरुले तपाईंलाई इतिहासमा बचाउने छन् । तर तपाईका आजका राम्रा कामहरुले आफ्ना अनुयायी निर्माण गर्नुपर्छ भन्ने अन्धविश्वासबाट तपाईं मुक्त हुनुस् ।

यो कुनै दर्शन होइन । यसैलाई दर्शन मान्न थाल्नुभयो भने, हरेक बिहान तपाईंले नयाँ दर्शनसँगै नुहाउनु पर्नेछ । मान्छे आफैंमा एउटा दर्शन हो भनेर चित्त बुझाउनुस् । बस् ।

मेरो सम्झौता

मैले पहिले नै तपाईंलाई बिबाहको बारेमा आफ्नो धारणा बताइसकेकी छु । तपाईंले फेरि सोध्नु भयो । यसको माने तपाईं थप केही चाहनु हुन्छ । तर मसँग भन्ने त केही छैन । म कहाँबाट शुरु गरौं ?

तपाईंलाई म एउटा सन्दर्भ सुनाउछु । अथवा दुइ तीन ओटै सुनाउ कि ! मेरो श्रीमान र मेरा कुनै रुची मिल्दैनन् । मलाई केटाकेटी असाध्यै मायालु लाग्छन् । ती गुलाफका फूलहरु हुन् जस्तो लाग्छ । कोपिला हुन् तिनीहरु । त्यसैले तिनको स्याहार गर्नुपर्छ । तर मेरो श्रीमान केटाकेटी भन्ने बित्तिकै तीन हात उफ्रिएर भाग्नुहुन्छ । उहाँका लागि केटाकेटी भनेका गुलाफको ओरिपरिका रगत चहर्याउने कांढा हुन् । केटाकेटी देख्यो कि उहाँ दिङमिङाउनु हुन्छ । खाना खांदा खादै केटाकेटी छेउमा आउदा उहाँ पहिले पहिले खानै छोडेर हिंड्नु हुन्थ्यो । उहाँलाई उल्टी आउन खोज्छ रे । केटाकेटीहरु उहाँलाई गनाउछन् । म केटाकेटीमा फूलको बास्ना फुलाउछु । तर त्यही बास्ना उहाँको नाकमा काठमाण्डौको फोहोर भएर पस्छ । तपाईं पत्याउनु हुन्न । रहरले मेरो श्रीमानले आफ्नी छोरी बाहेक अहिलेसम्म कसैलाई काखमा लिनुभएको छैन र मेरो छेउमा आइपुगेका कुनै पनि नानीहरुले मेरो काख नछोई पन्छिन पाएका छैनन् । मेरो काखले हजारौं केटाकेटी च्यापेको छ, तर मेरो श्रीमानको अंगालोले अहिलेसम्म दश जना केटाकेटी पनि छोएको छैन होला ।

केटाकेटी मात्र होइन, हाम्रो खानपीन पनि मिल्दैन । उहाँ दही र भात मुछेर खानुहुन्छ । मलाई त्यो कसैको छाद जस्तो लाग्छ । देख्दै दिङमिङ लाग्छ । उहाँ मलाई सोध्नुहुन्छ, 'दहीलाई पनि मान्छेहरु कसरी घिनाउन सक्छन् ? दही भनेको त पुराणहरुमा वर्णन गरिएको अमृतको सानो भाइ हो ।' तर मेरो मनले भन्छ, 'कुहेको जाँड जस्तो दहीलाई भातमा पसारेर मानिसहरु कसरी आफ्नो घाँटीबाट छिराउन सक्छन् ?'

दही मात्र होइन - हामी भित्र यस्ता दर्जनौं आइटमहरु छन्, जसले म र मेरो श्रीमानलाई अलग्याउछन् । दुई तिर हात समातेर तिनीहरुले घिसार्दै हामीलाई ओल्लो र पल्लो कुनामा पुर्याउछन् । मलाई खाजामा चाउचाउ चाहिन्छ । उहाँ चाउ चाउ देखेपछि बिरामी पर्नुहुन्छ । मलाई दालसँग मुछेको भात मिठो लाग्छ, उहाँले आजसम्म दाल खानै भएको छैन । आलु देखेपछि म अघाइ हाल्छु, उहाँ आजसम्म आलु खाएर अघाउनु भएको छैन । उहाँलाई बस्न सफा ठाउँ चाहिन्छ र सुत्न कुनै ओछ्यान चाहिदैन । म बस्न जहाँ पनि सक्छु, तर सुत्न मलाई सफा र फराकिलो ओछ्यान नै चाहिन्छ । उहाँ संगीतको झ्याङ झ्याङमा मात्र निदाउन सक्नु हुन्छ । निदाउने बेलामा कसैले मेरो कानमा ठूलो सास मात्रै फेर्यो भने पनि मेरो निद्रा बिग्रन्छ ।

यस्तो भिन्नता तपाईं अन्त नदेख्न पनि सक्नुहुन्छ । ठिकै भन्नु भो । तर यही असमानता भित्र हामी समान छौं । एउटा पारिवारिक जीवनमा समेटिएको दुइ दशक बित्दा पनि हामीले एक अर्कालाई साँझ र बिहानको दूरीमा राख्नु परेको छैन । यही भिन्नतामा हामी पूर्ण छौं । हाम्रा फरक रुचीहरुले हामीलाई टाढा पार्ने काम गरेका छैनन् । बरु उल्टै तिनले हामीलाई चुम्बकले जसरी झन झन नजिक पार्दै लगेका छन् ।

बिबाह सम्झौता हो र हो एउटा गम्भिर सहयोगको सम्बन्ध । तपाईंले यो सत्यलाई महसुस गर्ने बित्तिकै तपाईंको बैबाहिक जीवन अत्यन्तै सुखी हुन्छ । मैले पहिले पनि भने, घरमा म मेरो श्रीमानको बारेमा सोच्छु र यदि मेरो श्रीमानले घरको बारेमा चिन्ता गर्ने एकाध मिनेट समय कतै पाउनु भयो भने उहाँ मेरै बारेमा मात्र सोच्नु हुन्छ । घर भन्ने बित्तिकै म मैलाई बिर्सन्छु र मेरो श्रीमान आफैंलाई बिर्सनु हुन्छ । उहाँको घर भनेको म हुं र मेरो घर भनेको उहाँ हो ।

तपाईंलाई पत्यार लागेन रे । नलागोस् । म के गर्न सक्छु र ? अन्त जस्तो हुन्छ हामीमा पनि त्यस्तै हुन्छ भनेर तपाईंको मनले निष्कर्ष निकाल्न सक्छ । तर त्यो निष्कर्ष हाम्रा लागि होइन । त्यो त

खालि तपाईंका लागि मात्र हो । आफ्नो निष्कर्षका कारण तपाईं आफैं दुःखी हुन सक्नुहुन्छ । खुशी पनि हुन सक्नुहोला । तर तपाईंको निष्कर्षले मलाई छुदैन । त्यसैले त्यस्ता निष्कर्षहरुतिर मेरो ध्यान जाँदैन ।

म तपाईंलाई एउटा रमाइलो सम्झना सुनाउं ? तपाईंले पत्याउनुस् भनेर होइन । अहिले स्मृतिका रेशाहरु एक एक गरेर तन्किन थालेको हुनाले मात्रै सुनाउं कि भन्ने लागेको हो ।

त्यस्तै ०४८ सालतिरको कुरो होला । हामी दुबै आफ्नो सुत्ने कोठामा थियौं । म ओछ्यानमा पल्टिएकी थिएँ । उहाँ टेलिफोनमा कसैसँग कुरा गरिरहनु भएको थियो । रात अलिक बितिसकेको थियो । हामी त्यतिबेला विष्णुमतिको मसान घाट छेउको घरमा डेरा गरेर बसेका थियौं । मसान घाटको सुन्यताले वातावरणलाई प्रभावित तुल्याएको थियो । त्यसैले रात, हुनुपर्ने भन्दा बढी सन्नाटा भित्र हराएको थियो । पल्ला कोठामा सुतेका विद्यार्थीहरु निदाइसकेका थिए र भित्तामा टांगिएको घडी खित्रिक् खित्रिक् गरेर बितिरहेको समयको चेतावनी दिइरहेको थियो । न माटोको हो, न मान्छे पोलेको हो - एक किसिमको नमिठो गन्धले कोठालाई लिपेको थियो । म अस्पटिएर घाँटीसम्म आएको सिरकले नाक छोप्न खोज्दै उहाँको कुरा सुन्ने कोशिश गर्दै थिएँ ।

"किन रिसाउनु हुन्छ भाई ? तपाईंको विरोध छ भने लेखेर पठाउनुस्, म छाप्न लाइदिउंला ।"

'... ... ...'

"होइन, यस्तो फोहोरी गालीले तपाईंलाई सन्तोक दिन्छ ? तपाईंको विरोध बरु लेखेर पठाउनु भए जस्ताको तस्तै छाप्न भन्दिउंला,भएन ?"

'... ... ...'

"तपाईं शिष्टता र सभ्यताका एकाध शब्द सम्झिन सक्नु हुन्न ? अखबारमा के छापिएको छ, त्यो मलाई थाहा छैन । तापनि आउने अङ्कमा म तपाईंको प्रतिवाद जस्ताको तस्तै छाप्न भन्दिउला । मैले यति भनिरहदा पनि तपाईं रिसाउनुको अर्थ मैले बुझ्न सकिन ।"

उहाँको मलिन बोलीले मेरो नशा खुम्च्याउन थाल्यो । म उहाँको अनुहारमा नियालेर हेर्न थालें । हेर्दा हेर्दै त्यो पनि मलिन भयो । एकैछिनमा उहाँको अनुहारको रंग रातो भएजस्तो लाग्यो । उहाँ केही बोल्न सक्नु भएन । उहाँले एकपल्ट आँखा घुमाएर मलाई हेर्नुभयो र आफ्नो रङ्ग उडिरहेको अनुहारलाई बत्तीको छायाँतिर फर्काउनु भयो ।

उहाँलाई कसैले फोनमा गाली गऱ्यो र साह्रै नराम्रा शब्दहरुले गाली गऱ्यो भनेर बुझ्न मलाई कठिन भएन । तपाईं त्यतिबेला त्यो कोठामा हुनुभएको भए, तपाईंलाई पनि त्यति कुरा बुझ्न कठिन हुंदैनथ्यो ।

म सुतेकै ठाउँबाट जुरुक्क उठें र उहाँको हातबाट फोन थुतेर आफ्नो कानमा राखें ।

उताबाट कोही मनपरी गाली गर्दै थियो । गालीसम्म त मैले पनि सुनें । तर त्यसले, "के सोचेको छस् ए राँडीका छोरा, तेरो ज्यान लिन सक्ने मान्छे हुं म," भनेपछि मैले आफूलाई रोक्नै सकिन । मेरा हातका पन्जाहरुमा सररर रगत बगे जस्तो भयो । मेरो अनुहारको रंग पनि फेरियो होला । मैले मार हकार्ने गरी त्यसलाई भनें, "के भनिस अरे कुकुर्नीका छाउरा ! के हाम्रा हातमा दही जम्या देख्याछस् ? आधा रातमा लुकेर फोन गर्ने तँ डाँका कि हामी डाँका हं ए सुँगुर ! तागत छ भने आइज त बाहिर आँगनमा । एक्लै आउछस् कि गुण्डा लेर आउँछस् हँ चोर । तँलाई पेटीकोटको फेटा गुताएर पठाइनछु भने ! सुनिस् गधा ?"

मेरो गाली सुनेर त्यो आत्तियो । त्यसले हतार हतार सोध्यो, "हलौ, को बोल्नु भा ?" मैले केही उत्तर दिइन । त्यसले फेरि त्यही प्रश्न सोध्यो । मैले उत्तर दिइन । त्यसपछि त्यसले आफ्नै कोठामा भएको कसैलाई सुनायो, "फोनमा त को रणचण्डी पो आइ ए गाँठे ! मार्छु भन्छे ।"

"राखिदे ।" अर्को कसैले भन्यो ।

त्यसपछि त्यसले फोन राख्यो ।

मैले पनि फोन राखें । उहाँ छक्क परेर मलाई हेरिरहुन भएको थियो । उहाँको अनुहारको रङ्ग अझै फर्किएको थिएन । उहाँले एकछिन मेरो मुखमा हेरेर भन्नुभयो, "तिमीले भरखरै फोनमा के के बोल्यौ, सम्झना छ ?"

"राम्ररी छ," मैले भनें, "म तपाईं जस्तो साधु होइन । जस्तालाई तस्तै जवाफ दिन मलाई पनि आउछ । बड, धम्की दिन्छ ए । हातमा चुरा ला देख्या छ ?" म झण्डै उहाँसँगै रांक्किएँ ।

"तिम्रो हातमा चुरै त छ," उहाँ बोल्दा बोल्दै हाँस्नु भयो । म पनि रिस बिर्सिएर हासें ।

भन्नुस् त हाम्रो रुची र सोच अनि व्यवहारका बीचमा कत्रो अन्तर छ ?

के गर्थें ? हान्थें नि चिर्पटले । फोनबाट त्यसरी गाली गर्नेहरु पहिलो त आउनै सक्दैनन् । आइहाले भने पनि केही थिएन । म थिएँ । मेरा भाइहरु थिए । तीन जनाले तीन तिरबाट चिर्पटले हान्न थालेपछि छारतोस कसेर भाग्थे । हामीले बनपालेलाई कसरी खेदेका थियौं भनेर मैले तपाईंलाई भनिसकें होइन र ?

हेर्नुस्, बाँच्न मन लाग्छ भने कसैसँग डराउनु हुदैन । डराउनेले यो धर्तीमा उभिने ठाउँ पनि पाउदैन । ओरालो लागेको मिर्गलाई बाछाले पनि खेद्छ भन्छन् नि, हो त्यस्तै हो डराउने जीवन । त्यसैले मान्छेलाई बाँच्न आत्मविश्वास बाँड्नुस् भन्छु म भेटेजति सबैलाई ।

अहं, उहाँले मेरो चित्त कहिल्यै दुखाउनु भएको छैन र मेरो चित्त त्यसरी दुखिहाल्ने पनि होइन । हेर्नुस्, चित्त सानो भयो भने त्यो रातोदिन दुख्छ । तर ठूलो चित्त झुक्किएर पनि दुख्दैन । फराकिलो चित्तले सबैथोक आफू भित्र समेट्न सक्छ । सानो चित्त थोरैले भरिन्छ । तपाईंको चित्त कत्रो छ ? थाहा पाउनु भएको छैन ? खोज्नोस् । आफैं भित्र खोज्नोस् । तपाईंको चित्त ठूलो छ भने तपाईं कुनै पनि विरोधी प्रहारलाई सजिलै चिप्ल्याउन र पन्छाउन सक्नुहुन्छ । तपाईंको चित्त सानो छ भने कसैले पुलुक्क हेर्दा पनि त्यो दुख्छ । कसैको गाली खाँदा वा कसैले धोखा दिंदा अथवा कसैले विश्वासघात गर्दा त त्यो कोकोहोलो मच्चाएरै रुन थाल्छ ।

उहाँको चित्तको व्याख्या म कसरी गर्न सक्छु । यो त उहाँलाई नै सोध्ने प्रश्न हो । तर मलाई लाग्छ - उहाँको चित्त सानो छैन । नत्र कसरी उहाँ र म बीच विश्वासका दुई दशक बित्न सहज हुन्थ्यो ? अथवा उहाँको चित्त सानै रहेछ भने पनि मैले पिर मान्ने कारण देखेकी छैन । उहाँको सानो चित्तलाई म आफ्नो ठूलो चित्तको खोकिलामा हालेर लुकाइदिन्छु । बस्, समस्यै पर्दैन ।

यो मामिलामा उहाँ ममाथि निर्भर हुनुहुन्छ । तपाईंले मलाई उहाँको बडीगार्ड भन्नु भए पनि हुन्छ । म तपाईंलाई अर्को एउटा अनुभव सुनाउं ?

पह्रार तिरको कुरो हो । खै के कारणले हो उहाँ माथि खतरा थियो । अलि अलि धम्की र गाली पनि आउथ्यो । कहिलेकाहीं मध्य रातमा फोनको घण्टी बज्थ्यो । हामी फोन उठाउथ्यौं । फोन एक्कासी मर्थ्यो । दिक्क भएर मैले राती एघार बजेदेखि बिहान पाँच बजेसम्म फोनको घण्टी नै बन्द गरिदिन थालें । र पनि, बेला बेलामा उहाँले फोनमा गाली खादै हुनुहुन्थ्यो ।

एक रात पुलिसको कुनै ठूलो मानिसले उहाँसँग सुरक्षा सम्बन्धी कुरा गर्‍यो । उहाँले मतिर हेरेर हाँस्दै फोनमै जवाफ दिनुभयो, "मलाई प्रहरी सुरक्षाको खाँचो छैन । दुइ चार ज्यानले आँट्न नसक्ने सुरक्षा मैले घरैमा पालेको छु । तर पनि तपाईंलाई माथिको आदेश छ र टार्नै मिल्दैन भने पठाइदिनु भए हुन्छ ।"

उहाँ हाँसे पनि मलाई स्थिति अलिक गम्भिर छ जस्तो लाग्यो । उहाँ एक्लै हुंदा डराउनु हुन्छ कि हुन्न मलाई थाहा छैन । तर घरमा म छु भने उहाँलाई डरले रत्ती छुंदैन । त्यस्तो कुनै खतराको घण्टी बज्यो भन्ने महसुस भयो भने मै बरु बढी डराउछु । त्यसैले मैले खुकुरी आफ्नो सिरानमा राखें । कुकुरलाई कोठा बाहिरको बरण्डामा ल्याएर छोडिदिएँ र कोठाको बत्ती निभाएर सुतें ।

भोलिपल्ट बिहानै दुइ जना मानिसहरु घरमा आए । उनीहरुले मेरो श्रीमानको नाम लिएर उहाँसँग भेट्न चाहेको कुरा गरे । मैले नियालेर तिनीहरुको अनुहारमा हेरें । तिनीहरु अपराधी नै हुन् कि जस्तो मलाई लाग्यो । मैले नाम सोधें । उनीहरुले नाम भनेनन् । मैले काम सोधें । उनीहरुले काम पनि भनेनन् । खालि उहाँको नाम लिएर उहाँलाई मात्र भन्न मिल्छ भनेको हुनाले मैले तिनीहरु माथि झन बढी शंका गरें । मैले भरसक नभेटाउने सोच बनाएँ । तर उनीहरुले छोड्नै मानेनन् । त्यसैले म श्रीमानलाई लिन आफ्नो कोठामा पसें ।

कोठामा गएपछि मैले सबैभन्दा पहिले खुकुरीलाई शरीरमा लुकाएँ । मैले हिसाब गरिसकेकी थिएँ । त्यो नौलो मानिसले पक्कै पनि खुकुरीको प्रहार गर्नेछ । त्यसको हात खुकुरी खोज्न जान नभ्याउदै म त्यसलाई दुइटा बनाइ दिन्छु ।

म आफ्नो श्रीमानसँग टाँस्सिएरै बाहिर निस्किएँ ।

तर उहाँले ढोका खोलने बित्तिकै ती दुबै जनाले शरीर तनक्क तन्काएर उहाँलाई जय नेपाल गरे । म त छक्क परें । दुबै जना प्रहरी पो रहेछन् । धन्न कुनै दुर्घटना घटेन ।

तपाईं पनि कस्तो गजबको कुरो गर्नुहुन्छ ? यसको उत्तर मैले दिन मिल्छ ? तपाईं उहाँलाई नै सोध्नुस् न । तर यो तपाईंहरुको पुरुष मानसिकता मात्र हो । मैले किन उहाँको बडीगार्ड हुन नमिल्ने ? उहाँ भन्दा चर्को भएर प्रतिवाद गर्न किन नमिल्ने ? उहाँ माथि कोही आइलाग्छ भने उहाँ भन्दा अघि बढेर जाइलाग्न मलाई केले रोक्ने ? यस्तो पनि हुन्छ कतै ? यो सब तपाईं भित्रको पुरुषजन्य अहङ्कार हो । तपाईं मेरो श्रीमानलाई सोध्नुस् । उहाँले पनि यही भन्नु हुनेछ । किनभने मेरो सुरक्षामा बस्न उहाँले लाज मानेको आजसम्म मैले देखेकी छैन । हो उहाँ अलिअलि डराउनु हुन्छ । मेरो जङ्गी व्यवहारले उहाँको सामाजिक जीवनमा नराम्रो असर पार्छ भनेर आत्तिनु हुन्छ । नत्र म छेउमा हुनासाथ आफूमा आत्मविश्वास पैदा हुन्छ भनेर उहाँले पटक पटक मलाई भन्नुभएको छ ।

म त हेर्नुस्, अप्ठ्यारो परेको बेला उहाँको छायाँ नै हुन्छु । सामान्य स्थितिमा उहाँ कहाँ जानुहुन्छ, कहिले फर्किनु हुन्छ भन्ने कुरामा मेरो चासो हुंदैन । तर अप्ठेरो काल आयो कि म उहाँको ओरिपरि भै हाल्छु र त्यस्तो बेलामा कसैले उहाँ माथि आक्रमण गऱ्यो भने म त्यसलाई सिध्याइदिन्छु ।

मार्नुभो तपाइले पनि ! तपाईंको बल पुगे त हामीलाई सती जाने बनाइदिनु हुन्थ्यो होला । उहाँले मेरो रक्षा गर्नु चाहिं सामाजिकता हो रे अनि मैले उहाँको सुरक्षा गर्नु सामाजिक हिसाबले नमिल्ने कुरो हो रे । त्यस्तो समाज किन चाहियो हं हामीलाई ? मैले उहाँको सुरक्षा गर्दा के घाम पश्चिमबाट झुल्किन्छ ? कि त्यो दिन बादल नै नलागी पानी पर्छ ? यस्तो काम नलाग्ने कुरा छोडिदिनुस् । सच्याउनुस्, आफूलाई सच्याउनुस् ।

तर हाम्रो छलफलको सन्दर्भ यो होइन । मैले पुरुषले के गर्नु हुन्छ र के हुंदैन भनेर नयाँ मान्यता अघि सार्न खोजेकी होइन । मैले त खालि एउटै परिवारमा बाँधिएका हामी दुइको स्वभावमा रहेको दूरीलाई कोट्याएकी मात्र हुं । हाम्रा मिल्ने कुरा साह्रै थोरै छन् । धेरैमा हामी नमिल्ने नै छौं । कसैले गाली गऱ्यो भने उहाँलाई त्यसले पन्ध्र दिनसम्म छोइरहन्छ । मलाई पन्ध्र दिन कसैले दोहोर्याई दोहोर्याई गाली गऱ्यो भने पनि मतलब हुंदैन । अखबारमा आफ्नो विरुद्धमा कुनै कुरो छापियो भने उहाँ बेलुका खाना खानुहुन्न । तर उहाँलाई कसैले गाली गऱ्यो भने म त्यसको हावा उडाइ दिन्छु । उहाँ समाज भनेपछि थररर काम्नु हुन्छ । मलाई समाजको मतलब पनि हुंदैन । मलाई जहिले पनि लाग्छ - समाजले मलाई के दियो ? म आफैंले आफ्नो हैसियत नबनाएकी भए, आज सत्तोसराप गर्ने समाजले के मलाई चिन्थ्यो ? मैले आफ्नो गोलीगांठो दुखाएर परिश्रम नगरेको भए मेरा सामू कुनै समाज हुन्थ्यो ? जुन समाज दुःखको बेला मलाई चिन्न समेत मान्दैन, त्यसले गरेको गालीलाई आफ्नो सुखको बेला म किन सुनुं ? त्यसैले म आफूलाई नचाहिने समाजसँग कुनै सरोकार राख्दिन, आफूलाई चाहिने समाज निर्माण गर्न म पटक्कै अल्छि मान्दिन । समाजलाई म चाहिन्छु भने त्यसले आइज भन्नुपर्छ, चाहिदैन भने त्यसले मैले अप्ठ्यारो नमानी त्यो भन्दा बाहिरै बस्नुपर्छ ।

अहिलेसम्म मैले यसै गरेकी छु, भोलि पनि म यसै गर्नेछु । तर मेरो श्रीमान यस्तो व्यवहार सोच्न पनि सक्नुहुन्न ।

त्यसमा पनि बानी मिल्दैन । म अखबार पढ्दिन । पटक्कै पढ्दिन । किन पढ्नु अखबार ? त्यसमा के हुन्छ ? के त्यसले मलाई मेरो जिन्दगी कसरी सुखी हुन्छ भन्ने आधार दिन्छ ? के त्यसले मेरो स्कूल मैले कसरी चलाउनु पर्छ भन्ने शिक्षा दिन्छ ? के त्यसले मलाई मेरो परिवारको असल आचार कसरी निर्माण हुन्छ भन्ने ज्ञान दिन्छ ? अहं, अखबारले केही दिंदैन । त्यसैले म कहिल्यै अखबार पढ्दिन । शायद नेपालका अखबार नपढेको दश वर्षे भैसक्यो होला । हो, म शिक्षा सम्बन्धी जर्नलहरु छन् भने, शिक्षा क्षेत्र ओगटेका बुलेटिनहरु छन् भने तिनको चाहिं राम्रो अध्ययन गर्छु । तिनले मेरो व्यवसायलाई राम्रो बनाउन मद्दत दिन्छन् । तर बजारमा निस्कने दुई देखि बीस पेजसम्म अखबार भने म झुक्किएर पनि हेर्दिन ।

होइन, होइन । म कसैको पेशालाई पनि हियाउन चाहन्न । अखबारमा झुटा कुरा लेखिन्छन्, तिनको सामाजिक दायित्व हुंदैन भन्ने जस्ता आरोप लगाएर मैले अखबार नपढेकी होइन । यथार्थमा, अखबारले मलाई आफूतिर तान्न सकेनन् । अखबार पढ्नु पर्छ र अखबार पढेर मलाई फाइदा हुन्छ भन्ने सोचमा तिनीहरुले मलाई पुर्याउनै सकेनन् । यसो कुनै बेला काम नहुंदा अथवा फुर्सदले पल्टिरहंदा छेउमा कुनै अखबार छ भने म पढ्न खोज्छु । तर एउटा शिर्षक पढ्ने बित्तिकै छया के पढिरहनु भनेर म आफैं सरक्क पन्छिन्छु । बरु तपाईं नै भन्नुस् न, अखबार किन पढ्नु ? तपाईंको कुरो सुनेपछि मलाई अखबार पढ्न मन लाग्ने हो कि !

तर मेरो श्रीमान ? कति पढ्नु हुन्छ भन्नै पर्दैन । त्यो बाहिरको अखबारको उरुङ छ नि, त्यो सबै उहाँकै हो । उहाँ त मसला पार्नेदेखि गाता हाल्नेसम्मका अखबारहरु नबिराई पढ्नु हुन्छ । बाबा, महिनाको दुइ हजार भन्दा बढी पैसा अखबारमा उडाउनु हुन्छ । म उहाँलाई बारम्बार यो नचाहिने अखबार किन पढ्नु हुन्छ भनेर टोकसी रहन्छु । तर अखबार नपढे उहाँलाई भात खाए जस्तै लाग्दैन रे । अखबारमा सिर्जना हुन्छ रे । अखबारले अहिलेको संसारमा हवाइजहाजमा बसाएर यात्रा गराउछ रे । अखबारमा मन बाँधिएपछि कुनै पनि अखबार संगीत जस्तो लाग्छ रे । लेखिएको कुरा विश्वास गर्नु या नगर्नु आफ्नो नीजि बिचार हो रे । यस्तै के के भन्नु हुन्छ हुन्छ । म वास्ता गर्दिन ।

त्यो पनि मिल्दैन । सिनेमा हलमा गएर सिनेमा हेर्न त अब उमेरले नै दिदैन जस्तो लाग्छ । होइन, बुढेसकाल लागेपछि हलमा गएर सिनेमा हेर्नु हुदैन भन्ने होइन । मलाई त्यस्तो लाग्छ भनेको मात्र हो । एउटा मानसिक बन्धनले मलाई रोक्छ । त्यसैले म टेलिभिजनमा सिनेमा हेर्न रुचाउँछु । त्यसमा आनन्द खोज्छु । तर उहाँलाई सिनेमा भन्यो कि टाउको दुख्छ । उहिले उहाँले शेक्सपियरको द टेम्पेस्ट भन्ने सिनेमा हेर्नु भएको थियो रे । त्यो चाहिं उहाँलाई खुब मन पर्‍यो रे । हेर्दा हेर्दै आफू पनि सिनेमाको जादुमा हराउने जस्तो लाग्याथ्यो रे । तर पछि हेरेका सिनेमाहरु कुनैले पनि दश पन्ध्र मिनेट भन्दा बढी बाँध्न सकेनन् रे । त्यसैले उहाँले सिनेमा हेर्न छोड्नु भयो रे ।

तपाईंलाई म एउटा रमाइलो सम्झौटो सुनाउँ ? हामी दार्जिलिङ्ग गएका थियौं र त्यतिबेला त्यहाँ एउटा नेपाली सिनेमा चलिरहेको थियो । सम्झना । उहाँले त्यो बेलासम्म नेपाली सिनेमा हेर्नु भएको थिएन । त्यसैले मैले सिनेमा हेर्न जाउँ भनें । जिन्दगीमा पहिलोपल्ट आफ्नो श्रीमानसँग नारिएर सिनेमा हेर्न पाउंदा म त मक्खै थिएँ । हल भित्र पसुन्जेल उहाँ पनि मक्खै हुनुहुन्थ्यो होला । तर भित्र गएर दश मिनेट बसेपछि उहाँ छटपटिन थालिहाल्नु भयो । उहाँले सानो स्वरमा मेरो कानमा भन्नुभयो, "तपाईं सिनेमा हेर्दै गर्नुस् । म बाहिर कुनै चिया दोकानमा तपाईंलाई पर्खिएर बस्छु, हुन्न ?"

त्यस्तै हुन्छ कि भन्ने शंका मलाई शुरुदेखि नै थियो । म पनि उहाँसँगै बाहिर निस्किएँ । हामी रमाइलो गर्न घुम पहाडतिर लाग्यौं ।

यस्तो प्रश्नको सही उत्तर नै हुंदैन । मलाई सोध्नुभयो भने म भन्छु - उहाँका लागि मैले नै बढी त्याग गरेको छु । उता उहाँसँग गएर सोध्नु भयो भने उहाँको जवाफ पनि आफ्नै लागि हुनेछ । त्यसैले यस्तो प्रश्न सोध्नै हुंदैन । के श्रीमानले श्रीमतीका लागि अनि श्रीमतीले श्रीमानका लागि त्याग गर्ने चलन चलाउन सकिन्छ ? श्रीमान र श्रीमती एक अर्काको पुरक होइनन् ? तपाईंलाई कस्तो लाग्छ ? लाग्दैन रे ! यस्तो त भन्न पाइदैन नि । परिवार आफैंमा एउटा भावना हो । आमा-बाबु, दाजु-दिदी, भाइ-बहिनी, भाउजु-बुहारी एउटा विशाल बृक्षका हाँगा र पातहरु हुन् । तपाईं रुखबाट कसरी छुट्याउनु हुन्छ पात र हाँगाहरुलाई ?

यो आधुनिकता भनेको पनि फाइदाको फेसन हो । हेर्नुस् म आफूलाई आधुनिक भन्दिन । तर म पुरातनपन्थी पनि होइन । अंग्रेजहरुको बीचमा मेरो बाल्यकाल बित्यो । मलायाको ब्रिटिश क्याम्पमा म जन्मिएँ र हङ्कङ्गमा रमाएँ । घोपा क्याम्पको आधुनिक जीवनमा मैले आफ्नो चेतना हुर्काएँ । त्यतिमात्र होइन, त्यतिबेला केटीहरुको पोशाकमा अत्यन्तै आधुनिक मानिने पेण्ट र शर्ट मेरा मन परेका पोशाक थिए । म अंग्रेजी सिनेमाहरु हेर्थें । मैले नाङ्गा आकृतिहरु पनि सिनेमामा देखेकी छु । ब्ल्यू फिल्म भनिन्छ नि, हो त्यस्ता अंग्रेजी सिनेमाहरु पनि मैले हेरेकी छु । म केटाहरुसँग झगडा गर्थें । हात हालेरै बाझ्थें । रात बिहान म केटाहरुसँग एक्लै हिंड्थें । मेरो उमेरका आधुनिक भनिने कति नेपाली केटीहरुको जीवनले यति फराकिलोपन बेहोरेको छ ? मेरो आधुनिकताको दाँजोमा आउने कति हजार नेपाली स्वास्नीमान्छेहरु छन् ? मलाई लाग्छ - तिनीहरुको संख्या एकदमै थोरै छ । आजभोलिको आधुनिकता सिउंदोमा सिन्दुर हाल्छ, गलामा मंगलसुत्र बाँध्छ, हातमा हतकडी जस्ता चुराहरु लगाउछ, सोमबारको बर्त बस्छ (बारहरु फरक फरक पनि हुनसक्छन्) र साईंबाबाको पुजा गर्छ (पुजा गरिने मुर्ति वा भगवान पनि फरक फरक हुन सक्छन्) । यो भन्दा भिन्न आधुनिकता खोज्नु भयो भने त्यसको पनि म वर्णन गर्न सक्छु । बाहुला च्यातिएको टनक्क कसिएको ब्लाउज र त्यसभित्र देखिने ब्राका धर्साहरु, टलक्क टल्किने साडी, पेन्सील हिलमा लरबराएका गोडाहरु, रेड वाइन (अथवा अर्को कुनै रक्सी) भरिएको गुथुर्के गिलास अनि गिलासमा टाउको जोतिरहे जस्तो देखिने बैजनी रङ्गको नङ्गपालिसले च्यापेको फेटावाल चुरोट । यस्तै रुपलाई तपाईं आधुनिक भन्नुहुन्छ भने तपाईंले आधुनिकताको परिभाषा बुझ्नैकै छैन भने हुन्छ । आधुनिकता लुगामा

होइन, मान्छेको निधारमा लेखिएको हुन्छ । मान्छेको मनमा कुंदिएको हुन्छ । आधुनिकतालाई भृकुटी मण्डपको प्रदर्शनीमा राख्न मिल्दैन, त्यो त मानिसहरुको आफ्नो घरको कुर्चीमा उपरखुट्टी लाएर बसिरहेको हुन्छ । त्यसैले आधुनिकताका बारेमा मेरो कुनै टिप्पणी छैन ।

ठिकै छ, त्यसै भन्नुस् । मेरो कुनै प्रतिवाद हुंदैन । म बन्धनमा छु ? भए पनि ठिकै छ । म स्वतन्त्र छु ? त्यो पनि ठिकै छ । म आफ्नो जीवन आफ्नो खुशीले बाँचिरहेछु । म रक्सी खान्न । म पार्टीमा जान मन पराउदिन । म चुरोट पनि तान्दिन । मलाई उत्ताउलो र भड्किलो पोशाक पनि मन पर्दैन र म पेन्सिल हिल लगाउदिन । मेरो यो रुपरंगमा कसैले मलाई पुरातन भन्छ भने म पिर मान्दिन । किनभने जे भए पनि म, मै हुं । मैले संसारका भिन्न भिन्न मुलुकका मानिसलाई भेटेकी छु, उनीहरुसँग थोरै भए पनि कुरा गरेकी छु । उनीहरुको मन छानेकी छु । तिनै मानिसहरुको संगतमा म आफू परिपूर्ण भएको विश्वासमा छु ।

कसलाई भेटें रे ? क कसलाई भेटियो भेटियो ? तैपनि ? तैपनि भन्ने हो भने बेलाइतीहरुसँग मेरो राम्रै संगत रह्यो । चाइनिज पनि मेरा साथी थिए । क्यानडाको एउटा जोडीसँग पनि मैले धेरै दिन बिताएँ । मेरी एउटी जापानी बैनी छ । तोरीको गुन्द्रुकको साँधेको अचार खान नेपाल आउन रहर गर्ने मेरी एउटी अमेरिकन छोरी छ । एउटा जर्मन साथी मलाई चिठी लेखिरहन्छ । मेरो कोरियाली साथीको मलाई चिठी आइरहन्छ । सिंगापुरमा पनि मेरी एउटी छात्रा छ । मैले डेनमार्कको साथीसँग संगत गरेकी छु । म दार्जिलिङ्गको भाषामा दार्जिलिङ्गे साथीहरुसँग कुरा गर्छु । गाउँमा गएर धान नाच्न र चण्डीको सैसैलामा रमाउन पनि म सक्छु । त्यसैले भिन्न भिन्न संस्कृतिका मानिसहरुसँग मेरो मित्रता छ । आधुनिकताका भिन्न भिन्न आयामलाई मैले नजिकबाट देखेकी छु ।

ती सबै आयाममा मेरो आयाम अलग्गै छ, भिन्न छ र सबैभन्दा आधुनिक छ भन्ने मलाई लाग्छ ।

यस्तो कुरा मलाई नसोध्नुस् । त्यसो भए आधुनिकताको परिभाषा के रे ? म कसरी भनौं ? तपाईंले मलाई मेरो आधुनिकता प्रतिको मोह, मान्यता सोध्नुभयो भने म केही भन्न सकुंला । तर म त्यसको परिभाषा दिन चाहिं सक्दिन ।

मेरो दिन

बडो अनौठो प्रश्न गर्नुभयो । म के जान्दछु ? थाहा छैन म के जान्दछु । हुन सक्छ म सबैथोक जान्दछु । हुन सक्छ म केही पनि जान्दिन । म तपाईंलाई आफ्नो जीवनका केही पानाहरु पल्टाइदिन्छु - त्यसपछि तपाईं नै म के जान्दछु र म के जान्दिन भन्ने निर्णय निकाल्नुस् ।

मैले एउटा स्कूल चलाइरहेछु । यसलाई तपाईं जानेको पनि भन्न सक्नुहुन्छ, नजानेको पनि भन्न सक्नुहुन्छ । मसँगैका स्कूलहरु अहिले करोडौंको हिसाब गर्छन् । तर मैले लाख नाध्न सकेकी छैन । त्यसैले मलाई असफल स्कूल व्यवसायी भन्न सक्नुहुन्छ । तर म आफूलाई असफल भन्दिन । किनभने म आफ्नो श्रमको प्रतिफलबाट सन्तुष्ट छु । त्यो आमदानी र स्कूल संचालनबाट मैले ग्लानी महसुस गरेकी छैन ।

ए त्यो पो भन्नु भएको । अर्थात, व्यक्तिगत शिप । हुनत, व्यवसाय संचालन पनि व्यक्तिगत शिपकै कुरा हो । यो कुनै अलौकिक जादु वा भगवानको आशिर्वाद होइन । तैपनि तपाईंले सोध्न खोज्नुभएको कुरो मैले बुझें । अब त्यतै लागौं ।

ल सुन्नुस् । म आफ्नो लुगा आफैं सिउंछु । तपाईं मलाई सुजिकार भन्न सक्नुहुन्छ । आफ्नो लुगा भन्नाले के भन्ने कुरै भएन । आफूले जे लगाउने हो, बजारमा गएर सिलाउनु पर्ने जति म सबै आफैं सिलाउछु । तपाईंले मेशिन देख्नु भएन ? हुन्छ, म तपाईंलाई देखाइ दिउंला । म आफ्नो ब्लाउज, पेटिकोट, शर्ट आफैं सिलाउछु । मैले आफ्नो लागि कुर्ता सुरुवाल पनि सिलाएकी छु । हो, मैले पेण्ट सिलाएकी छैन । किनभने पेण्ट मैले जहिले पनि रेडिमेड मात्रै लगाएकी छु । पहिले जीनको सुटको चलन चलेको बेला म ढुक्कैले जिनको ज्याकेट र पेण्ट लाउने गर्थें । नत्र मैले आफ्नो सिलाईको लुगा मात्र लगाएकी छु ।

मेरो श्रीमानले घरमा बस्दा लगाउने सबै लुगा मैले नै सिलाएकी हुं । मेरो छोरीको लुगा पनि मैले नै सिलाएकी हुं । यति मात्र होइन, मेरा कतिपय आफन्तका लुगा पनि मैले नै सिलाएकी छु ।

खै कसरी सिकें थाहा छैन । तर सिलाई बुनाइमा मैले कसैलाई पैसा दिनु परेको छैन । साँझ परेपछि प्रायः मेरा नियमित कामहरु सकिन्छन् । साँझमा धर्ती पनि आराम गरेर पल्टिरहेको हुन्छ । म त्यसको छातीमा बस्छु र आफ्नो काममा लाग्छु । कहिले सिलाई मेशिनको खरखरले रातको शान्ति चिरिरहेको हुन्छ भने कहिले सुइराहरु समातेको हात जादु जसरी तल माथि, दाहिने देब्रे गरिरहेको हुन्छ । जाडाका सांझहरुमा मेरो परिवार मैले बुनेको टोपी, स्वीटर र बाक्लो मोजा लाएर घरका कोठाहरुमा सल्याङ मल्याङ गरिरहंदा म कल्पनालोकको आनन्दसागरमा पौडी खेलिरहेकी हुन्छु ।

म परिवारका सबै सदस्यहरुको कपाल आफैं काट्छु । तपाईं मलाई हजाम भन्न सक्नुहुन्छ । यो चाहिं मैले वाध्यताले सिकेकी हुं । शहरमा एकपल्ट एड्स आतङ्क छायो । तपाईंलाई थाहा छ ? रगत साट्फेर र सार्वत्रिक यौन सम्बन्धबाट मात्र होइन, जेबाट पनि एड्स सर्नसक्छ भन्ने हल्लाको भुंवरीले शहरलाई स्वाट्टै लपेट्यो । त्यतिबेला मान्छेले मान्छेलाई छुंदा एड्स सर्छ, एड्स कपाल काट्ने कैंचीबाट समेत सर्छ भन्ने हल्ला बेस्सरी चल्यो ।

होला, यस्तै आठ दश वर्ष अघिको कुरो होला ।

त्यतिबेला मेरो श्रीमानले सेलुनमा कपाल काट्न मान्नु भएन । उहाँका टाउकाका रौंहरु घोडाका याल जसरी कान मुन्तिर तुर्लुङ्ग झुण्डिन थाले । अहं, उहाँ कपाल काटन तयार हुनुभएन । मैले साह्रै कचकच गरेपछि उहाँले मुण्डन गर्छु भन्नुभयो । मलाई माया लाग्यो । मैले मै मुण्डिन गर्दिन्छु भने । उहाँले मान्नुभयो । मुण्डन गर्ने बेलामा मैले भनें, "पहिले म हजामले जसरी कपाल काट्छु, ठिकै देखियो भने छोडिदिन्छु, बिग्रियो भने मुण्डन गरिदिन्छु । हुन्छ ?"

उहाँले हुन्न भन्ने कुरै थिएन । मैले कपाल काटें । त्यो राम्रो थिएन । उहाँले ऐनामा हेरेर मुसुक्क हांस्दै भन्नुभयो, "राम्रो, कल्पनातित राम्रो । अलि अलि टांड परेछ । केही छैन म एक हप्ता टोपी लाउछु । तर तपाईले एकपल्ट कपाल काट्न सिकाउने ठाउँमा जानु पर्ला कि !"

मेरो श्रीमानको प्रोत्साहनले मेरो हौसला बढायो । म आफ्ना स्कूलका केटाकेटीको कपाल छांटिदिन थालें । आफ्ना शाखासन्तानको कपाल काटिदिन थालें । नभन्दै दुइ महिनामा म गरिखाने हजाम भएँ । बजारमा एउटा पसल खोल्ने हो भने त्यो राम्ररी चलाउन सक्छु भन्ने आत्मविश्वास सहितको हजाम भएँ ।

तपाईं मेरो श्रीमानको टाउकोमा हेर्नुस् । उहाँ त्यसलाई मेरो शिप भन्नुहुन्छ । प्रत्येक दुइ महीनामा म उहाँको कपाल काट्छु ।

म गाडी पनि चलाउछु । ठिकै भन्नुभो, यो कुनै विशेष शिप रहेन । आजभोलि महिलाहरु प्रायः गाडि चलाउछन् । ट्याम्पो त महिलाहरुले चलाउन थालिहाले । अब केही दिनमा ट्याक्सी पनि चलाउछन् । मेरो ड्राइभरी पनि त्यही ट्याक्सी व्यवसायसँग जोडिएको छ । एकपल्ट ममा स्कूल छोडेर क्याब कम्पनी संचालन गर्ने लहड जाग्यो । आफूले ट्याक्सीको सिटमा बस्न बाहेक ट्याक्सी सम्बन्धी जानकारी केही पाएको छैन - कसरी क्याब कम्पनी चलाउने ? मैले आफैंसँग धेरैपटक सोधें । अन्तमा मैले गाडी चलाउन सिक्ने बिचार गरें र दुई महिना ड्राइभिङ सिकें ।

होइन, पछि त्यो बिचार मर्‌यो । ड्राइभिङ सिक्दा सिक्दै त्यो बिचार सेलायो । ठूलो लगानी, धेरै कष्ट होला जस्तो लाग्यो । स्कूलमा व्यवस्थित भैसकेको जीवन, ट्याक्सीमा अस्तब्यस्त होला जस्तो लाग्यो । त्यसैले मैले त्यो बाटो छोडिदिएँ । तर ड्राइभरी चाहिं मैले छोडिन । मैले तपाईंलाई अस्ती नै भनें नि, म आफ्नो श्रीमानको बडीगार्ड पनि हुं । बडीगार्ड मात्र होइन, म उहाँको शोफर हुं, ड्राइभर पनि हुं । खासगरेर रातको एकान्तमा उहाँले कुनै बेला अकस्मात निस्कनु पर्छ । म उहाँलाई एक्लै त्यसरी जान दिन्न । त्यस्तो बेलामा प्रायः म गाडीको अघिल्लो सिटमा बस्छु । अरुबेला भने ड्राइभरीको खास वास्ता रहदैन ।

हो, म तरकारी खेती आफैं गर्छु । तपाईंले ठिकै भन्नुभयो । थोरै बारीमा मैले प्रशस्तै तरकारी लगाएकी छु । त्यहाँ आलु छ, कुरिलो छ, काउली, गाजर, मुला, स्कूस, फर्सी सबै फलेको छ । त्यो सबै मेरो आफ्नै पसिना हो । होइन, मैले कुनै विधिवत शिक्षा लिएकी छैन । यो मेरो आमाको स्कूलको शिक्षा हो । घरमा आमाले गरेको परिश्रमले मलाई यहाँ सिकाएको मात्र हो । आफ्नो परिवारलाई मिठो र ताजा तरकारी खुवाउन मैले तरकारी खेती गरेकी हुं ।

बिहानको चिस्यानमा म ओछ्यानबाट उठ्छु र एकछिन बारीमा रमाउछु । मन फुरुङ्ग हुन्छ । आफ्नो परिश्रम हरियालीको बाक्लो ओछ्यानमा सुतिरहेको देखेर अनुहार नै हाँस्छ । म तरकारी बारीसँग चल्छु । केटाकेटी चलाए जसरी चल्छु ।

ठिकै भन्नुभो । मैले धेरै मिहिनेत गरेकी छु । तपाईं अहिले जहाँ कुर्ची राखेर लेखिरहनु भएको छ, त्यो कुनै बेलामा एउटा ठूलो बालुवाको थुप्रो थियो । मेरो घर त्यही बालुवाले बन्यो । मैले बालुवा बेचेर पैसा कमाएँ । कन्चन बालुवा भन्छन् नि, हो त्यही बालुवा यहाँ थियो । बालुवा भएपछि गेग्रान हुने भै हाल्यो । रोडा जस्ता ढुंगाहरुले जमिन पुरिएको थियो । शायद उहिले कुनै बेला यो जमिन खोलो भएर बगिरहेको थियो होला । मैले बालुवा चालें, गेग्रान पन्छाएँ । माटो किनेर जमिन सम्याएँ । कुखुरा र गाइ भैंसीको मल किनेर माटो मोलें । यसरी एक वर्ष लगातार माटो बनाउने परिश्रम सकेपछि मैले यसलाई तरकारी बारी बनाएँ ।

अहिले पनि भान्छामा त्यो पसिनाको सुगन्धित बास्ना नाचिरहेछ ।

ठिकै अनुमान गर्नुभयो । यी ओरिपरिका रुखहरु पनि मैले नै हुर्काएका हुन् । समय त निस्किन्छ । समय कहिल्यै आफैं निस्कन्छु भनेर घोषणा गरेर तपाईंको छेउमा आउदैन । तपाईले त्यसलाई निकाल्नु पर्छ । त्यसका लागि आफ्ना कामहरुलाई तपाईले आफ्नो मायालु सन्तान ठान्नुपर्छ । तपाईंले हुर्किएका यी रुखहरु देखिरहनु भएको छ नि, यी रुख होइनन् । यी दुइ वर्षदेखि सात वर्षसम्मका मेरा छोराछोरीहरु हुन् । धेरै रुप रङ्गका सन्तानहरुले आँगन ढाकुन भनेर मैले बाक्लै बिरुवा लगाएकी छु । देखिरहनु भएको छ । यहाँ फेसनका धुपीहरु छन् । आलुचा, हलुवाबेद, एभोक्याडो जस्ता तुलफुलहरु छन्, कपुर र रुद्राक्षका रुखहरु छन्, मालिङ्गो घारी छ, जाइको झ्याङ्गिलो रुख छ । अझै के के आउने हुन् मलाई थाहा छैन । रुख रोपाइ

बाक्लो र पातलो हुन्छ भन्ने मलाई लाग्दैन । होस् न, एउटा ससानो जङ्गलै होस् । रुखहरु अल्लि साना होलान्, त्यत्ति न हो !

हो, ठिकै अनुमान गर्नुभो । यो फूलबारी पनि मैले नै स्याहारेकी हुं । छोरीपछिको मेरो मायालु सन्तान भनेको मेरो फूलबारी हो, फूलहरु हुन् । शोख नै भन्नुस् । के तपाईंलाई फूल मन पर्दैन ? पर्दैन रे । संसारमा फूल मन नपर्ने पनि कोही हुंदोरहेछ । अनौठो लाग्यो ।

मलाई फूल मन पर्छन् मात्र होइन, फूल मैले आफैं जन्माएका सन्तान हुन् । जब म छेउमा बसेर तिनीहरुलाई मुसार्न थाल्छु - मेरो मातृत्व भरिएर आउँछ । म एउटी सन्तुष्ट आमा हुं जस्तो लाग्छ । हरिया पातहरुमा लुकेर मुसुमुसु हाँस्दै हेरिरहेका राता, पहेंला, बैजनी रङ्गका फूलहरुले 'मलाई सन्चै हुनुहुन्छ मामु' भनेर सोधिरहेका छन् कि जस्तो लाग्छ । त्यसैले म आफ्नो उज्यालो बिहान र घुमैंलो साँझ फूलबारीमा समेटिएर आराम गरिरहेका यिनै छोराछोरीको बीचमा बिताउछु ।

फूलको जात हुंदैन । त्यसैले कुन फूल मन पर्छ भनेर सोध्न हुंदैन । सबै फूल, फूल नै हुन् । तिनीहरुलाई तपाईंले उत्तिकै माया गर्नुपर्छ । यहाँ सयपत्री छ, गोदावरी छ, जाई छ, तुलसी छ, गुलाब छ, डेलिया छ, हंसराज छ, ट्युलिप छ .... छ । थुप्रै रङ्गका फूलहरु छन् । तर तिनको जात एउटै छ । मायाको जात । सुन्दरताको जात । सन्तुष्टीको जात र प्रशन्नताको जात । म फूलको प्रतिदानको जात मात्र जान्दछु । त्यसभन्दा बाहिर पनि फूलको जात हुन्छ भन्ने मलाई थाहै छैन ।

यो सानो फूलबारी हो र यो भन्दा बढी फूलहरु मैले गमलामा स्याहारेकी छु । छतभरि छन् गमलाहरु । साँझमा मेरो छतमा सुगन्ध विचरण गर्न थाल्छ । पाहुनाहरु कुरा गरेर बसिरहेको बेला मेरा मायालु छोराछोरीहरु हावामा सररर उडेर आउछन्, पाहुनाहरुको गाला मुसार्छन् र उनीहरुको मनलाई सुगन्धित तुल्याएर फनक्क फर्किएर फेरि गमलामै सुस्ताउछन् । हेर्न मन लाग्यो ? ठिक भन्नुभयो । फूल हेर्नुपर्छ ।

हप्ता दिनदेखि मेरो छेउमा आएर सुतिरहेको यो कुकुर तपाईं देखिरहनु भएको छ नि ! यसलाई मैले महिना दिनको छंदा ल्याएकी हुं । सानो थियो । पप्पी भनेर बोलाएथें । पछि सबैले पप्पी भन्न थाले । अहिले यो चौध वर्षको भयो । चौध वर्षको हुंदा पनि यो पप्पी नै छ । ठिकै भन्नुभयो । धेरै बुढो भयो । त्यसैले के जाडो, के गर्मी सधैं मेरो लुङ्गीको फेर समाएर छेउमा सुत्छ । गएका एक दर्जन वर्षमा यसले मेरो साह्रै स्याहार गऱ्यो । यो र म कहिल्यै छुट्टिएनौं । केटाकेटीमा यो मेरी सानी छोरीको कोक्राको छेउमा टुसुक्क बस्थ्यो र कोही मान्छे कोक्राको छेउ तिर लाग्यो भने एक्कासी झम्टिन्थ्यो । ज्ञानी थियो - त्यसैले पहिलो झम्टोमा टोकी हाल्दैनथ्यो । दोश्रो पल्ट त्यही हातले कोक्रो समाउने कोशिश गऱ्यो भने त्यो हातबाट रगत बग्न थालिहाल्थ्यो । मैले त्यस्ता तीन ओटा अटेरी हातहरुको मलम पट्टी गर्नु परेको छ । दिउँसो म स्कूलमा आउथें । यो पप्पी स्कूलको ढोकामा आएर टुसुक्क बस्थ्यो । स्कूले लुगामा आएका बच्चा र शिक्षकलाई यो टाउको निहुराएर नमस्कार गर्थ्यो । अरु छिर्न खोजे भने यो एकपल्ट बेस्सरी भुक्थ्यो । पहिलो भुकाइलाई मानिसले वास्ता गरेन भने यो खुट्टामा झुण्डिन पुगिहाल्थ्यो ।

तर अहिले यो त्यस्तो छैन । देखिहाल्नु भयो - पुलुक्क हेरेर खुट्टाको छेउमा मुख जोतेर बसिरहन्छ । यसले अब पनि चाकरी गर्नुपर्छ जस्तो मलाई लाग्दैन । यसले धेरै गऱ्यो । आफ्नो उमेर भन्दा बढी गऱ्यो । अब यो आरामले आफ्ना बाँकि दिनहरु काटोस् जस्तो लाग्छ ।

कुकुरको जात बिचित्रको हुन्छ । तपाईंले कुकुर पाल्नुभएको छ ? छैन ? पाल्नुस् । राम्रो हुन्छ । एकपल्ट हामी अस्थायी रुपमा घर सर्यौं । ठिकै अनुमान गर्नुभयो । हामी मन्त्री क्वार्टर गयौं । मन्त्री क्वार्टर भित्र कहाँ कुकुर लगिरहने भनेर हामीले कुकुरलाई घरैमा छोड्यौं । घरमा भाइबहिनीहरु बसेकै थिए र उनीहरु पनि पप्पीलाई साह्रै माया गर्थे । त्यसैले हामीले त्यति वास्ता गरेनौं । क्वार्टर गएको भोलिपल्ट बिहान भाइको फोन आयो । बिचरो पप्पी रातभरि रोएछ । हाम्रो कोठाको छेउमा जांदो रहेछ । फनक्क फर्किएर बाहिरको ढोकाको आडमा आएर रुन थाल्दो रहेछ । बिहान आठ बजेसम्म पनि ढोकाको छेउमा झोक्राएर बसिरहेको छ भन्ने सुनेपछि म हान्निदै आएँ । आमा छुटेका बच्चाहरु आमालाई देख्दा कसरी झम्टिन्छन् ? पप्पी त्यसरी नै हान्निदै आयो र साडीमा बेरिएर थ्याच्च बस्यो । बिचराको आँखा भरि कचेरा थिए । मुटु कटक्क काटियो । त्यस दिनदेखि आजसम्म यसले मलाई एकछिन छोडेको छैन । हप्ता दिनदेखि देखिरहनु भएको छ । तपाईं र म कुरा गरिरहेछौं । यो जहिले पनि मेरो खुट्टाको आडमा सुते जस्तो गरेर हाम्रा कुराहरु सुनिरहेछ ।

म कुखुराहरु पनि पाल्छु । यहाँ भुईमा कुखुरा पाल्न सकिन्न । बढी फोहोर हुन्छ र मान्छेलाई मन नपर्ने दुर्गन्धले आँगन सोहोर्छ । त्यसैले मैले माथि घरको छतमा कुखुराको खोर बनाएकी छु । होइन, यो कुनै शोख होइन । कुखुराको मासु खाने रहर हो । बजारको कुखुरामा स्वाद हुँदैन । मैले शुरुमै भनिहालें - हामी त घरेलु कुखुराको हुलमा हुर्किएका सन्तान । कुखुराको मासु भनेपछि हामी त्यही स्वादिलो रस मात्र सम्झिन्छौं । यहाँ आफैं मुर्दा भएको शहरमा तपाईंले कहाँ पाउनु त्यो स्वाद ? त्यसैले मैले एउटा स सानो खोर बनाएर आफूलाई चाहिने कुखुरा आफैं हुर्काउने काम थालें । अहिले आनन्द छ । खोरमा एक दर्जन भन्दा बढी कुखुरा हुन्छन् । घरमा ज्यात्वित्ति मासु खाइदैन । त्यसैले मासुको धीत मरिरहेछ ।

बजारको मासु खान अलि मन लाग्दैन । तपाईंले ठिकै अनुमान गर्नुभयो । नेपालमा स्वास्थ्य र मासुका बीचमा कुनै सम्बन्ध हुँदैन । पहिले पहिले म रांगाको पनि मासु खान्थें । तर एकदिन मैले विष्णुमतिको किनारमा मान्छे र काटेको रांगो छेउछेउमै पोलेको देखें । त्यो दिनदेखि मैले रांगो खान छोडें । यस्तै दश वर्ष जति भयो होला । शुरुमा काठमाण्डौ आउदा म सुंगुर, बंगुरको मासु पनि खान्थें । पछि नाली चाटिरहेका रोगी सुंगुरको बथान देखेपछि मैले यहाँको सुंगुर पनि खान छोडें । सुंगुरको मासु खानु पर्दा हामी घरमै खबर पठाउछौं । बजारको खसीको मासु खान छोडेको पनि पाँच सात वर्षै भयो होला । खसी खानु पऱ्यो भने हामी केही साथीहरु मिल्छौं । सिङ्गै खसी किनेर ल्याउछौं र आफैं काटकुट गर्छौं ।

हेर्नुस्, यो कसैप्रति आरोप होइन । कसै प्रतिको विरोध पनि होइन । मैले तपाईंलाई दुइटा कुरा भन्न चाहेकी मात्र हुं । पहिलो त म भरसक आफ्नै परिश्रमको फल मात्र खान पाउं भन्ठान्छु र त्यसका लागि परिश्रम गर्छु । मसँग जग्गा भैदिएको भए म यहाँ आफैं सुंगुर पनि पाल्ने थिएँ । शायद खसी पनि पाल्ने थिएँ । त्यसैले यो विरोध भाव मात्र होइन । दोश्रो चाहिं, स्वास्थ्य प्रतिको आफ्नै सम्वेदनशीलता होला । मैले तपाईंलाई राँगो काटेको र मान्छे पोलेको कुरो सुनाएँ नि ! म एकदिन विष्णुमतिको पुल तरिरहेकी थिएँ । मान्छे राखेको शोलाको आगो चटटटट गर्दै आकाश तिर हान्निइरहेको थियो । पट्याक् पट्याक् आवाज निकालेर त्यहाँबाट उठेका झिल्का र कोइलाहरु दाहिने देब्रेतिर छरिइरहेका थिए । ठिक त्यसको दक्षिणतिर, परालमा छोपिएको ठूलो राँगो पोलिइरहेको थियो र लासको आगोले फालेका झिल्काहरुले त्यहाँको आगोसँग मित लाइरहेका थिए । त्यतिबेलै मैले आफूले राँगाको मासु खाने गरेका सम्झना भयो । मेरो शरीर थररर काम्यो । मुखु हुलुक हुलुक गर्न थाल्यो । म हतार हतार कोठा तिर फर्किएँ । घरको धारा छेउमा आइ नपुग्दै मैले पहिलो पल्ट हुलुक्क गरें । भरखरै खाएको चिया मुखै घिनाउदो पार्दै भुईमा पोखियो । त्यो आरम्भ रहेछ । दिनभरि मैले छादिरहें ।

तपाईं अनुमान गर्न सक्नु हुन्छ ? म पन्ध्र दिन विरामी परें । मलाई कुनै औषधिले छोएन । अन्तमा मैले राँगो खान्न भनेर किरियै खाएँ । म निको भएँ ।

घटना यही हो । यसलाई तपाईं समर्थन या विरोध जे पनि भन्न सक्नुहुन्छ ।

म कुनै विशिष्ट महिला होइन । यसो नभनी दिनुस् । म एउटी आमा हुं । एउटी गृहिणी हुं र म आफ्नो परिवारको स्वास्थ्यको हेरचाह गर्छु । मसँग भएको समयको म सदुपयोग गर्न चाहन्छु । फुर्सद निकालेर बस्न मलाई निको लाग्दैन । त्यसैले बिहानैदेखि म कुनै न कुनै काममा अल्झिइरहेकी हुन्छ । यो अल्झाईले मेरो स्वास्थको रक्षा गरेको छ । स्वास्थ्यको रक्षा भनेको मेरो विहानको चलखेलले शरीर बनाएको छ । आफ्नो आँखा अगाडिको उत्पादन खान पाइरहेको हुनाले त्यसले पनि शरीरलाई राम्रै गरेको छ । स्कूलमा म दिनभरि नानीहरुसँग रमाउछु र बेलुका घरमा आएपछि उभ्रिएका कामहरु सिध्याउछु । यी के नयाँ नौला कुरा हुन् र ? कुनै पनि मान्छेको जीवन यसै गरी चल्ने होइन ?

मान्छे राख्ने आवश्यकता नपरेरै हो । श्रीमान मन्त्री हुंदा सबैले ठूली देखिनु पर्छ, मन्त्राणी हुनुपर्छ भनेर करकर गर्या हुनाले घरेलु नोकर राखेकी थिएँ । पछि त्यो परिवारकै सदस्य भयो । लाटलुट गर्दैनथ्यो । चोरी चकारी कहिल्यै भएन । गाली गर्दा हाँस्थ्यो, माया गर्दा नाच्थ्यो । पाँच वर्ष बस्यो । घरकै छोरो भएर बस्यो । पछि पछि त अरु माथि अधिकार ठानेरै हाँकडाँक गर्न थाल्यो । मान्छेले, मात्तियो भनेर गुनासो पनि गरे । तर त्यो मात्तिएको थिएन । त्यो घरको केही तलमाथि नहोस् भन्थ्यो । कसैले फूल चलाइ दिए उ रन्किन्थ्यो । कुखुरा जिस्क्याएको देख्यो भने उ फन्किन्थ्यो । त्यसैले उ मात्तिएको थिएन ।

होइन, "धेरै बसें । अब अरुको घरमा नोकर हुन सक्दिन । बानी बिग्रियो । कुन मालिकले नोकरलाई छोरो बनाउछ र ? त्यसैले घर जान्छु, बिदा दिनुस्" भन्यो । मैले विदा दिएँ । अहिले घर गएको छ । बेला बेलामा आइरहन्छ । कहिले घिउ लिएर आउछ । कहिले मह लिएर आउछ । कहिले चुक लिएर

आउछ । खात्राङ मित्रिङ बोकेर आइरहन्छ । दुइ चार दिन बस्छ । कोठा चोटा चाहार्छ । अनि रमाउदै बिदा हुन्छ ।

होइन, राख्दिन । पहिलो त मलाई मान्छे चाहिएको छैन । दोश्रो अब त्यस्तो मान्छे पाइदा पनि पाइदैन ।

कुनै सिद्धान्त होइन । कुनै दिन शरीर थाकेछ, मनले काम गर्न सक्दिन भनेर विदा मागेछ भने सोचुंला ।

एउटा कुरा सोधुं ? तपाईं जतिबेला पनि ट्वाक्क यो सिद्धान्त हो भन्नु हुन्छ ? के हो यो सिद्धान्त भनेको ? जीवन संचालनको कुनै सिद्धान्त हुन्छ ? हुन्छ भने बताइदिनुस् त त्यो सिद्धान्त पढाउने कुन विश्वविद्यालय हो ?

हेर्नुस्, जीवन भनेको सहज थिति हो । त्यसलाई सिद्धान्तका जन्जालहरुले नजेल्नुस् । मान्छेलाई सजिलरी बाँच्न दिनुस् । आफ्नै अवस्थाले मान्छेलाई किचेर नमारुन् भनेर होशियार हुनुस् । मलाई बात बातमा सिद्धान्त, नीति भनेको मन पर्दैन । आफ्नो जीवन जिउने हो । अरु कसैको सापटी जिन्दगी ल्याएर आफूलाई बचाउन सकिदैन क्या र ! र आफ्नो जीवन जिउनु भनेको आफ्नो इच्छा अनुसार चल्नु हो । अनि तपाईंलाई थाहै छ - इच्छा फलामको पाटे छड होइन । त्यो मर्याक् मुरुक् हुने रबर पनि होइन । त्यो एउटा यस्तो स्वतन्त्रता हो जसलाई तपाईं कुनै पनि हिसाबले छुनै सक्नुहुन्न । जसलाई तेर्स्याएर अथवा बटारेर राख्ने साधन यो धर्तीमा जन्मिएकै छैन ।

सबै काम आफैं गर्नुस्, आफ्ना कारण अरुलाई दुःख नदिनुस्, रमाउन सिक्नुस् र रमाइरहनुस् । खालि नबस्नुस् र तपाईंको समय उभ्रिएको छ भन्ने आफूलाई भान पर्न पनि नदिनुस् । जे मन लाग्छ गर्नुस् । बस्, जीवन जिउने सिद्धान्त भनेको यत्ति हो, यदि कुनै सिद्धान्त हुन्छ भने ।

मेरो रुची

यो त आफ्नो आफ्नो दृष्टिकोण हो । धेरै प्रश्न तपाईंले सोध्नुभयो । मलाई एउटा प्रश्न सोध्न दिनुस् । भन्नुस् त, के तपाईं जीवनलाई बार बार बेहोर्न पाउनु हुन्छ ? के मरिसकेपछि कतै अर्को मान्छे भएर जन्मिन पाइन्छ भन्ने तपाईंलाई लाग्छ ?

ठिक भन्नुभयो । पूर्वजन्म या पुनर्जन्मका कुनै आधारहरु अहिलेसम्म देखिएका छैनन् । तिनीहरु कल्पना हुन् । उपन्यासकारका सिर्जना हुन् । जीवन कहीं दोहोरिएको छैन । त्यो एकपल्ट आरम्भ हुन्छ र सकिएपछि त्यो सदाका लागि समाप्त हुन्छ । न सृष्टीको आरम्भका हाम्रा सुम्निमा र पारुहाङ कतै छन् न त तपाईंहरुका ब्रह्मा, विष्णु र महेश्वर नै कतै छन् । छन् भने तिनीहरु झगडाका बिउ बनेर मानिसहरुको मनलाई विषाक्त पार्न बाँचिरहेका छन् । मान्छे किन पोखिएका विषहरुलाई बटुलेर जीवनलाई दागी बनाउन चाहन्छ ?

उसै पनि जीवन भनेको घाम हो र ? आज अस्ताइहालियो, भोलि बिहानै आउदा अरु भ्याउला भनेर बाँकि कामका लागि जीवनले समय छुट्याउन सक्छ ? सक्दैन । त्यसैले म आफ्नो जीवनलाई वर्तमानमै भोग्न चाहन्छु । मरेपछि बढीमा म इतिहास बनुंला । तर म फेरि अर्को मान्छे बन्न सक्दिन । सुम्निमा सन्तानहरुले सम्झिइरहने एउटी आमा बन्न सक्ली तर त्यो सुम्निमा आफ्ना सन्तानहरुको काखमा लुटुपुटु खेल्ने नयाँ बालिका भएर जन्मिन कहिल्यै सक्दिन ।

जीवनलाई यही अर्थमा बोध गरेकी हुनाले, फुर्सद भन्ने शव्दसँग म चिढिन्छु । त्यही चिढले होला म सधैंभरि काममा लागिरहन मन पराउछु । बिहान उठेदेखि बेलुका सिरानीमा टाउको नबिसाउन्जेल केही न केही गरिरहन चाहन्छु । बिहान बगैंचाका फूलहरुसँग रमाउ, दिनभरि जीवनका फूलहरुसँग रमाउ र साँझ परेपछि परिवारका फूलहरुसँग रमाउ । कल्पना गर्नुस त, कस्तो संगीत जस्तो जीवन !

अहं, त्यसलाई मैले जीवनको ब्यस्तता भन्ने गरेकी छैन । यो त एउटा क्रम हो । जीउने क्रम । आफ्नो जीवनको सार्थकता निरन्तरको कृयाशीलतामा हुन्छ होइन र ? सुतेर बस्नुसँग जीवनको सम्बन्ध कसरी स्थापित हुन्छ ? त्यो भनेको त जीवनको अर्थहीनता मात्र हो । त्यसैले आफ्नो मनलाई फुर्सद जाहेर हुने जीवन बिताउन म सक्दिन हुंला ।

अहं, मलाई पटक्कै मन पर्दैन । त्यो भनेको प्रयोजनहीन जीवनले शान्त्वनाको सास फेर्ने ठाउँ हो । काम नभएपछि मानिसलाई समयले खान खोज्छ । बेकामका लागि समय दन्तेकथाको राक्षस जस्तो हुन्छ । त्यसैले मानिसहरु त्यस्ता ठाउँमा पनि जाँदा हुन् । तर म जान सक्दिन । अं, भ्याउदिन भन्नुभए पनि हुन्छ । अथवा जान मन गर्दिन भनिदिनु भए पनि हुन्छ । तपाईंले मलाई त्यस्ता ठाउँमा शायदै देख्नुभएको होला । आफ्नो इच्छाले त म कहीं जादै जान्न । हो, मेरो श्रीमानले असाध्यै कर गरेपछि कहिलेकाहीं म ती ठाउँहरुमा पनि जान्छु । वर्षको एकाध पटक म त्यस्ता भिडहरुमा पुगेकी छु । तर जतिपटक त्यहाँ पुग्छु - त्यतिपटक म विरक्तिएर फर्किने गरेकी छु । त्यो जमघटको कल्पना गर्नुस् त । तपाईं एउटा होटलमा हुनुहुन्छ । अथवा तपाईं एउटा फराकिलो घाँसे मैदानमा हुनुहुन्छ । तपाईंको हातमा एउटा गिलास छ । त्यसमा धेरैजसो रक्सी हुन्छ । अथवा तपाईं भद्र हुनुहुंदो रहेछ भने त्यसमा पानी पनि हुनसक्छ । तपाईं लोग्नेमान्छे हुनुहुन्छ भने दाम्लो बाँधिएको तपाईंको गर्धन अररो भएर मान्छेको हुलमा कसैलाई खोजिरहेको हुनसक्छ । तपाईं स्वास्नीमान्छे हुनुहुन्छ भने गरगहनाले सजिएको तपाईंको नाङ्गो गर्धनले लोग्नेमान्छेको आँखाको शिकार बेहोरी रहेको हुन सक्छ । त्यसबाहेक त्यहाँ के हुन्छ ?

तपाईंको भनाइलाई म असत्य भन्न सक्दिन । तर के त्यत्ति कामका लागि रिसेप्सन भन्ने अंग्रेजी शव्द राखेर जांड भट्टी नै खोल्नुपर्छ ? तपाईं एउटा सानो, सादा समारोह गरेर छलफल गर्न सक्नुहुन्न ?

चाहिने मानिसहरुलाई कोठामा भेला गरेर छलफल चलाउन सक्नुहुन्न ? सक्नुपर्छ । किनभने कामकाजी मानिसहरुको लक्षण यस्तैमा देखिन्छ ।

पार्टी त समय र प्रतिष्ठाको बाघचाल मात्र हो ।

म तपाईंलाई एउटा रमाइलो घटना सुनाऔं ? त्यतिबेला मेरो श्रीमान मन्त्री हुनुहुन्थ्यो र मन्त्रीकी पत्नी भएको नाताले मलाई एउटा पार्टीमा बोलाइएको थियो । पार्टी भएको ठाउँ ? नसोध्नोस् । लेख्न नमिल्ने ठाउँ भनेर छोडिदिनु भए हुन्छ । एउटा नयाँ परिवेश, नयाँ मानिसहरु भनेर हामी सबैमा उत्तेजना फैलिएको थियो । त्यसैले त्यो पार्टीको मेरो उपस्थिति मेरै लागि पनि रुचीको विषय बनेको थियो । त्यति ठूला मान्छेलाई मैले त्यसभन्दा पहिले त्यति नजिकबाट देखेकी थिइन । मुलुकका सबैभन्दा ठूला मानिसहरुको जमात त्यहाँ उपस्थित थियो र मलाई आफ्नो त्यहाँको उपस्थिति प्रति शुरुमा गर्व लागेको थियो ।

त्यही गर्वको अनुभूतिले होला, पार्टीमा जाँदा म ठाँट्टिएरै गएकी थिएँ । टाउकादेखि पैंतालासम्मको पोशाकमा हेरिरहुं जस्तै लाग्ने भएर गएकी थिएँ । मेरो श्रीमानले हिंड्ने बेलामा मलाई जिस्क्याउदै भन्नुभएको थियो, "म्याडम, हजुरको ड्राइभर हाजिर छ । " उहाँको बोलीको लगत्तै हामी दुबै जना मरी मरी हाँसेका थियौं । उहाँको ठट्टाले मलाई लाज लागेको थिएन । 'त्यहाँ के के न होला' भन्ने उत्तेजनाले बरु मलाई अलि अलि लोलाएको थियो ।

गाडीहरुको त्यत्ति साह्रो भीड थिएन । अर्थात हामी समयमै पुगेका थियौं र हामी त्यहाँ पुगेको बेलाको भीड सानै थियो ।

हामी गएको एकछिनपछि ट्रेमा चिप्लिएका गिलासहरु आउन थाले । सानैदेखि रक्सीहरुको संगतमा बसेकी हुनाले, कुन वाइन हो, कुन ह्वीस्की हो, कुन सोडा हो, कुन कोक हो, कुन जीन हो र कुन पानी हो भनेर म छुट्याउन सक्थें । मैले सबै गिलासहरु नियालेर हेरें । त्यहाँ मैले खाने केही थिएन । मलाई अनौठो लाग्यो - त्यत्रो ठूलो ठाउँमा म एकजना अदना स्वास्नीमान्छेले खाने केही छैन । के सबै ठूला ठाउँहरु यस्तै हुन्छन् ? के ठूला ठाउँमा पिउने पानीको अनिकाल लाग्छ ? त्यो भीडमा मैले आफ्नो उपस्थितिको औचित्य देखिन । म एउटा कुनामा उभिएँ ।

मेरो लुगालाई नियालेर हेर्दै बेयराले सोध्यो, "म्याडम, के ल्याउँ ?"

मलाई लाग्यो बेयराले मेरो गर्धनको गहना र मेरो मिलेको लुगालाई केही सोधिरहेको छ । तर त्यसले त उत्तर दिदैनथ्यो । त्यसैले लुगाको प्रतिनिधि भएर मैले भनें, "के तपाईंहरु पानी दिन सक्नुहुन्छ ?"

बेयरा छक्क पर्‌यो । शायद उसको मनले भन्यो होला - रक्सी नखाने कस्ती आइमाई होला हो ? उसले नियालेर मलाई हेर्‌यो । मेरो अनुहारले उसलाई झन आश्चर्यमा पार्‌यो ।

बेयराले मलाई पानी ल्याएर दिंदा उसको अनुहारमा पोतिएका आश्चर्यका रेशाहरु औंशीको रातका ताराहरु जसरी छर्लङ्ग देखिएका थिए ।

रात गहिरिंदै जान थालेपछि पार्टी तामझाम बढ्दै जान थाल्यो । मानौ पार्टी र रात भन्नेहरु मन मिल्ने दम्पत्ति हुन् । नक्कली उज्यालोले कोठालाई राम्रो पार्न खोजिएको थियो । तर ती बत्तीहरु, मान्छेले लगाएका लुगाहरु जस्ता मात्र थिए । अथवा यसो भनौं, मान्छेका लुगा र बालिएका बत्तीहरु उस्तै उस्तै थिए । त्यो ठूलो हलमा आँखा खाने उज्यालो थियो, तर कोठा बाहिरको वास्तविक संसार अत्यन्तै अंध्यारो थियो । पार्टीका मानिसहरु पनि बाहिरबाट देखिने सपक्क मिलेका लुगाहरुमा सुन्दर थिए, तर तिनीहरु भित्रको मान्छे मातिसकेको थियो । उनीहरुको कोट र पेण्टको क्रिज सलक्क परेको थियो । तर उनीहरुको मन हुरीको मारमा परेको बाँस जसरी लचक लचक भैरहेको थियो ।

एउटा कुनामा उभिएर छेउछाउ तिर आँखा डोलाउदा मैले, देशका एउटा ठूला मानिसलाई मातेर लर्खरिंदै गरेको भेटें । उहाँको बोली पिङ जसरी हल्लिइरहेको थियो र एकछिन पछि उहाँ उभिन नसकेर थ्याच्च बस्नु भयो । उसै पनि उहाँको ज्यान थेगिन सक्ने खालको थिएन । मेरो मनमा दया पलायो । तर त्यहाँको सभ्यताले उहाँलाई सहयोग गर्न दिदैन कि जस्तो मलाई लाग्यो । त्यसैबेला उहाँको ओठको दाहिने कापबाट एक थोपो राल चुहिएर दौराको फेरमा झरेको अमिल्चिएको दृष्य माथि झुण्डिएको बत्तीले पनि देख्यो ।

रक्सी खाएपछि मातेर बेहाल भएका धेरै मानिसहरुलाई मैले पहिले पनि देखिसकेको थिएँ । त्यसैले मलाई इतिहासको कुनै कालखण्डका ठूला मान्छेको राल देखेर घिन लागेन । रक्सीले मातेको मान्छेले हिक्क

हिक्क गर्दै छादेको मैले देखेकी छु । आफ्नो चेतनालाई नमस्ते गरेर भैंसी गोठमा पुगेपछि लयालु ओछ्यान सम्झिएर लमतन्न परेर सुतेको पनि देखेकी छु । एकपल्ट एउटा मताहालाई मैले पाइखानाको ढोकामा स्वर्गको इन्द्रासन सम्झिएर जिब्रो बटार्दै असिम आनन्दमा लुटपुटिइरहेको पनि भेटेकी छु । त्यसैले रंगिन पार्टीमा हल्लिइरहेको त्यो मानिस कसरी घर पुग्दो हो भन्दै म अर्को छेउतिर लागें ।

तर छेउले पनि मलाई शान्ति दिएन । त्यो रात मैले राम्रै लुगा लाएकी थिएँ भनेर मैले तपाईंलाई भनिसकेकी छु । मेरो कांधमा सुनको सिक्री थियो र हातमा सुनका चुराहरु थिए । तर मानिस मेरो सुन देखेर मतिर लोभिएका होलान् भन्ने मलाई लागेन । घरमा कुखुरा छोप्दा हाम्रो आँखामा जस्तो नसा नाच्थ्यो - मेरो छेउमा आएका पुरुषहरुको आँखामा म त्यही नशा देख्थें । तिनीहरुका लरबरिएका ओठ र कुहुन आँटेका टमाटर जस्ता राता आँखाहरुले घिनलाग्दो वासना पोखिरहेका थिए । एकैछिनमा आफूलाई शिकारीहरुको आँखाबाट कसरी जोगाउने भन्ने पिरले मलाई समात्यो । म स्वास्नीमान्छेहरुको भीडतिर हराउन खोजें । तर तिनीहरु त पुरुषहरु भन्दा पनि बढी मातिसकेका रहेछन् ।

तपाईं त्यसै भन्न पनि सक्नुहुन्छ । तर म पार्टी देख्दै नदेखेकी स्वास्नीमान्छे होइन । म पार्टीहरुमा हुर्किएकी बच्ची हुं । मैले किशोरकालमा भोगेको पार्टी यति घिनलाग्दो हुंदैनथ्यो । मैले केटाकेटीमा भोगेका पार्टीहरुमा मान्छेहरु रक्सीको रस नपाएर सुक्खा भएका घैंटा जस्ता हुंदैनथे । त्यो ठूलो पार्टीमा त मैले मान्छेहरुलाई रक्सीले तिर्खाएको काकाकुलको रुपमा भेटें । मानौं तिनीहरु वर्षौंदेखि रक्सीका लागि तिर्खाएका थिए र भरखरै उनीहरुको त्यो प्रतिक्षा पुरा भएको छ । उनीहरु यसरी रक्सी तन्काइरहेका थिए - मानौं फेरि उनीहरुले कहिल्यै रक्सीको अनुहार देख्न पाउदैनन् । उनीहरु त्यतिबेला मरुभूमिको बीचमा जन्मिएको पोखरीमा पुगेका उँटहरु जस्ता भएका थिए ।

छ्या !

होइन, होइन । मैले कुनै एउटा मान्छेको, आफूले ठूलो भनेर चिनेको मान्छेको बारेमा टिप्पणी गरेर उहाँको बेइज्जत गर्न खोजेको होइन । त्यहाँ त मैले धेरैलाई मातेको देखेकी थिएँ । कसैका गाला राता भएका थिए । कोही कान रातो पारेर रछ्यान गनाए जसरी ह्वास्ह्वास्ती हुंदै यता र उता लोर्किइरहेका थिए । कसैका आँखा उल्लुका जस्ता देखिन्थे । कोही शिर न पुच्छरका गफ हाँकिरहेका थिए । नमातेकाहरु र मान्छेको सद्देपनामा उभिएकाहरु त्यहाँ साह्रै थोरै मात्र थिए ।

तपाईंलाई पनि थाहा होला, मातेपछि मान्छेको आँखाले स्वास्नीमान्छेको शरीरको शिकार गर्न थाल्छ । तिनीहरु बहाना बनाई बनाई ढेस्सिन आउछन् । कसैले त पिठ्युं नै पनि सुमसुम्याउन थाल्छन् । आधा गाग्रो छचल्किए जसरी आधा मातेका स्वास्नीमानिसहरु पनि त्यो ढेसाढेसलाई भयङ्कर ठूलो सभ्यताको चिनो ठान्छन् । उनीहरु एउटा खस्रो हातको सुमसुम्याइलाई सर्वानन्दको अनुभूति ठान्छन् ।

म मातेकी थिइन । त्यसैले म किनार खोज्दै भागिरहेकी थिएँ । मेरा आँखाहरु मान्छेका हात र आँखाहरुको वासना देखेर तर्सिन थालेका थिए । त्यसैले रक्सी नखाएका कोही छन् कि भनेर गिलास नियाल्दै म यताउता पन्छिरहेकी थिएँ । यो यात्रामा म चाहिने भन्दा बढी मान्छेको रमिता हेरिरहेकी थिएँ ।

समय घर्किंदै गयो । लोग्नेमान्छेको भीड स्वास्नीमान्छेहरुसँग झन बढी ढेस्सिन थाल्यो । बाक्लो गर्धनमा गह्रुंगा सुनका गहना लाएका स्वास्नीमान्छेहरु पनि छरिता कोटहरुको खोजीमा निस्किए, मानौ पार्टी, रातको बुट्याने झाडी हो ।

मैले आफ्नो श्रीमानलाई भनें, “मलाई तपाईंहरुको पार्टीसँग घिन लाग्यो । घर जौं ।”

तर त्यस्ता पार्टीमा ठूला-बडा नहिंडी सानाहरुको घर जाने बाटो खुल्दो रहेनछ । मानौं पार्टी नभएर त्यो एउटा ठूलो झ्यालखान होस् । म मन मारेर खुम्चिएँ । मेरो मनले सोध्यो, “काम नभएका ठूलाबडाहरु रातभरि बस्ने भए भने कामकाजी अदनाहरुको कुन बेहाल होला ?”

मन तितो भयो । मनको तितो मुखमा पनि आउन थाल्यो । कुराकानीमा रमाइलो भएन । मान्छेहरुबाट बच्न म श्रीमानको पछि पछि दौडिने पुतली जस्ती भएँ । दुई जना स्वास्नीमानिसले मलाई लक्ष गर्दै भने, “पखेनी रैछ । पहिलोपल्ट पार्टी देखेजस्ती छ । लोग्ने बाहेक अरुसँग बोल्न पनि सक्दिन जस्तो छ ।”

मलाई रिस उठेन । दुइटी भद्र महिलाहरु प्रति म दयालु भएँ ।

राती पार्टी सकिएपछि हामी घरमा आयौं । पार्टीमा खान गएकाहरुका लागि चुल्हो पर्खिएर बसेको थिएन । तर भोकले मलाई सुत्न पनि दिएको थिएन । म आफैं चुलामा चढें । छिटो छरितो गरेर मैले भात, तोरीको गुन्द्रुक र टमाटरको अचार बनाएँ ।

म, मेरो श्रीमान र हाम्रो ड्राइभरका लागि त्यो खान्की अमृत नै भयो ।

अर्को साना मानिसहरुको पार्टीको पनि मलाई सम्झना छ । हामी एउटा होटलमा थियौं । के विषयमा त्यो पार्टी दिइएको हो मलाई थाहा थिएन । तर सबै मानिसहरुको हातमा पहेंलो, सेतो, बैजनी रङ्गको पानी भरिएको गिलास थियो । धेरैको हातमा ह्वीस्कीको गिलास थियो । केहीले वाइन समातेका थिए र एकाध जनाले हलुका पेय पदार्थ समातेका थिए ।

मान्छेहरु आइरहेका थिए । मलाई लाग्दै थियो - त्यो हलुका वातावरणमा मानिसहरु मन खोलेर कुरा गर्नेछन् । आफ्ना अगाडि पहाड पल्टिएका समस्याहरुको समाधान खोज्नेछन् । त्यहाँ खालि सर्वसाधारण जनता मात्र थिएनन्, त्यहाँ मुलुकका मन्त्रीहरु थिए । देश विदेशका राजदुतहरु थिए । सांसदहरु थिए । ठूल ठूला अफिसरहरु थिए । त्यसैले मलाई लाग्यो त्यहाँ तिनीहरु त्यहाँ आनन्दले आफ्नो ज्ञान साटफेर गर्न सक्छन् । यो खर्चिलो आयोजनलाई उनीहरु फलदायी निष्कर्षमा बदल्न सक्छन् ।

तर त्यहाँ कसैले पनि गम्भिर वार्ता चलाएको देखिएन । मानिसहरु पंधेराको गफमा व्यस्त थिए । मेरो छेउमा उभिएका स्वास्नीमानिसहरुलाई साडीको रंगको चिन्ता थियो । कसको गलामा कस्तो सुनको सिक्री छ भनेर तिनीहरु कुरा पनि गरिरहेका थिए । उनीहरुका लागि त्यो पार्टी, साडी र गहनाको सोकेशमा अनुवाद भएको थियो ।

पुरुषहरु पनि त्यो भन्दा माथि थिएनन् । डेढ घण्टासम्म तिनीहरु अर्थन बर्थका गफ छाँटिरहेका थिए । प्रायः मान्छेहरु सोध्थे - सन्चै हुनुहुन्छ ? मलाई अनौठो लाग्थ्यो - सन्चो नभएको भए मानिस कसरी पार्टीमा आउन सक्थ्यो । त्यो सन्चैका ठाउँमा बरु, आजभोलि तपाईं के गर्दै हुनुहुन्छ ? कुनै नयाँ उद्यम थाल्नुभयो कि ? कुनै नयाँ किताब लेख्नु भयो कि ? कुनै नयाँ अनुसन्धान गर्नुभयो कि ? भनेर सोध्ने गरे कति रमाइलो हुन्थ्यो ? तर दुइ घण्टा मान्छेहरुको बीचमा रुमल्लिंदा पनि मैले कसैले कसैसँग यस्तो प्रश्न सोधेको सुनिन ।

हेर्नुस्, म पार्टीहरुलाई प्रयोजनहीन कार्यक्रम ठान्छु । त्यसलाई कुनै पनि तर्कले असल कामका रुपमा पुष्ट्याउनै सकिदैन भन्ने मेरो विश्वास हो । तर सबैमा यही विश्वास हुनुपर्छ भन्ने केही छैन । होला, मानिसले पार्टीहरुबाट रमाइलो गीत पनि बनाएका होलान् । जिन्दगीलाई इन्द्रेनीमा पोतेर मनको आकाशमा टांगेका पनि होलान् । कसैका लागि त्यही नै सभ्यता होला । कसैका लागि त्यही नै जिन्दगीको सबैभन्दा रमाइलो क्षण होला ।

… … …

जान्न । म आफ्नो तर्फबाट पार्टीहरुमा जान्न । अहिलेसम्म म अर्काका लागि मात्र पार्टीमा गएकी छु र त्यस्तो वाध्यता पऱ्यो भने म भोलि पनि पार्टीमा जाउँला । तर तपाईंलाई भनिहालौं - पार्टी भनेको मेरो मनको मौलो हो र पार्टीको रात भनेको मेरा लागि अष्टमीको बिहान हो ।

बुझ्नु भयो होइन ?

त्यस्तो पनि होइन । रमाइलोको अर्थ हाम्रा लागि रमाइलो नै हुन्छ । प्रायः हामी साँझमा आफ्नो घरमा भेला हुन्छौं । फराकिलो छतमा हामी एक अर्काका कथाहरु सुन्छौं । हामी त्यसैमा रमाउछौं । खासगरेर चन्द्रमाले लिपपोत गरेर उज्यालो पारेको आकाशको मझेरीमा निदाउन निदाउन खोजेका ताराहरुलाई हेर्दै हामी मनका गीतहरु गद्यमा गाउने गर्छौं । औंसीमा चाहिं छत बेस्वादको हुन्छ भन्ने होइन । हामी गोलो घेरामा उनिएर सप्तऋषिका हाँगाहरु कोट्याउन थाल्छौं । ध्रुवतारो पर क्षितिजमा बास बस्न खोजे जस्तो देखिन्छ । हामी ध्रुवतारोको कथा हाल्छौं । हामीलाई आफ्नो बाल्यकाल फर्किए जस्तो लाग्छ । हामी नानीहरुसँग केटाकेटी हुन्छौं । रात ढलेपछि पछि हामी सबै एकैचोटी भान्सामा ओर्लिन्छौं । मिलेर खाना बनाउछौं । संगै बसेर खान्छौं र कथा कुथुङ्गी हाल्दै खान्छौं । रात निदाउन खोज्दैछ भन्ने महसुस भएपछि हामी अंगालो हालेर एक अर्काबाट विदावादी हुन्छौं ।

त्यसलाई हामी पार्टी भन्दैनौं । त्यो हाम्रो परिवारको पुनर्मिलन हो । त्यहाँ मन भारी भएर कोही आउंदैन । त्यहाँ बाध्यताको शिकार बनेर कोही उभिंदैन । त्यसैले कुनै बेला हाम्रो मिलन सन्ध्यामा दुइ

दर्जन भइन्छ त कहिले आधा दर्जन । तर संख्या जति भए पनि भेटघाटको मिठास सधैं गाग्रीभरिको पानी जस्तो हुन्छ ।

त्यस्तो होइन । खान मन लाग्दा न, रेष्टुरांमा जाने हो । रेष्टुरांको खानै मिठो लाग्दैन भने त्यहाँ किन जाने ? उसै पनि काठमाण्डौमा आँखाले नदेखेको शिकार नखानु भन्छन् जानिफकारहरु । भुस भन्दा पनि काम नलाग्ने कुखुरो र सेपिएर मरेको बाखाको मासुका परिकारले रेष्टुंरा रंगिएको हुन्छ भन्छन् सल्लाह दिने मानिसहरु । कुरुपता छोप्न अनुहारमा सुन्दरताका कृत्रिम लेप लगाएर, रंगिन कर्कट पाता जसरी रंगाइएका सांप्राहरुले त्यसको वास्तविक अस्तित्वलाई लुकाइसकेको हुन्छ । तपाईं रोगले मरेको कुखुराको सांप्रो चुसिरहनु भएको छ कि काटेर मारिएको कुखुराको स्वाद लिइरहेको हुनुहुन्छ भन्ने ग्यारेण्टी गर्ने आधार तपाईंसँग कहाँ हुन्छ ? तपाईंको आफ्नो विश्वास बाहेक अरु कुनै विश्वासका आधारहरु तपाईंसँग हुदैनन् । त्यसैले रेष्टुरांमा गएर खाने हिम्मत राख्ने बहादुरहरुको काँटमा म पर्दिन । रुखोसुखो जे भए पनि मलाई आफ्नै घरको खाना मन पर्छ । त्यसैले म रेष्टरां पनि जान्न ।

यस्तो हुन्छ र यस्ता मान्छेहरु हुन्छन् भनेर आफैंसँग सम्झौता गर्नुस् । यो कुनै अपवाद होइन । नेपाली समाजको सन्दर्भमा भन्ने हो भने पार्टी अपवाद हो । कति हजारले पार्टीको स्वाद चुस्छन् ? सवा दुइ करोड जनसंख्या भएको नेपालका कति हजार आँखाले होटेल, पार्टी, स्कच वा वाइनको नाम सुनेका छन् ? त्यसैले म जनसंख्याको अपवाद होइन - अपवाद म बाहेककाहरु हुन् । म एउटी नेपाली स्वास्नीमान्छे हुं र म करोड भन्दा बढी स्वास्नीमान्छे जस्तै एउटी हुं । मेरो स्वभाव त्यो करोडसँग मिल्छ । पार्टीको सय अथवा हजारसँग मिल्दैन । म काम गर्न रुचाउछु - जसरी नेपाली महिलाहरुको जीवन काममा डुबेको हुन्छ । पार्टीहरुमा मानिसहरुलाई रक्सी होइन - पसिना गनाउछ । त्यसैले त अत्तरलाई दुर्गन्धैको हदसम्म छर्छन् पार्टीमा जानु पहिलेका मानिसहरुले । अत्तरहरुको प्रयोग त म पनि जान्दछु, तर मेरो नाकमा पसिना होइन - रक्सीको दुर्गन्धले बढी छुन्छ र ती एक करोड नेपाली महिलाहरुलाई पनि रक्सी नै दुर्गन्धित लाग्छ । गालामा रङ पोत्नेहरुको संख्या नेपालमा कति छ ? अथवा आफ्ना अङ्गहरुलाई फूल प्रदर्शनीको टेबलमा सजाएर सडकमा बग्नेहरुको संख्या नेपालमा कति छ ? तपाईं हिसाब गर्नुस र निष्कर्ष निकाल्नुस् । तपाईं पाउनु हुन्छ म नेपालीपनको अपवाद होइन । तपाईंले संकेत गर्नुभएकाहरु नै नेपाली सन्दर्भमा अपवादहरु हुन् ।

होइन, होइन, कसैलाई हेलाहोचो गर्ने मेरो उद्देश्य होइन । मैले त्यसरी भनेकी पनि होइन । तपाईं किन मान्छेको व्यक्तिगत जीवनमा हात हाल्नु हुन्छ ? आफू भित्र उसलाई सुखले बाँच्न दिनुस् न । मैले त तपाईंले सोधेको प्रश्नको जवाफ दिएकी मात्र हुं । चाहे म पुरातनपन्थी होउँ, चाहे आधुनिक - यी शव्दहरुसँग मेरो जीवनको कुनै सरोकार छैन । म यत्ति चाहन्छु - आफ्नो सन्तोकको कर्मशील जीवन म यसै जीवनमा भोग्न पाउँ । मैले कसैको सहारामा बाँच्नु नपरोस् - बरु म अरुलाई टेवा दिन सकुं ।

अब यसलाई जस्ता शव्दमा लेख्न मन लाग्छ - तपाईं लेख्नुस् । मेरो तर्फबाट यत्ति एउटा वाक्य जोडिदिनुस् - सुम्निमा सृष्टीको आरम्भदेखि नै स्वतन्त्र थिइ र त्यो अहिले पनि स्वतन्त्र छ । अलिकति यति पनि थपिदिनुस् - सुम्निमा सृष्टीको आरम्भदेखि नै प्रकृतिकी सन्तान थिइ र त्यो अहिले पनि प्रकृतिलाई आफ्नी आमा ठान्छे ।

मेरो नमस्कार

धेरै भयो । जति गन्थन गरे पनि नसकिने भयो । जीवनको आरम्भ र जीवनको अन्तसम्मको गीत गाइयो । पहिले स्वास्नीमान्छेहरु आँगनमा घुमेर संगिनी गाउथे रे, अहिले हामीले यो सानो आँगनमा बसेर गद्यगीत गायौं । गीतले पनि सकिनु पर्छ होइन र ? त्यसैले अब उठौं र समाप्ती सहित उठौं ।

यो त चलन चल्तीको प्रश्न हो । यति धेरै कुरा भैसकेपछि भन्न बाँकि के रहन्छ र ? मलाई मन लागेको मैले सबै भनिसकेकी छु । तपाईंलाई कति मन लाग्छ, त्यति तपाईंले लेख्नु हुनेछ । त्यसैले हाम्रो यो बसाइलाई मैले यसरी बुझेकी छु - वर्तमानका लागि तपाईंले लेख्ने र मैले भन्ने दुवै सन्दर्भहरुको अन्तिम दृष्यबाट हामी बाहिर निस्किइसकेका छौं ।

तैपनि ? ठीकै छै तैपनि भनेर तपाईं यसलाई मैझारो गर्न चाहनुहुन्छ भने, दोहोर्‌याएरै भए पनि यति शव्दहरुलाई मेरो तर्फबाट समाप्तीको संघारमा राखिदिनु होला - सुम्निमा एउटी थिइ, तर उसका शाखा सन्तान धेरै भए । इतिहास शताब्दियौं पुरानी सुम्निमाको नामबाट वामे सर्न थाल्यो । इतिहास सुम्निमाको सन्तानमा रुपान्तरित भयो । सभ्यता सुम्निमाबाट निश्रृत भयो । हाम्रो चेतना र त्यो चेतनालाई ओकल्ने आवाज पनि सुम्निमाबाटै उनका सन्तानहरुमा छरियो ।

सुम्निमाको त्यो इतिहास निरन्तर हिंडिरहोस्, गति हिंडे जस्तै ।